# निरन्तर नेपाली व्याकरण र रचना

## कक्षा ८

लेखक तथा सम्पादक

डा. भूपहरि पौडेल

निरन्तर प्रकाशन

निरन्तर प्रकाशन

पुतलीसडक, काठमाडौँ-२९, नेपाल ।

फोन: ०१-४५४६३८४

नाम :..........................................................................................

कक्षा :.......................................... रोल नं. ..............................

सेक्सन :........................................ विषय :.................................

विद्यालयको नाम :....................................................................


| | | |
|---|---|---|
| पुस्तक | : | निरन्तर नेपाली व्याकरण र रचना कक्षा–९ |
| लेखक तथा सम्पादक | : | डा. भूपहरि पौडेल |
| प्रथम संस्करण | : | २०८०, वैशाख |


| | | |
|---|---|---|
| सर्वाधिकार | : | © प्रकाशकमा |


| | | |
|---|---|---|
| प्रकाशक | : | निरन्तर प्रकाशन<br>काठमाडौँ, नेपाल<br>फोन नं. ०१–४५४६३८४ |
| मूल्य | : | रू. ३७०।– |

छपाइ नेपालमा ।

# भूमिका

भाषाको प्रयोग मानव समाजमा दैनिक व्यावहारिक प्रयोजनका निमित्त गरिन्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकास गर्नु भाषा सिकाइको प्रमुख सक्षमता हो । भाषाका यिनै चार सिप विकास गर्न विभिन्न व्याकरण निर्माण गरिएका छन् । यसरी निर्माण गरिएका व्याकरणहरू व्यवहारिकभन्दा पनि सैद्धान्तिक पद्धतिका रहेका पाइन्छन् । सैद्धान्तिक प्रकृतिका व्याकरणका पठनपाठनबाट विद्यार्थीहरूले भाषाका नियम जानेका हुन्छन् तर भाषा प्रयोगमा कठिनाइ महसुस पनि गरेका छन् । भाषा सिकाइमा रहेका विभिन्न कठिनाइहरूलाई सुधार गर्ने उद्देश्यले प्रस्तुत व्याकरण शृङ्खला लेखिएको हो । यस पुस्तकबाट व्याकरण शिक्षण गराउँदा विद्यार्थीहरूलाई घोक्न नलगाई उनीहरूकै परिवेश एवम् चित्रका माध्यमबाट सिकाउने प्रयास गरिएको छ । भाषा व्याकरण भनेको सिद्धान्तको व्याख्या र इतिहासको वर्णनमा भन्दा व्यावहारिक प्रयोग र अभ्यासमा केन्द्रित हुने पक्ष हुन् । यिनीहरूको व्यावहारिक प्रयोगका लागि भाषिक सीपहरूको प्रयोग हुनु जरुरी छ । अतः भाषा व्याकरणका यस्ता पाठ्य तथा अभ्यासपरक सामग्रीले अभ्यासात्मक पक्ष र गतिविधिमा जोड दिनु स्वाभाविक भएकाले यस्तै अभ्यासपरक सामग्री तथा आगमनात्मक विधिले पाठ्यपुस्तकमा प्राथमिकता पाएका छन् ।

प्रस्तुत पुस्तक निरन्तर नेपाली व्याकरण र रचना कक्षा–९ शिक्षक मित्रहरूको अभिप्रेरणाबाट विद्यार्थीहरूका लागि लेखिएको हो । पुस्तक प्रकाशक वितरक निरन्तर प्रकाशनका सारथीद्वय रामहरि खड्का र पूर्ण बस्नेतमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

अन्तमा यस पुस्तकलाई आधिकारिक तथा त्रुटिरहित बनाउन सक्दो प्रयास गरिएको छ । तर पनि कतै त्रुटि रहन गएको हुनसक्छ त्यसका लागि विज्ञहरूबाट सकारात्मक सुझावको अपेक्षा गर्दछु ।

२०८०, वैशाख

– लेखक तथा सम्पादक

# विषयसूची


| खण्ड 'क' | व्याकरण | १–१७६ |
|---|---|---|
| एकाइ १ | शब्द र शब्दवर्ग | १ |
| एकाइ २ | नाम | १० |
| एकाइ ३ | सर्वनाम | १६ |
| एकाइ ४ | विशेषण | २२ |
| एकाइ ५ | क्रियापद | २७ |
| एकाइ ६ | अव्यय | ३४ |
| एकाइ ७ | लिङ्ग, वचन र पुरुष | ४० |
| एकाइ ८ | काल र कालका पक्ष | ४८ |
| एकाइ ९ | क्रियाको अर्थ र भाव | ५८ |
| एकाइ १० | करण–अकरण | ६४ |
| एकाइ ११ | कारक र विभक्ति | ७० |
| एकाइ १२ | शब्दभण्डार | ७९ |
| एकाइ १३ | शब्दनिर्माण प्रक्रिया | ९२ |
| एकाइ १४ | उपसर्गबाट शब्दनिर्माण | ९५ |
| एकाइ १५ | प्रत्ययबाट शब्दनिर्माण | १०२ |
| एकाइ १६ | समासबाट शब्दनिर्माण | १०६ |
| एकाइ १७ | द्वित्व प्रक्रियाबाट शब्दनिर्माण | ११२ |
| एकाइ १८ | प्रेरणार्थक क्रिया | ११५ |
| एकाइ १९ | वाच्य र वाच्य परिवर्तन | ११९ |
| एकाइ २० | पदसङ्गति | १२६ |
| एकाइ २१ | आदरार्थी | १३० |
| एकाइ २२ | वाक्य र वाक्यका प्रकार | १३३ |
| एकाइ २३ | वाक्य संश्लेषण र विश्लेषण | १३७ |
| एकाइ २४ | उक्ति र उक्ति परिवर्तन | १४२ |
| एकाइ २५ | वर्णविन्यास र चिह्न परिचय | १४५ |
| एकाइ २६ | उखान र टुक्का | १६६ |

| खण्ड 'ख' | बोध तथा अभिव्यक्ति | १८७–२२४ |
|---|---|---|
| एकाइ १ | बोध | १८१ |
| एकाइ २ | सङ्क्षेपीकरण/सारांश लेखन | १८६ |
| एकाइ ३ | कथा लेखन | १९० |
| एकाइ ४ | जीवनी लेखन | १९४ |
| एकाइ ५ | संवाद लेखन | १९९ |
| एकाइ ६ | चिठी लेखन | २०३ |
| एकाइ ७ | वादविवाद लेखन | २०९ |
| एकाइ ८ | मनोवाद लेखन | २१२ |
| एकाइ ९ | टिप्पणी लेखन | २१४ |
| एकाइ १० | निबन्ध लेखन | २१६ |

एकाइ
१

# शब्द र शब्दवर्ग

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

कलम – लेख्ने साधन

मकल – आगो बाल्ने

कमल – फूल

लमक – ×

मलक – ×

माथिको उदाहरणमा आएका कलम, मकल र कमल अर्थपूर्ण छन् तर मलक र लमक अर्थहीन छन् । त्यसैले कलम, मकल र कमल शब्द हुन् तर मलक र लमक शब्द होइनन् ।

स्वतन्त्र रूपमा प्रयोग हुने भाषाको सबैभन्दा अर्थपूर्ण एकाइलाई शब्द भनिन्छ । शब्द अक्षरभन्दा ठुलो र पदावलीभन्दा सानो हुन्छ । हार, हारी, प्रहार आदि शब्द हुन् । यिनका स्वतन्त्र अर्थ छन् तर 'हारी' को 'ई' को प्रहारको 'प्र' निरर्थक हुनाले शब्द होइनन् । मूल शब्द (खेल) र व्युत्पन्न शब्द (खेलाडी) दुवैको स्वतन्त्र प्रयोग हुन सक्ने हुनाले ती शब्द हुन् तर उपसर्ग (प्र, प्रति, परा, दुर, उप) र प्रत्यप (इयार,आलु, इक, एली) को स्वतन्त्र प्रयोग र अर्थ पनि नहुने हुनाले ती शब्द होइनन् । यसरी नै लेख्, पढ्, भन्, सुन् आदि धातुहरूको अर्थ भए पनि स्वतन्त्र प्रयोग नहुने हुनाले ती पनि शब्द होइनन् ।

शब्द र पदलाई पर्यायवाचीका रूपमा प्रयोग गरिन्छ तर यी दुईमा सूक्ष्म भिन्नता छ । वाक्यमा प्रयोग हुनुभन्दा पहिला स्वतन्त्र रूपमा रहेका शब्दहरू नै वाक्यमा प्रयोग भएपछि पद बन्छन् । विद्यालय शब्द हो तर 'हरि विद्यालय जान्छ' वाक्यभित्र रहेका 'विद्यालय' पद हो ।

## २. शब्दको वर्गीकरण र शब्दवर्ण

स्रोत, बनोट र कार्य गरी शब्दलाई मूलतः तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ :

### (क) स्रोतका आधारमा नेपाली शब्दहरूको वर्गीकरण

संस्कृतबाट जस्ताको तस्तै आएका शब्द :

कर्म, राजा, पूजा, विवेक, योगी, कार्य, दर्शन, मननीय, भित्र, माता, पिता, विद्या

संस्कृतबाट रूप फेरिएर नेपालीमा आएका शब्द :

काम, दुध, गाई, हात, रूख, आँसु, कान, आँखा, आगो, मित हुन् । विदेशी भाषाबाट नेपालीमा आएका शब्द : मोटर, कोट, स्कुल, डाक्टर, टेलिफोन, किताब, गमला, पङ्खा, चम्चा हुन् ।

स्वदेशी भाषाबाट नेपालीमा आएका शब्द :

तला, बुँइगल, क्वाँटी, रोटी, घुम, डम्फु, गम्छा, खैनी हुन् ।

भाषामा शब्दहरू आउने ठाउँ वा क्षेत्रलाई स्रोत भनिन्छ । नेपाली भाषाको मूलस्रोत संस्कृतलाई मानिने हुनाले नेपाली भाषामा संस्कृत शब्दहरूको बाहुल्य रहेको छ । यति हुँदाहुँदै पनि नेपालीमा स्वदेशी तथा विदेशी स्रोतका आधारमा नेपाली शब्दहरूलाई मौलिक र आगन्तुक गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ :

### (अ) मौलिक शब्द

नेपाली भाषाको मूलस्रोत संस्कृत हो । संस्कृत भाषाबाट नेपालीमा केही शब्दहरू जस्ताको तस्तै आएका छन् भने केही शब्द चाहिँ रूप फेरिएर आएका छन् । यसका आधारमा मौलिक शब्दलाई पनि तत्सम र तद्भव गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

### (क) तत्सम शब्द

तत् + समको अर्थ त्यो जस्तै भन्ने हुन्छ र त्यो शब्दले संस्कृतलाई सङ्केत गरेको छ । त्यसैले संस्कृतबाट आफ्नो रूप नफेरिई जस्ताको तस्तै नेपालीमा आएका शब्दलाई तत्सम शब्द भनिन्छ । तत्सम शब्दको वर्णविन्यास, अर्थ र प्रयोग संस्कृतअनुसार नै हुन्छ । त्यस्ता तत्सम शब्दहरूका केही उदाहरणहरू निम्नलिखित छन् :

| | | | | |
|---|---|---|---|---|
| अग्नि | अष्टमी | अधिकार | अधिपति | अनिष्ट |
| आश्चर्य | आदेश | आकृति | आश्रम | ईश्वर |
| शान्ति | शीत | पुत्र | पवित्र | बाहु |
| बिन्दु | इच्छा | आश्रम | इन्द्रिय | किरण |
| कुमार | षट्कोण | शासक | सागर | पृथ्वी |
| स्वर्ग | वन | आकाश | छात्र | शरीर |
| सागर | स्तम्भ | संसार | मातृत्व | धर्म |
| सृष्टि | दृष्टि | राशि | मूर्ति | गीत |
| विवाह | हस्त | स्वर | सन्ध्या | पूर्ण |

### (ख) तद्भव शब्द

तत् + भवबाट 'तद्भव' शब्द बनेको हो । यसको अर्थ त्यसबाट बनेको अथवा संस्कृतबाट बनेको भन्ने हुन्छ । त्यसैले संस्कृतबाट नेपालीमा आउँदा जस्ताको तस्तै नआई रूप फेरिएर वा प्राकृत वा अपभ्रंश हुँदै आएका शब्दहरूलाई तद्भव शब्द भनिन्छ । त्यस्ता तद्भव शब्दहरूका केही उदाहरण निम्नलिखित छन् :

| तत्सम | – | तद्भव | तत्सम | – | तद्भव |
|---|---|---|---|---|---|
| अग्नि | – | आगो | नायक | – | नाइके |
| आषाढ | – | असार | गायक | – | गाइने |
| कण्ठ | – | काठ | प्राचीन | – | पुरानो |
| मित्र | – | मित | कर्ण | – | कान |
| उज्ज्वल | – | उज्यालो | स्वर्ग | – | सुन |
| दुग्ध | – | दुध | दन्त | – | दाँत |
| कार्तिक | – | कात्तिक | सन्ध्या | – | साँझ |
| हस्त | – | हात | पर्वत | – | पहाड |
| गम्भीर | – | गहिरो | कर्म | – | काम |
| अन्धकार | – | अँध्यारो | आश्विन | – | असोज |
| रात्रि | – | रात | अश्रु | – | आँसु |
| सत्य | – | साँचो | श्वेत | – | सेतो |
| वृक्ष | – | रूख | छत्र | – | छाता |

### (आ) आगन्तुक शब्द

संस्कृत बाहेक अन्य विदेशी तथा स्वदेशी भाषाबाट नेपालीमा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । नेपाली भारोपेली र परिवारको भाषा हो । यो परिवार संसारको सबैभन्दा ठुलो भाषिक परिवार हो । नेपालीमा भारोपेली अभारोपेली सबै खाले भाषिक परिवारबाट आएका शब्दहरू छन् । त्यस्ता शब्दहरूको वर्णविन्यास नेपाली उच्चारण र प्रयोगअनुसार हुनुपर्दछ ।

संस्कृत बाहेक अन्य विदेशी तथा स्वदेशी भाषाबाट नेपालीमा आएका केही शब्दहरू निम्नलिखित छन् :

#### स्वदेशी आगन्तुक शब्द

नेवारी : पसल, बुइँगल, सिकर्मी, डकर्मी, सुचीकार, छिँडी, न्यातपोल, झ्याल, खर्पन, ढोका, चाकु, तला, लाखे, ज्यावल, क्वाँटी, कौसी आदि ।

तामाङ : घिसिङ, च्याङ्बा, डम्फु, सेलो, घ्याङ आदि ।

गुरुङ :	घले, रोदी, घुम, खुर्पा, थुन्चे, राडी आदि ।
शेर्पा :	दोचा, च्याङ्ग्रा, बक्खु, सोक्पा, जिम्बु आदि ।
लिम्बु :	याक्सा, परेवा, कुन्यु, मुन्धुम आदि ।
मगर :	जाँड, रक्सी, पटुका, बाउसे, सुँगुर आदि ।
भोटे :	लमी, खोल्सा, डाँफे आदि ।

**विदेशी आगन्तुक शब्द**

| | |
|---|---|
| अरबी : | किताब, हिसाब, गरिब, करिब, गजब, जहाज, मुलुक, अमिर, इज्जत, इनाम, इन्साफ, नतिजा, कुर्सी, खबर, कर्जा, जासुस, नगद, हिम्मत, लायक, मौका, दिमाग, दोकान, तारिख, तलब, फैसला, मतलब, महसुस |
| फारसी : | जागिर, हप्ता, सरदर, बेसरम, चेहरा, अनार, किनारा, चस्मा, जहर, जिन्दगी, दरबार, नाजुक, पैसा, मोजा, सरासर, होस, लगान, आवाज, गुलाफ, चालक, गरम |
| अङ्ग्रेजी : | कोट, कप, फोटो, क्यामरा, सर्ट, पेन्ट, टोप, रेडियो, टेलिभिजन, टेलिफोन, क्यासेट, फिल्म, क्याम्पस, स्कुल, पेट्रोल, क्लब, मिल, मिटर, ज्याकेट, चक्लेट, पेन्सिल, पाउडर, क्यालेन्डर |
| हिन्दी : | आपस, अन्धाधुन्ध, सच्चा, बच्चा, पहिचान, कहावत, कच्चा, अचम्म, ठक्कर, झन्डा, कन्जुस, झापट |
| चिनियाँ : | चाउचाउ, चाउमिन, लिची, तुफान |
| पुर्तगाली : | गमला, कफी, पेडा, साबुन, गोदाम, अचार, पियन, पेस्तोल, अलकत्रा, बिस्कुट, बोतल, भारदार, इस्त्री, तौलिया |
| ल्याटिन : | क्याम्पस, क्यालेन्डर, डिपोजिट, मिसन, प्रोफेसन, स्टुडियो |
| फ्रान्सेली : | कार्टुन, कुपन, कलेज, इन्जिनियर, रेस्टुरेन्ट, टुरिस्ट |
| जापानी : | रिक्सा, होन्डा, सुजुकी, कराँते, जुडो |
| ग्रिक : | थर्मस, थेसिस, प्रोगाम |
| रसियाली : | बजार, थर्मस, भोड्का, जार |
| तेलगु : | गुन्डा, चन्दा, झन्डा, डोली, मिठाई, चक्का, पङ्खा |
| मलयालम : | टोपी, पापड, सर्बत, राजधानी |
| तुर्केली : | कुल्ली, कैँची, चश्मा, तक्मा, तोप, बहादुर, लाख, सौगात, सुराक, चक्कु, मुचुल्का गलैँचा, सौदा |

## (ख) बनोटका आधारमा नेपाली शब्दको वर्गीकरण

शब्द बन्ने प्रक्रियालाई बनोट भनिन्छ । नेपाली भाषाका केही शब्दहरू स्वतः निर्मित छन् भने केही उपसर्ग, प्रत्यय लागेर निर्माण भएका छन् । बनोटका आधारमा शब्दलाई मूलतः दुई भागमा वर्गीकरण गर्न सकिन्छ :

### (अ) मूल शब्द


मूल रूप र गाँसिएको रूप छुट्याउन नसकिने सिङ्गो र सग्ला शब्दलाई मूल शब्द भनिन्छ । मूल शब्दको बनोट देखाउन सकिँदैन । यस्ता शब्द स्वनिर्मित हुन्छन् । मूल शब्दलाई रूढ वा अयौगिक शब्द पनि भनिन्छ । जस्तै : घर, आमा, दाजु, झ्याल, ढोका, कालो, रातो, गोठ, घन, पानी, ऊ, तिमी, हिजो, आज आदि ।

| शब्द | | | |
|---|---|---|---|
| उपसर्ग | प्रत्यय | समास | द्वित्व |
| अधि + कार<br>अधिकार | हिम + आली<br>हिमाली | बाघलाई मारा<br>बाघमारा | गहना + गहना<br>गरगहना |

### (आ) व्युत्पन्न शब्द

मूल रूप र गाँसिएको रूप छुट्याउन सकिने शब्दलाई व्युत्पन्न शब्द भनिन्छ । अर्थात् मूल शब्दमा उपसर्ग र प्रत्यय लगाएर अथवा समास र द्वित्व भएर बनेका शब्दलाई व्युत्पन्न शब्द भनिन्छ । यसका आधार तत्त्व र आधेय तत्त्व वा प्रकृति प्रत्यय छुट्याउन सकिन्छ । व्युत्पन्न शब्दलाई मौलिक वा बनौटे शब्द पनि भनिन्छ । यस्ता शब्दहरू उपसर्ग, प्रत्यय, समास र द्वित्व गरी चार प्रक्रियाबाट बनेका हुन्छन् । जस्तै :

## (ग) कार्यका आधारमा नेपाली शब्दहरूको वर्गीकरण



वाक्यमा प्रयोगमा आएका जनुसुकै शब्दले खास किसिमको कार्य गरेका छन्। कार्यका आधारमा शब्दहरू नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपाद गरी ९ प्रकारका हुन्छन्। यिनै शब्दलाई शब्दवर्ग वा पदवर्ग भन्ने गरिन्छ। यी शब्दमध्येमा केहीको रूप परिवर्तन हुन्छ भने केही एउटै रूपमा रहिरहन्छन्। रूप परिवर्तन हुने वा मूल रूपमा विकार आउनेलाई विकारी र रूप परिवर्तन नहुने वा मूल रूपमा विकार नआउने शब्दलाई अविकारी भनिन्छ। नाम, सर्वनाम, विशेषण र क्रियापद विभिन्न आधारमा रूप परिवर्तन हुन् र मूल रूपमा विकार उत्पन्न हुन हुनाले विकारी पद हुन। जस्तै :

| | |
|---|---|
| नाम : | केटो, केटाहरू, केटी, केटीहरू, केटाको, केटाले आदि। |
| सर्वनाम : | म, मैले, तैँले, तपाईँले, ऊ, तँ आदि। |
| विशेषण : | सेतो, सेता, सेताले, सेताको आदि। |
| क्रियापद : | पढ्छ, पढ्यो, पढ्छे, पढ्छन्, पढ्ला, पढ्ने छ आदि। |

**नामको काम गर्न सक्ने हुनाले नाम, सर्वनाम, विशेषणलाई नामिक पद भनिन्छ। जस्तैः**

नाम : दावा विद्यालय गयो।

सर्वनाम : मैले राधालाई पाठ पढाएँ।

विशेषण : ठुलाले सानालाई माया गर्नुपर्छ।

लिङ्ग, वचन, पुरुष, आदर, काल, पद आदि जे भए पनि रूप नफेरिने हुनाले अव्ययलाई अविकारी पद भनिएको हो। अव्यय अन्तर्गत निम्नलिखित शब्दवर्ग पर्दछन् :

नामयोगी : सम्म, तिर, तर्फ, बिना, बाहिक, सहित, पश्चात् आदि।

क्रियायोगी : राम्ररी, सुटुक्क, वारि, ज्यादै, बाहिर, भित्र आदि।

संयोजक : र, वा, तर, पनि, जब, तब, जुन, जसरी, जहाँ आदि।

विस्मयादिबोधक : अहा ! हरे !, आत्था !, आच्छु !, ओहो ! आदि।

निपात : पो, रे, लौ, क्यार, त, नि, है, अरे, खै आदि।

यी सबै शब्दवर्ग छुट्याउँदा अव्यय पद मात्र नलेखेर छुट्टाछुट्टै भेदसहित लेख्नुपर्छ।

## अभ्यास

१. **स्रोतका दृष्टिले तलका शब्दहरू तत्सम, तद्भव र आगन्तुक के के हुन्, छुट्याउनुहोस् :**

जीवन, हुक्का, परेवा, टेलिफोन, शरीर, आगो, मतलब, माझ, शीत, सास, क्रान्ति, मौका, रात, यत्र, नरेश, पुर्जा, रात, तक्मा, सेमिनार, सूर्य, प्रकाश, कार्टुन, काम, मान्छे, विद्यार्थी, बुबा, परेवा, पाताल, आश्रम, पियन, हिम्मत, उज्ज्वल, लिची, वकिल, जाँड, मालिक,

चस्मा, स्कुल, क्याम्पस, टेलिफोन, कलेज, काम, विद्यार्थी, हिम्मत, तमासा, अखिल, तिखो, गाना, हुक्का, थर्मस, टोपी, रिक्सा, चाउचाउ, इन्जिनियर, साबुन, बिस्कुट, झन्डा, चक्का

२. **तलका तत्सम शब्दबाट तद्भव शब्दको निर्माण गर्नुहोस् :**

| | | |
|---|---|---|
| पत्र = .................... | रात्रि = .................... | श्वास = ....................... |
| स्वर्ण = .................... | कर्ण = .................... | बजार = ....................... |
| काष्ठ = .................... | पूर्ण = .................... | भातृ = ....................... |
| उज्ज्वल = ................ | पुष्प = .................... | दन्त= ....................... |
| अग्र = .................... | हस्त = .................... | पर्वत = ....................... |
| रक्त = .................... | कर्म = .................... | अग्नि = ....................... |
| छत्र = .................... | श्रावण = ................. | सत्य = ....................... |

३. **तलका शब्दहरू स्वदेशी भाषाबाट आएका शब्द हुन् ? ती शब्द कुनकुन स्वदेशी भाषाबाट आएका हुन् ? छुट्याउनुहोस् :**

पटुका, रोदी, डकर्मी, खुर्पा, छिँडी, जाँड, रक्सी, परेवा, कुन्यु, खर्पन, बक्खु, राडी, घुम, डम्फु, आँसी, पसल, दोचा, रोदी, घले, च्याङ्बा, बुइँगल, सुचीकार, झ्याल

४. **तलका शब्दहरूको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| नेवारी | थुन्से |
| मगर | कराँते |
| तामाङ | इन्जिनियर |
| गुरुङ | चाउचाउ |
| अङ्ग्रेजी | पसल |
| हिन्दी | किताब |
| जापानी | पटुका |
| फ्रान्सेली | जागिर |
| चिनियाँ | भोट्का |
| अरबी | डम्फू |
| फारसी | कन्जुस |

५. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) शब्द भनेको के हो ?

(ख) शब्दहरू वर्गीकरण गर्ने आधारहरू के के हुन् ?

(ग) स्रोतका आधारमा शब्दहरू कति प्रकारका छन् ?

(घ) बनोटका आधारमा शब्दका प्रकारहरू देखाउनुहोस् ।

(ङ) कार्यका आधारमा शब्दहरू कति प्रकारका छन् ?

(च) विकारी र अविकारी भनेको के हो ?

(छ) अव्ययअन्तर्गत कुनकुन शब्दवर्ग पर्दछन् ?

६. **तलका अनुच्छेमा कुनकुन स्रोतका शब्दहरू प्रयोग भएका छन्, छुट्याउनुहोस् :**

## म जङ्गल हुँ

म नेपालको जङ्गल हुँ । मलाई अर्को शब्दमा वन पनि भन्छन् । आज म तपाईँहरूलाई आफ्नो कथा, व्यथा सुनाउँदै छु । नेपालका सबै गाउँमा मेरा साथीहरू छन् । म पहिले बीज थिएँ । हाँगाबाट जमिनमा झरेँ अनि हुर्किएँ । बिरुवाको रूप लिएँ । बिरुवाको रूपमा हुर्कँदै गएँ । अनि पोथ्रो बनेँ । अझै हुर्किँदै गएँ । अनि ठुलो रूख बनेर आकाश छुँलाछुँला झैँ अग्लिएँ । म विभिन्न नाम र रूपमा हिमाल, पहाड र तराईमा फैलिएँ । मलाई पहिले पहिले सबैले माया गरेर हुर्काए । अग्लो हुन दिए । चिल्लो र सर्लक्क परेर रहन दिए । मलाई मानिसहरूले धेरै माया गरेर जोगाए भन्ने लागेको थियो । तर उनीहरूले मलाई माया गरेर जोगाएका होइन रहेछन् ।

थरीथरीका रूख, घाँसले ढाकेको ठुलो रूप म जङ्गल हुँ । मेरो विशाल छातीमा अरू धेरै धेरै दाजु भाइहरू छन् । जस्तै : साल, सल्लो, बाँस, सिमल, उत्तीस, गुराँस, आँप, चाँप सबै दाजुभाइहरू हुन् । त्यति मात्र होइन नि । मेरो काखमा थरी थरीका घाँसहरू उम्रन्छन् र हुर्कन्छन् । बाँस, निगाला, नेभारा, चुलेत्रो, खम्रु, मालिङ्गो, धँगेरो, कुट्मिरो, वर, पिपल, डम्फर, भलायो, सिरुजस्ता असङ्ख्य काठपात स्रोतहरू गाई, भैँसी, भेडा बाख्रालाई खुवाउने डाले र भुइँ घाँस मेरै वरपर उम्रन्छन्, हुर्कन्छन् । मेरा साथीहरूलाई मान्छेले फेला पारे भने कहिले बञ्चराले हानेर ढाल्छन् । कहिले खुकुरी हान्छन् । सानासाना पोथ्रा, घाँस भेटे भने कच्चिया, हँसियाले ठुन्क्याउँछन् । मानिसलाई मेरा परिवारको ठ्याप्पै माया छैन । उनीहरू निष्ठुरी छन्, धेरै निष्ठुरी ।

मेरो आश्रयमा अनेकौँ जनावरहरू छन् । बाघ, हात्ती, गैँडा, भालु, मृग, चित्तल, जरायो, चितुवाको सिकार गर्छन् । सिकार गर्नु मानिसहरूको मनोरञ्जन अरे । रमाइलो अरे ।

आफूजस्तै अरू प्राणीलाई मारेर मनोरञ्जन ? अनि मेरो आश्रयमा हुर्किएका प्राणीको मासु पकाएर भोज खान्छन् । छाला, सिङ, हाडखोरको व्यापार गर्छन्, बेच्छन् । पैसा जम्मा गर्छन् । पहिला पहिला मैले ठुलो ठाउँ ओगटेको थिएँ । अहिले मलाई मानिसले मास्दै लगेका छन् । मेरा धेरै सहयोगीहरूको जरै उखेलिएको छ । त्यसैले अचेल मेरो आश्रयमा रहेका बाघ, भालु, चितुवा बस्ने ठाउँ भएन । उनीहरूले पानी खाने पोखरी, कुवाहरू सुके । उनीहरूका आहार मानिसको रमाइलो गर्ने, किनबेच गर्ने सामान भए ।

म मासिँदै गएँ । म जन्मिएर हुर्किएको माटो मरुभूमि बन्दै गयो । त्यहीकारण भालुहरू, चितुवाहरू, अजिङ्गरहरू मानिसको वस्तीमा जान थाले । उनीहरू भोक मेट्न मानिसलाई नै आहारा बनाउन थाले । उनीहरू बस्ने ठाउँ सुरक्षित भएको हुँदो हो त बाघ, भालु, चितुवा मान्छे खान गाउँ किन पस्थे र ? पानीका कुवा, पोखरी खोज्दै मानिसको वस्तीमा किन जान्थे ? यो कुरो मानिसले बुझ्ेन । मलाई मास्यो, मास्यो । मलाई देखिसहेन मानिसले ।

मलाई मानिसले कहीँ महल बनाउने निहुँमा मास्यो । कहीँ विमानस्थल बनाएर व्यापार बढाउने निहुँमा मास्यो । कहीँ देशको ढुकुटीमा डलर भित्र्याउने निहुँमा सयौँ हेक्टरको मेरो क्षेत्र मास्यो ।

मलाई मासेको फल मानिसले पलपलमा भोगिरहेका छन् । म थिएँ र पो मेरै कारणले जमिन ओसिलो थियो । नदी, कुवा, पोखरी र धाराहरूमा पानी बग्थे । समयमै वर्षा हुन्थ्यो । मानिसले बेलैमा खेतीपाती गर्न पाउँथे । अब म मासिएपछि समयमा पानी पर्न छोड्यो । किसानले बालीनाली लगाउन पाएनन् । नदी, कुला र नहरहरू सुक्दै गए । मानिस र जनावरले पानी खाने धारा, कुवा, तलाउ, आहालहरू सुके । बिछट्टै गर्मी बढ्न थाल्यो । यसैलाई जलवायु परिवर्तन भन्छन् । मलाई मासेर यो उत्पात हुन थाल्यो भनेर मानिस अझै सोच्दैन । अझै पनि भेटेसम्म दाउ छोपेर म जङ्गलको अस्तित्व मेट्न खोजिरहेका छन् ।

पहिला पहिला म जताततै थिएँ । नदीका किनारामा थिएँ । घरबारीका कान्ला र वनपाखामा हुर्किएको थिएँ । मैले मानिसलाई सुकेका दाउरा दिएको थिएँ । स्वच्छ हावा र पानी दिएको थिएँ । घर वरपर र अरू सबैतिर हरियाली नै हरियाली बनाइदिएको थिएँ । मैले मानिसको कहिल्यै बिगार गरिन । तर मानिसले मेरो जरोकिलो उखेलेर समाप्त पारिदियो । त्यहीकारण त मानिसका थाप्लामा दुःखको पहाड तेर्सिँदै छ । तैपनि मानिसमा चेतनाको विकास अझै आएको छैन ।

एकाइ २

# नाम

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

नेपालको प्रसिद्ध नगरी लुम्बिनीको एउटा विद्यालयको कुरो हो । त्यहाँ विद्यार्थीलाई दया, माया, प्रेम गर्ने र विद्यार्थीलाई पढाइ, लेखाइप्रति अत्यन्त सचेत प्रधानाध्यापक हुनुहुन्थ्यो । उहाँले हरेक वर्ष कक्षा ९ का विद्यार्थीहरूलाई शैक्षिक भ्रमणमा लैजानुहुन्थ्यो । उहाँले भारत, चीन, भुटान, अमेरिका, बेलायत, जापानजस्ता देशको पनि भ्रमण गर्नुभएको छ । यसपाली विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी गोपाल, रमा, दावा, लखन र दोर्जेलाई समूहको नेतृत्व गर्न लगाई शैक्षिक भ्रमणमा सरला मिसलाई पठाउनुभयो ।

सरला मिसले सबैभन्दा पहिला चितवन जाने निधो गर्नुभयो । त्यहाँको राष्ट्रिय निकुञ्जमा रहेका डाँफे, मुनाल, सुगा, हाँस, ढुकुर, कालिज जस्ता चराहरू, हात्ती, गैँडा, बाघ, भालु, खरायो जस्ता वन्यजन्तुहरू विद्यार्थीहरूलाई देखाउनुभयो । त्यहाँ उनीहरू पुतली, माहुरीजस्ता किटपतङ्गहरू पनि हेर्न गए । त्यहाँबाट पोखरा, तानसेन, भैरहवा जस्ता विभिन्न ठाउँको भ्रमण गरे । भ्रमणका क्रममा उनीहरूले बागमती, त्रिशूली, तमोर अरूण, कोसी, सेती, मर्स्याङ्दीजस्ता नदीहरू पनि हेर्ने मौका पाए । त्यसपछि उनीहरू इलाम घुम्न गए । काठमाडौँका फूलचोकी, चन्द्रागिरि, नागार्जुन, शिवपुरी डाँडा देखेका उनीहरू इलामको अन्तुडाँडा देख्दा झनै रमाए । त्यहाँका मानिसहरूले सुन, चाँदीका गहना लगाउँदा रहेछन् । तामा, पित्तल, फलामका भाँडाकुँडा प्रयोग गर्दा रहेछन् । त्यस ठाउँमा बाहुन, क्षत्री, नेवार, तामाङ, राई, लिम्बु, शेर्पाजस्ता अनेक जातका मानिसहरू बस्दा रहेछन् । त्यहाँ चोरी, गुण्डागर्दी, अत्याचार कसैले गर्दा रहेनछन् । त्यहाँ सेनाको पल्टन, विद्यार्थीको हुल, जन्ती, मलामी, जुलुस, काठको चाङ, धानको रास, कमिलाको गोलो पनि देखियो । यो उनीहरूका लागि अत्यन्तै महत्त्वपूर्ण र स्मरणीय शैक्षिक भ्रमण भयो ।

माथिको अनुच्छेदबाट नाम शब्द छानी तल दिइएको तालिका भर्नुहोस् :

| व्यक्ति | जाति | भाव | द्रव्य | समूह |
|---|---|---|---|---|
| | | | | |

को ? : मामा, काका, हरि, मान्छे, केटो, बच्चा, शिक्षक

के ? : स्याउ, घर, झोला, किताब, टेलिफोन, सुन, पहाड

कुनै व्यक्ति, ठाँउ, वस्तु, अवस्था, समूह, भाव, द्रव्य बुझाउन प्रयोग गरिने शब्दलाई नाम भनिन्छ । नाम शब्द को र के प्रश्नको जवाफमा प्रस्तुत हुन्छ ।

## २. नामका प्रकार

परम्परागत रूपमा नामलाई व्यक्तिवाचक, जातिवाचक, द्रव्यवाचक, समूहवाचक र भाववाचक गरी पाँच प्रकारमा विभाजन गरिएको पाइन्छ ।

### (क) व्यक्तिवाचक नाम

तल दिइएको तालिकामा उल्लेख भएका शब्द पढ्नुहोस् :

| व्यक्तिका नाम | वस्तुका नाम | ठाउँका नाम | नदीका नाम | चाडका नाम | हिमालका नाम |
|---|---|---|---|---|---|
| हरि, दादा, गौरव, विक्रम, निलम, रिया | रामायण, कुरान, बाइबल, गीता | पोखरा, वीरगञ्ज, नेपाल, चीन, धादिङ | मेची, बागमती, नारायणी, गण्डकी | दशैं, तिहार, छठ, माघी, क्रिसमस | सगरमाथा, माछापुच्छ्रे, कञ्चनजङ्घा, गौरीशङ्कर |

कुनै व्यक्ति, वस्तु, ठाउँ, नदी, चाड आदिको नाम तोकेर बुझाउने नामलाई व्यक्तिवाचक नाम भनिन्छ ।

### (ख) जातिवाचक नाम

तलको तालिकामा भएका शब्दहरू पढ्नुहोस् र बुझ्नुहोस् :

| व्यक्तिवाचक नाम | साझा नाम |
|---|---|
| राधा, मुनामदन, गीता, सगरमाथा, नेपाल, भुटान, ल्होसार, बागमती, नारायणी, परेवा, सुगा, महादेव, विष्णु, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोदाबरी, सयपत्री आदि | मानिस, हिमाल, चरा, नदी, देवता, कवि, पुस्तक, फूल आदि |

व्यक्ति, वस्तु, स्थान आदिको साझा नाम बुझाउने शब्दलाई जातिवाचक नाम भनिन्छ ।

### (ग) समूहवाचक नाम

तल दिइएको तालिकामा उल्लेख भएका शब्द पढ्नुहोस् र बुझ्नुहोस् :

| | |
|---|---|
| विद्यार्थीको समूह | कक्षा, वर्ग |
| मानिसको समूह | भिड, हुल, फौज, जन्ती, मलामी, परिवार, जमात, जुलुस, दल |
| भेडाको समूह | बगाल |
| बाख्राको समूह | बथान |
| किताब/कापीको समूह | चाङ |
| कमिलाको समूह | ताँती |

| | |
|---|---|
| फोहरको समूह | डङ्गुर/ रास |
| सागपातको समूह | मुठो |
| अङ्गुरको समूह | झुप्पो |
| परालको समूह | कुनिउँ |
| केराको समूह | घरी |

कुनै व्यक्ति वा वस्तुको समूह बुझाउने शब्दलाई समूहवाचक नाम भनिन्छ ।

### (घ) द्रव्यवाचक नाम

लिटर : तेल, पेट्रोल, पानी, दुध, दही, मोही, मट्टितेल
तोला/ग्राम/ किलोग्राम : सुन, चाँदी, फलाम, हिरा, दाल, चामल, चिनी, पिठो
फुट/मिटर : डोरी, धागो, कपडा, जमिन, काठ, इँटा, ढुङ्गा

नापतौल गर्न सकिने कुनै पनि तरल, ठोस वा ग्याँस पदार्थलाई बुझाउने शब्दलाई द्रव्यवाचक नाम भनिन्छ ।

### (ङ) भाववाचक नाम

सुख, दुःख, दया, माया, करुणा, रिस, ईर्ष्या, शान्ति, हाँसो, रोदन, पीडा, कृपा, विद्वता, सभ्यता, मूर्खपन, शान्ति, गरिबी, पढाइ, गराइ, साहस, धैर्य, वीरता, ज्ञान, न्याय

देख्न नसकिने, अनुभव मात्र गर्न सकिने नाम शब्दलाई भाववाचक नाम भनिन्छ ।

## ३. नामका अन्य प्रकारहरू

माथि गरिएको नामको वर्गीकरण परम्परागत वर्गीकरण हो । उक्त वर्गीकरण भाषावैज्ञानिक दृष्टिबाट अपूर्ण मानिन्छ । त्यसैले नामको वर्गीकरण अन्य आधारबाट पनि गर्ने गरिन्छ ।

### (क) मानवीय र अमानवीय नाम

मानवीय नाम : आमा, माइजू, श्याम, केटो, पृथ्वीनारायण, कवि, मामा, राधा, सरला, दाजु, भाउजू, बुबा, काका

अमानवीय नाम : कलम, गाई, घर, नदी, पोखरा, नेपाल, सुन, चाँदी, कुर्सी, टेबल, पुस्तक, बाघ

मानव जातिलाई बुझाउने नाम मानवीय नाम हो भने मानिसभन्दा बाहेक अन्य प्राणी, वस्तु, ठाँउ आदि बुझाउने नाम अमानवीय वा मानवेतर नाम हो ।

### (ख) सजीव र निर्जीव नाम

सजीव नाम : मान्छे, गाई, चरो, बाघ, बाँदर, आमा, सीता, दावा, बुबा, गैँडा, भालु, सुगा, परेवा, किरो आदि

निर्जीव नाम : पहाड, हिमाल, नदी, बाटो, किताब, लुगा, मेची, सुन, चाँदी, माटो, हावा, पानी, कलम, झोला, पोखरी, काठ आदि ।

ज्यान भएका वा सास फेर्ने प्राणीको नाम सजीव नाम हो भने ज्यान नभएका वा प्राण नभएका वस्तुको नाम निर्जीव नाम हो ।

(ग) **गणनीय वा अगणनीय नाम**

गणनीय नाम : किताब, रूख, कविता, मानिस, पहाड, गाई, सीता, गीता, कलम, कुकुर, टोपी, जुत्ता, कविता, कथा

अगणनीय नाम : पानी, चामल, सुन, चाँदी, घिउ, सुख, दुःख, पीडा, पढाइ, मानवता, प्रेम, शान्ति, हाँसो

सङ्ख्या तोक्न सकिने वा गन्न सकिने नाम गणनीय नाम हो भने सङ्ख्या तोक्न नसकिने र गन्न नसकिने नाम अगणनीय नाम हो ।

## ४. नामले गर्ने कार्यहरू

(क) नामले उद्देश्यको काम गर्छ ।
(ख) सकर्मक क्रियाको कर्म भएर काम गर्छ ।
(ग) विशेषणको विशेष्य भई काम गर्छ ।
घ) नाम पदले कारक भई काम गर्छ ।
(ङ) नामले रूपायन भई काम गर्छ ।
(च) क्रिया लिने पूरकापेक्षीको पूरक भई काम गर्छ ।
(छ) नामले पुलिङ्ग र स्त्रीलिङ्गको रूपमा काम गर्छ ।

## अभ्यास

१. **निम्नलिखित शब्दहरूलाई तालिकामा भर्नुहोस् :**

हिमाल, देश, मनकामना, माया, हाँसो, काका, मित्र, सुन, हावा, भारत, टोपी, श्याम, वीरता, काँठ, दुध, तिहार, छठ, शान्ति, झुप्पो, केराउ, पल्टन, मुनामदन, पुस्तक, विद्यार्थी, कवि, भगवान्, बुद्धि, सगरमाथा, बागमती, चरा, कलम, नुन, समाज, बगाल, रिस, गीत, सोनाम, मूर्खता, सौन्दर्य

| व्यक्तिवाचक नाम | जातिवाचक नाम | समूहवाचक नाम | द्रव्यवाचक नाम | भाववाचक नाम |
|---|---|---|---|---|
| | | | | |

२. **तलका वाक्यबाट नामहरू छुट्याई ती कुनकुन प्रकारका नाम हुन् ? लेख्नुहोस् :**

(क) उसले घरको सबै काम गरेर भाइहरूलाई खुसी पाऱ्यो र मायाको परिचय दियो ।

(ख) श्याम बिहान उठेर आमासँग बिदा मागी विदेशतिर गयो ।

(ग) बुबाले माग्नेलाई दया गरेर एक पाथी चामल दिनुभयो ।

(घ) रमाले फूलबारीबाट जाई र गुलाफको फूल ल्याई फूलको गुच्छा बनाइन् ।

(ङ) हाम्रो देश अमेरिकाको तुलनामा पछाडि परेको छ तर यसलाई सगरमाथा र बुद्धको देश भनेर चिनिन्छ ।

(च) आमाबुबाको प्रेमलाई घृणा गर्ने छोराछोरीको जीवन सफल हुँदैन ।

(छ) नेपालमा ग्याँस, पेट्रोल र चिनीको समस्या बेलाबेलामा पर्छ ।

(ज) गीताले सुनको गरगहना पानीले धोई र बहिनीको बिहेमा गई ।

(झ) केशवराज चस्मालाई दोष दिन्थ्यो तर ऊ आफैँ मूर्ख थियो ।

(ञ) रेमाले घरमा भएको धुलाको रासलाई बढाएर डस्टबिनमा हालिन् ।

३. **तल दिएको अनुच्छेद पढी नाम शब्द कापीमा टिप्नुहोस् र प्रकार पनि छुट्याउनुहोस् :**

नेपाल बुद्ध, जनक, सीता, भृकुटीजस्ता आदर्श व्यक्तिहरूको जन्मभूमिका रूपमा परिचित देश हो । नेपालमा हिमाल, पशुपतिनाथ, लुम्बिनी, मनकामना, पाथिभरा, मुक्तिनाथ, जानकी, त्रिपुरासुन्दरीजस्ता पवित्र मन्दिरहरू छन् । काठमाडौँ, पोखरा, विराटनगर, जनकपुरजस्ता ठुला सहरहरू छन् । बागमती, त्रिशूली, गण्डकी, कोसी जस्ता नदीहरू छन् । यहाँ सगरमाथा, कञ्चनजङ्घा, माछापुच्छ्रेजस्ता हिमालहरू छन् । रारा, फेवा, शेफोक्सुण्डो जस्ता तालतलैयाले यो देश अझ सुन्दर बनेको छ । यहाँ प्रशस्त वनजङ्गल छन् । वनजङ्गलमा हात्ती, गैँडा, चितुवा, बाघ, सिंह, भालु, जरायो, अर्ना जस्ता जनावर पाइन्छन् । यहाँ डाँफे, मुनाल, मयूर, मैना, कालिजजस्ता पन्छीहरू पाइन्छन् । यी पशुपन्छीहरू बथान, हुल र झुण्ड मिलेर बस्छन् । हिमालमा आलु, उवा, कोदो, करु फल्छन् । पहाडमा मकै, फापर, फल्छन् भने तराईमा धान, गहुँ, तोरी फल्छन् । नेपालमा फलाम, तामा, सुन चाँदी लगायतका बहुमूल्य वस्तुको खानी पनि छ । यहाँका मानिसहरू दशैँ, तिहार, छठ, होली जस्ता चाडपर्व मनाउँछन् । यहाँका मानिस दया, माया, करुणा सुख, दुःख बाँडेर बस्छन् । उनीहरूको बोलाइ, हिँडाइ, लवाइ, खवाइ सरल प्रकृतिको छ ।

४. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) नाम भनेको के हो ?

(ख) नाम के कति प्रकारका छन् ?

(ग) जातिवाचक नाम केलाई भनिन्छ । उदाहरणसहित लेख्नुहोस् ।

(घ) नामको वर्गीकरण कुनकुन आधारमा गरिन्छ ।

(ङ) गणनीय र अगणीय नाममा के फरक छ ?

(च) सजीव र निर्जीव नाम केलाई भनिन्छ ?

(छ) मानवीय र अमानवीय नाममा के भिन्नता छ ?

५. **तल दिइएको कथामा कुनकुन प्रकारका नामपद छन्, पहिल्याउनुहोस् :**

एकजना विद्वान् कुनै सहरमा पुग्यो । उसले त्यहाँका मानिसहरूसँग भन्यो, "म यहाँका विद्वान्हरूसँग शास्त्रार्थ गर्न चाहन्छु ।"

केही मानिसले उसलाई सहरमा प्रमुख विद्वान्कहाँ लगे ।

विद्वान्हरूले भने, "हाम्रो सहरमा सनातन गोस्वामी र उनका भतिज जीव गोस्वामी नै श्रेष्ठ ज्ञानी हुन् । यदि उनीहरूले तपाईँलाई विजेताका रूपमा स्वीकार गरेर मान्यता पत्रमा हस्ताक्षर गरिदिए भने हामीले पनि तपाईँलाई विजेता मान्ने छौँ ।"

त्यो विद्वान् सनातन गोस्वामी कहाँ पुग्यो र भन्यो, "स्वामीजी ! या त तपाईँले मसँग शास्त्रार्थ गर्नुहोस् या मलाई मान्यता पत्र दिनुहोस् ।"

सनातन गोस्वामीले जवाफ दिए, "अझै त मैले शास्त्रहरूको मर्म नै कहाँ बुझेको छु र ? म त विद्वान्हरूको सेवक हुँ ।"

यति भनेर उनले मान्यता पत्रमा हस्ताक्षर गरिदिए ।

विद्वान् प्रसन्न हुँदै मान्यता पत्र बोकेर जादै थियो, जीव गोस्वामीसँग उसको भेट भयो । विद्वान्ले उनीसँग पनि भन्यो, "तपाईँले यस मान्यता पत्रमा हस्ताक्षर गरिदिनुहुन्छ या मसँग शास्त्रार्थ गर्नुहुन्छ ?"

जीव गोस्वामीले भने, "म शास्त्रार्थ गर्न तयार छु ।"

दुवैका बिच शास्त्रार्थ सुरु भयो । सहरका मान्छेहरूले उनीहरूको शास्त्रार्थ हेरिरहेका थिए । लामो शास्त्रार्थपछि जीव गोस्वामीले विद्वान्लाई पराजित गरिदिए । विद्वान् दुःखी हुँदै सहरबाट गयो ।

जीव गोस्वामीले सनातन गोस्वामीलाई आफ्नो विजयका बारेमा सुनाए । सनातन गोस्वामी खुसी भएनन् ।

उनले भने, "एक विद्वान्लाई अपमानित गरेर तिमीलाई अलिकति यश अवश्य मिल्यो, तर यस्तो यशले के गर्ने छौ ? यसले केवल तिम्रो अहङ्कार बढाउने छ र तिमीजस्तो अहङ्कारीले ज्ञानको साधना कसरी गर्न सक्छ ? आखिर ती विद्वान्लाई विजयी मान्दैमा तिम्रो के बिग्रन्थ्यो ? हाम्रा लागि यश–अपयश, जीवन–मरण, सुख–दुःख, मित्र–शत्रु सबै एक समान छन् । हामीले हार जीतको चक्करमा पर्नु हुँदैन ।"

जीव गोस्वामीलाई आफ्नो भूल अनुभव भयो । उनले आफ्नो व्यवहारका लागि सनातन गोस्वामीसँग क्षमा मागे ।

*(शान्ता सिंखडा, एक सय एक बोधकथाबाट साभार)*

एकाइ
३

# सर्वनाम

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

मेरो नाम दावा हो । म कक्षा ९ मा पढ्छु । म र सोनाम सँगै विद्यालय जान्छौँ । हामी सँगै पढ्छौँ । लता मलाई मनपर्ने साथी हुन् । उनीसँग म पढाइका बारेमा कुरा गरेर बसिरहन्थेँ । दावा तँ कहाँ गइस् ? भन्दै क्रिकेट खेल्न जानलाई गोपाल लिन आइहाल्यो । मेरी सानी बहिनी कक्षा चारमा पढ्छिन् । म उनलाई तिमी खाजा खाऊ भनेर पैसा दिन्थेँ । पढाइ सकेर घर पुग्दा दिदीले खाजा दिँदा तपाईँले चाहिँ खाजा खानुभयो त भनेर म सोधिहाल्थेँ ।

लताले मिठामिठा कथा सुनाउँथिन् । उनले हामीलाई कुन कथा भनौँ ? भनी सोध्थिन् । "यो ऊ कथा हामीलाई थाहा छैन जे कथा भन्छ्यौ हामी त्यही ध्यान दिएर सुन्छौँ," भन्थ्यौ । जुन कथा लताले भन्थिन् ती सबै राम्रा कथा हुन्थे । हामी साथीहरूमा को गयो ? को आयो भन्दा पनि के भयो भन्नेमा चाहिँ ध्यान दिन्थ्यौँ । घुम्न जान परेमा कहाँ र कहिले जाने ? कुनकुन साथीलाई साथमा लाने हो त्यो पनि सल्लाह गर्थ्यौँ ।

म अहिले शिक्षक छु । मेरो साथी डाक्टर छ । ऊ अहिले विदेश गएको छ । लता र गोपाल पनि राम्रा विद्यार्थी थिए । उनीहरू अहिले व्यापार गर्छन् । गोपालले ठुलो कारखाना चलाएको छ । ऊ उद्योगी पनि हो । त्यस उद्योगमा धेरै सामान उत्पादन हुन्छ । ती सामान मँहगा पनि छन् । उद्योगमा धेरै कर्मचारी छन् । ती कर्मचारीहरू मिहिनेती छन् । गोपाल स्वयम् परिश्रमी छ । ऊ आफैँ काम गर्छ । ऊ सिपालु पनि छ ।

माथिको अनुच्छेदमा प्रयोग भएका सर्वनाम शब्द छानी तालिकामा भर्नुहोस् :

| पुरुषवाचक सर्वनाम | दर्शकवाचक सर्वनाम | सम्बन्धवाचक सर्वनाम | प्रश्नवाचक सर्वनाम | आत्मवाचक सर्वनाम |
|---|---|---|---|---|
| | | | | |

### नामको सट्टामा

जनक घर गयो । ऊ हिजो आएको थियो । यहाँ 'राम' नामको सट्टामा 'ऊ' सर्वनाम प्रयोग भएको छ ।

### पदावलीको सट्टामा

मेरो विद्यालय गाउँमा छ । त्यहीँ म पढ्छु । यहाँ 'मेरो विद्यालय' पदावलीको सट्टा 'त्यहीँ' सर्वनाम आएको छ ।

### वाक्यको सट्टामा

अपराधीले ठुलो सजाय पायो । यो राम्रो कुरा हो । यहाँ 'अपराधीले ठुलो सजाय पायो' वाक्यको सट्टामा 'यो' सर्वनाम आएको छ ।

यसरी नै सर्वनाम पूरै अनुच्छेद वा सङ्कलनका सट्टामा पनि आउन सक्छ ।

नामको सट्टामा प्रयोग हुन शब्दलाई सर्वनाम भनिन्छ । सर्वनाम नामको सट्टामा मात्र नभएर पदावली र वाक्यको सट्टामा पनि आउन सक्छ ।

## २. सर्वनामका प्रकार

नेपालीमा मूलत : सर्वनाम ५ किसिमका छन् । ती हुन् :

(क) पुरुषवाचक सर्वनाम
(ख) दर्शकवाचक सर्वनाम
(ग) सम्बन्धवाचक सर्वनाम
(घ) प्रश्नवाचक सर्वनाम
(ङ) आत्मवाचक सर्वनाम

### (क) पुरुषवाचक सर्वनाम

स्त्री वा पुरुषमा नामको सट्टामा प्रयोग भएर वक्ता, स्रोता र विषयलाई सङ्केत गर्ने सर्वनामलाई पुरुषवाचक सर्वनाम भनिन्छ ।

पुरुषवाचक सर्वनाम ३ प्रकारका हुन्छन् :

#### (अ) प्रथम पुरुषवाचक सर्वनाम

म पुस्तक पढ्छु । हामी बजार जान्छौँ ।

बोल्ने व्यक्तिलाई बुझाउने सर्वनामलाई प्रथम पुरुषवाचक सर्वनाम भनिन्छ । जस्तैः म, हामी ।

#### (आ) द्वितीय पुरुषवाचक सर्वनाम

तँ खेल्न जान्छस् । तिमी पढ्न जाऊ ।

तपाईँ घरमा बस्नुहुन्छ । हजुर कहाँ जानुभएको थियो ?

सुन्ने व्यक्ति वा जोसँग कुरा गरिन्छ त्यसलाई द्वितीय पुरुषवाचक सर्वनाम भनिन्छ । जस्तो : तँ, तिमी, तपाईँ, हजुर ।

### (इ) तृतीय पुरुषवाचक सर्वनाम

ऊ असल केटो हो ।

उनी आफ्नो काम गर्छिन् ।

त्यो केटो खराब छ ।

उहाँ राष्ट्रनायक हुनुहुन्छ ।

यो व्यक्ति सहयोगी छ ।

बोल्ने व्यक्तिले सुन्ने व्यक्तिसँग जसका बारेमा कुरा गर्छ त्यसलाई बुझाउने शब्दलाई तृतीय पुरुषवाचक सर्वनाम भनिन्छ । जस्तो : ऊ, उनी, तिनी, यिनी, उहाँ, त्यो, यो

### (ख) दर्शकवाचक सर्वनाम

| निकटवर्ती दर्शक सर्वनाम | दूरवर्ती दर्शक सर्वनाम |
|---|---|
| यो हाम्रो विद्यालय हो ।<br>यी मेरा गाई हुन् ।<br>यहाँ बसेर पाठ पढ । | त्यो हाम्रो विद्यालय हो ।<br>ती मेरा गाई हुन् ।<br>त्यहाँ बसेर पाठ पढ । |

नजिकको वा टाढाको वस्तु वा व्यक्तिलाई तोकेर देखाउने सर्वनामलाई दर्शकवाचक सर्वनाम भनिन्छ । यी दुई प्रकारका छन् :

### (अ) निकटवर्ती दर्शक सर्वनाम

नजिकको व्यक्ति वस्तु वा पदार्थलाई तोकेर देखाउने सर्वनामलाई निकटवर्ती सर्वनाम भनिन्छ । जस्तोः यो, यी, यिनी, यहाँ आदि ।

### (आ) दूरवर्ती दर्शक सर्वनाम

टाढाको व्यक्ति, वस्तु वा पदार्थलाई तोकेर देखाउने सर्वनामलाई दूरवर्ती सर्वनाम भनिन्छ । जस्तै : त्यो, ती, तिनी, त्यही आदि ।

### (ग) सम्बन्धवाचक सर्वनाम

| निश्चय सम्बन्धवाचक | अनिश्चय सम्बन्धवाचक |
|---|---|
| जो आउँछ त्यो फस्छ । | भाइ जहाँसुकै जाओस् । |
| जे गर्न मन छ त्यही गर । | जोसुकै आओस्, मलाई मतलब छैन । |
| जहाँ बगैँचा छ त्यहाँ फूल हुन्छ । | जेसुकै भन उसले मान्दैन । |

नामको सट्टामा आई कुनै पनि व्यक्ति, वस्तु वा उपवाक्यहरू बिचको सम्बन्ध देखाउने सर्वनामलाई सम्बन्धवाचक सर्वनाम भनिन्छ । यी दुई प्रकारका छन् :

### (अ) निश्चय सम्बन्धवाचक सर्वनाम

नामपदका सम्बन्धको निश्चिततालाई बुझाउने सर्वनामलाई निश्चिय सम्बन्धवाचक सर्वनाम भनिन्छ । जस्तै : जे, जो, जुन ।

### (आ) अनिश्चय सम्बन्धवाचक सर्वनाम

नामपदको सम्बन्धको अनिश्चिततालाई बुझाउने सर्वनामलाई अनिश्चय सम्बन्धवाचक सर्वनाम भनिन्छ । जस्तै : जोसुकै, जुनसुकै, जेसुकै आदि ।

### (घ) प्रश्नवाचक सर्वनाम

| निश्चय प्रश्नवाचक | अनिश्चय प्रश्नवाचक |
|---|---|
| को प्रथम भयो ? | कोही विद्यालय आयौ ? |
| कुन पुस्तक मन पर्छ ? | कुनै काम लाग्छन् कि ? |
| कसले कलम दियो ? | केही खानेकुरा खायौ ? |

कुनै व्यक्ति वा वस्तुका बारेमा प्रश्न गर्दा नामकै काम गरेमा त्यस्ता सर्वनामलाई प्रश्नवाचक सर्वनाम भनिन्छ । यी दुई प्रकारका छन् :

### (अ) निश्चय प्रश्नवाचक सर्वनाम

कुनै प्रश्नले निश्चित रूपमा व्यक्ति वा वस्तुलाई बुझाएमा त्यसलाई निश्चय प्रश्नवाचक सर्वनाम भनिन्छ । जस्तै : को, को को, के, के के, कुन, कुन कुन, कसले आदि ।

### (आ) अनिश्चय प्रश्नवाचक सर्वनाम

कुनै प्रश्नले व्यक्ति वा वस्तुलाई निश्चित गरी बुझाउन सकेन भने त्यसलाई अनिश्चय प्रश्नवाचक सर्वनाम भनिन्छ । जस्तो : कोही, केही, कुनै आदि ।

### (ङ) आत्मवाचक सर्वनाम

बोल्ने, सुन्ने र विषयमा आउने व्यक्ति आफैँलाई बुझाउने सर्वनामलाई आत्मवाचक भनिन्छ । यसलाई निजवाचक सर्वनाम पनि भनिन्छ ।

जस्तै :

आफू त अरूको पछि लागिँदैन ।

आफू आफूमा झगडा नगर ।

यो काम आफैँ गर ।

तिमी स्वयम् फटाहा छौ ।

## ३. सर्वनामले गर्ने कामहरू

(क) सर्वनामले उद्देश्यको काम गर्छ ।

(ख) नामको सट्टामा आई काम गर्छ ।

(ग) सर्वनामले विभिन्न पुरुष चिह्न लिएर काम गर्छ ।

(घ) सर्वनामले कर्ता, कर्म, करण, सम्प्रदाय, अपादान र अधिकरण, कारक भई काम गर्दछ ।

(ङ) सर्वनामको सरल र तिर्यक रूप पाइन्छ ।

## अभ्यास

**१. तलका खाली ठाउँमा सुहाउँदा सर्वनाम पद लेख्नुहोस् :**

(क) कमल परिश्रमी छ । ............... मेरो भाइ हो ।

(ख) रीताले धेरै भात खाइन् ........... भोकाएकी थिइन् ।

(ग) काले भाइ हसिलो छ । ......... मिलनसार पनि छ ।

(घ) केटाहरू गए । ............ कहिले घर पुग्लान् ?

(ङ) जन्मेपछि मान्छे मर्नैपर्छ । ........ कुरा साँचो हो ।

(च) समा, रमा र सीता खेल्दै छन् । .......... साथी हुन् ।

(छ) सफल परिश्रमी छ । ........... मेरो साथी हो ।

(ज) साथीहरूले परीक्षा दिए । .......... पास हुन्छन् ।

(झ) गुरु पोखरा जानुभएको छ । .......... आज आउनुहुन्छ ।

(ञ) ............... किन मसँग रिसाउनुहुन्छ ?

**२. तल दिइएका सर्वनामहरूलाई तलको तालिकामा भर्नुहोस् :**

म, हामी, कोही, केही, के, तिमी, तिमीहरू, ती, कुन, को, त्यहाँ, को, तँ, ऊ, जेजे, जे, आफैँ, स्वयम्, तपाईँ, कहाँ, आफू, जो, जहाँ,

| पुरुषवाचक | दर्शकवाचक | सम्बन्धवाचक | प्रश्नवाचक | आत्मवाचक |
|---|---|---|---|---|
| | | | | |

३. **तलको अनुच्छेद पढी सर्वनाम शब्द कापीमा टिप्नुहोस् :**

म बाटामा थिएँ । बाटामा सीमा र स्वरूप पनि भेटिए । उनीहरू बजार हिँडिरहेका थिए । अब हामी सँगै भयौँ । बजारमा सीमाले आफूलाई जुत्ता किनिन् । म चाहिँ कलम किन्न चाहन्थेँ । पसलमा पुगेर स्वरूपले भन्यो, "कलम किन्ने भए त्यो राम्रो छ ।" "खोइ कुन चाहिँ हो ?" सीमाले सोधिन् । "जुन राम्रो छ त्यही किन्छु," मैले भने । बजारका बिचमा को को भेटिए, के के देखिए पत्तै भएन । कोही खाँदै थिए । कुनै कुनै पसलमा भिड थियो । "तपाईँहरू भेटिएर रमाइलो भयो," अन्त्यमा मैले भने । हामीहरूले आज रमाइलो गर्‍यौँ ।

३. **तलका चित्रका को को के के गरिरहेका छन् ? सर्वनामका प्रकारहरू पर्ने गरी चित्रको बयान गर्नुहोस् :**





एकाइ

४

# विशेषण

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

तराईमा बस्ने गरिब गोपालले एउटा गाई किन्यो । उसले राम्रो खानेकुरा खुवायो । त्यसबाट धेरै बाछाबाछी जन्मे अनि गाईहरूको ठुलो बथान बन्यो । ती गाईहरूको शुद्ध दुध बेचेर उसले प्रशस्त आम्दानी गऱ्यो । उसको विशेष पढाइ थिएन । वास्तवमा अधिक इमानदारी नै उसको लागि उपयुक्त रोजगारीको प्रभावकारी माध्यम बन्न पुग्यो । जुनसुकै काम गरेर पनि यस समाजमा सजिलै बाँच्न सकिन्छ भन्ने असल शिक्षा उसबाट लिन सकिन्छ । गोपालको ठुलो दाजु रमेशले भने अनेक तालिम लिएर पनि केही पेसा गरेको थिएन । अल्छी स्वभावको त्यो रमेश रिसाहा प्रवृत्तिको पनि थियो । उसको मुख्य सोख नै रातो सर्ट, सेतो पाइन्ट र कालो चस्मा लगाएर बजार घुम्नु मात्र थियो । उसलाई जहिले पनि आर्थिक सङ्कट मात्र पर्थ्यो । एक दिन अचानक उसले भाइले जस्तै कुनै नयाँ काम गरेर धेरै उन्नति गर्ने विचार गऱ्यो । भाइले पनि उन्नत जातका बाख्रा पालेर राम्रो प्रगति गर्न सकिन्छ भन्ने उपयुक्त सल्लाह दियो । उसले दाइलाई केही आर्थिक सहयोग पनि गऱ्यो । सुरुमा तीन ओटा बाख्रा पालेको रमेशको अहिले बीस बाख्राहरू भइसके । हिजोआज गाउँमा ऊ जान्ने बुझ्ने बाख्रापालक भएको छ । मिहिनेती मान्छेलाई कहिले दुःख हुन्छ र ?

माथिको अनुच्छेद पढी विशेषण शब्द तालिकामा भर्नुहोस् :

| गुणबोधक | परिमाणबोधक | सङ्ख्याबोधक | सार्वनामिक |
|---|---|---|---|
| | | | |

| प्रश्न | जवाफ |
|---|---|
| कस्तो ? | रातो, लोभी, कालो, सोझो, गुलियो, नयाँ, धनी, असल, सोझो, एकोहोरो |
| कस्ती ? | गोरी, मिहिनेती, अल्छी, मोटी, गुणवती, दयालु, बुझक्की, सहनशील, गुणवती |
| कुन ? | यो, त्यो, ती, उही, सातौँ, पहिलो, कान्छो, माहिलो, साहिलो |
| कत्रो ? | सानो, होचो, अग्लो, यत्रो, ठुलो, विशाल |
| कति ? | धेरै, थोरै, आधा, सबै, त्यति, यति, अलिकति |

नाम वा सर्वनामको गुण, दोष आदि विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ । नाम वा सर्वनाममा कस्तो, कति, कुन, कत्रो, कसको जस्ता प्रश्नहरू गर्दा आउने उत्तरहरू नै विशेषण हुन् । विशेषणले जुन पदको विशेषता बुझाउँछ त्यसलाई विशेषण भनिन्छ ।

## २. विशेषणका प्रकार

विशेषण पाँच प्रकारका हुन्छन् :

(क) गुणबोधक विशेषण
(ख) सङ्ख्याबोधक विशेषण
(ग) परिमाणबोधक विशेषण
(घ) सार्वनामिक विशेषण
(ङ) भेदक विशेषण

### (क) गुणबोधक विशेषण

| | |
|---|---|
| आकार बुझाउने | : ठुलो, गोलो, सानो, चेप्टो, बाटुलो, लामो |
| गुण वा दोष बुझाउने | : असल, खराब, राम्रो, मिठो, अल्छी, मिहिनेती |
| रङ बुझाउने | : रातो, सेतो, कालो, पहेलोँ, गुलाफी |
| अवस्था बुझाउने | : बुढो, जवान, नयाँ, कडा, बिरामी |
| काल बुझाउने | : नयाँ, पुरानो, प्राचीन, आउँदो, पोहोर |

नाम वा सर्वनामको आकार, गुण, दोष, रङ, अवस्था, काल आदि बुझाउने विशेषणलाई गुणबोधक विशेषण भनिन्छ ।

### (ख) सङ्ख्याबोधक विशेषण

| | |
|---|---|
| निश्चय सङ्ख्यावाचक : | एक, दश, सय, हजार, लाख |
| अनिश्चय सङ्ख्यावाचक: | सयौँ, हजारौँ, पचासौँ, लाखौँ |
| क्रमवाचक : | पहिलो, दोस्रो, प्रथम, द्वितीय, सयौँ |
| आकृतिवाचक : | दोब्बर, तेब्बर, दोहोरो, चौगुणा |
| अंशवाचक : | आधा, सवा, अढाई, चौथाई, तिहाइ |
| प्रत्येकवाचक : | हरेक, प्रत्येक, एकपटक, सयसय |

नाम वा सर्वनामको निश्चित वा अनिश्चित सङ्ख्या, क्रम, आवृत्ति आदि बोध गराउने विशेषणलाई सङ्ख्याबोधक विशेषण भनिन्छ ।

### (ग) परिमाणबोधक विशेषण

धेरै, थोरै, अलिकति, अधिकांश, प्रशस्त, यति, उति, कति, बृहत्, अनगिन्ती, सबै, निक्कै, केही, ज्यादा, अधिकांश, कतिपय, तमाम, पूरा, घटी, बढी

नाम वा सर्वनामको यति उति भन्ने परिमाण, मात्रा वा अनिश्चित सङ्ख्या बुझाउने विशेषणलाई परिमाणबोधक विशेषण भनिन्छ ।

## (घ) सार्वनामिक विशेषण

दर्शक :

| | | |
|---|---|---|
| यो | साथी | यो |
| त्यो | घर | त्यो |
| यी | कलमहरू | यी |
| ती | केटाहरू | ती |

सम्बन्धवाचक :

| | | |
|---|---|---|
| जो | व्यक्ति | जो |
| जुन | कुरा | जुन |
| जस्तो | रूप | जस्तो |
| जोसुकै | मान्छे | जोसुकै |

प्रश्नवाचक :

| | | |
|---|---|---|
| को | मान्छे | को |
| कुन | ठाउँ | कुन |
| कोही | साथी | कोही |
| के | कुरा | के |

नामका अगाडि वा विशेष्य पदको साथमा आएर त्यसको विशेषता बुझाउने सर्वनामलाई सार्वनामिक विशेषण भनिन्छ । त्यही पद नामका सट्टामा आउँदा सर्वनाम हुन्छ भने नामसँगै आउँदा विशेषण हुन्छ । जस्तोः त्यो मान्छे । त्यो सर्वनाम भए पनि यहाँ मान्छेको विशेषता बुझाउन आएको हुनाले सार्वनामिक विशेषण बनेको छ ।

## (ङ) भेदक विशेषण

| | | | | | |
|---|---|---|---|---|---|
| हरिको भाइ | – | हरिको | मेरो गाउँ | – | मेरो |
| आफ्नो मान्छे | – | आफ्नो | तेरा कमलहरू | – | तेरा |
| उसका साथीहरू | – | उसका | मेरी आमा | – | मेरी |
| उनकी बहिनी | – | उनकी | आफ्नी दिदी | – | आफ्नी |

नाम वा सर्वनाम पदलाई अरूभन्दा फरक देखाउने विशेषणलाई भेदक विशेषण भनिन्छ । नाम वा सर्वनाममा षष्ठी विभक्तिको प्रत्ययहरू : को, का, की, रो, रा, री, नो, ना, नी जोडिँदा भेदक विशेषण बन्दछ ।

## विशेषणले गर्ने कार्यहरू

(क) विशेषणले नामको विशेषता जनाउँछ ।

(ख) पूरकापेक्षी क्रियापदको पूरक भएर काम गर्छ ।

(ग) विशेषणले क्रिया विशेषणको विशेष्य भएर काम गर्छ ।

(घ) सरल र तिर्यक रूपमा प्रयोग हुन्छ ।

(ङ) विशेष्य (नाम) को भेदकको रूपमा काम गर्छ ।

(च) विशेष्य (नाम) को अर्थलाई निश्चित सीमामा सीमित गर्छ ।

## अभ्यास

१. **तल दिइएका शब्दलाई तालिकामा भर्नुहोस् :**

लोभी, ख्याउटे, निकै, जुन, कुन, धनी, कम, अनुभवी, पिरो, पीडा, मधुर, चौगुना, पोखरेली, अढाइ, धेरै, गम्भीर, फिक्का, रातो, बोलक्कड, भुलक्कड, सहरिया, अन्तिम, सयौँ, धमिलो, मूर्ख, पाँच, औधी, गहिरो, गाढा, चकचके, अग्लो, मोटो, गाउँले, ठुलो, गोरो, दोहोरो, हरेक, अलिकति, अल्छी, यो, जो, पाकेको

| गुणबोधक | परिमाणबोधक | सङ्ख्याबोधक | सार्वनामिक |
|---|---|---|---|
| | | | |

२. **तलका वाक्यहरूबाट विशेषण र विशेष्य छुट्यानुहोस् :**

(क) रातो गाईले खोलाको सफा पानी खायो ।

(ख) तिमी यो किताब लिएर जाऊ र चिनेको साथीलाई देऊ ।

(ग) गाउँबाट काकाले एक भारी सेतो आलु ल्याउनुभयो ।

(घ) नदीमा निकै ठुलो बाढी आएको थियो ।

(ङ) हरि कालो अनुहार, राता राता र टेढा आँखा पार्दै सबैलाई हेर्थ्यो ।

(च) केही वर्षअघि यो क्षेत्र घना वनले गर्दा सुन्दर देखिन्थ्यो ।

(छ) सानी छोरी छोटो लुगा लगाएर ठुलो झोलामा धेरै किताब बोकेर विद्यालयमा गई ।

३. **तलका अनुच्छेदबाट विशेषण शब्द टिपी तिनलाई तलको तालिकामा भर्नुहोस् :**

मेरो ज्ञानी भाइ गोरी बहिनीलाई काली केटी भनेर जिस्काउँछ । अग्लो डाँडाबाट सम्म तराई हेर्दै चकचके केटाकेटीहरू रमाउँछन् । त्यस्तो काम यी केटाकेटीले थोरै वा अलिकति बुद्धि पुऱ्याएर काम गर्न जरुरी छ । प्राचीन कालदेखि आधुनिक समयसम्म र दोस्रो शताब्दीदेखि एक्काइसौँ शताब्दीसम्म पनि हरेक मानिसका आफ्ना आफ्ना ज्यादा समस्या छन् । सबै व्यक्ति निजी स्वार्थले प्रशस्त प्रभावित देखिन्छन् । एउटाको चाहना अर्कोको चाहनासित धेरै नमिल्नु स्वाभाविक नै हो । जुन व्यक्ति यो कुरा बुझ्दैन त्यो व्यक्ति सबैको राम्रो साथी हुन सक्दैन ।

| गुणबोधक | परिमाणबोधक | सङ्ख्याबोधक | सार्वनामिक |
|---|---|---|---|
| | | | |

एकाइ ५

# क्रियापद

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

मानवमा बुद्धि तथा विवेक हुन्छ । उसमा भएको बुद्धि तथा विवेकको सही ढङ्गले उपयोग गर्न सकेमा नै ऊ उत्कृष्ट प्राणीको कोटीमा पर्छ । कुनै पनि काम आफू र समाजमा के कति फाइदा हुन्छ भन्ने भन्दा आफू र समाजको के कति भलो हुन्छ भन्नेतर्फ ध्यान दिनुपर्छ । व्यक्तिगत हितभन्दा सामूहिक हितलाई ख्याल गर्नुपर्छ । अरूको अधिकारको सम्मान गर्नुपर्छ । यी हाम्रा कर्तव्य हुन् । आफ्ना कर्तव्यप्रति सचेत मानिस सधैँ सफल र सबैका लागि उदाहरणीय बन्न पुग्छ । अरूको भलो गर्नु धर्म र अरूलाई दुःख दिनु पाप हो भन्ने भनाइ कुनै धर्म विशेषको नभई यो मानव मात्रको साझा सन्देश हो । मानिस भएको नाताले उसले व्यक्तिगत जीवन, परिवार र समाजप्रति असल भूमिका निर्वाह गर्नुपर्छ । सही ढङ्गले ती भूमिकाहरू पूरा गर्न कर्तव्य पालना भएको मानिन्छ । आफ्नो अधिकार चिन्ने र अरूको अधिकारको सम्मान गर्ने बानीले मानिसलाई कर्तव्य परायण बनाउँछ । कर्तव्य व्यक्तिगत, पारिवारिक, सामाजिक र कानुनी आदि हुने गर्दछन् ।

माथिको अनुच्छेदमा आएका क्रियापद शब्द पहिचान गरी कापीमा टिप्नुहोस् :

..........................................................................................................

..........................................................................................................

| धातु | प्रत्यय | क्रियापद |
|---|---|---|
| लेख् | छ | लेख्छ |
| पढ् | यो | पढ्यो |
| नाच् | ने छ | नाच्ने छ |
| गर् | यो | गऱ्यो |
| भन् | नेछ | भन्ने छ |

वाक्यलाई पूरा गर्ने अथवा वाक्यको कार्य, घटना र अवस्थालाई बुझाउने पदलाई क्रियापद भनिन्छ । यो धातुबाटै निर्माण हुन्छ । क्रियापदले विधेयको काम गर्छ । यो शब्द वर्गमा सबभन्दा बढी रूपायन हुने पद हो । यसका लिङ्ग, वचन, पुरुष, काल, पक्ष, अर्थ, वाच्य, आदर आदिका आधारमा परिवर्तन हुन्छन् । धातुमा प्रत्यय जोडिएपछि क्रियापद बन्दछ ।

## २. क्रियापदको वर्गीकरण

क्रियापदलाई समापकता, कर्मकता, पूरकता, अर्थ प्रधानता आदिका आधारमा वर्गीकरण गर्न सकिन्छ :

### (क) समापिका र असमापिका क्रियापद

समापकताका आधारमा समापिका र असमापिका गरी क्रियापद २ प्रकारका हुन्छन् :

#### (अ) समापिका क्रियापद

नेपालीहरू सम्पन्न होऊन् ।
उनीहरू क्रिकेट खेल्दै छन् ।
मैले सोनामलाई नेता बनाएँ ।
तराईंका जमिन सम्म परेका हुन्छन् ।

वाक्यलाई पूरा गर्ने क्रियापदलाई समापिका क्रियापद भनिन्छ । समापिका क्रियापदले वाक्यलाई टुङ्ग्याउने गर्दछ ।

#### (आ) असमापिका क्रियापद

| | |
|---|---|
| एक्लै हिँड्नु राम्रो होइन । | (हिँड् + नु = नाम) |
| जानेको कुरा भन्छु । | (जान् + एको = विशेषण) |
| मैले व्याकरण पढाउन सकिनँ । | (पढाउ + न = क्रियाविशेषण) |

धातुमा ने, एको, नु, तो, दो, तै, दै, एर, ई, ए, ता, दा आदि कृत् प्रत्यय लागेर बनेका शब्दलाई असमापिका क्रियापद भनिन्छ । यस्ता क्रियापदले वाक्यलाई टुङ्ग्याउन सक्दैन । वाक्यलाई पूरा गर्न नसक्ने क्रियापद असमापिका क्रियापद हो ।

### (ख) सकर्मक र अकर्मक क्रियापद

वाक्यमा कर्म लिन र नलिने आधारमा क्रियापद सकर्मक र अकर्मक गरी दुई प्रकारका हुन्छन् :

#### (अ) सकर्मक क्रियापद

| | | |
|---|---|---|
| मैले तिमीलाई चिनेको छु । | – कसलाई ? | – तिमीलाई |
| रामले रावणलाई मारे । | – कसलाई ? | – रावणलाई |
| उसले पत्रिकामा कथा छपायो । | – के ? | – कथा |

वाक्यमा कर्म लिने क्रियापदलाई सकर्मक क्रियापद भनिन्छ । क्रियापदमा के र कसलाई भन्ने प्रश्न गर्दा आउने उत्तरहरू नै कर्म हुन् ।
यसरी कर्म लिने सकर्मक क्रियापद एककर्मक र द्विकर्मक गरी दुई प्रकारका हुन्छन् । एउटै कर्मको अपेक्षा गर्ने क्रियापद एककर्मक हो भने दुईओटा कर्मको अपेक्षा गर्ने क्रियापद द्विकर्मक हो ।

जस्तै :

सफल पुस्तक पढ्छ । (एक कर्म)     गुरुले सबैलाई पाठ पढाउनुभयो । (दुई कर्म)

### (आ) अकर्मक क्रियापद

म आज दिनभरि हिँडे ।

आवश्यक ठाउँमा बोल्नुपर्छ ।

सीता चुट्किला पढेर हाँसिन् ।

आफ्नो अर्थ पूर्ण गर्न कर्मको अपेक्षा नगर्ने क्रियापदलाई अकर्मक क्रियापद भनिन्छ । अकर्मक क्रियाको सम्बन्ध एउटै नामिक पदसँग मात्र रहेको हुन्छ र अकर्मक क्रियाको व्यापार र फल दुवै कर्तामा रहन्छ ।

### (ग) मुख्य क्रियापद र सहायक क्रियापद

अर्थ प्रधानताका आधारमा क्रियापद मुख्य क्रियापद र सहायक क्रियापद गरी दुई प्रकारका हुन्छन् :

### (अ) मुख्य क्रियापद

उसलाई जान देऊ । (जानः मुख्य क्रिया)

आकाशमा सूर्य देखिसके । (देखिः मुख्य क्रिया)

उसले पो कविता पढ्दै छ । (पढ्दैः मुख्य क्रिया)

अर्थका दृष्टिले मुख्य हुने क्रियापदलाई मुख्य क्रियापद भनिन्छ । सरल क्रिया मात्र आएको वाक्यमा त्यो नै मुख्य क्रियापद हुन्छ भने सयुक्त वाक्यमा अघिल्लो वा असमापिका क्रिया मुख्य क्रियापदको रूपमा रहन्छ ।

### आ) सहायक क्रियापद

भाइ निदाउन आँटिसकेको थियो । (थियो : सहायक क्रिया)

ऊ मन्दिर जाने गर्छ । (गर्छ : सहायक क्रिया)

हामी गृहकार्य गर्दै छौँ । (छौँ : सहायक क्रिया)

अर्थका दृष्टिले प्रधान नहुने क्रियापद सहायक क्रियापद हो । संयुक्त क्रियाको रूपमा आएका दुई वा सोभन्दा बढी धातुहरूमध्ये पहिलो धातुभन्दा बाहेकका धातुबाट बनेका क्रियालाई सहायक क्रिया भनिन्छ ।

### (घ) सरल र जटिल क्रियापद

संरचनाको आधारमा सरल र जटिल गरी क्रियापद दुई प्रकारका हुन्छन् :

### (अ) सरल क्रियापद

मैले पुस्तक लेखेँ । (लेख् :धातु)

बहिनी डाक्टर बनिन् । (बन् : धातु)

बुबा घुम्न जानुहुन्छ । (जा : धातु)

एउटा मात्र धातुबाट बनेको क्रियापदलाई सरल क्रियापद भनिन्छ। यस्तो क्रिया वाक्यमा एक्लै समापक क्रियाको रूपमा प्रयोग हुन सक्छ।

### जटिल क्रियापद

| धातुको संयोजन | जटिल क्रियापद |
|---|---|
| देख् + पर | देख्नुपरेछ |
| हिँड + पर् + रह् | हिँड्नुपर्दोरहेछ |
| हेर् + रह् + हु | हेरिरहनुभएको छ |
| गर् + दि + सक् | गरिदिइसकेँ |
| जा + सक् + हाल् | गइसकिहालेछ |

भाइले त खाना खाइसकिहालेछ।

बुबा टेलिभिजन हेरिरहनुभएको छ।

मैले उसको गृहकार्य गरिदिएँ।

दुई वा दुईभन्दा बढी धातुबाट बनेका क्रियापदलाई जटिल क्रियापद भनिन्छ। यस्तो क्रियापदमा धातुमा कृदन्त प्रत्यय लागेको हुन्छ भने अन्तिम धातुमा रूपायक प्रत्यय लागेका हुन्छ।

### ३. क्रियापदले गर्ने कार्यहरू

(क) क्रियापदले वाक्यमा विधेयको कार्य गर्दछ।

(ख) क्रियापदले कारकहरूसँग सम्बन्ध राख्ने कार्य गर्दछ।

(ग) क्रियापदले वाक्य समापन गर्ने कार्य गर्दछ।

(घ) क्रियापदले वाक्यमा घटना, कार्यव्यापार, स्थिति वा अवस्था बुझाउने कार्य गर्छ।

(ङ) क्रियापद रूपायन हुन्छ।

(च) क्रियापदले कुनै पनि कुराको उपस्थिति वा अनुपस्थिति बुझाउँछ।

## अभ्यास

१. **तलका धातु र क्रियापद छुट्याई तालिकामा भर्नुहोस् :**

रोकियो, जा, भनेछ, बोक, खा, लेख्नु, आयो, देख, परेछ, भएको, हेर, हिँडनु, दिएँ, उद्छ, किन्, आयो, छ, उठ्यो, सुन्, सकिन्छ, चिन्, बस्, होइन, खेल्छे, जान्, भन्छु, पढाउँछ, काट्छे, पढ्, आयो

| धातु | क्रियापद |
| --- | --- |
| | |

२. **तलका वाक्यमा प्रयोग भएका समापिका र असमापिका क्रियापद छुट्याउनुहोस् :**

(क) जानेका कुरा म भन्छु ।

(ख) अनावश्यक बोल्नु ठिक होइन ।

(ग) म सैनिक विद्यालयमा पढाउछु ।

(घ) भाइ हिँडेर घर आयो ।

(ङ) उसले कथा लेखी सिध्द्यायो ।

(च) बहिनी बिहानै उठेर मुख धोई खाजा खाएर पढ्न गई ।

(छ) मन परेको किताब पढ्न पाएर म खुसी छु ।

(ज) पढ्ने मान्छे असफल भएको तिमीले देखेका छौ ?

(झ) तिमीले भनेको कुरा सुनेर सबै कान थुन्दै बसे ।

३. **तलका लघुकथा पढी क्रियापद शब्द कापीमा टिप्नुहोस् :**

दुई जना बटुवा बगरमाथि हिँड्दै थिए । घाम चर्कंदै थियो । एक जनाले छाता ओढ्यो । अर्कोसँग छाता थिएन तर उसले जुत्ता लगाएको थियो । छाता हुनेसँग जुत्ता थिएन । केही बेरपछि घामको रापले बालुवा बेसरी तात्यो । छाता हुनेको पैताला भत्भती पोल्न थाल्यो । उसले आफ्नो सहयात्रीलाई भन्यो, "बालुवाले सारै पोल्न थाल्यो । मलाई एकछिन् तिम्रो जुत्ता देऊ । म तिमीलाई मेरो छाता दिन्छु ।" जुत्तावालाले आफ्नो जुत्ता फुकालेर साथीलाई दियो र छाता ओढेर खाली खुट्टा बालुवामाथि हिँड्न थाल्यो । पाँच दश पाइला हिँड्दा नहिँड्दै ऊ आत्तियो र भन्यो, " भो तिम्रो छाता तिमी नै ओढ, मेरो जुत्ता देऊ । जुत्ता नभई म एक पाइला पनि हिँड्न सक्दिनँ ।" विचरा छातावाला सङ्कटमा पर्‍यो र भन्यो, "कस्तो अचम्म, बरु घाम सहन सकिन्छ तर त्यही घामले तातेका बालुवालाई सहन सकिन्न ।"

ती दुई बटुवाको कुरा सुनिरहेका बालुवाले घमण्डले फुल्दै सूर्यलाई हेर्‍यो र चिच्यायो,

"देख्यौ मेरो शक्ति ? तिमी जति कडा भए पनि मानिसलाई पोल्न सक्दैनौ । मैलै मान्छेको सातो लिन सक्छु ।" यो सुनेर सूर्य मुसुक्क हाँस्यो र बादलभित्र पस्यो । बटुवाले चैनको सास फेरे । केही बेरमै बालुवा सेलायो । बटुवाहरू आरामसाथ अगाडि बढे ।

४. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) क्रियापद भनेको के हो ?

(ख) सरल र जटिल क्रियापद भनेको के हो ?

(ग) समापिका र असमापिका क्रियाबिच भिन्नता औँल्याउनुहोस् ।

(घ) मुख्य क्रिया र सहायक क्रियाबिच भिन्नता देखाउनुहोस् ।

(ङ) सकर्मक र अकर्मक क्रियापद कसरी छुट्याउन सकिन्छ ?

(च) क्रियापदलाई किन वाक्यको मुख्य अंश भनिएको हो ?

५. **तल दिइएको कथा पढ्नुहोस् र त्यस कथामा कुनकुन प्रकारका क्रियापदको प्रयोग भएको छ, छुट्याउनुहोस् :**

## आवेगमा गरेको काम

कुनै एउटा नगर थियो । त्यहाँ एक जना ब्रह्मण बस्थ्यो । ब्रह्मणको नाम देवशर्मा थियो । उसको घरको कुनामा एउटा न्याउरीमुसो दुलो बनाएर बस्थ्यो । ब्राह्मण–ब्राह्मणी र न्याउरीमुसोको जीवन राम्रोसँग चलिरहेको थियो ।

एकपटक ब्राह्मणीले बच्चा जन्माई । संयोगले त्यही समयमा न्याउरीमुसोले पनि बच्चा पायो । तर, बच्चा पाएपछि न्याउरीमुसो मर्‍यो । ब्राह्मणीले न्याउरी मुसोको बच्चाप्रति दया लागेर आफूसँगै राखी र दुवैलाई माया दिएर हुर्काउन थाली ।

न्याउरीमुसो आफ्नो स्वभावअनुसार हुर्कदै गयो । ऊ सधैँ ब्राह्मणीको छोरासँगै रहने गर्न थाल्यो । दुवैमा राम्रो मित्रता थियो । छोरो र न्याउरीमुसोप्रति यति धेरै माया हुँदा पनि ब्राह्मणी न्याउरीमुसोप्रति सधै शङ्कित रहन्थी ।

एक दिन ब्राह्मणीले छोरालाई सुताई र ब्रह्मणसँग भनी, "म पानी लिन कुवामा जाँदै छु । जबसम्म म फर्किन्नँ तपाईँ यहीँ बस्नुहोस् र बच्चाको हेरचाह गर्नुहोस् ।"

यति भनेर ब्राह्मणी पानी लिन गई । कुवा अलि टाढा थियो ।

त्यही समयमा कुनै यजमानले ब्रह्मणलाई तुरुन्तै भोजनका लागि निमन्त्रणा गर्‍यो । ब्रह्मण पनि न्याउरीमुसोलाई छोराको हेरचाहको जिम्मा दिएर आफू त्यहाँबाट गयो ।

संयोगले त्यही समयमा कतैबाट एउटा विषालु सर्प आयो । सर्प विस्तारै बच्चाको पलङ्गतिर बढ्न थाल्यो । न्याउरीमुसाले सर्पलाई देख्यो ।

कतै सर्पले मित्रलाई डस्ने हो कि भन्ने डर न्याउरीमुसोलाई थियो । त्यसैले ऊ सर्पमाथि

झम्टियो । सर्प पनि तगडा थियो । दुईको बिचमा केही समय युद्ध भयो । सर्पले न्याउरीमुसोको शरीर केही घाइते पनि बनाइदियो । अन्त्यमा जीत न्याउरीमुसाकै भयो । उसले सर्पलाई मारेर टुक्राटुक्रा गरिदियो ।

सर्पलाई मारेपछि न्याउरीमुसा ब्राह्मणी भएतिर दौडियो । ऊ आफूले धेरै राम्रो काम गरेको भन्नेमा ढुक्क थियो । ब्राह्मणीले उसको वीरताको प्रशंसा गर्नेछिन् भन्ने उसको सोच थियो । तर, भयो त्यसको ठिक विपरीत भयो । न्याउरीमुसाको शरीरमा रगत देखेर ब्राह्मणीको मनमा शङ्का उठ्यो ।

उसले सोची, "कतै यसले मेरो छोरालाई टोकेर त मारेन ।" यति सम्झने वित्तिकै ब्राह्मणीले क्रोधले न्याउरीमुसामाथि पानीले भरिएको घडा प्रहार गरी । न्याउरीमुसोले ऐया पनि भन्न पाएन । त्यहीँ मऱ्यो ।

ब्राह्मणी दौडदै घरमा पुगी । त्यहाँ उसले छोरालाई आरामले सुतिरहेको देखी । छोराको नजिकै एउटा विषालु सर्पलाई टुक्राटुक्रा भएर मरेको अवस्थामा थियो ।

बल्ल उसले न्याउरीमुसाले छोरालाई बचाएको बुझी । उसलाई न्याउरीमुसो मारेको निकै पश्चाताप लाग्यो र छाती पिटीपिटी रुन थाली ।

**(शान्ता सिंखडा, एक सय एक बोध कथाबाट साभार)**

एकाइ ६

# अव्यय

**१. पढ्नुहोस् र बुझ्नुहोस् :**

आज म सबेरै उठेँ । तिहारको भाइटीकाको दिन भएकाले नित्यकर्म गरी दिदीको घरतिर लागेँ । दश बजे टीकाको साइत थियो । म खुरुखुरु बाटो हिँड्दै थिएँ । बाटामा धेरै मानिसको भिड भएकाले विस्तारै बाटो काट्दै थिएँ । अकस्मात् मैले कठै ! भन्ने आवाज सुनेँ । मैले के रहेछ भनी भिडको बिचमा हेरेँ, "हरे शिव ! बिहान मोटर साइकल दुर्घटना भएको पो देखियो ।" जीवन यस्तै रहेछ भनी अगाडि बढ्दै थिएँ । ठिक दश बजे म दिदीको घर पुगेँ । पोहोर सालको तिहारभन्दा यसपालिको तिहार निकै रमाइलो भयो । हामी दाजु, भाइ, दिदी र म मिलेर सगैँ टीका लगाउन पायौँ । टीका लगाएपछि हामीले विभिन्न परिकार खायौँ ।

माथिको अनुच्छेदमा भएका अव्यय शब्दहरू कापीमा सार्नुहोस् :

........... ........................ ...................... ......................... .................

**२. तलका वाक्यमा रहेका रेखाङ्कित अव्यय शब्द पढ्नुहोस् :**

(क) हामी सुस्तरी बोल्छौँ ।

(ख) आज ऊ घरभित्र बस्छ ।

(ग) उनी भर्खर विद्यालय गइन् ।

(घ) छानामाथि फर्सी फलेको छ ।

(ङ) मसँग कलम अनि कापी छ ।


(च) अहो ! तिमी प्रथम भयौ ।

(छ) ल अब पढ्न बस ।

व्याकरणिक कोटि (लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष आदि) मा रूप परिवर्तन नहुने शब्दलाई अव्यय भनिन्छ ।

**३. अव्ययका प्रकार**

**अव्यय पाँच प्रकारका छन् :**



(क) **नामयोगी**

दुःखपछि सुख आउँछ । बुबाले भनेअनुसार मैले पढें ।

तिमी आज पोखरासम्म जान्छौ । पौडी खेल्न खोलातिर जाने हो ?

कानुनबमोजिम रीत पुऱ्याउनुपर्छ । यो सामान लामो समयसम्म टिक्छ ।

माथि प्रयोग भएका रेखाङ्कित पछि, अनुसार, सम्म, तिर, बमोजिम जस्ता शब्दहरूको आफ्नो छुट्टै स्वतन्त्र अर्थ भए पनि नामिक शब्दका पछाडि आएर शब्दहरूका बिचमा सम्बन्ध गाँसेका छन् । नामयोगी नामका अतिरिक्त सर्वनाम, विशेषण र अव्ययसँग जोडिन्छ ।

जस्तै :

लखनसित धन छ । (नामका साथमा)

तिमीबाहेक मेरो को छ र ? (सर्वनाम साथमा)

ठुलाभन्दा सानो बलियो छ । (विशेषणका साथमा)

साकिरा आजसम्म यहाँ थिइन् । (अव्ययका साथमा)

निम्नलिखित अव्यय पदहरू नामयोगी हुन् । भित्र, बाहिर, पारि, नजिक, अघि, पछि, नजिक, पश्चात्, बमोजिम, अनुसार, समान, मात्र, पर्यन्त, केवल, निम्ति, तर्फ, तिर, पट्टि, बाहेक, उप्रान्त, सामुन्ने, माथि, बिना, सिवाय, समेत, सित, साथ, बदला, प्रति, उपर, खेरि, मुनि, भन्दा, समान

(ख) **क्रियायोगी/ क्रियाविशेषण**

ऊ फटाफट गयो । रामलखन ज्यादै असल छन् ।

तिमी अत्यन्त राम्रा छौ । म हरेक दिन पढ्छु ।

शिक्षक पढाएर जानुभयो ।

समय, स्थान, रीति तथा क्रियाको विशेषता बुझाउने अव्यय शब्दलाई क्रियायोगी भनिन्छ । क्रियायोगीको प्रयोग क्रियाभन्दा अगाडि हुने गर्छ । यसले क्रियापदका अतिरिक्त विशेषण र क्रियायोगीकै विशेषता बुझाउँछ । जस्तै :

भाइ सुटुक्क भाग्यो । (भाग्यो : क्रियापदको विशेषता)

हरि ज्यादै मूर्ख रहेछ । (मूर्ख : विशेषणको विशेषता)

तिमी अझै माथि चढ । (माथि : क्रियायोगीको विशेषता)

**क्रियायोगीका प्रकार :**

(अ) समयवाचक : आज, भोलि, हिजो, पर्सि, पोहर, आघौँ

(आ) स्थानवाचक : भित्र, बाहिर, तल, माथि, मुनि, अघि, पछि

(इ) रीतिवाचक : राम्ररी, बेसरी, खुरुखुरु, फटाफट, लुरुलुरु, बिस्तारी

(ई) परिमाणवाचक : धेरै, थोरै, अलिकति, सारै, बिछट्टै, ज्यादै

### (ग) विस्मयादिबोधक

बिचरा ! उसको साथी त हराएछ । – शोक

थुक्क ! लाज नभएको नकचरो । – तिरस्कार

धन्यवाद ! तिमीले हाम्रो स्कुलको इज्जत बचायौ । – प्रशंसा

आथ्था ! कस्तो तातो पानी ? – पीडा

हरे ! त्यो त कहाँ पो गएछ । – शोक

ए राम ! तिमी यता आऊ । – सम्बोधन

अरे ! हर्केले पनि सगरमाथा चढेछ । – आश्चर्य

मानिसका मनमा उत्पन्न हुने हर्ष, पीडा, शोक, विस्मय, घृणा, प्रशंसा, निन्दा आदि भाव बुझाउने अव्यय पदलाई विस्मयादिबोधक भनिन्छ ।

अहो, अहा, छ्या, ऐया, कठै, हाय, वाह्, आम्मै, धन्य, आथ्था, थुइक्क, धत्, उफ्, कठै, बिचरो आदि विस्मयादिबोधक हुन् ।

### (घ) निपात

लौ, हुन्छ म यो काम गर्छु । (सहमति)

तिमी परीक्षामा पास हुन्छौ के ? (प्रश्न)

तिमी नै घुम्न जाऊ । (धारणा)

तिमीले यो कुरा भनेको हो र ? (आशङ्का)

मलाई एकछिन् पुस्तक देऊ न । (नम्रता)

बहिनी यहीँ बसोस् है । (आग्रह)

माथिका रेखाङ्कित पदहरू नै निपात हुन् ।

आफ्नो छुट्टै अर्थ नभएको तर वाक्यमा प्रयोग हुँदा शब्द वा पूरै वाक्यको अर्थ थप पुष्टि गर्न आउने शब्दलाई निपात भनिन्छ । धेरैजसो निपातहरू एकाक्षरी हुन्छन् ।

निपातहरू : त, खै, पो, नि, है, नै, ऊ, अँ, कि, अरे, ए, क्या, कुन्नि, हैन, चाहिँ, है, हगि, नाई, क्यारे आदि ।

### (ङ) संयोजक

किरन वा पुकार सहर जान्छन् । (नामलाई जोड्ने)

तिमी र म खेल्न आयौँ । (शब्दलाई जोड्ने)

सन्तेकी आमा र हामी काकी बजार गए । (पदावलीलाई जोड्ने)

जुन गोरुको सिङ छैन उसको नाम तिखे । (उपवाक्यलाई जोड्ने)

दुई वा दुईभन्दा बढी शब्द, पदावली, उपवाक्य र वाक्यलाई जोड्ने अव्यय पदलाई संयोजक भनिन्छ ।

## संयोजक दुई प्रकारका छन्

### (क) सापेक्ष संयोजक

जुन संयोजकले अर्को वाक्यको अपेक्षा गरेको हुन्छ वा मिश्र वाक्यमा प्रधान उपवाक्य र आश्रित उपवाक्यलाई जोड्ने काम गर्छ त्यस्तो संयोजकलाई सापेक्ष संयोजक भनिन्छ ।

जस्तै : जब पानी पऱ्यो तब जाडो भयो ।

(अ) जाडो भयो – मुख्य उपवाक्य

(आ) पानी पऱ्यो – अधीन उपवाक्य

(इ) जब – तब – संयोजक

दुई वा दुईभन्दा बढी शब्द, पदावली, उपवाक्य र वाक्यलाई जोड्ने अव्यय पदलाई संयोजक भनिन्छ ।

जो, जे, जुन, जहाँ, जब, जहिले, जसरी, जत्रो, जसो, भने, भनी, भन्ने, भनेर, यदि आदि संयोजकहरू सापेक्ष हुन् ।

### (ख) निरपेक्ष संयोजक

अर्को वाक्यको अपेक्षा नगर्ने वा संयुक्त वाक्यमा प्रयोग हुने संयोजकलाई निरपेक्ष संयोजक भनिन्छ । निरपेक्ष संयोजकले विभिन्न शब्दहरूलाई वा स्वतन्त्र उपवाक्यलाई जोड्ने काम गर्दछ ।

जस्तै :

दावा आयो तर सोनाम आएन ।

(अ) दावा आयो – मुख्य उपवाक्य

(आ) सोनाम आएन – मुख्य उपवाक्य

(इ) तर – निरपेक्ष संयोजक

र, वा, तर, पनि, अनि, या, कि, किन्तु, परन्तु, हुनत, यद्यपि, तैपनि, यसर्थ, तसर्थ, किनभने, त्यसैले आदि निरपेक्ष संयोजक हुन् ।

## अभ्यास

१. **तल दिइएका अव्यय कुन प्रकारमा पर्दछन् ? तालिकामा भर्नुहोस् :**

राम्रो, मिहिनेती, भयो, अघि, मुनि, क्या, नै, अहा, फटाफट, र, वाह, जुन, क्यारे, अहो, तर, पट्टि, अनुसार, पो, आथ्था, खुसुक्क, भित्र, अत्यन्त, किनभने, हरेक, अनि, हिजो,

पो, अनुसार, जहाँ, त्यहाँ, बिचरा, तिर, भित्र, पछि, अत्यन्त, पढ्न, हरेक, सधैँ, भने, थुक्क, अहो, रे, सँग, फनक्क

| नामयोगी | क्रियायोगी | विस्मयादिबोधक | संयोजक | निपात |
|---|---|---|---|---|
| | | | | |

२. **तलको अनुच्छेदबाट अव्यय शब्द पहिचान गरी कापीमा लेख्नुहोस् :**

हामीसँग माथि जाने साहस त छ तर हाम्रो चाहनाअनुसार त्यहाँ कुनै साधन छैन । छि : कस्तो समस्या हगि ? ऊ र म काम छिटौँ गरौँ भनी सोच्छौँ तर काम राम्ररी गर्ने वातावरण पो छैन । हो नि हाम्रो मात्र समस्या होइन यो । अवस्था त अरूलाई पनि पर्छ रे । आम्मै नि ! कसरी यति धेरै समस्यासहित बाँच्नु परेको है ! लौ, जे गर्छौ गर । अब बुद्धिपूर्वक काम गर्नुपर्छ ।

३. **तलका रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् :**

(क) आमाले भन्नुभयो, "आहा ! कति राम्रो बाकसभित्र फूल रहेछ ।"
(ख) स्याबास ! तिमी प्रथम हुन्छौ भन्ने मलाई विश्वास थियो ।
(ग) उनले मलाई पुलुक्क हेरे अनि आँखाबाट बर्र आँसु झारे ।
(घ) घरमा मनाइने हेरक चाडपर्वमा तपाईँको याद आउँछ ।
(ङ) तिमी पनि मानिस नभएर मेरा लागि महान् देवता नै हौ ।
(च) यी किताबहरू धेरै उपयोगी भएकाले पो उनले सङ्कलन गरेछन् ।
(छ) आजभोलि जो पनि विदेश जान चाहन्छन् तर विदेशमा सुखैसुख छ भन्ने ठान्नु मूर्खता हो ।
(ज) अहा ! साथीहरूले त निकै घतलाग्दा कुरा पो गरे ।

४. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) अव्यय भनेको के हो ?
(ख) नामयोगीले केको विशेषता बताउन सक्छ ?
(ग) क्रियायोगीले केको विशेषता बताउन सक्छ ?
(घ) नामयोगी र क्रियायोगीमा के फरक छ ?
(ङ) संयोजक भनेको के हो ?
(च) सापेक्ष र निरपेक्ष संयोजकलाई उदाहरणसहित चिनाउनुहोस् ।
(छ) निपात भनेको के हो ?

५. **तल दिइएको नियात्रामा कुनकुन प्रकारका अव्यय पदको प्रयोग भएको छ, छुट्याउनुहोस् :**

साथीहरू भन्दैछन्– उ पर.... को पहाडमा देखिएको नुवाकोट दरबार हो.... अनि बायाँपट्टिको पल्लो पहाडमा गोरखा दरबार । मैले पनि नियाँले पर.... पर पहाडमा टाँस्स्एिर बसेजस्तै दुई ऐतिहासिक दरबारहरूलाई । त्यसपछि खण्डहर बनेर रहेका पृथ्वीनारायणको किल्लालाई आँखाले सुम्सुम्यायौ । पैतालाहरूले स्पर्श गऱ्यौ र घडीलाई चियायौँ ।

पौने तीन बजिसकेछ । कति छिटो दौडेको होला समय । कहाँ पुग्नु छ र समयलाई ? सानो घडीको चौघेरोमा अनगिन्ती फन्को लगाउन सिवाय कहीँ कतै पुग्दैन । तैपनि दौडिरहन्छ कुनै आपतमा परेको मान्छेजस्तै घडीको समयले हाम्रो कान बटारेकोजस्तै लागिरहेछ यसबेला । त्यसैले पुनर्गमनको यात्रालाई रोज्नै पऱ्यो र त्यसै गऱ्यौँ ।

अब त आरालैआरोलो छ बाटो । उकाली होस् कि ओरालो पत्रकार डिल्लीजीलाई फोटो खिच्न कै हतारो । हामी बिस्तरै विस्तारै आरोलिन्छौँ । उनी भने दगुरेर सबैभन्दा अगाडि गएर फोटो क्लिक गरिहाल्छन् । मानौ डिल्लीरमणजी फोटो खिच्नकै लागि जन्मेका हुन् । कहिलेकाहीँ त हाँसो पनि गर्छौ धेरै फोटो खिचियो भने आयु घट्छ रे भन्दै । अनि, फोटो कमै खिच्नुहोस् पनि भन्छौँ । डिल्लीरमणजी हा.... हा गर्दै हाँस्नुहुन्छ ।

ओर्लदा अलिक अगाडि पछाडि भयौँ हामीहरू । डिल्लीरमणजी, शशीजी र म अलिक पछि परेछौ । भुनवहरि दाइ, भक्तजी, शीतलजी, नारायणजी र डिल्लीराजजी अघिल्लो दस्तामा । त्यसैले बाटोमा अलिक फेरो पऱ्यो । हामी अघि उकालिएको बाटोको छेवैमा रहेको बाटोबाट ओर्लन लाग्यौँ । उहाँहरू पात्ले वनको बाटो भएर । मोबाइलमा कुरा गरेर हामीहरूलाई पनि पात्ले वनकै बाटो भएर आउन भन्नुभयो ।

रमाइलो रहेछ पात्ले वनको बाटो । पात्ले वनको सिद्वानमा रहेछ सुवेदीहरूको कूलपूजा पुज्ने स्थान । त्यसै छेउमा बसेर बिहान बाँकी रहेका खाजाहरू खाँदै आराम गऱ्यौँ । त्यहाँका वन जङ्गल र पाखा पखेराहरूबारे जानकारी गराउनुभयो भुवनहरि दाइले । उहाँका जानकारीमूलक कुराहरूले निकै फाइदा भएको अनुभूति भयो हामीलाई ।

पात्ले वनको डाँडामा थकाइ बिसाएर आरोलिन थाल्यौँ । जङ्गलबिचमा रहेछ सिग्देलहरूको कूलपूजा पुज्ने स्थान । ध्वजा पताकाले रङ्गिएको छ सानो चौर । पात्ले वनको आरोली बाटो निकै भिरालो प्रकारको भएकाले जीउलाई थाम्दैथाम्दै ओरालियौँ ।

यस्तैमा सिग्देल गाउँ आइपुगियो र केही ओरालिएपछि आइपुग्यौँ बाडभन्ज्याङ । बाडभन्ज्याङमा निकै चहलपहल छ । बसहरूको आवतजावत छ । पसलहरूमा चलहलपहल छ । यस्तैमा घडीमा आँखा पऱ्यो ठिक साढे चार बजाएछ घडीले ।

केही बेर कुराकानी गर्दै कफी पियौँ सबैले । आजको कफीको पैसा म तिर्छु भनी सुरिनु भयो भुवनहरि दाइ । बिचैमा रोक्नुभयो शीतलजीले यो नियम पैदलयात्रा अभियान अन्तर्गत पर्दैन भनेर । त्यसपछि सबैले आ–आफ्नो भुक्तानी गरेर बस चढ्न हतारियौँ ।

भुवनहरि दाइ त्यतै रहनुभयो । बाँकी हामी आफ्नो आफ्नो निवास पुग्न बसको यात्रा जुट्यौँ । एउटा ऐतिहासिक पैदलयात्रालाई समापन गरर अर्को महत्त्वपूर्ण चुलीको पैदलयात्रा गर्ने प्रतीक्षा गर्दै थाकेको शरीरलाई थानकोटको नागढुङ्गाबाट हुत्तिँदै आएको बसलाई जिम्मा लगायौँ । बसले विस्तारै गति समायो र बढ्न थाल्यो कङ्क्रिटे सरह काठमाडौँतिर ।

(जय छाङ्छा, पैदलै काठमाडौँका चुलीहरूबाट साभार)

एकाइ ७

# लिङ्ग, वचन र पुरुष

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

तल दिइएको अनुच्छेद पढी पुलिङ्ग र स्त्रीलिङ्गी वाक्य छुट्याउनुहोस् :

जनक मुस्ताङमा बस्छ । ऊ कक्षा ९ मा पढ्छ । उसका घरमा हजुरबुबा, हजुरआमा, आमा, दिदी र भाइ छन् । उसको बुबा कतारमा काम गर्नुहुन्छ । उसकी आमा घरमा नै बस्नुहुन्छ । उसकी दिदी दश कक्षामा पढ्छिन् । उसको भाइ चार कक्षामा पढ्छ । उसको घरमा गाई, गोरु, बाख्रा, कुकुर र परेवाहरू छन् । ऊ आमा र दिदीको काम सघाउँछ । ऊ भाइलाई माया गर्छ । ऊ विद्यालयमा पढ्न जान्छ । ऊ मिहिनेती छ । ऊ गुरुबा र गुरुआमाले भनेको मान्छ । गोपाल, सीता, राम र ईश्वर उसका मिल्ने साथी हुन् । उसका साथीमध्ये रमा पुड्की छे भने ईश्वर कालो छ । अरूहरूले उनीहरूलाई पुड्की र काले भनेर जिस्क्याउँछन् । जनक भने सम्मान गरी बोलाउँछ । ऊ साथीहरूको मद्दत पनि गर्छ ।

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| | |

तल दिइएका शब्द पढ्नुहोस् :

| पदवर्ग | पुलिङ्ग | स्त्रीलिङ्ग | पदवर्ग | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|---|---|---|
| नाम | काका<br>मामा<br>भाइ<br>बादशाह<br>पुरुष<br>वर<br>वीर<br>ज्वाइँ<br>मत्ता | काकी<br>माइजू<br>बुहारी<br>बेगम<br>स्त्री<br>बधू<br>भुनि<br>छोरी<br>ढोई | विशेषण | बुढो<br>रातो<br>गोरो<br>पुट्को<br>छुच्चो<br>पातलो<br>तरुण<br>कान्छो<br>अग्लो | बुढी<br>राती<br>गोरी<br>पुड्की<br>छुच्ची<br>पातली<br>तन्नेरी<br>कान्छी<br>अग्ली |
| क्रियापद | पढ्छ<br>गयो<br>रोला<br>खान्छ | पढ्छे<br>गइन्<br>रोली<br>खान्छे | क्रियापद | भन्छ<br>सुन्यो<br>उड्छ<br>नाचेको थियो | भन्छिन्<br>सुनिन्<br>उठ्छिन्<br>नाचेकी थिइन् |

भाले र पोथी अर्थात् स्त्री वा पुरुष बुझाउन प्रयोग गरिने व्याकरणिक कोटिलाई लिङ्ग भनिन्छ । नाम, विशेषण र क्रियापदमा लिङ्गको प्रयोग गरिन्छ । नेपाली भाषामा सर्वनाम पदमा लिङ्ग भेद हुँदैन । नेपाली भाषामा लिङ्ग २ प्रकारका छन् :

**(क) पुलिङ्ग**

पुलिङ्ग शब्दले भाले वा पुरुषलाई जनाउँछ । जस्तैः केटो, राम, छोरो, कुमार, साँढे, भाले, मत्ता, श्रीमान्, काका, मामा आदि ।

**(ख) स्त्रीलिङ्ग**

स्त्रीलिङ्गले पोथी वा स्त्री जातिलाई जनाउँछ । जस्तैः केटी, छोरी, सीता, कुमारी, पोथी, ढोई, भुनी, काकी, माइजू, दिदी, पत्नी, श्रीमती आदि ।

## १.३ लिङ्ग परिवर्तन गर्ने तरिका

**(क) पुलिङ्ग शब्दका पछाडि 'ई' प्रत्यय जोडेर**

| | | | | | |
|---|---|---|---|---|---|
| बाहुन | – | बाहुनी | ठिटो | – | ठिटी |
| बुढा | – | बुढी | कालो | – | काली |
| सालो | – | साली | कुमार | – | कुमारी |
| बाठो | – | बाठी | बाच्छो | – | बाच्छी |
| नर | – | नारी | मेरो | – | मेरी |
| भान्जो | – | भान्जी | चरो | – | चरी |
| राजकुमार | – | राजकुमारी | गोरो | – | गोरी |
| घोडा | – | घोडी | पाडो | – | पाडी |
| पातलो | – | पातली | फुच्चो | – | फुच्ची |
| कुमार | – | कुमारी | छोरो | – | छोरी |

**(ख) पुलिङ्ग शब्दका पछाडि 'नी' प्रत्यय जोडेर**

| | | | | | |
|---|---|---|---|---|---|
| नेवार | – | नेवार्नी | छेत्री | – | छेत्रिनी |
| साहु | – | साहुनी | नाति | – | नातिनी |
| भोटे | – | भोटेनी | पण्डित | – | पण्डित्नी |
| कार्की | – | कर्किनी | सार्की | – | सर्किनी |
| थारु | – | थरुनी | माझी | – | माझिनी |
| रिमाल | – | रिमाल्नी | पुरेत | – | पुरेत्नी |
| मास्टर | – | मास्टर्नी | मगर | – | मगर्नी |

**(ग) पुलिङ्ग शब्दका पछाडि एनी/ इनी प्रत्यय जोडेर**

| | | | | | |
|---|---|---|---|---|---|
| मित | – | मितिनी | लामा | – | लमिनी |

| | | | | | |
|---|---|---|---|---|---|
| नेवार | – | नेवार्नी | खस | – | खसिनी |
| थापा | – | थपिनी | सार्की | – | सर्किनी |
| सुब्बा | – | सुब्बेनी | राई | – | राइनी |
| देवर | – | देवरानी | जोगी | – | जोगिनी |

**(घ) पुलिङ्ग शब्दका पछाडि 'इका' प्रत्यय जोडेर**

| | | | | | |
|---|---|---|---|---|---|
| बालक | – | बालिका | चालक | – | चालिका |
| अध्यापक | – | अध्यापिका | नायक | – | नायिका |
| गायक | – | गायिका | सेवक | – | सेविका |
| लेखक | – | लेखिका | उपदेशक | – | उपदेशिका |
| शिक्षक | – | शिक्षिका | परिचारक | – | परिचारिका |
| धावक | – | धाविका | प्रधानाध्यापक | – | प्रधानाध्यापिका |

**(ङ) विभिन्न प्रत्ययहरू जोडेर**

| | | | | | |
|---|---|---|---|---|---|
| युवक | – | युवती | बाजे | – | बज्यै |
| छात्र | – | छात्रा | युवराज | – | युवराज्ञी |
| देवर | – | देउरानी | भगवान | – | भगवती |
| तन्नेरी | – | तरुनी | श्रीमान् | – | श्रीमती |

**(च) शब्दको रूप बदलेर**

| | | | | | |
|---|---|---|---|---|---|
| बुबा | – | आमा | भाइ | – | बहिनी |
| लोग्ने | – | स्वास्नी | गोरु | – | गाई |
| मत्ता | – | ढोई | राँगो | – | भैँसी |
| वर | – | वधू | पुरुष | – | महिला |
| ससुरा | – | सासू | बादसाह | – | बेगम |
| भाइ | – | बहिनी | वीर | – | भुनी |
| बोको | – | बाख्री | दाजु | – | भाउजू |
| साढे | – | गाई | मत्ता | – | ढोई |
| वीर | – | वीराङ्गना | ससुरा | – | सासू |

**(छ) शब्दको अघिल्लो र पछिल्लो रूप परिवर्तन गरेर**

बाबुसाहेब – मैयासाहेब

| | | |
|---|---|---|
| भाले हाँस | – | पोथी हाँस |
| वीर बनेल | – | भुनी बनेल |
| गुरुबा | – | गुरुआमा |
| लोग्नेमान्छे | – | स्वास्नीमान्छे |

### (ज) क्रियामा परिवर्तन गरेर

| | | | | | |
|---|---|---|---|---|---|
| पढ्छ | – | पढ्छे | खायो | – | खाई |
| हिड्यो | – | हिँडी | लेखे | – | लेखिन् |
| पढ्ने छ | – | पढ्ने छे | आएको छ | – | आएकी छे |
| गइछ | – | गइछे | पिट्यो | – | पिटी |

## २. वचन

तल दिइएका वाक्यलाई एकवचन र बहुवचनमा छुट्याउनुहोस् :

म व्याकरण किताब पढ्छु ।
बगैँचामा सुन्दर फूल फुलेको छ ।
चरो रूखमा छ ।
हामीले तरकारी काट्यौँ ।
तिमीहरू बजार गएर तरकारी ल्याओ ।
कालो काग रूखमा बस्यो ।
यिनीहरू राम्ररी पढ्छन् ।
साथीहरू विद्यालयमै छन् ।
उनकी काकी कवयित्री हुनुहुन्छ ।
गुरु पाठ पढाउनुहुन्छ ।

| एकवचन | बहुवचन |
|---|---|
| | |

सङ्ख्या जनाउन प्रयोग हुने व्याकरणिक चिह्नलाई वचन भनिन्छ । नाम, सर्वनाम, विशेषण र क्रियापदबाट वचनको अभिव्यक्ति हुन्छ । नेपाली भाषामा वचन दुई किसिमका छन् :

### (क) एकवचन

एक मात्र वस्तु वा व्यक्तिको बोध गराउने शब्दलाई एकवचन भनिन्छ । जस्तै : छोरो, फूल, दिदी, तँ, म, ऊ, मेरो, गुलियो, रातो, छ, थियो, गयो आदि ।

### (ख) बहुवचन

दुई वा सोभन्दा बढी वस्तु वा व्यक्तिको बोध गराउने शब्दलाई बहुवचन भनिन्छ । जस्तैः छोराहरू, फूलहरू, दिदीहरू, तिनीहरू, हामीहरू, उनीहरू, हाम्रो, गुलिया, राता, छन्, थिए, गएनन् आदि ।

| | | |
|---|---|---|
| ठुला–ठुला<br>बाख्रो–बाख्रा<br>कालो–काला<br>छानु–छाना<br>मानिस–मानिसहरू<br>किताब–किताबहरू<br>साथी–साथीहरू<br>विद्यार्थी–विद्यार्थीहरू<br>कलम–कलमहरू<br>घर–घरै घर<br>को–को को<br>जो–जो जो<br>हुल–हुलका हुल | वचन परिवर्तन | म–हामी<br>तँ– तिमीहरू<br>ऊ– उनीहरू<br>त्यो–तिनीहरू<br>यो–यिनीहरू<br>खान्छ–खान्छन्<br>देऊ–देओ<br>भन्ला–भन्लान्<br>लेखेछ–लेखेछन्<br>सुन्छ–सुन्छन्<br>गुरु–गुरुवर्ग<br>श्रोता–श्रोतागण<br>सज्जन–सज्जनवृन्द<br>विद्यार्थी–विद्यार्थीवर्ग |

माथिको तालिकालाई निम्नलिखित बुँदामा देखाउन सकिन्छ :

(क) **शब्दमा 'हरू' थपेर**

| | | | | | |
|---|---|---|---|---|---|
| आमा | – | आमाहरू | मानिस | – | मानिसहरू |
| केटो | – | केटाहरू | साथी | – | साथीहरू |
| किताब | – | किताबहरू | रूख | – | रूखहरू |
| कलम | – | कलमहरू | मामा | – | मामाहरू |
| घर | – | घरहरू | फूल | – | फूलहरू |

(ख) **पदका अन्त्यमा भएको 'ओ' वर्णलाई 'आ' मा बदलेर**

| | | | | | |
|---|---|---|---|---|---|
| केटो | – | केटा | ठुलो | – | ठुला |
| किरो | – | किरा | छानु | – | छाना |
| कालो | – | काला | सेतो | – | सेता |
| ठुलो | – | ठुला | अग्लो | – | अग्ला |
| बाख्रो | – | बाख्रा | किरो | – | किरा |
| छोरो | – | छोरा | सानो | – | साना |

**(ग) शब्दका पछाडि वृन्द, गण, वर्ग वा जन जोडेर**

| | | | | | |
|---|---|---|---|---|---|
| श्रोता | – | श्रोतागण | गुरु | – | गुरुवर्ण |
| सज्जन | – | सज्जनवृन्द | भक्त | – | भक्तजन |

**(घ) शब्द आवृत्ति गरेर**

| | | | | | |
|---|---|---|---|---|---|
| जो | – | जो जो | कसले | – | ककसले |
| दिन | – | दिनदिनै | बाजा | – | बाजैबाजा |
| को | – | को को | के | – | के के |

**(ङ) शब्दमा रूप फेरेर 'हरू' थप्ने**

| | | | | | |
|---|---|---|---|---|---|
| ऊ | – | उनीहरू | तँ | – | तिनीहरू |
| यो | – | यिनीहरू | त्यो | – | तिमीहरू |
| म | – | हामीहरू | | | |

**(च) क्रियापदमा विभिन्न प्रत्यय जोडेर**

| | | | | | |
|---|---|---|---|---|---|
| पढ्छ | – | पढ्छन् | जा | – | जाओ |
| लेखेछ | – | लेखेछन् | भन्ला | – | भन्लान् |
| देऊ | – | देओ | नाच्छ | – | नाच्छन् |

## ३. पुरुष

तल दिइएका वाक्यहरू कुनकुन पुरुषका हुन् ? तालिकामा भर्नुहोस् :

म पुस्तक पढ्छु । तिमी विद्यालयमा जाऊ ।

उहाँ व्याकरण पढाउनुहुन्छ । उनी खाना खान्छिन् ।

तपाईं घरमा बस्नुहोस् । तँ चकचक गर्छस् ।

ऊ बजार जान्छ । हामी घुम्न जान्छौं ।

त्यो फुटबल खेल्छ ।

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| | | |

व्यक्ति बुझाउने व्याकरणिक चिह्नलाई पुरुष भनिन्छ । पुरुष सर्वनाम र क्रियासँग सम्बन्धित हुन्छ । वक्ता, श्रोता वा अन्य व्यक्ति वा विषय निर्देश गर्ने कोटिलाई पुरुष भनिन्छ ।

## ४. पुरुषका प्रकार

(क) प्रथम पुरुष (ख) द्वितीय पुरुष (ग) तृतीय पुरुष

### (क) प्रथम पुरुष

म कलम किन्छु । हामी कलम किन्छौँ ।

जो बोल्छ त्यस (वक्ता) लाई प्रथम पुरुष भनिन्छ । जस्तै : म, हामी

### (ख) द्वितीय पुरुष

तँ कथा भन्छस् । तिमी कथा भन्छौ ।

तपाईं कथा भन्नुहुन्छ । हजुर कथा भनिबक्सिन्छ ।

जोसँग बोलिन्छ वा जो सुन्छ त्यस (श्रोता)लाई द्वितीय पुरुष भनिन्छ । जस्तै : तँ, तिमी, तपाईं, हजुर

### (ग) तृतीय पुरुष

ऊ बजार जान्छ । उनी बजार जान्छिन् ।

तिनी बजार जान्छिन् । उहाँ बजार जानुहुन्छ ।

जसका बारेमा कुरा गरिन्छ वा कुराको विषय बन्ने व्यक्ति नै तृतीय पुरुष हो । जस्तैः ऊ, उनी, तिमी, उहाँ

### पुरुष परिवर्तन

| प्रथम पुरुष | ⇄ | द्वितीय पुरुष | ⇄ | तृतीय पुरुष |
|---|---|---|---|---|
| म, हामी | | तँ, तिमी, तपाईं, उहाँ | | ऊ, हामी, तिमी, उहाँ |

माथिको रेखाचित्रमा प्रथम शब्द 'म' लाई 'त' र 'ऊ' मा परिवर्तन गर्न सकिन्छ । यसरी प्रथम पुरुषबाट द्वितीय र तृतीय पुरुषमा, द्वितीय पुरुषबाट प्रथम र तृतीय पुरुषमा र तृतीय पुरुषबाट प्रथम र द्वितीय पुरुषमा परिर्वतन गर्ने कार्यलाई पुरुष परिवर्तन भनिन्छ ।

## अभ्यास

१. **तल दिइएको वाक्यलाई स्त्रीलिङ्गमा बदल्नुहोस् :**

(क) तिम्रो कान्छो भाइ आयो । (ख) हाम्रा दाजुहरू महान् छन् ।

(ग) उसका मामा ज्ञानी छन् । (घ) काला केटाहरू आए ।

(ङ) केटो राम्रो छ ।

२. **तल दिइएका वाक्यलाई पुलिङ्गमा बदल्नुहोस् :**

(क) केटी कविता रच्छे । (ख) तिम्री दिदी जानुहोस् ।

(ग) भैँसी घाँस खान्छ । (घ) नेवार्नी राम्रो नाच्छे ।

(ङ) गोरुले घाँस खायो ।

३. **तल दिइएका वाक्यलाई बहुवचनमा बदल्नुहोस् :**

(क) केटो फुटबल खेल्न गयो । (ख) ऊ भविष्यमा शिक्षक बन्न चाहन्छ ।

(ग) बाटो साँगुरो छ । (घ) पहाड अग्लो छ ।

(ङ) मेरी बहिनी बजार गएकी छे ।

४. **तल दिइएका वाक्यलाई एकवचनमा बदल्नुहोस् :**

(क) तिनीहरू असल काम गर्छन् । (ख) तिमीहरू खेल खेल्छौ ।

(ग) साथीका भाइहरू मिहिनेती छन् । (घ) केटाहरू त घुम्न गएछन् ।

(ङ) यी कलमहरू कहाँ राख्छौ ?

५. **कोष्ठमा दिइएको सङ्केतका सहायताले पुरुष परिवर्तन गर्नुहोस् :**

(क) म धरहरा हेर्न जान्छु । (द्वितीय पुरुष)

(ख) हामी विद्यालय जान्छौँ । (तृतीय पुरुष)

(ग) गोपाल पशुपतिको दर्शन गर्न गयो । (प्रथम पुरुष)

(घ) प्रमोद मिहिनेत गरी पढ्छ । (द्वितीय पुरुष)

(ङ) तिमी आफ्ना काम सफल गर । (प्रथम पुरुष)

(च) म खेल खेल्न जान्छु । (तृतीय पुरुष)

(छ) मैले भनेको मानिनस् हैन ? (तृतीय पुरुष)

(ज) हजुरबुबा बिहानै उठ्नुहुन्छ । (द्वितीय पुरुष)

एकाइ
८
# काल र कालका पक्ष

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

अस्पतालमा एउटी युवती नर्सले बेलिविस्तार सुनिन् र मन्द मुस्कानका साथ भनिन्, "आज सिट पनि खाली छैन, सुपरिटेन्डेनट साहेब बाहिर जानुभएको छ, कृपया भोलि पाल्नुहोस् । एम्बुलेन्स कारको ब्रेक पनि भोलि बनिसक्छ ।" हुन्न भनेर पो के गर्नु र ? दशतिर हल्लिएपछि लुत्रे कान लगाएर दुईतीन घण्टापछि उनीकहाँ पुगेँ, धन्न उनको हिक्का बन्द भएछ र बोल्न सक्ने भइछिन् । अब तपाईं नै भन्नुहोस्, भोलिबाद हटाउन फोनका बाबुको तागत चल्दो रहेछ त ? काम छिटो होस् भनेर दिनप्रतिदिन वैज्ञानिक चमत्कारहरू बढदै छन् । न्युयोर्कमा बोलेका कुरा न्युरोडमा सुनिने भयो । पेरिसमा हात चलाए काठमाडौँमा टेलिप्रिन्ट हुने भयो, तर भोलिवादमा कुनै प्रभाव परेको देखिँदैन । राजर्षि महाराजका पालादेखि झन्डै आजसम्म मैले हाम्रो सिंहदरबारलाई भोलि दरबार भन्ने नाम राखेको छु ।

एक पटक काठमाडौँको ठुलो होटेलमा बफे डिनर थियो । त्यहाँ कहिल्यै कतै नहिँड्ने एक जना जरसाहेब पनि आएका रहेछन् । उनले खाएपिएको देख्दा छक्कै परेँ । झन्डै आधा दर्जन पाहुनालाई पुग्ने भाग उनी एक्कै जनाले बुत्याइदिए । आखिरी पटक खसखस थाम्न नसकेर मैले सोधेँ, "होइन, जरसाहेबलाई आराम नहोला नि ।" उनले सजिलैसित भने, "आराम नभए भोलि औषधी खाउँला ।" उनको यस भनाइबाट यही निष्कर्ष निस्कन्छ मान्छे सबै कुरामा भोलिवादको अनुशरण गरे पनि खान भने भोलिलाई पर्खँदैन, यो उसको ठुलो गुन हो ।

माथि आएका क्रियापदहरू कुनकुन कालका छन् ? छुट्याई लेख्नुहोस् :

............................... ............................... ...............................

............................... ............................... ...............................

काल भनेको समय हो । क्रियापदले वर्णन गरेको कामको समयलाई काल भनिन्छ । विगत, वर्तमान र पछि कालका तीनओटा स्वरूप छन् । कुनै पनि क्रियापदमा धातुमा जोडिने प्रत्ययहरूले नै काल निर्धारण गर्न सहयोग गर्दछन् ।

जस्तै:

| | | |
|---|---|---|
| मैले चिठी लेखेँ । | (लेख् + एँ) भूत | (पहिले भएको काम) |
| म चिठी लेख्छु । | (लेख् + छु) वर्तमान | (अहिले भएको काम) |
| म चिठी लेख्ने छु । | (लेख् + ने छु) भविष्यत् | (पछि हुने काम) |

माथिको पहिलो वाक्यमा चिठी लेख्ने काम बितेको समयमा भएको उल्लेख छ । त्यस्तै दास्रो वाक्यले चिठी लेख्ने काम अहिले हुने सङ्केत गरेको छ भने तेस्रो वाक्यले चिठी लेख्ने कार्य पछि हुने कुरा देखाएको छ ।

## २. कालका प्रकार

समयको स्वरूप र क्रियापदमा लाग्ने प्रत्ययका आधारमा काल तीन प्रकारका छन् :

### (क) भूतकाल

सुजन परीक्षामा उत्तीर्ण भयो ।

उनीहरू खेतमा काम गर्दै थिए ।

बुद्धले ज्ञान प्राप्त गरेका थिए ।

भूतकाल भनेको बितिसकेको समय हो । कुनै पनि सम्पन्न भइसकेको भन्ने अवस्था बुझाउने क्रियाको समयलाई भूतकाल भनिन्छ । ए, यौ, इस्, यो, थिए, एको, थियो, एछन्, ए, थ्यो, जस्ता प्रत्यय धातुमा लागि भूतकालिक क्रियापदहरू बन्दछन् ।

### (ख) वर्तमान काल

म बजार जान्छु ।

उनीहरू कता जाँदै छन् ?

दीपाले कविता लेखेकी छे ।

वर्तमान काल भनेको अहिलेको समय हो । कुनै काम हुन लागेको वा भइरहेको समयको बोध गराउने क्रियाको काललाई वर्तमान काल भनिन्छ । छु, छौ, छस्, छिन्, छे, छेस् आदि प्रत्यय धातुमा लागि वर्तमान कालिक क्रियापदहरू बन्दछन् ।

### (ग) भविष्यत् काल

शुभेक्षा पोखरा जाने छिन् ।

हामी घुम्न जाँदै हुने छौँ ।

उनीहरूले गीत गाएका हुने छन् ।

पछि आउने समय भविष्य हो । पछि आउने समयको बोध गराउने क्रियाको काललाई भविष्यत् काल भनिन्छ । नेछ, नेछौ, नेछु, नेछस्, नेछन्, नेछिन् आदि प्रत्यय धातुमा लागि भविष्यत् कालिन क्रियापदहरू बन्दछन् ।

## ३. कालका पक्ष

कुनै कालमा भएको कामको विविध अवस्था बुझाउने शब्दलाई पक्ष भनिन्छ । अथात् कुनै पनि निश्चित समयमा कुनै पनि काम भएको, हुँदै गरेको वा पूरा भएको जानकारी दिने व्याकरणिक कोटिलाई पक्ष भनिन्छ ।

एउटा कालभित्र विभिन्न पक्ष हुन्छन् । मूलत: पक्षले कालको विशेषता जनाउँछ ।

### (क) भूतकालका पक्षहरू

भूतकालका पाँच पक्ष छन् :

भूतकाल
- → सामान्य भूत
- → अपूर्ण भूत
- → पूर्ण भूत
- → अज्ञात भूत
- → अभ्यस्त भूत

### (अ) सामान्य भूत

विद्यार्थीहरू छमछमी नाचे । (नाच् + ए)

सोनामले उपन्यास पढ्यो । (पढ् + यो)

तिमीले सिनेमा हेर्‍यौ । (हेर् + यौ)

अन्जनाले कथा लेखिन् । (लेख् + इन्)

यी वाक्यमा रहेका रेखाङ्कित क्रियापदले बितेको समयमा काम सम्पन्न भएको सामान्य अवस्थालाई जनाएका छन् । कुनै पनि काम पहिले वा वितेको समयमा सम्पन्न भएको सामान्य अवस्था जनाउने भूतकालको पक्षलाई सामान्य भूतकाल भनिन्छ । यसमा धातुमा यो, ई, ए, यौ, एँ आदि प्रत्ययहरू लाग्दछन् ।

### (आ) अपूर्ण भूत

म हाँस्दै थिएँ । (हाँस + दै + थिएँ)

हामी फुटबल खेल्दै थियौँ । (खेल् + दै + थियौँ)

तँ खेतमा काम गर्दै थिइस् । (गर् + दै + थिइस्)

कुनै काम बितेको समयमा भइरहेको वा हुँदै गरेको अपूर्ण अवस्था बुझाउने क्रियापदलाई अपूर्ण भूतकाल भनिन्छ । यसमा धातुमा तै/दै सँग थियो । सहायक क्रियापदका विभिन्न रूप प्रयोग गरिन्छ ।

### (इ) पूर्ण भूत

ऊ घर गएको थियो । (जा + एका थियो)

रमाले मिठो गीत गाएकी थिइन् । (गाउ + एकी थिइन्)

उसले गोदावरीको फूल रोपेको थियो । (रोप् + एको थियो)

कुनै पनि बितेको वा पहिलेको समयमा पूर्ण भइसकेको र त्यसको असरसमेत बाँकी नरहेका अवस्था जनाउने भूतकालको पक्षलाई पूर्ण भूत भनिन्छ । यस पक्षको क्रिया धातुमा एको, एका, एकी, थपी थिए, थियौ, थिइस् आदि सहायक क्रियापदका विभिन्न रूप प्रयोग गरिन्छ ।

### (ई) अज्ञात भूत

उनीहरू बिच मेल भएछ । (छु + एछ)

तिमी पनि घुम्न आएछौ । (आउ + एछौ)

तपाईँ मस्तसँग निदाउनुभएछ । (निदाउ + नुभएछ)

बितेको समयमा कुनै काम आफूले थाहा नै नपाई पूरा भएको तर त्यसको जानकारी वर्तमान समयमा मात्र थाहा हुन आएको अवस्था जनाउने क्रियापदलाई अज्ञात भूत भनिन्छ । यसमा धातु + एछ/एछु/एछन्/एछस् जस्ता प्रत्यय जोडिन्छन् ।

### (उ) अभ्यस्त भूत

तिमी मिहिनेत गरेर पढ्थ्यौ । (पढ् + थ्यौ)


तपाईँ मुस्ताङ जानुहुन्थ्यो । (जा + नुहुन्थ्यो)

उनी सधैँ आफ्नो गृहकार्य गर्थे । (गर् + थे)

कुनै काम बितेको वा पहिलेको समयमा बानी परेको तर अहिलेको समयमा छुटेको जानकारी दिने भूतकालको पक्षलाई अभ्यस्त भूत भनिन्छ । यसमा धातु + थेँ /थ्यौँ/ थ्यो/ थी जस्ता प्रत्ययहरू लाग्दछन् ।

## (ख) वर्तमान कालका प्रकारहरू

वर्तमान कालका तीन पक्षहरू छन् :




### (अ) सामान्य वर्तमान

तँ कथा पढ्छस् । (पढ् + छस्)

तिमी खाजा खान्छौ । (खा + न् + छौ)

हामी बजार जान्छौँ । (जा + न् + छौँ)

कुनै कार्य वा घटना वर्तमान वा अहिलेको समयमा नै हुने तर पूरा भए वा नभएको केही नजनाउने क्रियापदको पक्षलाई सामान्य वर्तमान भनिन्छ । सामान्य वर्तमानमा धातुमा छु, छौ, छस्, छिन्, छे, नुहुन्छ, छन् जस्ता प्रत्ययहरू जोडिन्छन् ।

### (आ) अपूर्ण वर्तमान

दिलीप पाठ घोक्दै छ । (घोक् + दै छ)

तँ घुम्न जाँदै छस् । (जा + दै छस्)

सपनाले कम्प्युटर चलाउँदै छिन् । (चलाउँ + दै छिन्)

कुनै पनि काम वा घटना अहिलेको समयमा भइरहेको वा हुँदै छ भनी अपूर्ण अवस्था जनाउने क्रियापदको पक्षलाई अपूर्ण वर्तमान भनिन्छ । अपूर्ण वर्तमानमा धातुमा तै/दै + छ, छौ, छेस्, छिन्,छन्, छे जस्ता प्रत्ययहरू जोडिन्छन् ।

### (इ) पूर्ण वर्तमान

मैले व्याकरण पुस्तक पढेको छु । (पढ् + एको छु)

गुरुले गृहकार्य दिनुभएको छ । (दि + नुभएको छ)

असलीले भात पाएकी छे । (पकाउ + एकी छे)

कुनै काम वा घटना अहिलेको समयमा पूरा गरेको तर त्यसको प्रभाव भने बाँकी नै रहेको अवस्था जनाउने क्रियापदको पक्षलाई पूर्ण वर्तमान भनिन्छ । पूर्ण वर्तमान धातुमा एको/एका/एकी सँग छ, छन्, छौ, छस् आदि प्रत्ययहरू जोडिन्छन् ।

### (ग) भविष्यत् कालका पक्षहरू

भविष्यत् कालका तीन पक्षहरू छन् :

**भविष्यत् काल**

**सामान्य भविष्यत्** | **अपूर्ण भविष्यत्** | **पूर्ण भविष्यत्**

### (अ) सामान्य भविष्यत्

म राम्रोसँग लेख्ने छु । (लेख् + नेछु)

हामीहरू मिहिनेत गरेर पढ्ने छौँ । (पढ् + नेछौँ)

परिश्रमी धिरज परीक्षामा सफल हुने छ । (हु + नेछ)

भविष्यत्मा वा कथन समयभन्दा पछाडि हुने कामको सामान्य अवस्था बुझाउने क्रियापदको रूपलाई सामान्य भविष्यत् भनिन्छ । यसमा धातु + नेछ, नेछु, नेछौ, नेछेस, नेछिन्, नेछे जस्ता प्रत्ययहरू जोडिन्छन् ।

### (आ) अपूर्ण भविष्यत्

तँ आफ्नो काम आफैँ गर्दै हुने छस् । (गर् + दै + नेछस्)

साथीहरू फुटबल खेल्दै हुने छन् । (खेल + दै + हुने छन्)

तपाईँ कथा पढ्दै हुनुहुने छ । (पढ् + दै + हुनुहुने छ)

कुनै पनि काम वा घटना पछि आउने समयमा सुरु भई पूरा नहुने अथात् भइरहने जानकारी दिने भविष्यत् कालको पक्षलाई अपूर्ण भविष्यत् भनिन्छ । यसमा धातु + नै/दै + हुनेछु /हुनेछ/हुनेछौँ जस्ता हुनेछ का विभिन्न सहायक रूप प्रयोग हुन्छ ।

(इ) **पूर्ण भविष्यत्**

कलमले पोखरा भ्रमण गरेको हुने छ । (गर् + एको + हुनेछ)

सूर्यले सगरमाथा चढेको हुने छ । (चढ् + एको + हुनेछ)

उनीहरू शैक्षिक भ्रमणमा नाचेको हुने छन् । (नाच् + एका + हुनेछन्)

आउने समयमा काम पूरा भएको अवस्था जनाउने क्रियापदलाई पूर्ण भविष्यत् भनिन्छ । यसमा धातु + एको/एका/एकी जस्ता हुनेछ का विविभन्न सहायक रूप प्रयोग हुन्छ ।

## अभ्यास

१. **तल दिइएको वाक्यलाई सामान्य भूतकालमा बदल्नुहोस् :**

(क) तिमी डाँडापाखा घुम्छौ ।

(ख) मैले तिमीलाई चिठी लेखेकी थिएँ ।

(ग) म पर्यटकलाई धरहरा देखाउँदै छु ।

(घ) सपनाले कथा लेखेकी थिइन् ।

(ङ) भीमसेन थापाले सुन्धाराको निर्माण गरेका थिए ।

२. **तल दिइएका वाक्यलाई पूर्ण वर्तमान कालमा बदल्नुहोस् :**

(क) आमाले पूजा गर्नुभयो ।

(ख) तिमी गृहकार्य गर्छौ ।

(ग) म पोखरा पुग्ने छु ।

(घ) विद्यार्थीहरू पोखरा घुम्छन् ।

(ङ) दाइ खाना पकाउनुहुन्छ ।

३. **तल दिइएका वाक्यलाई अपूर्ण भविष्यत् कालमा बदल्नुहोस् :**

(क) म अर्को वर्ष राम्ररी पढ्ने छु ।

(ख) उसले चिठी लेखेको छ ।

(ग) तपाईँ घर जानुहुन्छ ।

(घ) म उसले लेखेको कथा पढ्दै छु ।

(ङ) सपना गोरखा घुम्न गई ।

४. **कोष्ठमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् :**

(क) आमाले मलाई ................ । (बोलाउ : सामान्य वर्तमान)

(ख) उनीहरूले राम्रो काम ................ । (गर् : पूर्ण वर्तमान)

(ग) तँ ठुलै नेता ................ । (हु : अपूर्ण वर्तमान)

(घ) श्याम परीक्षामा उत्तीर्ण ................ । (हु : अपूर्ण वर्तमान)

(ङ) उनीहरू बगैँचामा ................ । (डुल् : अभ्यस्त भूत)

(च) सुनेको कुरा सत्य ................ । (हु : पूर्ण भविष्यत्)

(छ) गीता हिजो दिनभरि ................ । (रु : अज्ञात भूत)

(ज) उसले गीत ................ । (गाउ : अपूर्ण भविष्यत्)

(झ) सरला मनकामना ................ । (जा : सामान्य भूत)

(ञ) बुबाले हामीलाई अर्ती उपदेश ................ । (दि : सामान्य वर्तमान)

(ट) किसानहरू खेत ................ । (खन् : पूर्ण वर्तमान)

(ठ) म सधैँ ................ । (पढ् : अभ्यस्त भूत)

(ड) बगैँचामा ढकमक्क फूलहरू ................ । (फुल् : सामान्य भविष्यत्)

(ढ) हामीहरू राम्रा राम्रा गीत ................ । (गाउ : पूर्ण भविष्यत्)

(ण) आज राति पानी ................ । (पर् : अज्ञात भूत)

(त) पोखरा पुग्दा सूर्य ................ । (अस्ताउ : अपूर्ण भविष्यत्)

(थ) केटाकेटीहरू चौतारीमा ................ । (बस् : सामान्य भूत)

(द) परिश्रम गरेमा सफलता ................ । (मिल् : पूर्ण वर्तमान)

(ध) आकाशबाट पानी ................ । (आउ : सामान्य भविष्यत्)

(न) दाइले राम्रो जागिर ................ । (पाउ : अज्ञान भूत)

(प) मेरो कलमले राम्रो ................ । (लेख् : अपूर्ण भूत)

(फ) किसानहरू खेततिर................ । (हिँड् : सामान्य वर्तमान)

(ब) बहिनी कपाल ................ । (कोर् : पूर्ण वर्तमान)

(भ) हरि फुटबल................ । (खेल् : आज्ञात भूत)

(म) तिमीले कथा ................ । (सुन् : पूर्ण भूत)

(य) पारिजात कविता पनि ................ । (लेख् : सामान्य वर्तमान)

५. **तल दिएको कथामा प्रयोग भएका कालिक पदहरू छुट्याएर तालिकामा लेख्नुहोस् :**

गोरखा दरबारमा महारानी कौशल्यावती गर्भवती भएको हल्ला फैलियो । बाह्र हजार गोरखालीको उत्तराधिकारीले गर्भमा बस्न आएको घटना आफैँमा खुसीको विषय थियो । महाराज नरभूपाल आफ्नी श्रीमती गर्भवती भएको खबरले निकै आनन्द मानिरहेका थिए । उनी सन्तानको मुख हेर्न आतुर थिए । दरबारमा महारानीको खानपान र स्याहार सुसारमा अझ विशेष ख्याल राख्न थालियो ।

समय बित्न कतिबेर, एक दुई, तीन हुँदै गर्भ रहेको ६ महिना बित्यो । राजा आफैँ पनि रानीको विशेष ख्याल राख्थे । नराम्रा कुराले गर्भको बच्चालाई पनि असर गर्छ भन्ने उनलाई थाहा थियो । त्यसैले उनी रानीसँग सकारात्मक कुरा मात्र गर्थे । दिन यसरी नै बित्दै थियो ।

एकरात रानीले अनौठो सपना देखिन् । सपनामा उनी दरबारको कौसीमा बसेर पूर्वतिर हेर्दै थिइन् । दरबारको उत्तरी दिशमा रहेको जङ्गलमा चराचुरुङ्गी कराइरहेका थिए । उनी आफ्नो बढ्दै आएको पेट मुसार्दै थिइन् । हिमाललाई लालिमामय बनाउँदै सूर्यको उदय भयो । उनले आफ्नो पेटमा पनि त्यस्तै सूर्य हुर्कदै गरेको कल्पना गरिन् जसले भोलिको गोरखा राज्यलाई प्रकाशमय बनाउने छ । पूर्वको झुल्कँदो घाम डाँडाबाट निस्किएर आकासतिर जानुको सट्टा सिधैँ अगाडि बढ्दै उनको नजिक नजिक आउन थाल्यो । "हैन, आज के हुँदै छ" उनी सोच्दै थिइन्, सूर्य त उनकै नजिक आइपुग्यो । उनले मुख आँ गरिन् र सूर्यलाई निलिदिइन् । "लौ अब के हुन्छ ?" उनी सोच्दै थिइन् झल्यास्स बिउँझिइन् । बिउँझदा उनको शरीर पसिनाले भिजेको थियो, श्वास बढिरहेको थियो । उनको शरीर डरले अझै पनि कामिरहेको थियो ।

उनले नजिकै निद्रामा घुरिरहेका महाराजलाई घचघच्याइन् । नरभूपाल शाह बिउँझिए । "महारानी, तिमीले मलाई किन निद्राबाट ब्युँझ्यौ ? के भयो ? सञ्चो भएन ?" उनले आत्तिदै सोधे ।

"हैन महाराज, मैले डरलाग्दो सपना देखें । सपनाको कुराले मलाई अहिले पनि डर लागिरहेको छ" रानीले भनिन् ।

"डराउनु पर्ने त्यस्तो के सपना देख्यौ र" राजाले सोधे । रानीले आफूले सपनामा सूर्यलाई निलेको सपना देखेको कुरा सुनाइन् । राजाले केही प्रतिक्रिया दिएनन् । उनी जुरुक्क उठटैं, झ्यालबाट बाहिर चियाएर आकासतिर हेरे । तीनतारे भर्खर उदाएको थियो । "रात त तेस्रो प्रहर पनि सकिएको रहेनछ" उनले सोचे । उनको मनमा कुरा खेल्न थाल्यो । "रानी निकै राम्रो सपना देखेकी छिन् तर रात अझै निकै बाँकी रहेको छ । निदायो भने सपनाको फल प्राप्त हुँदैन भन्छन् । तर रानीलाई कसरी जागा राख्ने ?" तत्काल उनको मनमा यौटा उपाय फुऱ्यो । उनी झ्यालबाट फर्किएर र रानीलाई ड्यामका ड्याम पिट्न थाले ।

यो अनपेक्षित कार्यले रानी जिल्ल परिन् । उनको साह्रै चित्त दुख्यो । आफूले त्यस्तो के नराम्रो कार्य गरें र महाराजले पिट्दै छन् भन्ने लाग्यो । "महाराज, मैले त्यस्तो के गल्ती

गरें र यसरी मध्यरातमा मलाई पिट्दै हुनुहुन्छ ?" उनले रुँदै सोधिन् ।

"रानीलाई सत्य कुरा बताउने हो भने फेरि निदाइ हाल्छिन् । चित्त दुःखाउने काम गरिदिएपछि त पक्कै निदाउन सकिदनन्" उनले सोचे । "तिमीलाई अलिकति डर त लाग्नुपर्ने नि यो मध्यरातमा यसरी निद्रा बिथोलिदिन । दिनभरिको राजकाजको कामले लखतरान भएर सुतेको मान्छेको निद्रा यसरी बिथोलिदिने" उनले कराए ।

कत्रो उत्साहले रानीले सपना सुनाएकी थिइन् । राजाको त्यो व्यहवारले उनलाई साह्रै नरमाइलो लाग्यो । उनले माइती सम्झिन् । उनी घुक्क घुक्क गर्दै बसिरहिन् । यसो झकायो कि राजाको व्यवहार सम्झन्थिन् र बिउँझिन्थिन् । उनले रात यसरी नै छर्लङ्ग बिताइन् । रानीले भुइँमा बसेर रात काटिन् । राजा खाटमा थिए तर उनी पनि निदाएका भने थिएनन् । बिहान भएपछि राजा उठे । उनले रानीलाई सदाको जस्तै व्यवहार देखाए मानौ रातमा केही भएकै थिएन । रानी छक्क परिन् । उनले मन नलागी नलागी राजाको पाउ समातेर ढोगिन् र बाहिर निस्किइन् । रातमा राजाले देखाएको व्यवहारको बोझ भने उनको मनमा गह्रुगो भएर रहेको थियो । राजाले देखाएको त्यो व्यवहारको कारण उनले अझ खुट्याउन सकेकी थिइनन् । यो कुरा कसैलाई बताउन पनि सक्दिन थिइन् ।

नरभूपाल शाहले बिहानै राजज्योतिषीलाई डाक्न पठाए । नित्यकर्म पनि नभ्याउँदै दरबारबाट बोलावट आएपछि राजज्योतिषी हतारिँदै दरबारमा हाजिर भए । "सरकार त्यस्तो के पऱ्यो र यति सबेरै बोलावट बक्सियो ?" ज्योतिषले आत्तिदै सोधे ।

"हैन, आत्तिन पर्दैन । तर कुरा नै यस्तो थियो कि म आफूलाई रोक्नै सकिन" नरभूपाल शाहले भने ।

"मर्जी होस् न महाराज, त्यस्तो के कुरा हो ?"

महाराजले महारानी कौशिल्यावतीले देखेको सपनाको बारेमा बताए र त्यसको सपनाको फल बारेमा सोधे तर रानीलाई पिटेको कुरा भने बताएनन् ।

"महाराज, महारानी सुकला त होइबक्सने ?" ज्योतिषले सोधे । "अँह, सपना देखेपछि उनी निदाएकी छैनन् ।" नरभूपालले भने । ज्योतिषको अनुहारमा चमक देखियो । उनले भने, "अहो महाराज, साह्रै वेश गर्नुभयो । यो त साह्रै शुभ सपना हो । यो सपनाले सङ्केत गर्दछ– महारानीको कोखमा रहेको बालक महाप्रतापी हुनेछ, शाह कूललाई उज्ज्वल पार्ने छ । बधाई छ महाराज !" राजाले खुसी हुँदै आफ्नो औँलामा रहेको औँठी निकालेर ज्योतिषलाई बकस दिए ।

उनले महारानीलाई बोलाए र रातको कार्यको लागि माफी मागे । ज्योतिष पनि त्यही थिए । रानीले केही बुझ्न सकिनन् । न त ज्योतिषले नै केही बुझे । नरभूपालले "तिमीसँग के लुकाउनु" भन्दै रातको सबै घटना बताए अनि रानीलाई भने, "यदि मैले तिमीलाई पिट्ने नाटक नगरेको भए तिमी निदाउने थियौँ र तिमीले देखेको सपनाको फल प्राप्त हुँदैनथ्यो ।" उनले ज्योतिषीले बताएको सपनाको फल पनि भने ।

"अब त तिमीलाई कुनै गुनासो छैन होला नि ?"

"छैन महाराज छैन । हजुरले जे गर्नुभयो ठिक गर्नुभयो" रानीले खुसी हुँदै भनिन् । रातमा राजाले देखाएको व्यवहारको रहस्य रानीले बल्ल बुझेकी थिइन् । "हरेक कुरा बताउने र गर्ने ठिक समय हुँदोरहेछ । उपयुक्त समय नभई कुनै पनि कुरा गर्नु हुँदैन रहेछ" रानीले महसुस गरिन् ।

(केशरी अम्गाई, सम्पादक–रोजन बोहरा अनौठो सपना, 'ऐतिहासिक कथा सङ्ग्रह'बाट साभार)

| सामान्यभूत | अपूर्णभूत | पूर्णभूत | अज्ञातभूत | अभ्यस्तभूत |
|---|---|---|---|---|
| | | | | |

एकाइ
# ८
# क्रियाको अर्थ र भाव

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

सुलोचना घरमा जान्छिन् । उनी खाना खान्छिन् र पढ्न थाल्छिन् । उनी मिहिनेती छिन् । उनको परीक्षा चल्दै छ । उनको परीक्षा राम्रो होओस् । उनी परीक्षामा सफल होउन् । परीक्षामा सफल भएपछि उनले राम्रो जागिर पाउलिन् । उनीले जागिरमा राम्रो गर्लिन् । उनको बढुवा होला । उनको बढुवा भए राम्रो हुन्थ्यो । उनी जस्ता इमानदारलाई जागिर दिए जनताले सेवा पाउँथे ।

तिनीहरू शैक्षिक भ्रमणमा जान्छन् । (सामान्यार्थ)

भाइबहिनीहरू राम्रोसँग पढून् । (इच्छार्थ)

तँ आफ्नो काम आफैँ गर् । (आज्ञार्थ)

किसानहरू खेत खन्दै होलान् । (सम्भावनार्थ)

निमन्त्रणा आयो भने गइन्छ । (सङ्केतार्थ)

वक्ताका सामान्य, आज्ञा, इन्छा, सम्भावना, सङ्केत आदि बुझाउने मनोभाव वा मनसायलाई क्रियाको अर्थ वा भाव भनिन्छ । भावको अभिव्यक्ति क्रियापदको भिन्नताबाट हुन्छ ।

## २. क्रियाको अर्थ वा भावका प्रकार

क्रियाको अर्थ वा भाव पाँच प्रकारका छन् :

भाव/अर्थ
- सामान्यार्थ
- आज्ञार्थ
- इच्छार्थ
- सम्भावनार्थ
- सङ्केतार्थ

### (क) सामान्यार्थ

धनियाँ परीक्षा दिन जान्छिन् ।

दीपक मिठो गीत गाउँछ ।

तिमी कति घण्टा हिँड्छौ ?

सपनाले राम्रो अङ्क पाइन् ।

तिमीहरू राम्रो कुरा सुन्दै सुन्दैनौ ।

वक्ताको सामान्य मनोभाव व्यक्त गर्ने क्रियापदलाई सामान्यार्थ भनिन्छ । यसले निश्चित अर्थ प्रकट गर्दछ । त्यस रूपमा हुने क्रियापदलाई सामान्यार्थ वा निश्चयार्थ भनिन्छ । यसअन्तर्गत तीनै कालका सबै पक्षका क्रियापदहरू पर्दछन् ।

### (ख) आज्ञार्थ

तपाईहरू यहीँ बस्नुहोस् ।

हजुर कविता लेखिबक्सियोस् ।

तिमी मलाई कलम देऊ ।

तिमी खोलातिर नजाऊ ।

तँ पोखरामा पौडी खेल् ।

वक्ताको मनोभावना, अह्वावट, आदेश र अनुरोधका आधारमा प्रकट हुन्छ भने त्यसलाई आज्ञार्थ भनिन्छ । आज्ञार्थ बुझाउँदा धातुमा ऊ, अ, ओ आदि प्रत्यय लाग्दछन् । आज्ञार्थ द्वितीय पुरुषमा मात्र प्रयोग हुन्छ ।

### (ग) इच्छार्थ

हजुर गीत सुनिबक्सियोस् ।

हामी नेपाली व्याकरण पढ्छौँ ।

ऊ त्यहीँ बसोस् ।

तँ विद्यालय गएस् ।

म घर जाऊँ ।

वक्ताको इच्छा, अनुमति, आशीर्वाद, बिन्ती, उपदेश आदि अर्थ प्रदान गर्ने कियापदलाई इच्छार्थ भनिन्छ । यसमा धातु + ऊँ, औँ, एस्, ए आदिका रूप लाग्दछन् । यिनले उपदेश, आशीर्वाद, बिन्ती, इच्छा र अनुमति बुझाउँछन् ।

### (घ) सम्भावनार्थ

हामी सबै मिलेर बसौँला ।

नदी तटमा वृक्षरोपण होला ।

उनीहरू बराहक्षेत्र घुम्न जालान् ।

बुबा भोलि घर आउनुहोला ।

उसले नौ कक्षामा परीक्षा उत्तीर्ण गर्ला ।

वक्ताले गरेको अड्कल, अनुमान वा सम्भावना प्रकट हुने अर्थलाई सम्भावनार्थ भनिन्छ । यसले काम हुने वा नहुने निश्चित अर्थ प्रदान गर्दैन ।

(ङ) **सङ्केतार्थ**

पानी परे जाडो हुन्छ ।

परिश्रम गरे मिठो फल पाइन्छ ।

तिहार आए सबैजना रमाउँछन् ।

तिमीले राम्रोसँग लेखेको भए उत्तीर्ण हुने थियौ ।

आकाश खुल्यो भने गर्मी बढ्छ ।

कार्य र कारणबिच रहेको सम्बन्ध बुझाउने अर्थलाई सङ्केतार्थ भनिन्छ । यसमा दुईओटा क्रियापद हुन्छन् जसमध्ये एउटाले कारण जनाउँछ भने अर्कोले कार्य जनाउँछ ।

## अभ्यास

१. **तल दिइएका वाक्यलाई सामान्यार्थमा बदल्नुहोस् :**

(क) ऊ घर जाओस् ।

(ख) तिनीहरू भात खालान् ।

(ग) तिमी आफ्नो इच्छा पूरा गर ।

(घ) हामी सबै मिलेर राष्ट्रनिर्माण गरौँला ।

(ङ) सोनाम धरान घुम्न जाला ।

२. **तल दिइएका वाक्यलाई इच्छार्थमा बदल्नुहोस् :**

(क) विमला सहर जान्छिन् ।

(ख) लखन आफ्नो काम गर्छ ।

(ग) सबै नेपालीहरू साक्षर हुन्छन् ।

(घ) तिमीहरू घर जाओ ।

(ङ) ऊ खेल खेल्ने छ ।

३. **तल दिइएका वाक्यलाई आज्ञार्थमा बदल्नुहोस् :**

(क) हामी खेल खेल्छौँ ।

(ख) उनीहरूले आफ्नो लक्ष्य पूरा गरुन् ।

(ग) तँ रमाइला–रमाइला चलचित्र हेर्लास् ।

(घ) तिमीहरू नेपाली व्याकरण पढ्छौ ।

(ङ) तिमी दिनभर पढेर बसौला ।

४. **तल दिइएका वाक्यलाई सम्भावनार्थमा बदल्नुहोस् :**

(क) उसलाई त्यो कुरा भन्ने छु ।

(ख) उसले आफ्नो काम सकेको छ ।

(ग) राम भोलि पोखरा जान्छ ।

(घ) उनीहरू खेल खेल्दै हुन्छन् ।

(ङ) हामी वनभोजमा रमाइलो गर्छौं ।

५. **तल दिइएका वाक्यलाई सङ्केतार्थमा बदल्नुहोस् :**

(क) उनीहरू आए रमाइलो हुन्छ ।

(ख) हामी मिहिनेत गरेर पढी उत्तीर्ण हुन्छौं ।

(ग) परिश्रम गरे फल पाइन्छ ।

(घ) पानी परे शीतल हुन्छ ।

(ङ) दशैंमा केटाकेटीहरू रमाउँछन् ।

६. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) क्रियाको अर्थ र भाव भनेको के हो ?

(ख) क्रियाको अर्थ र भाव कति प्रकारका छन् ?

(ग) सामान्यार्थ भनेको के हो ?

(घ) आज्ञार्थ भनेको के हो ?

(ङ) इच्छार्थ भनेको के हो ?

(च) सम्भावनार्थ भनेको के हो ?

(छ) सङ्केतार्थ भनेको के हो ?

७. **तल दिइएको कथामा क्रियाका अर्थ र भाव पहिल्याउनुहोस् :**

## हिदुम्ब राक्षस र नाला महालक्ष्मी

"रुजेन, बाहिर जाऔँ, धिमे र भुच्छा कति राम्रोसँग बजिरहेको छ । जात्रा हेर्न जाऔँ ।" साँखुदेखि जात्रा हेर्न आएका सङ्गमले आफ्नो मामाको छोरालाई भने ।

"हुन्छ त, मलाई पनि घर बस्दा बस्दा अल्छी लागिरहेको छ । जाऔँ नाला बजार पनि घुमेर भगवती स्थानसम्म जाऔँ न त" रुजेनले सही थापे । दुवैजना घरबाट बाहिर निस्के ।

"तिमीलाई थाहा छ ? रुजेन ? नेवारहरूको जात्रा मनाउने तरिका त, पुराना पुराना ऐतिहासिक कथा हुन्छन् । वास्तवमा यो नालाको महालक्ष्मी जात्रा पनि त्यसै मनाउँदै

आएको होइन। यसमा पनि रोचक र उत्साह जगाउने किसिमको किम्बदन्तीहरू छन्" सङ्गमले उत्सुक भएर भने।

रुजेन र सङ्गम झण्डै झण्डै एउटै उमेर भने पनि हुन्छ, मात्र एक वर्षले रुजेनभन्दा सङ्गम जेठो छन्। रुजेन एघार वर्षको र सङ्गम बाह्र वर्षको छन्। उनीहरू सानैदेखि बिदा, चाडपर्व भयो कि त भेट्नै पर्ने बानी बसालेका थिए। एकअर्कामा नौलो कुरा नयाँ जिज्ञासाहरू सुन्दै र सुनाउँदै हिँड्थे।

वैशाख महिनाको अलिअलि गर्मीको दिन काभ्रेको नाला बजार घुम्दै हातमा एक एकओटा बरफ लिँदै रुजेनले भने, "मैले यो महालक्ष्मी जात्राबारे एक दिन बुबाले एउटा पत्रकारलाई अन्तर्वार्ता दिने बेलामा सुनेको थैँ।"

"के भन्नु भए थियो त त्यसवेला मामाले पत्रकारलाई ? मलाई सुन्न साह्रै इच्छा छ। यतिका वर्ष नालाजात्रा हेर्न आएँ। यसको कारण मलाई थाहा छैन। भनन् रुजेन" बडो उत्सुकता साथ सङ्गमले आफ्नो जिज्ञासा रुजेन समक्ष राखे।

"तिमी सुन्ने हो त ? अलिक लामो छ" रुजेनले सङ्गमको ध्यान खिच्न बरफ खाँदै भने।

बरफ खाँदै सङ्गमले कुमतिर धकेल्दै, "सुन्ने ! सुन्ने ! बरू यो डबलीमा अलि शान्त भएको स्थानमा पर बसौँ न !"

"यता आऊ न त" म सुनाउँछु। बरफ खाँदै रुजेनले सुनाउन थाले :

"परापूर्वकालमा नालाबासीलाई एउटा बलियो हिदुम्ब भन्ने राक्षसले खुबै दुःख दिन्थ्यो रे। यहाँका मानिसहरूलाई जथाभावी मार्ने, काट्ने, घाइते बनाउने र खाने गर्दथ्यो रे। ती दुःखद् दिनहरूलाई केही हदसम्म भए पनि साम्य पार्न नालाबासीले सल्लाह गरेछन्। यसरी सधैँ दुःख सहनुभन्दा बरु प्रत्येक दिन राक्षस बसेको स्थानमा पालैपालो प्रत्येक घरबाट दैनिक एकएक जना आहार बन्न जाने। यसो गर्दा नालाबासी एक जनालाई मात्र दुःख हुन्छ। अरूलाई त दुःख हुँदैन।"

"अनि के भए छ त, रुजेन" सङ्गमले जिज्ञासु बन्दै सोध्यो।

"प्रत्येक दिन एउटा घरबाट पालैपालो एकएक जना त्यो हिदम्बु राक्षसको आहार बन्न जाने निर्णय गरेछन्। सोहीअनुसार पालैपालो एकजना नाङ्लोमा पाकेको भात राखेर नालाभन्दा अलिपर दुम्ब खुसी (महादेव खोला) जान थालेछन्। सो व्यक्तिलाई हिदुम्ब राक्षसले आफ्नो आहारा बनाउने गर्थ्यो।" रुजेनले भने।

अनि अनि फेरि बडो चाख लिई सङ्गमले सोधे।

बरफको चुस्की लिँदै रुजेनले बाँकी कथा भन्न थाले। "एवम्रीतले यही घटनाक्रम चलिरहेको थियो। एकदिन एउटा घरको पाले आयो। सो घरमा आमा, बुबा र छोराछोरीहरू रहेछन्। आमाले आफू राक्षसको आहार बन्न जाने भनिछन्। बुबाले आफू बुढो भइसकेकाले

म जान्छु भनेछन् । छोराछोरीले बुबाआमालाई नपठाउने आफू जाने भनेर विवाद गर्न थालेछन् । त्यो हृदयविदारक दृश्य त्यही घरमा पाहुना बनेर आएकी एक कुमारी केटीले देखिरहेकी थिइन् । परिवारमा कस्तो प्रेम ? आफू मरेर अरूलाई जीवित राख्न परिवारका सदस्यमा होडबाजी । त्यस परिवारको प्रेम र एकता नटुक्राउने योजना बनाउँदै, उनले आफू रक्षसकोमा जाने निर्णय सुनाइछन् । तर परिवारले उनलाई जान नदिने बताएछन् । पाहुना भनेको भगवान् हो, भगवान्लाई मारेर आफू बाँच्नु भनेको हजारौँ पटक आफू मर्नुजस्तै हो भनेर भनेछन् । तर ती केटीले जिद्दी छाडिनछन् । म यो परिवारको खुसी छिन्दिनँ, हजुरहरूलाई पाप लाग्दैन ।" यति भनेर राक्षसको आहारा बन्न उनी गइछन् ।

ती कुमारी केटी अरू कोही नभएर साक्षात् देवी महालक्ष्मी थिइन् । उनले हिदुम्ब राक्षसलाई महादेव खोलामा रहेको इनारमा खरायो र सिंहको कथामा जस्तै चलाखी निकालेर खसालेर मारिदिइन् । त्यसलाई मारेर माथि ठुलो ढुङ्गाले छोपेर फर्किन् । ती कुमारी केटी फर्केको देखेर नालाबासीहरू अत्यन्त खुसी भए । उनले नालाबासीको सम्पूर्ण दुःख हरण गरिदिइन् । सो अवसरमा नालाबासीले उनको सम्मानमा रथमा राखेर पूजाआजा, गानाबजाना गर्दै जात्रा सुरु गरेका हुन् रे ।"

"ए ... त्यसो पो रहेछ" बरफ खाइसकेपछि सिन्का फ्याँक्दै सङ्गमले बोले ।

रुजेनले पनि आफ्नो बरफको सिन्का फाल्दै पुनः भने, "राक्षस फेरि पनि आउनसक्ने भएकाले उनले खसालेको इनारमाथि छोपेर राखेको ठुलो ढुङ्गामा हरेक साल महालक्ष्मीलाई जात्रा गरी लगेर रथले थिच्ने परम्परा अझै कायम रहेको छ । यस जात्राले हामी सबैलाई "बलभन्दा बुद्धी ठुलो" र आफूलाई जीवनदान दिएर भए पनि अरूको सेवा गर्न भुल्नु हुन्न भन्ने शिक्षा दिएको छ ।"

"ए.... त्यसो भएर पो पौराणिक परम्परालाई त हामी सबैले जोगाएर राख्नुपर्ने रहेछ । अनि त्यो हामीजस्ता आउँदो पुस्तालाई पनि सिकाउनु पर्ने रहेछ हगि रुजेन ?" सङ्गमले भने ।

"हो... अब नाला बजार एक चक्कर घुमौँ न त ? अरू जात्राको मेला पनि हेरौँ" उठ्दै रुजेनले भने ।

(रत्नप्रसाद अनामणि श्रेष्ठ, उग्रचण्डी नालाबाट साभार)

एकाइ
१०

# करण-अकरण

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

पितृसत्ताका कारणबाट भएका समस्या महिलाले मात्र भोगेका छैनन् । पुरुषहरू पनि पीडित बनेका छन् । कतिपय पुरुषलाई भान्साको काम गर्न रहर लाग्छ । तर समाजका डरले उनीहरू यसो गर्न सक्दैनन् । कतिपय पुरुषको स्वभाव नै लजालु हुन्छ । तर उनीहरूले लाज मान्दा समाजले महिला जस्तो भनिदिन्छ । दुःखमा आँसु नआउने मानिस हुँदैन । समाजले भने पुरुषलाई आँसु लुकाएर कठोर बन्ने आदेश दिन्छ । दुःख हेपिनेलाई मात्र हेप्ने र अर्को हेपिने हुँदा समाजको संरचना पनि लथालिङ्ग हुन्छ । यसैले मानिसले सुख र शान्तिको अनुभव गर्न पाउँदैनन् । यो सग्लो र परिपूर्ण समाजको निर्माणको एउटा महत्त्वपूर्ण आधार हो ।


| करण वाक्य | अकरण वाक्य |
|---|---|
| | |

| करण | अकरण |
|---|---|
| हामी सँगसँगै बसौँला | हामी सँगैसँगै नबसौँला । |
| साथी पढ्न जापान जाओस् । | साथी पढ्न जापान नजाओस् । |
| सुष्मा रातभरि पढ्थिन् । | सुष्मा रातभरि पढ्दैनथिन् । |
| विद्यार्थीहरू उत्तर लेख्दै छन् । | विद्यार्थीहरू उत्तर लेख्दै छैनन् । |

कुनै कार्य हुन्छ भन्ने बुझाउने सकारात्मक वाक्यलाई करण भनिन्छ भने कुनै कार्य हुँदैन भन्ने कार्य बुझाउने नकारात्मक वा निषेधात्मक वाक्यलाई अकरण भनिन्छ । वाक्यमा क्रियापदको अकरणले पूरा वाक्यको अर्थलाई नकारात्मक बनाउँछ ।

### करण – अकरण वाक्यान्तरण

करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करणमा बदल्नु वा परिवर्तन गर्नुलाई करण–अकरण वाक्यान्तरण भनिन्छ ।



करणबाट अकरण बनाउँदा निम्न कुरामा ध्यान दिनुहोस् :

**(क) इच्छा, आज्ञा, अनुरोध र सम्भावना बुझाउने क्रियापदको सुरुमा "न" थप्नुपर्छ । जस्तै :**

| | | |
|---|---|---|
| तिमी विद्यालय जाऊ । | तिमी विद्यालय नजाऊ । | (आज्ञार्थ वाक्यमा) |
| म कथा पढुँ । | म कथा नपढुँ । | (इच्छार्थ वाक्यमा) |
| तपाईँ घर आउनुहोस् । | तपाईँ घर नआउनुहोस् । | (अनुरोधार्थ वाक्यमा) |

**(ख) अज्ञात र अभ्यस्त क्रियाको बिचमा "न" थप्नुपर्छ । जस्तै :**

| | | |
|---|---|---|
| ऊ घर पुगेछ । | ऊ घर पुगेनछ । | (अज्ञात भूतका वाक्यमा) |
| उनीहरू खुब हल्ला गर्थे । | उनीहरू खुब हल्ला गर्दैनथे । | (अभ्यस्त भूतका वाक्यमा) |

**(ग) इच्छार्थ, आज्ञार्थ, अनुरोधार्थ, सम्भावनार्थ, अभ्यस्त भूत र अज्ञात भूत बाहेकका वाक्यमा क्रियापदका अन्त्यमा "न" जोडिन्छ । जस्तै :**

| | | |
|---|---|---|
| उनीहरू खेल्न गए । | उनीहरू खेल्न गएनन् । | (सामान्य भूत) |
| म खेल्दै थिएँ । | म खेल्दै थिइनँ । | (अपूर्ण भूत) |
| हामी गएका थियौँ । | हामी गएका थिएनौँ । | (पूर्ण भूत) |
| तिमी घर जान्छौ । | तिमी घर जाँदैनौ । | (सामान्य वर्तमान) |
| तिमी के पढ्दै छौ । | तिमीहरू के पढ्दै छैनौँ । | (अपूर्ण वर्तमान) |
| उसले गीत गाएको छ । | उसले गीत गाएको छैन । | (पूर्ण वर्तमान) |
| त्यो पोखरा पुग्ने छ । | त्यो पोखरा पुग्ने छैन । | (सामान्य भविष्यत्) |
| उनीहरूले खाजा खाएका हुनेछन् । | उनीहरूले खाजा खाएका हुने छैनन् । | (पूर्ण भविष्यत्) |
| उनीहरू पोखरा घुम्दै हुनेछन् । | उनीहरू पोखरा घुम्दै हुने छैनन् । | (अपूर्ण भविष्यत्) |

(घ) **युगल वा दोहोरो अकरण बनाउने प्रक्रिया**

**करण**

म पुगेँ र तिमी आयौ । जहाँ काफल पाक्छ त्यहीँ चरी नाच्छ ।
पानी परे बाटो हिलो हुन्छ । पढ्ने विद्यार्थी पास हुन्छ ।
म खेलेरै छोड्छु ।

**अकरण**

म पुगिनँ र तिमी आएनौ । जहाँ काफल पाक्दैन त्यहीँ चरी नाच्दैन ।
पानी नपरे बाटो हिलो हुँदैन । नपढ्ने विद्यार्थी पास हुँदैन ।
म नखेली छोड्दिनँ ।

(ङ) **ध्रुवसत्य अकरण बनाउँदा पनि क्रियापदको संरचनालाई मात्र परिवर्तन गरे पुग्छ ।**

| करण | अकरण |
|---|---|
| आगोले पोल्छ । | आगोले नपोल्ने होइन । |
| पृथ्वी गोलो छ । | पृथ्वी गोलो छैन । |
| सूर्य पूर्वबाट उदाउँछ । | सूर्य पूर्वबाट उदाउँदैन । |

(च) **सङ्केतार्थक वाक्यको अकरण बनाउँदा दुवै क्रियापदमा अकरणबोधक "न" लगाउनुपर्छ । जस्तै :**

| करण | अकरण |
|---|---|
| पानी परे जाडो हुन्छ । | पानी नपरे जाडो हुँदैन । |
| तिमी गए जाऊ । | तिमी नगए नजाऊ । |
| तिमीले लेखे हुन्छ । | तिमीले नलेखे हुँदैन । |

(छ) **करणबाट अकरणमा बदल्दा केही शब्दहरूलाई पनि परिवर्तन गर्नुपर्दछ । जस्तै :**

| करण | अकरण | करण | अकरण |
|---|---|---|---|
| जो<br>निकै<br>जुन<br>सबैले<br>जोसुकै | कोही<br>कत्ति पनि<br>कुनै<br>कसैले<br>कोही पनि | कोही<br>कत्ति पनि<br>कुनै<br>कसैले<br>कोही पनि<br>जे<br>सधैं<br>जता पनि<br>चौपट्टै<br>बारम्बार | केही<br>कहिल्यै<br>कतै पनि<br>पटक्कै<br>कहिल्यै |

| | |
|---|---|
| तिमी सधैँ झगडा गर्छौ । | तिमी कहिल्यै झगडा गर्दैनौ । |
| राम निकै पढ्छ । | राम कत्ति पढ्दैन । |
| जो पनि मिलनसार छन् । | कोही पनि मिलनसार छैनन् । |
| मेरो घरमा जो पनि आउँछन् । | मेरा घरमा कोही पनि आउँदैनन् । |

## अभ्यास

**१. तलका करण वाक्यलाई अकरणमा बदल्नुहोस् :**

(क) तपाईँले अह्राएको काम विपनाले गरिछे ।
(ख) उनी सधैँ गृहकार्य गर्छिन् ।
(ग) उनीहरूले राम्ररी पढून् ।
(घ) दाजु धरानमा काम गर्नुहुन्थ्यो ।
(ङ) प्रतिमा साह्रै चल्छिन् ।
(च) मह काढ्नेले हात चाट्छ ।
(छ) प्रकाश राम्रोसँग कविता वाचन गर्छ ।
(झ) आज पानी पर्ला ।
(ञ) परिश्रम गर्ने सधैँ सफल हुन्छन् ।
(ट) सरिता दुध पिउँथी ।
(ठ) म एकछिन् घुमेर आउँछु ।
(ड) तिमी आए खेल्ने पाइन्थ्यो ।
(ढ) उनीहरू त विदेशमा पनि पुगेछन् ।
(ण) आज दिनभरि पानी पऱ्यो ।
(त) मैले बाटामा सबै साथीहरू भेटेको छु ।
(थ) हिजो खेल पनि सकियो, खाजा पनि खाइयो ।

**२. तलका अकरण वाक्यलाई करणमा बदल्नुहोस् :**

(क) उनीहरू त्यहाँ पुगेका छैनन् ।
(ख) सूर्य कहीँ पनि पुग्दैनन् ।
(ग) तिमीले नखेले हुँदैनथ्यो ।
(घ) केटाहरू समयमै बजार नपुग्लान् ।
(ङ) पानी परेन त्यसैले जाडो भएन ।
(च) आज म केही पनि खाँदिनँ ।
(छ) विद्यालयमा कोही पनि आएनन् ।
(ज) जाडोमा कसैले आगो तापेनन् ।
(झ) ए ! तिमीहरू पनि आएनौ ?
(ञ) छोरो खेल्न कतै पनि नजाओस् ।
(ट) जो पढ्दैन ऊ सफल हुँदैन ।
(ढ) अमृता नजाने भए नजाऊ ।

(ड) दावाले बजारबाट कलम ल्याएनछन् । (द) दिदी सिनेमा हेर्न मन गर्नुहुन्न ।

(ण) ऊ कहिल्यै घुम्न जाँदैन । (त) उनीहरू हामी कहाँ आउँदैनथे ।

(थ) बहिनीहरू राम्ररी नपढ्लान् ।

३. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) करण भनेको के हो ?

(ख) अकरण भनेको के हो ?

(ग) करणबाट अकरणमा वाक्य परिवर्तन गर्दा 'न' कुनकुन ठाउँमा प्रयोग गरिन्छ ?

४. **तल दिइएको कथा पढ्नुहोस् । त्यस कथामा कति ठाउँमा करण र अकरण वाक्य प्रयोग भएका छन्, छुट्याएर तालिकामा लेख्नुहोस् :**

## रूपभन्दा विद्या नै सर्वोपरी

उद्दालक ऋषिका धेरै शिष्यहरू थिए । तिनीहरूमध्ये कोहड नाम गरेका एकजना शिष्य थिए । उनले गुरुको सेवा र भक्तिमा आफूलाई समर्पित गरी अनेक विद्या हासिल गरे । गुरुले पनि प्रसन्न भएर आफ्नो छोरीको विवाह उनैसँग गरिदिए । यिनैको गर्भबाट कोहडको छोरो पनि भयो । तर यी बालक जन्मँदा नै आठ ठाउँमा बाङ्गो भएर जन्मिए । अतएव उनको नाम नै अष्टबक्र रहन गयो । उनी कुरूप भए तापनि पढाइमा ज्यादै मेधावी थिए । उनले एकपटक सुनेको कुरा कहिल्यै बिर्सँदैनथे । अष्टबक्र आफ्नो मामा अर्थात उद्दालकको छोरा श्वेतकेतसँग मिलेर पढ्दथे । उनीहरू बिच गाढा मित्रता थियो । यसरी संयुक्त रूपमा पढ्नाले उनीहरूले बालक कालमै धेरै विद्या आर्जन गरे ।

त्यसबेला तपस्वी एवम् विद्वान् राजा जनकको दरबारमा विद्वान्हरूको जमघट हुन्थ्यो । उनले विद्वान्लाई ज्यादै मानसम्मान गर्दथे । जनकको दरबारका विद्वान्मध्ये एकजना बन्दी नाम भएका विद्वान् पनि थिए । उनले राजसभामा धेरै विद्वान्हरूलाई शास्त्रार्थमा परास्त गरेका थिए । यसले गर्दा उनमा धेरै घमण्ड बढेको थियो । उनी विद्वान् भएता पनि घमण्डको बन्दी बनेका थिए । त्यसकारण उनले अवसर पाउनासाथ आफ्नो अभिमान प्रकट गरिहाल्थे । अष्टबक्रले बन्दीको यो कुरा थाहा पाए र उनी बन्दीसँग शास्त्रार्थ गर्न भनी राजा जनककहाँ पुगे । राजासँग भेट गरी राजसभामा बन्दीसँग शास्त्रार्थ गर्ने मनसाय प्रकट गरे । तर राजा जनकले अष्टबक्रको कुरालाई हाँसोमा उडाउँदै भने, "हे ब्राह्मण बालक ! तपाईंले बन्दीलाई चिन्नुभएकै रहेनछ । उनको विद्याबललाई कसैले जित्न सक्दैन । उनीसँग शास्त्रार्थ गर्नु भनेको पहाडसँग पौठेजोरी खेल्नु हो । यदि तपाईंले उनलाई चन्नुभएको भए कदापि पनि उनीसँग शास्त्रार्थ गर्न अघि सर्नुहुन्थेन ।" राजाको सल्लाहको प्रत्युत्तरमा अष्टबक्रले भने, "महाराज तपाईंले उनलाई सभामा बोलाउनुहोस् । उनलाई शास्त्रार्थमा हराउने चिन्ता नलिनुहोस् । शास्त्रार्थमा कसले हार्दोरहेछ त्यो हेर्नुहोला । मलाई बालक भनेर नहेप्नुहोला ।

तपाईंले मेरो शारीरिक बनावटलाई हेरेर मेरो ज्ञानको अनुमान नलगाउनुहोला। ज्ञानी मानिसले रूपलाई होइन ज्ञानलाई महत्त्व दिन्छन् र त्यसको कदर गर्दछन्। कोइली कालो भएर के भयो र ? मानिसहरूले उसको कालो रूपले गर्दा त्यसलाई मानेका होइनन्, त्यसको मिठो स्वरका कारण कोइली प्रख्यात भएको हो। विद्वान् चाहे बालक हुन् वा कुरूप, सदैव आदरणीय हुन्छन्।" अष्टबक्रको यतिका कुराले पनि जनकमा अझै पनि ती बालकको ज्ञानको श्रेष्ठताको बारेमा सन्देह कायमै रह्यो। तसर्थ जनक स्वयम्ले पनि अष्टबक्रलाई अनेकौं कठिन प्रश्नहरू सोध्न लागे। राजाले सोधेका सबै प्रश्नहरूको उत्तर अष्टवबक्रले यस्तो किसिमले दिए कि राजा जनक पनि छक्क परे।

अन्तमा, अष्टबक्रको योग्यतामा विश्वास भएपछि जनकले राजसभा बोलाए। सो सभामा बन्दी पनि उपस्थित भए। उनी आउँदै गर्दा नै अष्टबक्रलाइ उपेक्षपूर्ण दृष्टिले हेरेर आफ्नो ज्ञानको दम्भ प्रदर्शित गर्दै प्रश्न गर्न भने चुकेनन्। अष्टबक्रले पनि तत्काल उनको प्रश्नको यथोचित उत्तर दिए। अष्टबक्रको उत्तर सुनेर बन्दी आश्चर्य चकित भए र शास्त्रार्थ गर्न लागे। बन्दीसँगको शाास्त्रार्थमा अष्टबक्रको शास्त्रज्ञान प्रवल देखिँदै गयो। अन्त्यमा अभिमानी बन्दीले आफ्नो हार स्वीकार गरे। अष्टबक्रको यस्तो ज्ञान देखेर राजा जनकले सुरुमा उनीप्रति गरेको व्यवहारको लागि क्षमा मागे। सभामा उपस्थित सबैले मुक्तकण्ठले अष्टबक्रको प्रशंसा गरे।

(देवेन्द्र तिम्ला, नैतिक शिक्षाबाट साभार)

| करण वाक्य | अकरण वाक्य |
|---|---|
| | |

एकाइ ११

# कारक र विभक्ति

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

निनामा धेरै मेहिनेती छन्। उनी अत्यन्त दयालु र सहयोगी पनि छन्। उनी दुःखी गरिबहरूलाई सहयोग गर्छिन्। उनी बेलाबेलामा असहायहरूलाई खानेकुरा र कपडा दिन्छिन्। निनामाका बाबु अमरबहादुर चाम्लिङ अवकाश प्राप्त बेलायती सैनिक हुन्। उनी श्रमलाई धेरै महत्त्व दिन्छन् र धेरै जस्तो कोदालाले बारी खनिरहेका भेटिन्छन्। उनी रूखबाट डाले घाँस झार्न र बाँसबाट चोया काढ्न पनि उत्तिकै सिपालु छन्। निनामाकी आमा धनशोभा कलेजमा पढाउँछिन्। आमाकै छत्रछायामा रहेर निनामाले पढाइमा धेरै राम्रो गरेकी छिन्। पढाइका अतिरिक्त घरको काममा पनि निनामा उत्तिकै जाँगरिली छन्। बगैँचामा जाने, पाकेका फलफूल रूखबाट टिपेर जम्मा गर्ने, बजारमा लगेर बेच्ने आदि काममा उनी सिपालु छिन्। त्यसो त कविता लेख्ने, चित्र बनाउने कलामा पनि उनी निपुण छिन्।

माथिको अनुच्छेदमा प्रयुक्त कारक र विभक्ति पहिचान गरी कापीमा टिप्नुहोस् :

........................ ....................... .......................... ...........................

...................... ....................... .......................... ...........................

वाक्यमा क्रियापदसँग सम्बन्ध राख्ने नामिक शब्द (नाम, सर्वनाम र विशेषण) का रूपहरूलाई कारक भनिन्छ। नाम, सर्वनाम र विशेषणका रूपहरूले क्रियासँग सम्बन्धित भएर कर्ता, कर्म, करण आदिको भूमिका खेली वाक्यलाई अर्थयुक्त बनाएका हुन्छन्। जस्तै :

उसले सरोजलाई लठ्ठीले हान्यो।

यस वाक्यमा 'हान्यो' क्रियापदसँग तीनओटा नामिक शब्दहरू 'उसले' 'सरोजलाई' र 'लठ्ठी' सम्बन्धित भएर वाक्यमा आआफ्नो भूमिका खेलेका छन्।

## १.२ कारकका प्रकार

संरचनाका आधारमा कारक सरल र तिर्यक गरी दुई किसिमका हुन्छन् :

### (अ) सरल कारक

विभक्ति, नामयोगी वा कोटिबोधक प्रत्ययहरू नजोडिई क्रियापदसँग सम्बन्ध स्थापित गर्ने नामिक पदलाई सरल कारक भनिन्छ।

जस्तै :

म खाजा खान्छु । ऊ घर गयो ।

छोरो पुस्तक किन्छ । ऊ बजार जान्छ ।

(आ) **तिर्यक कारक**

विभक्ति, नामयोगी वा कोटिबोधक प्रत्यय जोडिएर क्रियापदसँग सम्बन्ध स्थापित गर्ने नामिक पदलाई तिर्यक कारक भनिन्छ ।

मैले खाना खाएँ । ऊ बेन्चमा बस्छ ।

केटाहरूले फुटबल किने । ऊ विद्यालयमा गएर पढ्छ ।

**वाक्यमा गर्ने कार्य वा खेल्ने भूमिकाका आधारमा कारक छ प्रकारका छन् :**

(क) **कर्ता कारक**

वाक्यमा काम गर्ने नामिक शब्दलाई कर्ता कारक भनिन्छ । यसमा सामान्यतया ले/बाट/द्वारा जस्ता प्रथम विभक्तिमा चिह्न लाग्दछन् ।

जस्तै :

रमेशले गीत गयो । तिनीहरू घर गएनन् ।

प्रधानाध्यापकद्वारा पुरस्कार वितरण गरियो । सरकारबाट लागु गरियो ।

(ख) **कर्म कारक**

वाक्यमा कामको फल वा असर पार्ने नामिक शब्दलाई कर्म कारक भनिन्छ । यसमा सामान्यतया द्वितीय विभक्तिको चिह्न 'लाई' लाग्दछ ।

जस्तै :

म भाइलाई माया गर्छु । किरणले शोभालाई हेर्छ ।

तिमीले मलाई बोलायौ । म कथा भन्छु ।

(ग) **करण कारक**

वाक्यमा काम गर्न प्रयोग गरिने साधन, कारण वा हेतु बुझाउन आउने नामिक शब्दलाई करण कारक भनिन्छ । यसमा सामान्यतया ले/बाट/द्वारा जस्ता तृतीया विभक्ति चिह्नहरू लाग्दछन् ।

जस्तै :

म चम्चाले भात खान्छु । उसले रमेशद्वारा काम बनायो ।

म ज्वरोले थला परेँ । ऊ बसबाट विद्यालय आयो ।

### (घ) सम्प्रदान कारक

वाक्यमा क्रियाले गर्ने कामको लक्ष्य वा काम गराइको प्रयोजन बनी आउने नामिक शब्दलाई सम्प्रदान कारक भनिन्छ । यसमा 'लागि/निम्ति/लाई' जस्ता चतुर्थी विभक्तिका चिह्नहरू लाग्दछन् ।

जस्तै :

बुबाले भाइलाई कपडा ल्याउनुभयो ।
बिन्दूले पूजालाई फूल टिपिन् ।
मैले लेख्नलाई विषय नै पाइनँ ।
उसले साहसीलाई पुरस्कार दियो ।

### (ङ) अपादान कारक

वाक्यमा काम सुरु हुने समय, छुट्टिने ठाउँ वा वस्तुको स्रोत बनेर प्रयोग गरिने शब्दलाई अपादान कारक भनिन्छ । यसमा 'देखि','बाट' जस्ता पञ्चमी विभक्तिका चिह्नहरू लाग्छन् ।

जस्तै :

ऊ सिन्धुलीबाट आइपुग्यो ।
दुधबाट दही बन्यो
बिरामी छानाबाट हाम फाल्यो ।
सोनिया दुई घण्टादेखि कोठामै छिन् ।

### (च) अधिकरण कारक

वाक्यमा हुने कामको ठाउँ, समय वा विषयको आधार देखाउने नामिक शब्दलाई अधिकरण कारक भनिन्छ । यसमा 'मा', 'माथि' जस्ता सप्तमी विभक्ति चिह्नहरू लाग्दछन् ।

जस्तै :

(क) चरो रूखमा बसेको छ ।
(ख) जीवन रातमा आँखा देख्दैन ।
(ग) म पशुपतिनाथमा तपस्या गर्छु ।
(घ) मलाई तिमीमाथि विश्वास छ ।

## २. विभक्ति परिचय

**तलको अनुच्छेद पढ्नुहोस् र बुझ्नुहोस् :**

कृष्णाकी मितिनी डोल्मा उनको घर गइन् र उनले आफ्नो विवाहको निमन्त्रणा दिइन् । विवाहमा कृष्णाले पनि डोल्मालाई सक्दो सहयोग गरिन् । विवाहको अन्त्यमा डोल्माले भनिन्, "तिम्रो सहयोगका लागि धेरै धेरै धन्यवाद ।" विवाहपछि कृष्णा खुसी हुँदै आफ्नो घर गइन् ।

माथिका अनुच्छेदमा आएका विभक्ति प्रत्यय टिपी कापीमा सार्नुहोस् :

...................... ...................... ...................... ......................

...................... ...................... ...................... ......................

नामिक शब्द (नाम, सर्वनाम, विशेषण) का पछाडि आएर कारणलाई छुट्याउने चिह्नलाई विभक्ति भनिन्छ । विभक्तिले एउटा शब्दको क्रियासँग रहने सम्बन्धलाई स्पष्ट पारेर देखाउन सहयोग गर्दछन् ।

जस्तै :

सोनामले तिमीलाई कलम ल्याइदियो ।

माथिको वाक्यमा 'सोनाम' र 'तिमी' का पछाडि जोडिएका 'ले' र 'लाई' चिह्नहरू विभक्ति हुन् । किनभने 'ले' चिह्नले 'सोनाम' कर्ता कारक हो भनी छुट्याएको छ भने 'लाई' चिह्नले 'तिमी' सम्प्रदान कारक हो भनी चिनाएको छ । यस्ता विभक्तिहरूमा 'बाट', 'द्वारा', 'लागि', 'म', 'देखि', 'को' आदि पर्दछन् । विभक्तिको आफ्नै अर्थ हुँदैन र यी कसैसँग नजोडिई स्वतन्त्र रूपमा प्रयोग हुँदैनन् ।

## २.१ विभक्तिका प्रकार

### (क) प्रथमा विभक्ति

कर्ता कारक छुट्याउन आउने ले, द्वारा, बाट विभक्ति प्रत्ययलाई प्रथमा विभक्ति भनिन्छ ।

जस्तै :

मैले हिसाब गरेँ ।

उनीहरूले साथीलाई कुटे ।

रामद्वारा सर्प मारियो ।

बाख्राले घाँस चपायो ।

### (ख) द्वितीया विभक्ति

कर्म कारक छुट्याउन आउने विभक्ति प्रत्ययलाई द्वितीया विभक्ति भनिन्छ । जस्तै :

मैले श्यामलाई बोलाएँ ।

तिमीले छोरीलाई पढाउनुपर्छ ।

प्रहरीले चोरलाई समाते ।

### (ग) तृतीया विभक्ति

करण कारक छुट्याउन आउने ले, द्वारा, बाट विभक्ति प्रत्ययलाई तृतीया विभक्ति भनिन्छ ।

जस्तै :

भाइले चम्चाले भात खायो ।

प्रहरीले चोरलाई लठ्ठीले पिट्यो ।

कमल आशिषद्वारा काम गराउँछ ।

ऊ बसबाट घर गयो ।

### (घ) चतुर्थी विभक्ति

सम्प्रदान कारक छुट्याउन आउने लाई, लागि, निम्ति, विभक्ति प्रत्ययलाई चतुर्थी विभक्ति भनिन्छ । जस्तै :

उसले जोगीलाई भिक्षा दियो ।

मेरा लागि दुःख गर्नु आवश्यक छैन ।

बुबाका निम्ति खाजा तयार गऱ्यौ ?

ऊ पूजाका लागि पशुपति गयो ।

### (ङ) पञ्चमी विभक्ति

अपादान कारक छुट्याउन आउने देखि, बाट विभक्ति प्रत्ययलाई पञ्चमी विभक्ति भनिन्छ । जस्तै :

रूखबाट पात झरिसकेका छन् ।
तिमी छतबाट ओर्लिएको हो ।
बाघदेखि मानिस तर्सन्छ ।
गोपालले अमेरिकाबाट चिठी पठायो ।

### (च) षष्ठी विभक्ति

अघिल्लो पदसँग पछिल्लो पदको सम्बन्ध जोड्न आउने को, का, की, रो, रा, री, नो, ना, नी विभक्ति प्रत्ययलाई षष्ठी विभक्ति भनिन्छ । जस्तै :

उसकी छोरी विदेशमा पढ्छे ।
मेरो घर सहरमा छ ।
आफ्नो भाग्य नै फुटेको रहेछ ।
मेरा छोरीहरूले पढ्न छोडिसके ।
मेरी माइजू छैनन् ।
वडाको विकास भए गाउँको विकास हुन्छ ।

### (छ) सप्तमी विभक्ति

अधिकरण कारक छुट्याउन आउने मा, माथि विभक्ति प्रत्ययलाई सप्तमी विभक्ति भनिन्छ । जस्तै :

तिमी कक्षामा गएर बस ।
छानामाथि घिरौँला फले छ ।
पहाडमा पनि मोटर जान थाले छ ।

#### कारक र विभक्तिका अर्थ र चिह्नको तालिका

| कारक | सम्बन्ध | विभक्ति | विभक्ति चिह्न | वाक्यमा प्रयोग |
|---|---|---|---|---|
| कर्ता | काम गर्ने | प्रथमा | ले, बाट | हरिले पाठ पढ्यो । |
| कर्म | कामको असर भोग्ने | द्वितीया | लाई/कन | दावाले भाइलाई पिट्यो । |
| करण | काम गर्ने साधन | तृतीया | ले, द्वारा/बाट | मैले चम्चाले भात खाएँ । |
| सम्प्रदान | जसका लागि काम गरिन्छ | चतुर्थी | लाई/लागि/निम्ति | मैले सीताका लागि कलम किनेँ । |
| अपादान | छुट्टिने ठाउँ | पञ्चमी | देखि/बाट | क्षितिजबाट घाम अस्तायो । |
| अधिकरण | स्वामित्व देखाउने | षष्ठी | को, का, की, रो, रा, री, नो, ना, नी | आफ्नो काम बाँकी छ । |
| | आधार दिन | सप्तमी | मा, माथि | टेबुलमा पुस्तक राख । |

## अभ्यास

१. **तल दिइएका वाक्यहरूलाई सरल र तिर्यक कारकमा छुट्याउनुहोस् :**

(क) मेरा दाजुका साथीहरू खेल खेल्छन् ।
(ख) मेरो छोराले जागिर खायो ।
(ग) ती भाइ घर गए ।
(घ) दिदीहरूलाई उता कस्तो छ ?
(ङ) छानोमाथि चरोले गुँड लगाएछ ।
(च) साना केटाकेटीहरू घुम्न गए ।
(छ) दुलाबाट मुसाहरू निस्किए ।
(ज) दावा दाङबाट आयो ।
(झ) दिदीले मलाई घडी दिनुभयो ।
(ञ) उनीहरू हँसियाले घाँस काट्छन् ।
(ट) उहाँ पर्सि आउने रे ।
(ठ) घाम लाग्नाले तातो भयो ।

२. **दिइएका वाक्यहरूमा विभक्ति चिह्न प्रयोग गरी अर्थ स्पष्ट पार्नुहोस् :**

(क) उत्तम पुस्तक टेबलमा राख्छ ।
(ख) भक्तिपूर्वक पूजा गरे ढुङ्गामा देवता भेटिन्छ ।
(ग) रूख सुकेको पात भुइँ झऱ्यो ।
(घ) भाइ सिसाकलम चित्र बनायो ।
(ङ) गीता कलम कागज लेखी
(च) यो मानिस म कतै देखे जस्तो लाग्छ ।
(छ) प्रहरी चोर जेल राख्यौ ।
(ज) तिमी भाइ के दियौ हँ ?
(झ) म लागि त्यो काम त्यति कठिन छैन ।
(ञ) राम गोडा कोदालो काटेको हो ।

३. **तलका रेखाङ्कित नामिक शब्दहरूको कारक पत्ता लगाउनुहोस् :**

(क) जोगीले चामल झोलामा राख्यो र घरबाट हिड्ँयो ।
(ख) सुजन भाइलाई कलम ल्याइदिन्छ ।
(ग) हिउँ पर्नाले जाडो भयो ।
(घ) दिदीले दशैँका लागि भनेर लुगा किन्नुभयो ।
(ङ) हिजोदेखि ज्वरो आउनाले लाक्पा सुतेको छ ।
(च) चराहरू छानामा बसेका छन् ।
(छ) प्रहरीले उसलाई चिसो छिँडीमा पाँच दिन थुन्यो ।
(ज) हजामले उसको कपाल कैँचीले काटिदियो ।
(झ) बुबाले उसलाई रङ ल्याइदिनुभएको छ ।

(ञ) आमाले छोराका लागि एकजोर जुत्ता किन्नुभयो ।

(ट) सरलाले कपालमा तेल लगाइन् र काइँयोले कपाल कोरिन् ।

(ठ) रुग्ण शरीरले ठुलो भार बोक्न सक्दैन ।

(ड) धनियाले पूजाका लागि फूल पिपेर थालीमा राखी ।

(ढ) रूखबाट आँप टिपेर ल्याई मैले बजारमा लगेर बेचेँ ।

(ण) बुबाले खेतबाट ट्रकमा माटो ल्याएर बगैँचामा हाल्नुभयो ।

(त) आँधिबेहेरीले सम्पूर्ण मकैको बोट ढाल्यो ।

(थ) तिमीले छानामा बसेको कागलाई गुलेलीले तर्सायौ ।

४. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) कारक भनेको के हो ?

(ख) कारकका प्रकारलाई सो उदाहरणसहित चिनाउनुहोस् ।

(ग) विभक्ति भनेको के हो ?

(घ) कारक र विभक्तिबिच भिन्नता देखाउनुहोस् ।

(ङ) विभक्ति कति प्रकारका छन् ? उदाहरणसहित चिनाउनुहोस् ।

५. **तल दिइएको कथामा कुनकुन कारक र विभक्तिको प्रयोग भएको छ ? तालिकामा छुट्याउनुहोस् :**

## धर्मको डुङ्गा

एकपटक कुनै राजाले घोषणा गरे – "जुन धर्म श्रेष्ठ छ मैले त्यसैलाई स्वीकार गर्ने छु ।"

टाढा–टाढासम्म खबर फैलियो ।

धेरै पण्डितहरू आए । सबैले आ–आफ्नो धर्म श्रेष्ठ भएको दाबी गर्दै राजालाई सम्झाए । आपसमा विवाद गर्दै एकले अर्कोलाई पराजित गर्ने प्रयास गरिरहे । यति गर्दा पनि कुन धर्म परमधर्म हो भन्ने कुरा राजाका अगाडि सिद्ध हुन सकेन ।

कुन धर्म सर्वोत्कृष्ट हो भनेर सिद्ध हुन नसकेपछि राजाले अधर्मपूर्वक जीवन बाँच्ने निर्णय गरे ।

उनले सोचे – "यदि सर्वश्रेष्ठ धर्म कुन हो भनेर थाहा नै छैन भने म कसरी अहिले चलिरहेको जीवनलाई बदल्न सक्छु र ? जुन दिन सर्वश्रेष्ठ धर्म उपलब्ध हुने छ, त्यही दिन म धर्मको अनुसरण गर्नेछु ।"

यसरी उनले अधर्मको जीवन बाँचिरहे र परमधर्मको खोज पनि जारी राखे । आफ्नै धर्मलाई ठुलो बनाउने पण्डितहरूको विवाद पनि सुनिरहे ।

राजाकहाँ लगभग सबै धर्मका मानिसहरू आए । एउटा धर्मको व्यक्ति आउँथ्यो र भन्थ्यो, "अरूको भन्दा मेरो धर्म श्रेष्ठ छ ।"

राजा उसको भनाइ सुन्थे । फेरि अर्को धर्मको व्यक्तिलाई आमन्त्रित गर्थे । उसको पनि भनाइ सुन्थे ।

यस्तो क्रम लामो समयसम्म चलिरह्यो । यसरी नै राजाको जीवन बितिरह्यो ।

विस्तारै उनी बुढो हुँदै गए । जतिजति बुढो हुँदै गए उनी त्यत्ति नै आत्तिन थाले । अधर्मको जीवनले उनलाई दुःख र पीडा दिन थाल्यो । सर्वश्रेष्ठ धर्म नै थाहा भएन भने उनी धर्मको बाटोमा हिँडून् पनि कसरी ?

अन्तिममा एक दिन एक जना भिखारी (जोगी) उनको ढोकामा आइपुग्यो ।

उसले भन्यो, "तपाईं पीडित हुनुहुन्छ भन्ने मैले सुनेको थिएँ । तपाईंको अनुहारबाट पनि थाहा पाउन सकिन्छ ।"

राजाले आफ्नो पीडाको कारण सुनाए, "म सर्वश्रेष्ठ धर्मको खोजीमा छु ।"

भिखारीले भन्यो – "श्रेष्ठ र अश्रेष्ठको प्रश्न उठ्नका लागि के संसारमा धर्म धेरै हुन्छन् र ? धर्म त एउटै हुन्छ । कुनै धर्म राम्रो र कुनै धर्म नराम्रो भन्ने कुरा हुनै सक्दैन । तपाईंले भनेजस्तो सर्वश्रेष्ठको त प्रश्नै उठ्दैन ।"

राजाले गुनासो पोखे – "मेरासामु जति पनि व्यक्तिहरू आए उनीहरू हाम्रो धर्म नै श्रेष्ठ हो भन्दै थिए ।"

जोगीले भन्यो, "पक्कै पनि धर्मको नाममा उनीहरूले आफूलाई सर्वश्रेष्ठ भनेका हुन् । उनीहरूको अहङ्कार बोलेको हुन सक्छ । धर्म एउटै छ, तर अहङ्कार धेरै छन् ।"

उसले राजालाई सम्झायो, "जब कसैले कुनै एउटा पथबाट धर्मका बारेमा बोल्छ त्यसबेला ऊ धर्मको पक्षमा बोलिरहेको छैन भनेर बुझ्नुपर्छ । ऊ त त्यसबेला आफ्नो पक्षमा बोलिरहेको हुन्छ । जहाँ पक्ष हुन्छ त्यहाँ धर्म हुँदैन । धर्म त त्यहाँ हुन्छ जहाँ व्यक्ति निष्पक्ष हुन्छ । पक्षपाती मनमा धर्म हुनै सक्दैन ।"

उसका कुराले राजा प्रभावित भए "त्यसो भए भन न त म के गरूँ ?"

त्यस भिखारीले भन्यो, "आउनुहोस्, नदीपारि जाऔँ । मैले त्यहीँ पुगेपछि सबै कुरा बताउने छु ।"

नदीकिनारमा पुगेपछि भिखारीले राजधानीको सबैभन्दा राम्रो डुङ्गामा बसेर पारि जाने प्रस्ताव राख्यो ।

आफ्ना लागि सर्वोत्कृष्ट डुङ्गा ठिक पारिनु राजालाई उचित लाग्यो किनभने उनी राजा थिए । सबैभन्दा राम्रा डुङ्गा बीस– पच्चीसओटा जति थिए, ती सबै ल्याइयो । सबै डुङ्गा एकत्रित हुन दिउँसोसम्म लाग्यो ।

उनीहरू बिहानै गएका थिए। घाटको किनारमा भोकै बसिरहेका थिए। त्यो जोगी पनि अचम्मकै थियो। ऊ प्रत्येक डुङ्गामा खराबी देखाइरहेको थियो। कुनैमा दाग लागेको छ भन्थ्यो। अर्कामा अर्को कमजोरी भेट्थ्यो। भन्थ्यो– "यो राजा बस्न योग्य छैन। यसमा म कसरी अट्न सक्छु ? यो त धेरै सानो छ।" राजा दिक्क भए। साँझ परिसक्यो। डाँडामा सूर्य डुब्नै लाग्यो।

अति भएपछि राजाले उसलाई गाली गरे, "के नचाहिँदो कुरा गरिरहेका छौ ? कुनै पनि डुङ्गाबाट काम चलाउन सकिन्छ। यदि कुनै पनि डुङ्गा मन परेन भने पनि केही छैन। नदी त्यति धेरै गहिरो छैन। हिँड, हामी आफैँ तरेर पारि जाऔँ। तिमीले बेकारको कुरा नगरेका हुन्थ्यौ भने उहिल्यै नदी तरेर पारी पुगिसक्थ्यौ।"

*(शान्ता सिंखडा, आध्यात्मिक कथाबाट साभार)*

एकाइ १२

# शब्दभण्डार

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

कुनै पनि भाषाका शब्दहरूको समग्र स्थितिलाई शब्दभण्डार भनिन्छ । भाषामा प्रचलित सम्पूर्ण शब्द शब्दभण्डारमा हुन्छन् । तिनै शब्द, वाक्य, अनुच्छेद आदिको रचनामा प्रयोग हुन्छन् । संसारमा सबै भाषाका आआफ्नै किसिमका शब्दभण्डार हुन्छन् । ती शब्दहरू विभिन्न स्रोतबाट आई विभिन्न अर्थ जनाउन प्रयुक्त हुन्छन् । नेपाली भाषामा पनि आफ्नै किसिमको शब्दभण्डार रहेको हुन्छ । नेपाली भाषाको शब्दभण्डार तत्सम, तद्भव र आगन्तुक स्रोतबाट आएका शब्दहरूले समृद्ध बनेको छ । पाठ्यक्रमले निर्देश गरेअनुसार यहाँ पर्यायवाची, विपरीतार्थक, श्रुतिसमभिन्नार्थक, अनेकार्थक, लघुतावाची, सङ्क्षिप्त शब्द, प्रतीकात्मक शब्द, अनुकरणात्मक शब्द आदि रहेका छन् । यी विविध अर्थयुक्त शब्दहरूले नेपाली भाषाको शब्दभण्डारलाई समृद्ध बनाएको छ ।

### १.१ पर्यायवाची शब्द

कुनै पनि शब्दका उस्तै वा समान अर्थ दिने अन्य शब्दलाई पर्यायवाची शब्द भनिन्छ । अभिव्यक्तिका क्रममा एउटा पर्यायवाची शब्दका ठाउँमा अर्को पर्यायवाची शब्द पनि प्रयोग गर्न सकिन्छ । कुनै पनि शब्दको पर्यायवाची शब्द एक वा एकभन्दा बढी पनि हुन सक्छन् :

| | | | | | |
|---|---|---|---|---|---|
| हात | – | हस्त, कर, भुजा, पाणी | हावा | – | पवन, समिर, वायु, बतास |
| क्षीण | – | दुब्लो, निर्धो, निर्बल, पातलो, लुते | त्रास | – | मुक्ति, बचाउ, छुटकरा, रक्षा |
| रात्रि | – | रात, रजनी, निशा | रूख | – | वृक्ष, पादक, द्रुम, तरु |
| वन | – | अरण्य, जङ्गल, कानन | विश्वास | – | आस्था, निष्ठा |
| शिशु | – | बच्चो, बाल, बालक | साथी | – | मित्र, सङ्गी, सहृदयी, सहयोगी |
| सूर्य | – | भानु, दिवाकर, भाष्कर, रवि | पति | – | स्वामी, लोग्ने, नाथ, श्रीमान् |
| पत्नी | – | श्रीमती, स्वास्नी, जोई | पिता | – | बुबा, जनक, बा, बाबा |

| | | | | | |
|---|---|---|---|---|---|
| पृथ्वी | — | भू, भूमि, धरा, धर्ती, वसुन्धरा | प्रेम | — | प्यार, स्नेह, माया |
| फूल | — | पुष्प, कुसुम, सुमन | बल | — | क्षमता, शक्ति, ताकत, पाइन |
| बाटो | — | पथ, पन्थ, मार्ग | नजिक | — | निकट, नगिच, समिप |
| नयाँ | — | नौलो, नवीन, नूतन, नव | नृप | — | राजा, भूपति, नृपति, नरेश |
| पहाड | — | पर्वत, शिखर, गिरि, शैल | मान्छे | — | मानव, नर, मनुष्य, जन, मानिस, मनुज |
| युद्ध | — | समर, लडाईँ, रण, कटक, जङ्ग | राक्षस | — | दैत्य, असुर, दानव |

## १.२ विपरीतार्थक शब्द

कुनै शब्दको उल्टो वा विपरीत अर्थ दिने शब्दलाई विपरीतार्थक शब्द भनिन्छ। एउटाको उल्टो अर्को उदाहरण दिनुपर्दा वा भिन्नता देखाउनुपर्दा विपरीतार्थ शब्दको प्रयोग गरिन्छ। सबै शब्दहरूका विपरीतार्थक शब्द हुनुपर्छ भन्ने छैन।

नेपाली भाषामा प्रचलित केही विपरीतार्थक शब्दहरू

| | | | |
|---|---|---|---|
| भित्र | — बाहिर | सपना | — विपना |
| युद्ध | — शान्ति | अघि | — पछि |
| अर्पण | — ग्रहण | उकालो | — ओरालो |
| एक | — अनेक | आशा | — निराशा |
| सुन्दर | — कुरूप | नजिक | — टाढा |
| नाफा | — नोक्सान | अमृत | — विष |
| मिलन | — बिछोड | आस्तिक | — नास्तिक |
| जेठो | — कान्छो | आदि | — अन्त्य |
| मोटो | — दुब्लो | विस्तृत | — सङ्कुचित |
| उत्थान | — पतन | ठिक | — बेठिक |
| आकर्षण | — विकर्षण | आय | — व्यय |
| इज्जत | — बेइज्जत | मूर्ख | — विद्वान् |

| | | | |
|---|---|---|---|
| लाभ | – हानि | खण्डन | – मण्डन |
| उत्थान | – पतन | पाप | – पुण्य |
| संयोग | – वियोग | बृहत् | – सङ्क्षिप्त |
| खाली | – भरी | पूर्वीय | – पाश्चात्य |
| साहु | – आसामी | उठान | – बैठान |
| जन्म | – मृत्यु | आँसु | – हाँसो |
| अँध्यारो | – उज्यालो | अखण्ड | – खण्ड |
| उदय | – अस्त | धनी | – गरिब |
| फेद | – टुप्पो | प्राकृतिक | – कृत्रिम |
| आकाश | – पाताल | आस्तिक | – नास्तिक |
| आगो | – पानी | वर | – पर |
| घर | – वन | मर्द | – नामर्द |
| विगत | – आगत | जीवन | – मरण |
| विकास | – विनाश | गुन | – बैगुन |
| अनुकूल | – प्रतिकूल | अग्लो | – होचो |
| अर्थ | – अनर्थ | साक्षर | – निरक्षर |
| औपचारिक | – अनौपचारिक | जागृत | – सुषुप्त |
| त्याग | – स्वीकार | संश्लेषण | – विश्लेषण |
| झगडा | – मेल | सुगम | – दुर्गम |
| माया | – घृणा | भाले | – पोथी |

## १.३ श्रुतिसमभिन्नार्थक शब्द

बोल्दा र सुन्दा उस्तै लागे तापनि भिन्न अर्थ हुने शब्दजोडीलाई श्रुतिसमभिन्नार्थक शब्द भनिन्छ । यी लेख्दा फरक देखिए पनि बोल्दा वा सुन्दा झन्डै झन्डै समान जस्ता लाग्दछन् । यस्ता शब्दको छनोट समग्र उच्चारणका आधारमा गरिन्छ । जस्तै :

| | | | |
|---|---|---|---|
| खाली<br>खालि | – रित्तो<br>– केवल | बास<br>बाँस | – बस्ने ठाउँ<br>– एक प्रकारको रूख |
| बाजी<br>बाजि | – होड<br>– पटक | सीता<br>सिता | – रामकी पत्नी<br>– भातको सानो अंश |

| | | | |
|---|---|---|---|
| कुल<br>कूल | — वंश<br>— जम्मा | चिर<br>चीर | — लामो<br>— लुगा |
| नव<br>नभ | — नयाँ<br>— आकाश | आभास<br>आवास | — अड्कल<br>— घर |
| कृति<br>कीर्ति | — सिर्जना<br>— यश | सुन<br>सुन | — सुन्ने काम गर<br>— स्वर्ण |
| सब<br>शव | — सबै<br>— लास | अन्न<br>अन्य | — अनाज<br>— अरू |
| आँट<br>आँत | — हिम्मत<br>— भित्री अङ्ग | उपर्युक्त<br>उपयुक्त | — माथि भनिएको<br>— उचित |
| गर्व<br>गर्भ | — घमण्ड<br>— पेट | तिर<br>तीर | — तर्फ<br>— किनारा |
| नारी<br>नाडी | — स्त्री<br>— धमनी | भाडा<br>भाँडा | — शुल्क<br>— भाँडावर्तन |
| प्रदान<br>प्रधान | — दिनु<br>— मुख्य | विष<br>बीस | — जहर<br>— सङ्ख्या |
| खट<br>खत | — बोक्ने साधन<br>— दाग | दिन<br>दीन | — चौबिस घण्टाको समय<br>— दु:खी |
| जाति<br>जाती | — जात<br>— उत्तम | फेरि<br>फेरी | — पुन<br>— परिक्रमा |
| बेस<br>भेष | — राम्रो<br>— पहिरन | महिना<br>मैना | — ३० दिन<br>— चरो |
| यति<br>यती | — मात्रा<br>— हिममानव | यस<br>यस | — यो<br>— कीर्ति |
| लहर<br>लहड | — पङ्क्ति<br>— मनको तरङ्ग | पालि<br>पाली | — पटक<br>— घरसँग गाँसिएको भाग |

## १.४ अनेकार्थक शब्द

दुई वा दुईभन्दा बढी अर्थ दिने एउटा शब्दलाई अनेकार्थक शब्द भनिन्छ । यस्ता शब्दको

छुट्टै अर्थ किटान गर्न नसकिए पनि वाक्यमा आएपछि भने विषय वा प्रसङ्गअनुसार फरक फरक अर्थ निस्कने गर्दछ । जस्तै :

| | | | |
|---|---|---|---|
| गोल | – समूह, अँगार, बाटुलो | जुवा | – खेल, जोत्दा गोरुको काँधमा लगाइने काठ |
| जुन | – संयोजक, सर्वनाम, चन्द्रमा | पत्र | – चिठी, पाना, तह |
| माझ | – बिच, मध्य, सफा गर | ताल | – पोखरी, ढाँचा, सुर |
| पक्ष | – पन्ध्र दिन, तर्फ, पखेटा | अर्थ | – धन, मतलब |
| जाल | – झेल, पासो | टीका | – निधारको शोभा, व्याख्या, दशैँ |
| असार | – महिना, सार नभएको | कर | – तिरो, ढिपी, हात |
| मास | – महिना, खर्च गर | काल | – समय, मृत्यु |
| पूरा | – पूर्ण, जुठो | साल | – एक प्रकारको रूख, वर्ष |
| तान | – लुगा बुन्ने तान, लय, सुर | हात | – अङ्ग, भूमिका |
| हार | – पङ्क्ति, पराजय, माला | नगर | – सहर, निषेध |
| गोल | – कोइला, अङ्गार, गोलो भएको | खाल | – प्रकार, जुवा खेल्ने ठाउँ |

## १.५ अनुकरणात्मक शब्द

कुनै पनि दृश्य, आवाज, घटना आदिको नक्कल गर्दा निर्माण हुने शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ । यस्ता शब्दहरू देखेर वा सुनेर अनुकरण गरिएका हुन्छन् । अनुकरणात्मक शब्द ठेट नेपाली शब्द हुन् । यस्ता शब्दको प्रयोगले अभिव्यक्तिमा रोचकता आउँछ ।

नेपाली भाषामा प्रचलित केही अनुकरणात्मक शब्दहरू

| अनुकरणात्मक शब्द | अनुकरणात्मक शब्द |
|---|---|
| जऱ्याकजुरुक (एकाएक उठ्नु) | लुगलुग (काप्नु) |
| कुपुक्क (खानु) | खलखल (पसिना आउनु) |
| टुप्लुक्क (आइपुग्नु) | खचाखच (भरिनु) |
| झ्वाम्म (पानीमा हाम फाल्नु) | झमझम (पानी पर्नु) |
| धपक्क (बल्नु) | भकभकी (उमाल्नु) |
| फुत्त (निस्कनु) | निथ्रुक्क (भिज्नु) |

| | |
|---|---|
| प्वाक्क (हान्नु) | थचक्क (बस्नु) |
| अकमक्क (पर्नु) | पिच्च (थुक्नु) |
| अचम्म (पर्नु) | लुगलुग (काप्नु) |
| कक्रक्क (पर्नु) | बर्र (आँसु झार्नु) |
| खिस्स (हाँस्नु) | फतक्क (गल्नु) |
| गुनगुन (कुरा गर्नु) | मिरमिर (उज्यालो हुनु) |
| रनक्क (ताल्नु) | टपक्क (टिप्नु) |
| भुसुक्क (निदाउनु) | मुसुक्क (हाँस्नु) |
| फटाफट (हिँड्नु) | जुरुक्क (उठ्नु) |
| भुर्र (उड्नु) | हुरुक्क (हुनु) |
| सुटुक्क (जानु) | चिर्रचिर्र (चिरविराउनु) |
| चुर्लुम्म (डुब्नु) | भतभती (पोल्नु) |
| गद्गद (खुसी हुनु) | बुरुक्क (उफ्रनु) |
| कुरुमकुरुम (चपाउनु) | टपक्क (टिप्नु) |
| चटक्क (छाड्नु) | ढ्याप्प (ढप्काउनु) |
| टहटह (जून लाग्नु) | गमक्क (पर्नु) |

## १.६ प्रतीकात्मक शब्द

प्रतीकका माध्यमबाट व्यक्त हुने शब्दलाई प्रतीकात्मक शब्द भनिन्छ । यसले साङ्केतिक अर्थ प्रदान गर्दछ । प्रतीकात्मक शब्द साहित्य रचनामा बढी प्रयोग हुन्छ । प्रतीकले सोझो अर्थ प्रदान नगरी व्यञ्जनात्मक अर्थ दिन्छ । यसले भाषालाई स्वादिलो र सरस बनाइदिन्छ ।

जस्तै :

हर्के त कस्तो साँढे रहेछ जति भने पनि मान्दैन ।

मुखिया बाजे दुःशासन थिए ।

श्याम त कस्तो कुम्भकर्ण रहेछ ।

माथिको उदाहरणमा रेखाङ्कित शब्दको अर्थ सोझो रूपमा खोज्दा पाउन सकिँदैन तर व्यञ्जनात्मक रूपमा भने त्यसको खास अर्थ हुन्छ । जस्तै साँढेको अर्थ मिचाहा, दुःशासनको अर्थ दुष्ट र कुम्भकर्णको अर्थ सुताहा हुन आउँछ ।

नेपाली भाषामा केही प्रचलित प्रतीकात्मक शब्दहरू

| प्रतीकात्मक शब्द | अर्थ |
|---|---|
| कृष्ण | कर्मयोगी |
| हिमालय | अटलता/उच्चता |
| हिटलर | क्रुर/हत्यारा |
| सागर | गम्भिरता |
| सगरमाथा | स्वाभिमान/सर्वोच्चता |
| सावित्री | पतिव्रता |
| सर्प | दुःख दिने |
| एकलव्य | एकचित्त भई काम गर्ने वा एक्लै गर्ने |
| राक्षस | दुर्जन |
| बकुल्लो | ध्यानी |
| देवता | सज्जन |
| शकुनि | षड्यन्त्रकारी |
| भीम | पहलवान् |
| गौप्राणी | सिधासाधा |
| चन्द्रमा | शीतलता/ सुन्दरता |
| चाणक्य | नीतिवान्/कूटनीतिज्ञ |
| राक्षस | दुर्जन |

| प्रतीकात्मक शब्द | अर्थ |
|---|---|
| कर्ण | दानी |
| कुबेर | धनी |
| बाँदर | चकचके |
| कुम्भकर्ण | सुताहा |
| कोइली | मिठो स्वर भएको |
| कालिदास | मूर्ख |
| जङ्गबहादुर | आँटी |
| रामराज्य | सुखी राज्य |
| नुन | ऋण |
| दुर्योधन | घमण्डी |
| सुदामा | गरिब |
| सीता | पवित्रता |
| स्याल | बाठो |
| विदुर | ज्ञानी |
| मौरी | परिश्रमी |
| भीष्म | दृढ प्रतिज्ञा गर्ने |
| नारद | कुरौटे/सन्देशवाहक |

## १.७ सार शब्द/सिङ्गो शब्द

धेरै शब्दहरूले बुझाउने अर्थ एउटै शब्दले दिन्छ भने त्यस्तो शब्दलाई सार शब्द भनिन्छ। सार शब्दलाई सिङ्गो वा एकल शब्द पनि भनिन्छ। सार शब्दको प्रयोगले अभिव्यक्तिलाई रसिलो, कसिलो तथा प्रभावकारी समेत बनाउँछ।

नेपाली भाषामा प्रचलित केही सार शब्दहरू

रातमा आँखा नदेख्ने रोग — रतन्दो

घाममा सुकाएको अन्न — बिस्कुन

राष्ट्रको निम्ति जीवन दिने व्यक्ति — सहिद

| | | |
|---|---|---|
| देख्न नसकिने | – | अदृश्य |
| जसको कुनै शत्रु छैन | – | अजात शत्रु |
| कसैले भनेको नटेर्ने | – | अटेरी |
| जो कहिल्यै पनि मर्दैन | – | अमर |
| आँखा नदेख्ने | – | अन्धो |
| बेकाममा हिँडिरहने | – | अल्लारे |
| आफूले आफैँलाई मार्ने काम | – | आत्महत्या |
| जो अरूको उपकार देख्दछ | – | कृतज्ञ |
| चारैतिर तुना बाँधेर लगाइने चोली | – | चौबन्दी |
| आमाबाबु मरेको अनाथ | – | टुहुरो |
| दश वर्षको अवधि | – | दशक |
| विवाहमा छोरीचेलीलाई दिइने धनसम्पत्ति | – | दाइजो |
| कहिल्यै नमर्ने | – | अमर |
| ईश्वरमा विश्वास नगर्ने | – | नास्तिक |
| लगातार कविता लेख्न सक्ने कवि | – | आशुकवि |
| राष्ट्रको निम्ति जीवन दिने व्यक्ति | – | सहिद |
| कहिल्यै नमर्ने | – | अमर |
| काट्न नसकिने | – | अकाट्य |
| एउटा आँखो नभएको | – | कानो |

## १.८ लघुतावाची शब्द

वस्तुको सानो रूप, आकार वा भावलाई जनाउने शब्दलाई लघुतावाची शब्द भनिन्छ। लघुतावाची शब्दलाई क्षुद्रतावाची वा लघुवाचक शब्द पनि भनिन्छ।

नेपाली भाषामा प्रचलित केही लघुतावाची शब्दहरू

| | | | |
|---|---|---|---|
| भात | – सितो | आगो | – झिल्को |
| सुन्तला | – केस्रो | चिया | – सुर्को |
| धागो | – सरो | खोपो | – खोपी |
| खाट | – खटिया | पुस्तक | – पुस्तिका |

| | | | |
|---|---|---|---|
| काँक्रो | – चिरो | नुन | – ढिको |
| मासु | – चौटा | चिम्टा | – चिम्टी |
| गेडा | – गेडी | चुरा | – चुरी |
| किरो | – किरी | डोरी | – पोयो |
| रोटी | – टुक्रा | दाउरा | – छेस्को |
| तोरी | – गेडो | धान | – बालो |
| अनार | – दानो | कोदालो | – कोदाली |
| झोला | – झोली | पटुका | – पटुकी |
| रगत | – थोपो | साग | – त्यान्द्रो |
| बोट | – टुसो | कपाल | – रौँ |
| तेल | – थोपो | पानी | – छिटो |
| चरा | – चरी | अचार | – पित्को |
| बटुको | – बटुकी | डालो | – डाली |
| टीका | – टिकी | कचौरा | – कचौरी |

## १.९ सङ्क्षिप्त शब्द

एक वा एकभन्दा बढी शब्दका अघिल्ला अक्षरहरूबाट बनाइएको शब्दलाई सङ्क्षिप्त शब्द भनिन्छ । नेपाली भाषामा धेरै शब्दहरूको प्रयोग गरिहनुको सट्टा ती शब्दहरूका अघिल्ला अक्षरबाट नयाँ शब्द बनाएर प्रयोग गर्ने चलन रहेको छ । यिनले वाक्यलाई छरितो र अभिव्यक्तिलाई पनि सङ्क्षिप्त बनाउन सहयोग पुऱ्याउँछन् । सङ्क्षिप्त शब्दका अगाडि सङ्क्षेप चिह्न;) को प्रयोग गरिन्छ तर अहिले एकभन्दा बढी अक्षर हुँदा चाहिँ जोडेर लेख्ने प्रचलन पनि छ ।

### नेपाली भाषामा प्रचलित केही सङ्क्षिप्त शब्दहरू

गाविस – गाउँ विकास समिति

प्रअ – प्रधानाध्यापक

गोदबा – गोरखा दक्षिण बाहु

प्रावि – प्राथमिक विद्यालय

निमावि – निम्न माध्यमिक विद्यालय

मावि – माध्यमिक विद्यालय

विनि – विद्यालय निरीक्षक

जिविस — जिल्ला विकास समिति
काजि — काठमाडौँ जिल्ला
रासस — राष्ट्रिय समाचार समिति
अदुअआ — अख्तियार दुरुपयोग अनुसन्धान आयोग
आव — आकाश वाणी
क्षेशिका — क्षेत्रीय शिक्षा कार्यालय
आव — आर्थिक वर्ष
ईसं — ईश्वी सम्वत्
कामु — कायम मुकायम
असइ — असिस्टेन्ट सव इन्सपेक्टर
प्रजिअ — प्रमुख जिल्ला अधिकारी
रासस — राष्ट्रिय समाचार समिति
गोप — गोरखापत्र
पनिका — परीक्षा नियन्त्रण कार्यालय
नेटिभि — नेपाल टेलिभिजन
गोभाप्रस — गोरखा भाषा प्रकाशिनी समिति

## अभ्यास

१. **तल दिइएका निम्न शब्दहरूका पर्यायवाची शब्द लेख्नुहोस् :**

आगो, केश, ईश्वर, आमा, पिता, उपहार, घर, सूर्य, मानिस, फूल, दीप, संसार, गरिब, रात, किताब, पृथ्वी, बगैँचा, नयाँ, बल, भाग, जङ्गल, साथी, नमस्कार, हात, चन्द्रमा, बाटो, अवसर, पोखरी, आकाश, मन्दिर

२. **तल दिइएका शब्दहरूका विपरीतार्थक शब्द लेख्नुहोस् :**

आशा, मूर्ख, बालक, खराब, प्रश्न, घाम, सरल, हित, चाँडो, मान, उच्च, सम्पन्न, गाउँ, उच्च, पछि, मरण, साँझ, जेठो, उपकार, रस, सुन्दर, विपना, भित्र, राम्रो, दर्लभ, सुदिन, सुरु, मानव, एक, पक्ष, रोजगार, प्रेम

३. **तल दिइएका शब्दहरूका सिङ्गो शब्द लेख्नुहोस् :**

जति बुझाए पनि नबुझ्ने, सय वर्षको समय, जसलाई देख्न सकिँदैन, ईश्वरमा विश्वास नगर्ने, यस लोकमा नभएको, जति खाए पनि नअघाउने, आँखा नदेख्ने, दश वर्षको समय, कर्ममा विश्वास गर्ने, कान नसुन्ने, सधैँ बाँचिरहने, खुकुरी राख्ने खोल

४. **तल दिइएका शब्दहरूको श्रुतिसमभिन्नार्थक शब्द लेख्नुहोस् :**

तिर, आँट, पारी, फूल, फेरि, पूरा, घट, खट, दिन, खाट, गोता, कोट, हाट, नारी, मोटी, टाप, शीत, भोक, कीर्ति, शव, जाति, विष, गर्भ, सिता, नशा, जुन, शूर, खालि, चरण, भोक, प्रदान, टोक्नु, डर, नारी

५. **तल दिइएका शब्दहरूको लघुतावाची शब्द लेख्नुहोस् :**

अचार, नुन, तेल, गेडा, चिम्टा, कोदाली, कचौरो, ठेको, डाको, घाँस, सिस्नु, अनार, खेत, झोला, भात, चम्चा, गेडो, डालो, दाउरा, बटुका, किरो, थाल, केरा, घण्टा, पानी, टिको, चरो

६. **तल दिइएका शब्दहरूको अनेक अर्थ लेख्नुहोस् :**

हार, ताल, पत्र, बेला, सुन, साँचो, तान, कल, फल, तर, वर, बल, मास, साल, धान, माझ, भर, पाल, थाल, नगर, पेटी, पुतली, थाम

७. **तल दिइएका सङ्क्षिप्त शब्दको विस्तारित रूप लेख्नुहोस् :**

गा.वि.स, गो.द.वा, नि.मा.वि, मा.वि, रा.स.स, लो.से.वा, प्र.अ, ज.ब.रा, अ.स.इ, का.मु, क्षे.शि.नी, का.म.न.पा, जि.वि.स, जि.प्र.का

८. **तल दिइएका प्रतीकात्मक शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् :**

नारद, हिमाल, महाभारत, कर्ण, राक्षस, शकुनी, हिटलर, गधा, काग, मौरी, हात्ती, जुका, बाँदर, परेवा, भेडो, सीता, स्याल, साँढे, खरायो, पृथ्वी, सागर, सर्प, राम, कुम्भकर्ण, लक्ष्मण, रामराज्य, गाई, पत्थर, गोरु, बकुल्लो, नौनी, चमेरो

९. **तल दिइएको अनुकरणात्मक शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

अकमक्क, कपाकप, क्वाँक्वाँ, खुरुखुरु, खिस्स, गमक्क, गद्‌गद्, गुनगुन, घटघटी, चिटचिट, च्वास, जुरुक्क, झुलुक्क, झ्याम्म, टलक्क, टिनिन्न, ढकमक्क, दनदनी, धुरुधुरु, निथ्रुक्क, निस्पट्ट, बर्र, भुर्र, मखख, रनक्क

१०. **कोष्ठकबाट मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

(क) ............... अनेकार्थी शब्द हो । (पत्र, पुत्र, छात्र)

(ख) 'फल' शब्दको अर्थ ........... हो । (बल, छल, परिणाम)

(ग) 'चञ्चल' को पर्यायवाची शब्द ...... हो । (निश्चल, चुलबुले, ग्वाँजे)

(घ) 'चुनाउ' को पर्यायवाची शब्द ........हो । (निर्वाचन, गणना, घोषणा)

(ङ) 'साहु' को विपरितार्थक शब्द ........... हो । (धनी, आसामी, सेठ)

(च) आँधी–आधी ....शब्द हुन् । (अनेकार्थक, श्रुतिसमभिन्नार्थी, लघुवाची)

(छ) .........अनेकार्थ शब्द हो । (कसार, कछाड, कपास)

(ज) 'जननी' को पर्यायवाची शब्द .......हो । (माता, पिता, भ्राता)

(झ) 'अर्थ' शब्दको अर्थ ..........हो । (धन, मतलव, व्यर्थ)

(ञ) 'कुसुम' को पर्यायवाची शब्द ..........हो । (सुमन, गमन, मनन)

(ट) 'बिहान' को विपरीतार्थक शब्द ......होइन । (साँझ, प्रभात, सन्ध्या)

(ठ) दिन-दिन .........शब्द होइन । (अनेकार्थक, श्रुतिसमभिन्नार्थी, लघुवाची)

(ड) 'उद्यम' को पर्यायवाची शब्द .......... हो । (मिलन, इलम, सङ्गत)

(ढ) 'निरपेक्ष' को विपरीतार्थी शब्द ......... हो । (रूख, लहरा, दुलाहा)

(ण) 'सूर्य' को पर्यायवाची शब्द ...... हो । (प्रकाश, प्रभात, प्रभाकर)

(त) ..... श्रुतिसमभिन्नार्थी शब्द हो । (दया-माया, पट्टि-पट्टी, क्रान्ति-भ्रान्ति)

(थ) .........अनेकार्थी शब्द हो । (उत्तर, दक्षिण, पश्चिम)

(द) ..........अनेकार्थी शब्द होइन । (कर, तर, पर)

(ध) 'शक्ति' को पर्यायवाची शब्द ..........हो । (कोसिस, प्रयास, क्षमता)

(न) 'देव' को विपरीतार्थक शब्द ......हो । (दानव, मानव, भगवान्)

(प) 'नदी' को पर्यायवाची शब्द ......हो । (झरना, छाँगो, सरिता)

(फ) .........अनेकार्थी शब्द हो । (अत्तर, उत्तर, खप्तड)

(ब) कोत-कोट अर्थ ........हुन् । (पर्यायवाची, अनेकार्थी, श्रुतिसमभिन्नार्थी)

(भ) 'कल' शब्दको अर्थ ....... हुन् । (झगडा, भोक, मेसिन)

(म) .....अनेकार्थ शब्द हो । (मास, मुगी, चना)

(य) 'रहर' शब्दको अर्थ .....होइन । (दाल, चाहना, उपेक्षा)

(र) सित-शित.....शब्द हुन् । (पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी)

(ल) 'युक्ति' शब्दको पर्यायवाची शब्द ........ हो । (उपाय, चौपाय, असहाय)

(व) .....शब्दको पर्यायवाची शब्द दौँतरी हो । (सहयोगी, साथी, सहायक)

(श) 'साहु' को ......विपरीतार्थी शब्द हो । (आसामी, धनी, सलामी)

(ष) ........ अनेकार्थी शब्द हो । (व्यर्थ, अर्थ, स्वार्थ)

(स) 'जून' शब्दको पर्यायवाची शब्द ...... हो । (शशि, भानु, सिन्धु)

(ह) 'उदार' को विपरीतार्थी शब्द ........ हो । (सङ्कीर्ण, दयालु, उधारो)

(क्ष) अनेकार्थी शब्द ........ होइन । (ताल, मल, जाल)

(त्र) 'देवता' शब्दको पर्यायवाची शब्द ..... हो । (सुर, असुर, दानव)

(ज्ञ) 'दिन–दीन' ...... शब्द हुन् । (पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी)

**११. कोष्ठकबाट मिल्दो प्रतीकात्मक शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

(क) 'राक्षस' शब्दको प्रतीकात्मक शब्द .................हो । (दुर्जन, मूर्ख, व्यभिचारी)

(ख) 'नारद' शब्दको प्रतीकात्मक शब्द .................हो । (सत्यवादी, कुरौटे, त्यागी)

(ग) 'हिमाल' शब्दको प्रतीकात्मक शब्द .................हो । (कञ्चन, अटल, अमर)

(घ) 'बाँदर' शब्दको प्रतीकात्मक शब्द .................हो । (ख्याउटे, परिश्रमी, चकचके)

(ङ) 'गङ्गा' शब्दको प्रतीकात्मक शब्द .................हो । (पवित्र, सागर, पहाड)

**१२. कोष्ठकबाट मिल्दो अनुकरणात्मक शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

(क) अनुकरणात्मक शब्द .................... हो । (ढकमक्क, रसिलो, रतन्धो)

(ख) अनुकरणात्मक शब्द .................... हो । (विशाल, धमाधम, लगातार)

(ग) अनुकरणात्मक शब्द .................... हो । (रसिलो, रतन्धो, ढकमक्क)

(घ) अनुकरणात्मक शब्द .................... हो । (खुसुक्क, कोमल, अचम्म)

(ङ) अनुकरणात्मक शब्द .................... हो । (सम्म, भुर्र, बाहिर)

**१३. तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) पर्यायवाची शब्द भनेको के हो ?

(ख) विपरीतार्थ शब्द भनेको के हो ?

(ग) श्रुतिसमभिन्नार्थक शब्द भनेको के हो ?

(घ) अनेकार्थक शब्द र सङ्क्षिप्त शब्दलाई उदाहरणसहित लेख्नुहोस् ।

एकाइ १३

# शब्दनिर्माण प्रक्रिया

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

भाषाका नयाँ शब्द बनाउने वा रचना गर्ने कामलाई शब्दनिर्माण प्रक्रिया भनिन्छ । शब्दनिर्माण भन्नाले व्युत्पन्न पद्धतिबाट नयाँ शब्द बनाउने प्रक्रिया भन्ने बुझिन्छ । शब्दनिर्माण प्रक्रियामा भाषाको नियमअनुसार आधार तत्त्व (धातु शब्द/प्रतिपादन) सँग आधेय तत्त्व (उपसर्ग, प्रत्यय शब्द) को मेल वा जोड गरिन्छ । नेपालीमा भाषमा शब्दनिर्माण गर्नका लागि उपसर्ग, प्रत्यय, समास र द्वित्व पद्धतिहरू प्रयोग गरिन्छन् ।

### शब्दनिर्माण पद्धति

| पद्धति | आधार तत्त्व | आधेय तत्त्व | शब्द रचना | व्युत्पन्न शब्द |
|---|---|---|---|---|
| उपसर्ग | राज्य (शब्द) | अधि (उपसर्ग) | अधि + राज्य | अधिराज्य |
| प्रत्यय | पोत् (धातु) | आरो (प्रत्यय) | पोत् + आरो | पोतारो |
| समास | हरेक (शब्द) | दिन (शब्द) | हरेक + दिन | हरदिन |
| द्वित्व | झल्को (शब्द) | झल्को (शब्द) | झल्को + झल्को | झझल्को |

## २. शब्दनिर्माणका आधारमा शब्दका प्रकार

शब्दको बनोट हेर्दा भाषामा केही शब्दहरू धातु र शब्दमा उपसर्ग, प्रत्यय लागेर तथा शब्द नै दोहोरिएर निर्माण गरिएका हुन्छन् भने केहीको चाहिँ व्युत्पत्ति नै हुँदैन र ती आफै बनेका हुन्छन् । आफैँ बनेका र बनाइका वा निर्माण गरिएका आधारमा शब्द मूल र व्युत्पन्न गरी दुई प्रकारका हुन्छन् ।

| | |
|---|---|
| शब्द | (क) मूल शब्द : काँठ, घर, फूल, केटो, माटो, ढुङ्गा, आँसु |
| | (ख) व्युत्पन्न शब्द : प्रहार, घरेल, नेपाली, भनाइ, सुपुत्र, आआफ्नो, खन्चुवा, संहार |

### (क) मूल शब्द :

मूल शब्दको बनोट हुँदैन, त्यसैले यसलाई अव्यत्पन्न वा स्वतः निर्मित शब्द पनि भनिन्छ ।

मूल शब्दलाई टुक्र्याउन सकिँदैन । नेपालीमा उपसर्ग तथा प्रत्यय नलागेका अनि समास र द्वित्व नभएका शब्दहरूका रूपमा रहन्छन् । यसलाई रुढ शब्द पनि भनिन्छ । जस्तै : टोका, झ्याल, रूख, हात, टाउको, ऐना, कालो, रातो, फूल, वर, पर आदि ।

### (ख) व्युत्पन्न शब्द

सर्ग (पर/पूर्व), समास, द्वित्वबाट निर्माण गर्ने प्रक्रियालई शब्द व्युत्पादन भनिन्छ । व्युत्पादन भनेको बनाउनु हो । व्युत्पादनबाट बनेको शब्दलाई यौगिक शब्द पनि भनिन्छ । यस्ता शब्द (व्यत्पन्न/यौगिक) हरू निर्माण हुने प्रक्रियाहरू निम्न छन् :

उपसर्ग : मूल शब्दको अगाडि शब्द अंश जोडिएर

प्रत्यय : मूल शब्दको पछाडि शब्द अंश जोडिएर

समास : मुक्त शब्दहरूको मेल भएर

द्वित्व : शब्द वा शब्दांश दोहोरिएर

## अभ्यास

१. **तलका शब्दहरू मूल र व्युत्पन्न के हुन् ? छुट्याएर लेख्नुहोस् :**

पहाड, घरेलु, झझल्को, पराइ, विदेशी, नेपाली, लेख, घाम, बिहान, सुनौली, पहाड, घरैघर, खेलौना, सूर्य, प्रहार, बेकार, भाइभाइ, भातसात, रतन्धो, पानी, कलम, संवाद, ससाना, पढाइ, निर्दोष, रतन्धो, विद्यालय, अज्ञान, पुस्तक, घर, सुन, चाँदी, ऐना, दराज

२. **तलका वाक्यबाट मूल र व्युत्पन्न शब्दहरू छान्नुहोस् :**

(क) ठुल्ठुला रूख त तराईमा पो हुन्छन् ।

(ख) सलल पानी बग्दै गयो ।

(ग) घरेलु कपडा सस्तो र बलियो हुन्छ ।

(घ) बलौटे माटोमा खेती राम्रो हुँदैन ।

(ङ) सफल विद्यालयमा पढ्दै छ ।

(च) सुजनको लेखाइ सफा र सुन्दर छ ।

(छ) घरघरै चहारेर हिँड्नु राम्रो होइन ।

(ज) हामी नेपाली जनता परिश्रमी छौँ ।

(झ) चलन भनेर हुँदैन चलन राम्रो हुन आवश्यक छ ।

(ञ) लखन सोझो र भलाद्मी छ ।

(ट) हरिलाई राधाको झझल्को आयो ।

(ठ) चरी वनबनै रमाउँदै डुल्छ ।

(ड) हिउँको चिसोपनाले रुघा लाग्यो ।

(ढ) मायालु मानिस दयालु हुन्छन् ।

(ण) निरोगी हुनाले उच्च सोचाइ उत्पन्न हुन्छ ।

३. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) शब्दनिर्माण प्रक्रिया भनेको के हो ?

(ख) मूल शब्द भनेको के हो ?

(ग) व्युत्पन्न शब्द भनेको के हो ?

(घ) मूल र व्युत्पन्न शब्दमा के भिन्नता छ ? उदाहरण दिएर लेख्नुहोस् ।

एकाइ १४

# उपसर्गबाट शब्दनिर्माण

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

| मूल शब्द अर्थ | व्युत्पन्न शब्द | अर्थ |
|---|---|---|
| मान् (आदर) | अभि + मान = अभिमान | घमण्ड |
| | वि + मान = विमान | हवाईजहाज/यान |
| | परि + मान = परिमाण | मात्रा |
| | अप + मान = अपमान | अनादर |
| | निर् + मान = निर्माण | संरचना |
| | प्र + मान = प्रमाण | सबुत |
| | अनु + मान = अनुमान | अन्दाज |

आफ्नो स्वतन्त्र अर्थ नभएको तर मूल शब्दमा जोडिएपछि त्यसको अर्थमा विचलन ल्याउन सक्ने सर्गलाई उपसर्ग भनिन्छ । आधार शब्दभन्दा अघिल्तिर आउने हुनाले यसलाई पूर्वसर्ग पनि भनिन्छ । एउटा मूल शब्दमा धेरै उपसर्गहरू लाग्न सक्छन् र तिनले भिन्नाभिन्नै अर्थ सिर्जना गर्न सक्छन् ।

## २. उपसर्गबाट शब्दनिर्माण

**अनु (पछि, नजिक, कम अर्थ बुझाउने)**

अनु + हार = अनुहार
अनु + भव = अनुभव
अनु + रूप = अनुरूप
अनु + छेद = अनुच्छेद
अनु + करण = अनुकरण
अनु + राग = अनुराग
अनु + चर = अनुचर
अनु + मान = अनुमान
अनु + शासन = अनुशासन
अनु + वाद = अनुवाद
अनु + सार = अनुसार
अनु + अय = अन्वय

**अति (धेरै, बढी अर्थ बुझाउने)**

अति + रथि = अतिरथि
अति + रिक्त = अतिरिक्त
अति + अन्त = अत्यन्त
अति + सार = अतिसार

अति + इत = अतीत | अति + आचार = अत्याचार
अति + शय = अतिशय | अति + वृष्टि = अतिवृष्टि
अति + विस्तार = अतिविस्तार | अति + वादी = अतिवादी

**अ (निशेष, अभाव, प्रतिकूल)**

अ + सजिलो = असजिलो | अ + खण्ड = अखण्ड
अ + पुग = अपुग | अ + सन्तोष = असन्तोष
अ + बेला = अबेला | अ + विश्वास = अविश्वास
अ + चेत = अचेत | अ + छुत = अछुत
अ + काल = अकाल | अ + चुक = अचुक
अ + गतिलो = अगतिलो | अ + बेर = अबेर
अ + योग = अयोग्य | अ + हित = अहित

**अधि (धेरै, बढी, विशेष)**

अधि + मास = अधिमास | अधि + राज्य = अधिराज्य
अधि + कार = अधिकार | अधि + नायक = अधिनायक
अधि + पति = अधिपति | अधि + आय = अध्याय
अधि + अक्ष = अध्यक्ष | अधि + वेशन = अधिवेशन
अधि + आय = अध्याय | अधि + आत्म = अध्यात्म

**अन (निषेध, अभाव)**

अन + मोल = अनमोल | अन + अर्थ = अनर्थ
अन + गिन्ती = अनगिन्ती | अन + आस्था = अनास्था
अन + पढ = अनपढ | अन + आदि = अनादि
अन् + पत्यार = अनपत्यार | अन + आदर = अनादर

**उप (उल्टो, खराब, अनुचित, तुच्छ, अभाव)**

अप + राध = अपराध | अप + चलन = अपचलन
अप + भाषा = अपभाषा | अप + गति = अपगति
अप + व्याख्या = अपव्याख्या | अप + कीर्ति = अपकीर्ति
अप + व्यय = अपव्यय | अप + शकुन = अपशकुन
अप + सोच = अपसोच | अप + हरण = अपहरण

**अभि (निर, नजिक, बढी, छेउमा, तिर)**

अभि + मान = अभिमान | अभि + भारा = अभिभारा
अभि + नव = अभिनव | अभि + मान = अभिमान

अभि + यान = अभियान

अभि + लेख = अभिलेख

अभि + रुचि = अभिरुचि

अभि + नेता = अभिनेता

अभि + प्राय = अभिप्राय

अभि + योग = अभियोग

**अव (तल, खराब, उल्टो, निश्चय)**

अव + ज्ञा = अवज्ञा

अव + गत = अवगत

अव + रोध = अवरोध

अव + मूल्यन = अवमूल्यन

अव + गुण = अवगुण

अव + गत = अवगत

अव + धि = अवधि

अव + धारणा = अवधारणा

अव + गुण = अवगुण

अव + लोकन = अवलोकन

**आ (सम्म, माथि, विशेष)**

आ + कृति = आकृति

आ + चार्य = आचार्य

आ + गमन = आगमन

आ + काश = आकाश

आ + गामी = आगामी

आ + जन्म = आजन्म

आ + कर्षक = आकर्षक

आ + रक्षण = आरक्षण

आ + राम = आराम

आ + देश = आदेश

**उप (नजिक, सहायक, अनुकूल)**

उप + नाम = उपनाम

उप + कार = उपकार

उप + स्थिति = उपस्थिति

उप + मा = उपमा

उप + अध्यक्ष = उपाध्यक्ष

उप + हार = उपहार

उप + देश = उपदेश

उप + आसक = उपासक

उप + चार = उपचार

उप + सर्ग = उपसर्ग

**कु (नराम्रो, खराब, कमजोर)**

कु + विचार = कुविचार

कु + कर्म = कुकर्म

कु + जात = कुजात

कु + पात्र = कुपात्र

कु + रीति = कुरीति

कु + काम = कुकाम

कु + मार्ग = कुमार्ग

कु + रूप = कुरूप

कु + चेष्टा = कुचेष्ठा

कु + कृत्य = कुकृत्य

**दुर् (नराम्रो, अप्ठ्यारो, कठिन)**

दुस् + कर्म = दुष्कर्म
दुस् + चेष्टा = दुचेष्टा
दुस् + साहस = दुस्साहस
दुस् + कर = दुष्कर
दुस् + चरित्र = दुश्चरित्र
दुस् + कीर्ति = दुष्कीर्ति
दुस् + स्वप्न = दुस्स्वप्न
दुस् + परिणाम = दुष्परिणाम

**न (नशेष, अभाव)**

न + पुग = नपुग
न + राम्रो = नराम्रो
न + जाती = नजाती
न + रमाइलो = नरमाइलो
न + मिठो = नमिठो
न + काम = नकाम
न + मज्जा = नमज्जा
न + निको = ननिको

**ना (निशेष)**

ना + बालक = नाबालक
ना + जायज = नाजायज
ना + जवाफ = नाजवाफ
ना + तागत = नातागत
ना + मेट = नामेट
ना + मर्द = नामर्द
ना + बालिका = नाबालिका
ना + मञ्जुर = नामञ्जुर

**नि–भित्र, रहित, विशेष)**

नि + बन्ध = निबन्ध
नि + कट = निकट
नि + गम = निगम
नि + योजन = नियोजन
नि + वेदन = निवेदन
नि + वास = निवास
नि + योग = नियोग
नि + यम = नियम
नि + क्षेप = निक्षेप
नि + आय = न्याय

**निर् (रहित, निषेध, बाहिर)**

निर् + जन = निर्जन
निर् + अस्त = निरस्त
निर् + अङ्कुश = निरङ्कुश
निर् + अन्तर = निरन्तर
निर् + बल = निर्बल
निर् + आशा = निरासा
निर् + ईह = निरीह
निर् + दोष = निर्दोष
निर् + नय = निर्णय
निर् + अथक = निरर्थक

**निस् (रहित, विशेष, निषेध)**

निस् + चय = निश्चय
निस् + तेज = निष्तेज

निस् + छल = निश्छल — निस् + पक्ष = निष्पक्ष
निस् + पक्ष = निष्पक्ष — निस् + फल = निष्फल
निस् + सार = निस्सार — निस् + स्वार्थ = निस्वार्थ

**परा (पछि, टाढा, बढी)**

परा + जय = पराजय — परा + वर्तन = परावर्तन
परा + जित = पराजित — परा + अधीन = पराधिन
परा + काष्ठ = पराकाष्ठ — परा + क्रम = पराक्रम

**परि (छेउ, वरपर, सबैतिर, राम्ररी, पूरा)**

परि + चय = परिचय — परि + वर्तन = परिवर्तन
परि + कृत = परिष्कृत — परि + कार = परिकार
परि + ईक्षा = परीक्षा — परि + अटन = पर्यटन
परि + सूचक = परिसुचक — परि + योजना = परियोजना
परि + पूर्ण = परिपूर्ण — परि + भाषा = परिभाषा

**प्र (धेरै, बढी, अगाडि, सानो)**

प्र + चार = प्रचार — प्र + बन्ध = प्रबन्ध
प्र + हार = प्रहार — प्र + शाखा = प्रशाखा
प्र + क्रिया = प्रक्रिया — प्र + चलन = प्रचलन
प्र + सिद्ध = प्रसिद्ध — प्र + बल = प्रबल
प्र + सार = प्रसार — प्र + शासन = प्रशासन

**प्रति (प्रत्येक, अघि, समान, विरुद्ध, अन्य, सट्टा)**

प्रति + निधि = प्रतिनिधि — प्रति + फल = प्रतिफल
प्रति + वाद = प्रतिवाद — प्रति + मा = प्रतिमा
प्रति + ज्ञा = प्रतिज्ञा — प्रति + रोध = प्रतिरोध
प्रति + एक = प्रत्येक — प्रति + कूल = प्रतिकूल
प्रति + रूप = प्रतिरूप — प्रति + फल = प्रतिफल

**बद् (खराब)**

बद् + नाम = बद्नाम — बद् + मास = बद्मास
बद् + नियत = बद्नियत — बद् + चलन = बद्चलन
बद् + मासी = बद्मासी — बद् + ख्वयाइँ = बद्ख्वाइँ

**बि (नराम्रो, निषेध)**

| | |
|---|---|
| बि + छोड = बिछोड | बि + हाल = बिहाल |
| बि + काम== बिकाम | बि + खर्ची = बिखर्ची |
| बि + रङ्ग = बिरङ्ग | बि + जोग = बिजोग |
| बि + रसिलो = बिरसिलो | बि + सञ्चो = बिसञ्चो |
| बि + स्याहार = बिस्याहार | बि + रङ्ग = बिरङ्ग |

**वि (विशेष, रहित, बढी, प्रतिकूल)**

| | |
|---|---|
| वि + वाद = विवाद | वि + कार = विकार |
| वि + लोप = विलोप | वि + शेष = विशेष |
| वि + आपक = व्यापक | वि + कास = विकास |
| वि + भेद = विभेद | वि + भाग = विभाग |
| वि + लोप = विलोप | वि + गत = विगत |

**बे (बिना, निषेध, प्रतिकूल)**

| | |
|---|---|
| बे + काम = बेकाम | बे + ताल = बेताल |
| बे + हाल = बेहाल | बे + खबर = बेखबर |
| बे + इज्जत = बेइज्ज्त | बे + नाम = बेनाम |
| बे + मतलब = बेमतलब | बे + कार = बेकार |
| बे + ढङ्ग = बेढङ्ग | बे + वास्ता = बेवास्ता |

**स (सहित, युक्त)**

| | |
|---|---|
| स + हित = सहित | स + जग = सजग |
| स + चेत = सचेत | स + हर्ष = सहर्ष |
| स + आदर = सादर | स + क्रिय = सक्रिय |
| स + रस = सरस | स + जीव = सजीव |
| स + बल = सबल | स + आभार = साभार |

**सह (सँगा, सहायक,समेत, साथ)**

| | |
|---|---|
| सह + भाव = सहभाव | सह + यात्री = सहयात्री |
| सह + पाढी = सहपाढी | सह + नायक = सहनायक |
| सह + योद्धा = सहयोद्धा | सह + लेखक = सहलेखक |
| सह + योग = सहयोग | सह + कर्मी = सहकर्मी |

सह + कारी = सहकारी

सह + घर्मी = सहघर्मी

**सु (राम्रो, असल)**

सु + नाम = सुनाम

सु + काम = सुकाम

सु + बोध = सुबोध

सु + पुत्र = सुपुत्र

सु + मन = सुमन

सु + योग = सुयोग

सु + जन = सुजन

सु + रक्षा = सुरक्षा

सु + मार्ग = सुमार्ग

सु + मन = सुमन

**हर (हरेक, प्रत्येक)**

हर + दिन = हरेक

हर + घडी = हरघडी

हर + पल = हरपल

हर + दिन = हरदिन

हर + क्षण = हरक्षण

हर + सम्भव = हरसम्भव

## अभ्यास

१. **तल दिइएका शब्दहरूको उपसर्ग र आधारपद छुट्याउनुहोस् :**

आदेश, अपेक्षा, अनास्था, अधिनायक, प्रक्रिया, हरक्षण, सुमार्ग, हरबखत, निगुर्ण, अभिजात, आकार, उपनाम, पर्यटन, अपकथा, व्यापक, सुरक्षा, सहकारी, प्रतिफल, सहकर्मी, विज्ञान, विजोर, सादर, सहयोग, बदमास, नाबालक, प्रतिकूल, परिचय, प्रतिवाद, उपनाम, आकृति, अभियोग, कुमार्ग

२. **तल दिइएका उपसर्ग प्रयोग गरी चार चारओटा शब्दनिर्माण गर्नुहोस् :**

अति, अन, अय, अघि, उप, अभि, दुर्, दुस, प्र, परा, प्रति, सम, बि, सु, उप, अनु, हर सु, सह, परि, परा, निस्, बे, बद्

३. **उपसर्ग भनेको के हो ?**

एकाइ
१५

# प्रत्ययबाट शब्दनिर्माण

## १. पढ्नुहोस् र बुझ्नुहोस्

| | |
|---|---|
| उड् + अन्ते = उडन्ते | मिच् + आहा = मिचाहा |
| चम्क + इलो = चम्किलो | ढाँट् + उवा = ढँटुवा |
| जुन + एली = जुनेली | हिमाल + ई = हिमाली |

आफ्नो खास अर्थ नभएको र आधार तत्त्वका पछाडि जोडिएर नयाँ शब्द बन्ने भाषिक एकाइलाई प्रत्यय भनिन्छ । आधार तत्त्वभन्दा पछाडि जोडिने हुनाले यसलाई परसर्ग पनि भनिन्छ । प्रत्ययले मूल शब्दको अर्थलाई कुनै न कुनै रूपमा अँगालेर केवल शब्दको वर्ग मात्र परिवर्तन गर्छ ।

नेपाली भाषामा दुई प्रकारका प्रत्ययद्वारा शब्दहरू निमार्ण भएका छन् । जसलाई कृत् प्रत्यय र तद्धित प्रत्यय भनिन्छ । धातुमा जोडिने प्रत्ययलाई कृत प्रत्यय र शब्दमा जोडिने प्रत्ययलाई तद्धित प्रत्यय भनिन्छ । कृत् प्रत्ययद्वारा शब्दनिर्माण गर्ने प्रक्रियालाई कृदन्त प्रक्रिया भनिन्छ र तद्धित प्रक्रियाद्वारा शब्दनिर्माण गर्ने प्रक्रियालाई तद्धितान्त प्रक्रिया भनिन्छ ।

### (क) कृत् प्रत्ययद्वारा शब्दनिर्माण र कृदन्त प्रक्रिया

धातुमा जोडिने प्रत्ययलाई कृत् प्रत्यय भनिन्छ । कृत् प्रत्ययद्वारा नाम, विशेषण र अव्यय वर्गका शब्दहरू पर्छन् । केही कृदन्त शब्द र तिनको निर्माण प्रक्रिया यहाँ प्रस्तुत गरिएको छ :

**अन**

| | |
|---|---|
| चर् + अन = चरण | खत् + अन = खटन |
| भर् + अन = भरन | राख् + अन = राखन |
| भुट् + अन = भुटन | जल् + अन = जलन |
| मिल् + अन = मिलन | चल् + अन = चलन |

**अत**

| | |
|---|---|
| बच् + अत = बचत | खप् + अत = खपत |
| लेख् + अत = लिखत | लाग् + अत = लागत |
| जा + अत = जावत | आउ + अत = आवत |

**अन्त**

डुल् + अन्त = डुलन्त

रट् + अन्त = रटन्त

लेख् + अन्त = लेखन्त

हल् + अन्त = हलन्त

कृत् + अन्त = कृदन्त

भिड् + अन्त = भिडन्त

**अनी**

काट् + अनी = कटनी

थाल् + अनी = थालनी

चाट् + अनी = चटनी

सोच् + अनी = सोचनी

लख् + अनी = लेखनी

ढाक् + अनी = ढकनी

**अल**

झर् + अल = भरल

रह + अल = रहल

भाक् + अल = भाकल

राख् + अल = राखल

सड् + अल = सडल

निर् + अल = निरल

**आ**

लख् + आ = लेखा

चाल + आ = चाला

भाक् + आ = भाका

छाप् + आ = छापा

पखाल् + आ = पखाला

बाच् + आ = बाचा

**आउ**

बच् + आउ = बचाउ

जान् + आउ = जनाउ

टिक् + आउ = टिकाउ

घेर + आउ = घेराउ

पक्र + आउ = पक्राउ

पिर् + आउ = पिराउ

**आइ**

लेख् + आइ = लेखाइ

गर् + आइ = गराइ

डुल् + आइ = डुलाइ

मिच् + आइ = मिचाइ

जोत् + आइ = जोताइ

पढ् + आइ = पढाइ

भन् + आइ = भनाइ

हिडँ + आइ = हिँडाइ

**आउनी**

चाख् + आउनी = चखाउनी

दख् + आउनी = देखाउनी

पुछ् + आउनी = पुछाउनी

हार् + आउनी = हराउनी

लख् + आउनी = लेखाउनी

चिल् + आउनी = चिलाउनी

फुक् + आउनी = फुकाउनी

हार् + आउनी = हराउनी

**आहा**

बस् + आहा = बसाहा

चुस् + आहा = चुसाहा

सुत् + आहा = सुताहा

मिच् + आहा = मिचाहा

पिर् + आहा = पिराहा

पोल् + आहा = पोलाहा

### आरो

छेक् + आरो = छेकारो

जोत् + आरो = जोतारो

पात् + आरो = पोतारो

चेप् + आरो = चेपारो

### आवट

लेख् + आवट = लेखावट

बन् + आवट = बनावट

बुन् + आवट = बुनावट

बच् + आवट = बचावट

सजाउ + आवट = सजावट

चुह् + आवट = चुवावट

### आहा

मिच + आहा = मिचाहा

जोत् + आहा = जोताहा

चुस् + आहा = चुसाहा

पोल् + आहा = पोलाहा

सन्क् + आहा = सन्काहा

सुत् + आहा = सुताहा

### इलो

पोस् + इलो = पोसिलो

चम्क + इलो = चम्किलो

अड + इलो = अडिलो

खाँद् + इलो = खँदिलो

अड + इलो = अडिलो

लेस् + इलो = लेसिलो

कस् + इलो = कसिलो

आँट + इलो = आटिलो

### इन्जेल / उन्जेल

गर् + उन्जेल = गरुन्जेल

बस् + उन्जेल = बसुन्जेल

खा + उन्जेल = खाउन्जेल

मर + उन्जेल = मरुन्जेल

भन् + इन्जेल = भइन्जेल

सुन् + उन्जेल = सुनुन्जेल

### ई

चोर + ई = चोरी

कस् + ई = कसी

ठग + ई = ठगी

खोज् + ई = खोजी

छुट् + ई = छुट्टी

खोक् + ई = खोकी

### उवा

थुन् + उवा = थुनुवा

कुर् + उवा = कुरुवा

भाग् + उवा = भगुवा

घिच् + उवा = घिचुवा

हार् + उवा = हरुवा

सेक् + उवा = सेकुवा

### ऐया

गाउ + ऐया = गवैया

पढ् + ऐया = पढैया

गर् + ऐया = गरैया

बोल् + ऐया = बोलैया

खाउ + ऐया = खवैया

भन् + ऐया = भनैया

### ओ

घेर् + ओ = घेरो

रोप् + ओ = रोपो

घोँच् + ओ = घोचो
छाप् + ओ = छापो
चिर् + ओ = चिरो
तिर् + ओ = तिरो

### ती

भर् + ती = भर्ती
खन् + ती = खन्ती
गन् + ती = गन्ती
घुम् + ती = घुम्ती
बस् + ती = बस्ती
चल् + ती = चल्ती

### ना

झर् + ना = झर्ना
सम्झ + ना = सम्झना
गाउ + ना = गाना
खा + ना = खाना
चाह + ना = चाहना
भर् + ना = भर्ना

## तद्धित प्रक्रियाबाट शब्दनिर्माण

शब्दमूलमा जोडिन आउने प्रक्रियालाई प्रत्यय भनिन्छ । मूल शब्दलाई प्रातिपदिक पनि भनिन्छ । प्रत्ययहरू नाम, सर्वनाम, विशेषण र अव्ययमा जोडिन्छन् ।

## अभ्यास

१. **तलका शब्दको मूल र व्युत्पन्न शब्द छुट्याउनुहोस् :**

लेक, हतियार, फटाहा, उपकार, सुबोध, माटो, सहरिया, पहाड, सूर्य, राती, प्रेक्षा, अनुकूल, बहार, सङ्कीर्ण, परिवेश, मायाल, नायक, घर, सानी, सुन, कर्तव्य, ग्रामीण, हरुवा, रोपाइँ, बोलक्कड, स्वर्गीय, भय, चाँदी, सृष्टि, वाङ्मय, महत्त्व, लिखित, अग्रिम, योगी, घात, जुत्ता, अचेत, वर्तन, अँशियार, लेखोट, आँटिलो, अमूल्य, ढुङ्गा

२. **तल दिइएका शब्दहरूको आधार शब्द र प्रत्यय छुट्याउनुहोस् :**

भिडन्त, श्रोता, बुद्धिमान, इन्द्रिय, केन्द्रीय, पूर्वेली, डुलुवा, पर्वते, राष्ट्रिय, नीति, उठाइ, गायिका, नायिका, भारतीय, धनवान, नैतिक, लेखक, सहरिया, खटिया, जापानी, जुवाडी

३. **तलका प्रत्यय लगाई चार चारओटा शब्दनिर्माण गर्नुहोस् :**

अंन, इका, इत, तव्य, आश, आडी, आन, आली, आलु, इया, इलो, एनी, औरो, दार, इक, ईय, मान्, मय, मान्, इया आडि, इयार, अनीय, अक, आ, य, वत्

४. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) प्रत्यय केलाई भनिन्छ ?

(ख) प्रत्यय लागेका शब्दको वर्ण परिवर्तन कसरी हुन्छ ?

(ग) कृदन्त र तद्धितान्त शब्दमा के फरक छ ?

एकाइ १६

# समासबाट शब्दनिर्माण

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

| विग्रह | समा | समस्त शब्द |
|---|---|---|
| वनलाई मारा | = | वनमारा |
| बाटालाइ खर्च | = | बााटाखर्च |
| चारवेदको समूह | = | चतुर्वेद |
| घाम र पानी | = | घामपानी |
| लामा खुट्टा छन् जसका | = | लामखुट्टे |

शब्दको संयोजन समास हो भने विच्छेदन विग्रह हो। दुई वा दुईभन्दा बढी स्वतन्त्र शब्दहरूको मेलबाट नयाँ बन्ने प्रक्रियालाई समास भनिन्छ। समासलाई समस्त शब्द पनि भनिन्छ। समास भएका शब्दलाई दुई वा दुईभन्दा बढी शब्दको प्रक्रियाबाट छुट्याएर देखाउनुलाई विग्रह भनिन्छ।

माथिको उदाहरणमा आएका वनलाई मारा, बाटालाई खर्च, चारवेदको समूह, घाम र पानी, लाम खुट्टा छन् जसका विग्रहका स्वरूप हुन् भने तिनबाट बनेका वनमारा, बाटाखर्च, चतुर्वेद, घामपानी, लामखुट्टे समस्त शब्द हुन्।

## २. समासका प्रकार

शब्दनिर्माण गर्ने समास प्रक्रियाका आधारमा वा विग्रहको भिन्नताका आधारमा नेपाली भाषामा समास छ प्रकारका छन् :

### (क) तत्पुरुष समास

| | | | |
|---|---|---|---|
| इन्द्रलोक जित्ने | = इन्द्रजित | अध्ययनलाई पत्र | = अध्ययनपत्र |
| वनको मान्छे | = वनमान्छे | जन्मदेखि रोगी | = जन्मरोगी |

दुई वा दुईभन्दा बढी शब्दहरू बिच समास हुँदा बिचमा रहेको विभक्ति पद लोप भई पछिल्लो शब्दहरूको अर्थ मुख्य हुने समासलाई तत्पुरुष समास भनिन्छ। यो समास द्वितीयादेखि सप्तमी विभक्तिका साथमा हुने हुनाले छ प्रकारको हुन्छ। कर्तामा लाग्ने प्रथम विभक्तिका साथमा भने समास हुँदैन।

(अ) **द्वितीया तत्पुररुष (लाई प्रत्यय लोप हुने)**

भाइलाई पिर्ने = भाइपिराहा
कामलाई चोर = कामचोर
इन्द्रलाई जिप्ने = इन्द्रजित
प्राणलाई दण्ड = प्राणदण्ड
वनलाई मारा = वनमारा
बगलीलाई मारा = बगलीमारा

(आ) **तृतीया विभक्ति (ले, द्वारा प्रत्यय लोप हुने)**

कर्मले हीन = कर्महीन
भाग्यले हीन = भाग्यहीन
नदीले काटिएको = नदीकाट
भूमिले हीन = भूमिहीन
बुद्धिले हीन = बुद्धिहीन
यन्त्रद्वारा चालित = यन्त्रचालित

(इ) **चतुर्थी विभक्ति (लाई, निम्ति, लागि प्रत्ययको लोप हुने)**

बाटालाई खर्च = बाटाखर्च
अध्ययनलाई पत्र = अध्ययनपत्र
अर्थलाई तन्त्र = अर्थतन्त्र
पितृलाई तर्पण = पितृतर्पण
भिक्षालाई पत्र = भिक्षापत्र
छात्राका लागि वास = छात्रवास

(ई) **पञ्चमी विभक्ति (देखि, बाट विभक्तिको लोप हुने)**

पथबाट भ्रष्ट = पथभष्ट
दलबाट विहीन = दलविहीन
अर्थबाट सङ्कट = अर्थसङ्कट
देशबाट निकाला = देशनिकाला
जन्मदेखि रोगी = जन्मरोगी
सेवाबाट मुक्त = सेवामुक्त
पददेखि च्युत = पदच्युत
अर्थबाट सङ्कट = अर्थसङ्कट

(उ) **षष्ठी विभक्ति (को, का, की, रो, रा, री, नो, ना, नी प्रत्ययको लोप हुने)**

वनको मान्छे = वनमान्छे
पानीको घटट् = पानीघट्ट
राजाको दरबार = राजदरबार
देशका भक्त = देशभक्त
रूपकी रानी = रूपरानी
वनको पाले = वनपाले

(ऊ) **सप्तमी विभक्ति (मा प्रत्ययको लोप हुने)**

वनमा वास = वनवास
कवितामा श्रेष्ठ = श्रेष्ठकवि
प्रेममा मग्न = प्रेममग्न
वचनमा बद्ध = बचनबद्ध
दयामा वीर = दयावीर
वनमा भोज = वनभोज

(ख) **कर्मधारय समास**

| | |
|---|---|
| मामा + माइजू = मामामाइजू | रातो + पिरो = रातोपिरो |
| दीर्घ + सेवा = दीर्घसेवा | कालो + पोको = कालोपोको |
| कमलझैँ नयम = कमलनयन | हरेक + दिन = हरदिन |

नाम र नाम, विशेषण र विशेषण, विशेषण र नाम, उपमान र उपमेय तथा आरोप र

आरोप्यका बिचमा हुने समासलाई कर्मधारय समास भनिन्छ । यसमा आरोप र आरोप्य बाहेक सबैमा पछिल्लो अर्थ प्रधान हुन्छ । निर्माण प्रक्रियाका आधारमा कर्मधारय समास पाँच प्रकारको हुन्छ :

**नाम + नाम**

गुरु + आमा = गुरुआमा

भानिज + दाइ = भान्दाइ

खान + दान = खानदान

अणु + बम = अणुबम

मामा + माइजू = मामामाइजू

हिम + गिरि = हिमगिरि

**विशेषण + विशेषण**

रातो + पिरो = रातोपिरो

राम्रो + नराम्रो = राम्रोनराम्रो

हर्ता + कर्ता = हर्ताकर्ता

कालो + निलो = कालोनिलो

जेठो + बाठो = जेठोबाठो

बुढो + पाको = बुढोपाको

**विशेषण + नाम**

कालो + माटो = कालिमाटी

हरेक + दिन = हरदिन

कान्छो + बाबु = कान्छोबाबु

माहान + गुरु = महागुरु

हरेक + घडी = हरघडी

कालो + पोको = कालोपोको

**उपमान + उपमेय**

गहुँझैं गोरो = गहुँगोरो

चन्द्र जस्तो बिन्दु = चन्द्रबिन्दु

पीपल जस्तो पात = पीपलपाते

घनजस्तो टाउको = घनटाउको

माखा जस्तो बुटट्टा = मखिबुट्टे

चरण जस्ता कमल = चरणकमल

**आरोप + आरोप्य**

बाहुन रूपी चरो = बाहुनचरो

विद्यारूपी धन = विद्याधन

द्रव्यरूपी पिचास = द्रव्यपिचास

सुगारूपी रटाइ = सुगारटाइ

## (ग) द्विगु समास

| | | | |
|---|---|---|---|
| चारबाटाका समूह | = चौबाटो | नौ रसको समूह | = नवरस |
| पाँच शीलको समूह | = पञ्चशील | तीन भुजाको समूह | = त्रिभुज |

सङ्ख्यावाचक शब्द र समूहवाचक नामपदका बिचमा समास भएर पछिल्लो अर्थ प्रधान हुने समासलाई द्विगु समास भनिन्छ । यसबाट निर्मित शब्द समूहबोधक हुन्छ ।

तीन देवको समूह = त्रिदेव

चार खण्डको समूह = चौखण्ड

तीन रत्नको समूह = त्रिरत्न

तीन फलको समूह = त्रिफल

चार युगको समूह = चतुर्युग
पाँच शीलको समूह = पञ्चशील
सात घुम्तीको समूह = सातघुम्ती
नौ रसको समूह = नवरस
पाँच अक्षरको समूह = पञ्चाक्षर
छ कोणको समूह = षट्कोण
आठ अङ्गको समूह = अष्टाङ्ग
दश अवतारको समूह = दशावतार

### (घ) द्वन्द्व समास

| | |
|---|---|
| घाम र पानी = घामपानी | उल्टो र पाल्टो = उल्टोपाल्टो |
| जीवन र जल = जीवनजल | पाप र पुण्य = पापपुण्य |

दुई वा दुईभन्दा बढी समान महत्त्वका शब्दहरू मिली दुवै शब्दको अर्थ मुख्य भई बन्ने समासलाई द्वन्द्व समास भनिन्छ। यस्ता शब्दको विग्रह गर्दा शब्दका बिचमा र, वा, पनि, अथवा आदि संयोजक हुन्छन् भने समास हुँदा लोप हुन्छन्।

नाफा वा नोक्सान = नाफानोक्सान
वन र वाटिका = वनवाटिका
खण्डन वा मण्डन = खण्डनमण्डन
अन्न पनि पानी पनि = अन्नपानी
दाल, भात र डुकु = दालभातडुकु
पान र सुपारी = पानसुपारी
मुरी र पाथी = मुरीपाथी
नुन पनि भुटन पनि = नुनभुटुन
अघि वा पछि = अघिपछि
उकालो र ओरालो = उकालोओरालो
सय वा पचास = सयपचास
न पुङ न पुच्छर = पुङ् न पुच्छर
चिया र पानी = चियापानी
फोहर र मैला = फोहोरमैला
तन, मन र धन = तनमनधन
न इन्तु न चिन्तु = इन्तु न चिन्तु
हात पनि खुट्टा पनि = हातखुट्टा

### (ङ) बहुब्रीहि समास

| | |
|---|---|
| लामो पात छ जसको = लामपात | लामा खुट्टा भएको = लामखुट्टे |
| माछाको जस्तो पुच्छर भएको = माछापुच्छ्रे | सयपत्र छन् जसका = सयपत्री |

दुई वा दुईभन्दा बढी शब्दहरू मिलेर बनेको तर भिन्न अर्थ मुख्य हुने समासलाई बहुब्रीहि समास भनिन्छ। यसको समस्त शब्दले दिने अर्थ रूढ हुन्छ तर यसले छुट्टै कुरालाई सङ्केत गर्छ।

## ३. बहुब्रीहि समास चार प्रकारका छन् :

### (अ) सम्बन्धार्थी

लामो उदर भएको = लम्बोदर
नौ तला भएको = नौतले
पीत अम्बर छ जसको = पीताम्बर
बाघ चालिन्छ जसमा = बाघचाल
दुई जिब्रा भएको = दुईजिब्रे
नाक काटिएको = नकटो
लामा कान भएको = लामकाने
हावामा उड्ने जहाज = हवाईजहाज

(आ) **उपमार्थी**

कागको जस्तो चुच्चो भएको = कागचुच्चे
हात्तीको जस्तो पाइला भएको = हात्तीपाइले
पानको जस्तो पात भएको = पानपाते
सुनको जस्तो पङ्ख भएको = सुनपङ्खी
बाघको जस्तो मुख भएको = बाघमुखे
कुकुरको जस्तो पुच्छर भएको = कुकुरपुच्छ्रे
गजको जस्तो आनन भएको = गजानत
पानको जस्तो बुट्टा भएको = पानबुट्टे
कोदालीको जस्तो पात भएको = कोदालीपाते

(इ) **परिमाणार्थी**

दुई हात भएको = दुईहाते
चार भुजा भएको = चतुर्भुज
दुई चुल्ठो भएको = दुईचुल्ठे
दश गज चौडाइ भएको = दशगजा
चार कुना भएको = चौकुने
तीन फुटे परिमाण भएको = तीनफुटे
चार कोश लम्बाइ भएको = चारकोसे
दश हात परिमाण भएको = दशहाते

(ई) **निषेधार्थी**

स्वाद नभएको = बेस्वाद
काम नलाग्ने = निकम्मा
लाज नभएको = निर्लज्ज
स्थिर नभएको = अस्थिर
रूप नभएको = अरूप
दोष नभएको = निर्दोष
मूल्य नभएको = अमूल्य
कसुर नभएको = बेकसुर

(च) **अव्ययीभाव समास**

| | |
|---|---|
| हिजो + आज = हिजोआज | घर + माथि = घरमाथि |
| आकाश + पाताल = आकाशपाताल | डाँडा + पारि = डाँडापारि |

अव्यय शब्दसँग अव्यय शब्द वा अव्यय शब्दसँग अन्य शब्द मिलेर बनी पछाडिको शब्दको अर्थ प्रधान हुने समासलाई अव्ययीभाव समास भनिन्छ ।

## ४. अव्ययीभाव समास चार प्रकारका छन् :

**अव्यय + अव्यय**

भोलि + पल्ट = भोलिपल्ट
यत्र + तत्र = यत्रतत्र
भित्र + बाहिर = भित्रबाहिर
पोहोर + परार = पोहरपरार
अघि + अघि = अघिअघि
त्यता + तिर = त्यतातिर

**अव्यय + नाम**

प्रत्येक + वर्ष = प्रत्येक वर्ष

हरके + घडी = हरघडी

भर + जन्म = भरजन्म

हरेक + बखत = हरबखत

भर + दिन = भरदिन

प्रति + दिन = प्रतिदिन

**नाम + नाम**

रात + दिन = रातदिन

दिन + दिन = दिनदिनै

आकाश + पाताल = आकाशपाताल

जय + नेपाल = जयनेपाल

साँझ + बिहान = साँझबिहान

रात + रात = रातैरात

**विशेषण + विशेषण**

एक + एक = एकएक

जे + जस्तो = जेजस्तो

थोर + बहुत= थोरबहुत

यस्तो + उस्तो = यस्तोउस्तो

## अभ्यास

१. **तलका समस्त शब्दहरूलाई विग्रह गरी देखाउनुहोस् :**

देशहित, भाइमारा, पानबुट्टा, सप्तगण्डकी, त्रिवेणी, जीवनदीप, प्रतिवर्ष, घामपानी, नाफानोक्सानी, थेरथोर, दोबाटो, नवरस, सप्तऋषि, दोधार, नवरात्रि, लेखपढ, चिठीपत्र, बुढोपाको, कमलनयन, चरणकमल, गृहप्रवेश, कामचोर, बाटाखर्च

२. **तल दिइएका विग्रहलाई समास गरी देखाउनुहोस् :**

अर्थको शास्त्री, प्रवेशको लागि पत्र, अनुमतिका लागि पत्र, कम्मरमा पेटी, श्याम + सुन्दर, लामो + किरो, गहुँ झैँ गोरो, चरणरूपी कलम, पानीले चल्ने घट्ट, तीन लोकको समूह, नौ ग्रहको समूह, जीवन र जल, लामो पात छ जसको, हावामा उड्ने जहाज, तन मन र धन, राम र रावण, चार कुना भएको

३. **समास र विग्रह गरी समासको नामसमेत लेख्नुहोस् :**

घाम र पानी, बुढोपाको, चन्द्र जस्तो मुख, रतन्धो, सयपत्री, पथबाट भ्रष्ट, गृहप्रवेश, भवरूपी सागर, चिया वा कफी, चिठीपत्र, गर्मी न जाडो, साझ बिहान, चार आनाको समूह, नौतले, मूल्य नभएको, कुटपिट, लामखुट्टे, नौओटा गेडा भएको, लामो कान भएको, महाकवि, बाबुसाहेव, राष्ट्रको पिता, पूजाका लागि सामग्री, घरपालुवा, घोडाको जात्रा

४. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) समास भनेको के हो ?

(ख) समास कति प्रकारक छन् ? उदारहणसहित चिनाउनुहोस् ।

(ग) तत्पुरुष समासलाई उदाहरणसहित देखाउनुहोस् ।

(घ) बहुब्रीहि समासलाई उदाहरणसहित देखाउनुहोस् ।

एकाइ १७

# द्वित्व प्रक्रियाबाट शब्दनिर्माण

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

| | |
|---|---|
| तल + तल = तलतल | बानी + आनी = आनीबानी |
| सानो + सानो = ससानो | तातो + तातो = तातोतातो |

पूरै शब्दका शब्दांशको आवृत्ति भएर वा कहिलेकाहीँ ध्वनिसमेत परिवर्तन भई शब्दको आवृत्तिबाट शब्दनिर्माण गर्ने प्रक्रियालाई द्वित्व प्रक्रिया भनिन्छ । यसरी बनेको शब्दलाई द्विरुक्त शब्द पनि भनिन्छ । द्वित्व नाम, सर्वनाम, विशेषण, अव्यय र क्रियापद सबैको हुन्छ ।

द्वत्व हुँदा कुनै शब्द पूरै दोहोरिन्छ । कुनै शब्दको आधा मात्र दोहोरिन्छ भने कुनै शब्दको चाहिँ ध्वनि परिवर्तन भई तेस्रो रूप निर्माण हुन्छ । यिनै प्रक्रियाका आधारमा द्वित्व तीन प्रकारका हुन्छन् :

## २. द्वित्वका प्रकार

### (क) पूर्ण द्वित्व

शब्दनिर्माणका क्रममा दोहोरिने शब्द पूरै जस्ताको तस्तै रूपमा दोहोरिएर नयाँ शब्द बन्ने क्रियालाई पूर्ण द्वित्व भनिन्छ ।

जस्तै :

| | |
|---|---|
| गाउँ + गाउँ = गाउँगाउँ | माथि + माथि = माथिमाथि |
| बार + बार = बारबार | मन + मन = मनमन |
| रातो + रातो = रातोरातो | ठाउँ + ठाउँ = ठाउँठाउँ |
| खेत + खेत = खेतखेत | पछि + पछि = पछिपछि |
| छ + छ = छछ | जो + जो = जोजो |
| हुन्छ + हुन्छ = हुन्छहुन्छ | आफू + आफू = आफूआफू |

### (ख) आँशिक द्वित्व

शब्दनिर्माणका क्रममा पूरै शब्द नदोहोरिएर शब्दको अंश मात्र दोहोरिई नयाँ शब्द बन्ने प्रक्रियालाई आंशिक द्वित्व भनिन्छ ।

जस्तै:

आफ्नो + आफ्नो = आआफ्नो

झगडा + झगडा = झैझगडा

झल्को + झल्को = झझल्को

तयार + तयार = तम्तयार

सानो + सानो = ससानो

झगडा + झगडा = झैझगडा

कल + कल = कलल

कसको + कसको = ककसको

फर + फर = फरर

घडेरी + घडेरी = घरघडेरी

गहना + गहना = गरगहना

सामान + सामान = सर्सामान

## (ग) अपरिवर्तित द्वित्व

शब्दनिर्माणहरूका क्रममा एउटा शब्द द्वित्व हुँदा शब्दमा ध्वनिगत परिवर्तन आई शब्दनिर्माण हुने द्वित्वलाई अपरिवर्तित द्वित्व भनिन्छ ।

जस्तै :

बानी + बानी = आनीबानी

चाल + चाल = चालढाल

गोद + गोद = गोदगाद

पालो + पालो = आलोपालो

उकुस + मुकुस = उकुसमुकुस

कापी + कापी = कापीसापी

काम + काम = कामसाम

टिपन + टिपन = टिपनटापन

काट् + काट् = काटकुट

सोध + सोध = सोधसाध

दोहोर + दोहोर = ओहोरदोहोर

पैँचो + पैँचौ = ऐँचोपैँचो

भात + भात = भातसात

किताब + किताब = किताबसिताब

## अभ्यास

१. **तलका शब्दलाई द्वित्व प्रक्रियाबाट शब्दनिर्माण गर्नुहोस् :**

| | | |
|---|---|---|
| आफू ........................... | तयार ....................... | काम .......................... |
| जाँदा ........................... | पालो ....................... | घडेरी .......................... |
| गहना ........................... | राता ....................... | चाल .......................... |
| लामो ........................... | तातो ....................... | टिपन .......................... |
| पछि ........................... | खेत ........................... | कापी .......................... |
| सामान ........................... | झगडा ..................... | पालो .......................... |

२. **तल दिइएका द्विरुक्त शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् :**

| | | |
|---|---|---|
| भातसात .................... | गरगहना .................... | लामालामा ...................... |
| तातोतातो.................... | अलिअलि .................... | काटकुट ......................... |
| माडमुड ...................... | चालढाल .................. | ससानो .......................... |
| ककसको ..................... | तम्तयार .................... | झैझगडा ...................... |
| आफूआफू .................... | घरघर ..................... | शिवशिव ...................... |
| सोधसोध ..................... | गोदगाद .................... | घरघडेरी ........................ |

३. **तल दिइएका द्विरुक्त शब्द प्रयोग गरी वाक्य निर्माण गर्नुहोस् :**

आलोपालो, ओहोरदोहोर, फरर, आआफ्नो, तलतल, लामालामा, चालढाल, उकुसमुकुस, काटकुट, सर्सामान, तम्तयार, मुसुमुसु, नयाँनयाँ, लामोलामो, ककसको, राताराता, कापीसापी, सोधसाध, कितावसिताब, घरघडेरी, अलिकति

४. **तल दिइएका शब्दलाई छुट्याई द्वित्वको प्रकारसमेत लेख्नुहोस् :**

पछिपछि, खेतखेत, आनीबानी, काटकुट, तलतल, ससानो, झैझगडा, खेलसेल, खैखै, हुन्छहुन्छ, भातसात, लामालामा

५. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) द्वित्व भनेको के हो ?

(ख) द्विरुक्त भनेको के हो ?

(ग) द्विरुक्त कति प्रकारका छन् ? उदाहरणद्वारा प्रस्ट पार्नुहोस् ।

एकाइ १८

# प्रेरणार्थक क्रिया

१. **पढ्नुहोस् र बुझ्नुहोस् :**

| अप्रेरणार्थक वाक्य | प्रेरणार्थक वाक्य |
|---|---|
| दीपा जुरुक्क उठ्छे । | म दीपालाई जुरुक्क उठाउँछु । |
| भाइ पाठ पढ्छ । | गुरु भाइलाई पाठ पढाउनुहुन्छ । |
| बहिनी रुन्छे । | सानी बहिनीलाई रुवाउँछे । |
| भाइले आँप खायो । | मैले भाइलाई आँप खुवाएँ । |

कसैको प्रेरणा, दबाब, उक्साहट वा आग्रहबाट प्रेरित भएर क्रियापदलाई कार्य गरेको हो भन्ने अर्थ बुझाउने क्रिया र वाक्यको संरचनाबाट व्यक्त हुने भाषिक प्रयुक्तिलाई प्रेरणार्थक भनिन्छ ।

प्रेरणार्थक वाक्यहरूमा क्रियापद र प्रेरणा दिने कर्ताको भूमिका महत्त्वपूर्ण हुन्छ । केही प्रेरणार्थक वाक्यहरूका उदाहरण यस प्रकार छन् :

(क) तिमी साथीलाई नचाउँछ्यौ ।

(ख) म भाइलाई निकै काम गराउँछु ।

(ग) आमाले बहिनीलाई दुध खुवाउनुहुन्छ ।

(घ) गुरुले विद्यार्थीहरूलाई पाठ पढाए ।

(ङ) सपनाले विपनालाई हँसाइन् ।

माथिको उदाहरणमा प्रेरणार्थको रचना यसरी भएको छ ।

| प्रेरक कर्ता | प्रेरित कर्ता कर्म | प्रेरणार्थक क्रियापद | धातुको संरचना |
|---|---|---|---|
| तिमी | साथी | नचाउँछ्यौ | नचाउ (नाच + आउ) |
| आमा | बहिनी | खुवाउनुहुन्छ । | खुवाउ (खा + आउ) |
| म | भाइ | गराउँछु | गराउ (गर् + आउ) |
| गुरु | विद्यार्थी | पढाए | पढाउ (पढ् + आउ) |
| सपना | विपना | हँसाइन् | हँसाउ (हाँस् + इन्) |

माथिको उदाहरणबाट प्रेरणार्थक वाक्यको रचना प्रक्रिया बुझ्न सकिन्छ ।

प्रेरणार्थक वाक्य = प्रेरक कर्ता + प्रेरित कर्ता (कर्म) + प्रेरणार्थक क्रियापद

## २. प्रेरणार्थक क्रियाबाट प्रेरणार्थक क्रियापदमा परिवर्तन गर्ने तरिका

(क) वाक्यको संरचनाअनुसार उपयुक्त प्रेरक कर्ता थप्नुपर्छ । थपिएका कर्ताको लिङ्ग, वचन, पुरुष, आदरअनुसार क्रियापदको सङ्गति मिलाउनुपर्छ । जस्तै :

**अप्रेरणार्थक**

| | |
|---|---|
| भाइ लड्यो । | दावाले भाइलाई लडायो । |
| बहिनी दुध खान्छे । | आमा बहिनीलाई दुध खुवाउनुहुन्छ । |

(ख) अप्रेरणार्थक वाक्यको कर्तालाई प्रेरित कर्ता (कर्म) बनाउने र यस्तो अवस्थामा मानवीय कर्ता भए 'लाई' विभक्ति थप्नु पर्दैन । जस्तै :

| अप्रेरणार्थक | प्रेरणार्थक |
|---|---|
| दावाले पढ्यो । | गुरुले दावालाई पढाउनुभयो । |
| गाई चऱ्यो । | गोठालाले गाई चरायो । |

(ग) प्रेरणार्थक वाक्य बनाउँदा अकर्मक क्रियापदलाई सकर्मक क्रियापदमा र सकर्मक क्रियापदलाई द्विकर्मक क्रियापदमा र द्विकर्मक क्रियापदयुक्त वाक्यलाई प्रेरित कर्तामा 'द्वारा' थपेर प्रेरणार्थक वाक्य बनाउनुपर्छ । जस्तै :

| अप्रेरणार्थक | प्रेरणार्थक |
|---|---|
| भाइ हाँस्यो (अकर्मक) | दिदीले भाइलाई हसाउनुभयो । (सकर्मक) |
| लखन कथा पढ्छ । (सकर्मक) | शिक्षकले लखनलाई कथा पढाउनुहुन्छ । (द्विकर्मक क्रियापदमा) |
| म भाइलाई कलम दिन्छु । (द्विकर्मक) | बुबा मद्वारा भाइलाई कलम दिन लगाउनुहुन्छ । (प्रेरित कर्तामा द्वारा थपेर) |

(घ) 'लाई' विभक्तियुक्त कर्म भएका अप्रेरणार्थक वाक्यलाई प्रेरणार्थक बनाउँदा प्ररित कर्तामा द्वारा/बाट/मार्फत लगाउनुपर्छ । जस्तै :

| अप्रेरणार्थक | प्रेरणार्थक |
|---|---|
| तिमी दाजुलाई भेट्छौ । | हामी तिम्रा दाजुलाई भेट्टाउँछौ । |
| उसले मलाई पिट्यो । | केटाहरूले उसमार्फत मलाई पिटाए । |
| हामी उसलाई काम दिन्छौँ । | ऊ हामीबाट उसलाई काम दिन लगाउँछ । |

(ङ) अधिकांश धातुमा 'आऊ', 'याउ', 'वाउ', 'अर' प्रत्यय लगाई प्रेरणार्थक क्रियापद बनाउनुपर्छ । जस्तै :

पढ्छ = पढाउँछ । (आउ)
लेख्छ = लेखाउँछ (आउ)
ढल्छ = ढाल्छ (आ)
रित्तिन्छ = रित्याउँछ (याउ)
रुन्छ = रुवाउँछ (वाउ)

(च) सकर्मक क्रियापदको बिचमा 'अ'लाई 'आ'मा परिवर्तन गरी प्रेरणार्थक बनाउनुपर्छ । जस्तै :

| अप्रेरणार्थक | प्रेरणार्थक |
|---|---|
| ऊ खोलो तर्छ । | माझीले उसलाई खोलो तार्छ । |
| केटो सुध्रन्छ । | दाइ केटालाई सुधार्नुहुन्छ । |
| भाइ बिग्रन्छ । | उसले भाइलाई बिगार्छ । |

(छ) क्रियापदको काल, पक्ष, भाव परिवर्तन हुँदैन ।

## अभ्यास

**१. तल दिइएका प्रेरणार्थक धातुलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

बोलाउ बसाउ लेखाउ
पढाउ गराउ नचाउ
खेलाउ सिकाउ चढाउ

**२. तलका वाक्यलाई प्रेरणार्थक वाक्यमा परिवर्तन गर्नुहोस् :**

(क) केटाहरू खुब नाचे ।
(ख) छोरो धुरुधुरु रोयो ।
(ग) गीता पाठ पढ्छे ।
(घ) भाइ कोठामा सुत्छ ।
(ङ) मैले मुनामदन किताब पढेँ ।
(च) प्रतीक कानुन पढ्छ ।
(छ) हामीहरू घुम्न गयौँ ।
(ज) केटाहरू फुटबल खेल्दै छन् ।
(झ) आँप रूखबाट झर्छ ।
(ञ) बाघ पासोमा पऱ्यो ।

(ट) तिमी दुध पिउँछौ ।　　(ठ) तँ धेरै हल्ला गर्छस् ।

(ड) गाडी सडकमा कुद्छ ।　　(ढ) ऊ घरमा बसोस् ।

(ण) ऊ आफ्नो काम गर्छ ।

३. **तलका वाक्यलाई अप्रेरणार्थक वाक्यमा परिवर्तन गर्नुहोस् :**

(क) गुरु हामीलाई पाठ पढाउनुहुन्छ ।

(ख) आमा छोरालाई सुधार्नुहुन्छ ।

(ग) म भाइलाई कथा पढाउँछु ।

(घ) बुबा मलाई कविता सुनाउनुहुन्छ ।

(ङ) मैले हरिलाई बजार घुमाएँ ।

(च) किसानले सानासाना बिरुवा सार्लान् ।

(छ) पाले दाइले स्कुलको घण्टी बजाउलान् ।

(ज) श्यामले हरिद्वारा गोपाललाई कुटाएछन् ।

(झ) उनले छोरालाई स्कुल पठाउनलान् ।

(ञ) चौधरीले तिमीलाई दाउरा चिर्न लगायो ।

(ट) उनीहरूले केटाहरूलाई गीत गाउन लगाएछन् ।

(ठ) सुमन रमालाई घर जान लगाउँछ ।

(ड) राजकुमार उमालाई हसाउँछ ।

(ण) बुबा गोठालोलाई गाई हेर्न लगाउनुहुन्छ ।

(त) भाइले भान्जीलाई गीत गाउन लगाएको थियो ।

४. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) प्रेरणार्थक भनेको के हो ?

(ख) अप्रेरणार्थक भनेको के हो ?

(ग) अप्रेरणार्थक वाक्यबाट प्रेरणार्थक वाक्यमा परिवर्तन गर्दा के के गर्नुपर्दछ ?

एकाइ

१९

# वाच्य र वाच्य परिवर्तन

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

दुई महिना अघि मात्रै मिर्गौला फेल भएको थाहा पाएपछि सन्तानपुरी दुःखमायालाई मिर्गौला कसले देला भन्ने चिन्ता भयो । "श्रीमान् जसोतसो उपचार खर्च जुटाउन त तयार हुनुभयो । तर मिर्गौला दिने को होला ?" उनले सुनाइन् । उनले भनिन्, "सहयोगका लागि धेरैतिर दगुरियो । रुन त कति रोइयो कति । तर सुखमा हितैसी देखिएका पनि अप्ठेरो पर्दा बिराना हुन पुगे । हत्तपत्त आमालाई भनेपछि उहाँ मिर्गौला दिन तयार हुनुभयो । त्यसपछि प्रत्यारोपणका लागि अस्पताल भर्ना भएको हुँ ।" उनका अनुसार मिर्गौला फेल भए जत्तिकै चिन्ता दाता नभेटिँदा हुने रहेछ । यस्तो अवस्थामा विवाह गरी गएका चेलीबेटीलाई झनै समस्या हुने रहेछ । उनले भनिन्, "न त घर परिवारले सहयोग गर्छन् न त माइती पक्षले हेर्ने रहेछन् ।" मानव अङ्ग प्रत्यारोपण केन्द्रका मानिस समेत बिरामीको अवस्थाको भिन्नताको बारेमा अनभिज्ञ छैनन् । परिवारका पुरुष सदस्य बिरामी हुँदा महिलाहरूको जायजेथा र गरगहना सबै बेचेर खर्च जुटाइन्छ । उनीहरूद्वारा नै मिर्गौला समेत लिइन्छ । महिला बिरामी हुँदा भने पुरुषद्वारा मिर्गौला दिने कुरा विरलै सुनिन्छ ।

माथि अनुच्छेदमा आएका कर्तृ, कर्म र भाववाच्यका वाक्य पहिचान गरी कापीमा लेख्नुहोस् :

| कर्तृवाच्य | कर्मवाच्य | भाववाच्य |
|---|---|---|
| | | |

वाक्यमा कर्ता, कर्म र भावअनुसार क्रियापद प्रयोग गर्ने कर्ता, कर्म र भावसँग सम्बन्ध राखी क्रियापद प्रयोग गर्ने कार्यलाई वाच्य भनिन्छ । वाच्यको अभिव्यक्ति क्रियापदबाट हुन्छ । वाच्यको अभिव्यक्ति क्रियापदबाट हुन्छ । जस्तै :

जमुना किताब पढ्छे । (कर्तृवाच्य)

जमुनाद्वारा किताब पढिन्छ । (कर्मवाच्य)

भाइद्वारा राम्ररी नाचियो । (भाववाच्य)

## २. वाच्यका प्रकार

क्रियापद कर्ता, कर्म र भावअनुसार प्रयोग हुने आधारमा वाच्य तीन प्रकारका हुन्छन् :

(क) कर्तृवाच्य (ख) कर्मवाच्य (ग) भाववाच्य

### (क) कर्तृवाच्य

कर्ताको लिङ्ग, वचन, पुरुष, आदरअनुसार क्रियापद प्रयोग भएको वाच्यलाई कर्तृवाच्य भनिन्छ । कर्तृवाच्यमा कर्ता प्रधान हुन्छ । कर्तृवाच्य सकर्मक र अकर्मक दुवै क्रियापदमा रहन्छ ।

जस्तै :

| सकर्मक | अकर्मक |
|---|---|
| म कविता लेख्छु । | म घर जान्छु । |
| हरि पुस्तक पढ्छ । | रमेश सरासर हिँड्छ । |
| तिनीहरू गोली हान्दै थिए । | बहिनी रोई । |
| विद्यार्थीहरू सधैँ पढ्छन् । | उनीहरू सुतून् । |
| हामी फुटबल खेल्छौँ । | बुबा भुसुक्क निदाउनुभयो । |
| भाइ भात खान्छ । | भाइ राम्ररी नाच्यो । |

उपर्युक्त उदाहरणमा सकर्मक र अकर्मक वाक्यहरू छन् । ती सकर्मक र अकर्मक वाक्यमा आएका क्रियापदहरू कर्ताद्वारा शासित छन् । कर्ता जुन लिङ्ग, वचन, पुरुष र आदरमा छन्, त्यहीअनुसार क्रियापद प्रयोग गरिएका छन् ।

### (ख) कर्मवाच्य

कर्मको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापद प्रयोग गरिने वाच्यलाई कर्मवाच्य भनिन्छ । कर्मवाच्यमा कर्म प्रधान हुन्छ । यसमा कर्मको लिङ्ग, वचन, पुरुष, आदरअनुसार क्रियापद प्रयोग गरिन्छ । सकर्मक, क्रियापद लिने क्रियापद कर्मवाच्यमा आउँछन् ।

जस्तै :

मद्वारा कथा पढिन्छ । बाघद्वारा म लखेटिएँ ।

श्यामद्वारा तिमी हेपियौ । मद्वारा भाइ कुटिएला ।

सरकारद्वारा हत्यारा पक्रियो । तिमीहरूद्वारा खाना खाइयो ।

उपर्युक्त उदाहरणमा कर्तामा द्वारा/बाट लागेका छन् । सबै क्रियापदको धातुद्वारा शासित नभई कर्मद्वारा वाच्यहरूमा उपयुक्त क्रियापद कर्म जुन लिङ्ग, वचन, पुरुष, आदरमा छ सोहीअनुसार क्रियापद प्रयोग गरिएका छन् ।

### (ग) भाववाच्य

कर्ता, कर्म मुख्य नभई क्रियापद वा भाव मुख्य हुने वाच्यलाई भाववाच्य भनिन्छ । यसमा क्रियापद पुलिङ्ग, एकवचन, तृतीय पुरुष र अनादरमा हुन्छ । यसमा अकर्मक क्रियापद रहन्छ ।

जस्तै :

मद्वारा हाँसियो । | तिमीहरूबाट रोइन्छ ।

भाइद्वारा बजार गइयोस् । | हामीद्वारा धरान बजार घुमियो ।

केटाहरूद्वारा राम्ररी नाचियो ।

उपर्युक्त उदाहरणमा कर्तामा द्वारा/बाट लागेका छन् तर त्यो गौण बन्दछ जसले गर्दा यो लोप पनि हुन सक्छ । ती वाक्यमा क्रियापदको धातुमा + इ जोडिएका छन् । यी वाच्यहरूमा प्रयुक्त क्रियापद कर्ता वा कर्म दुवैद्वारा नै मुख्य छन् । भाववाच्यमा कर्ता वा कर्मको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापद मिलाइदैन । क्रियापदलाई पुलिङ्ग, एकवचन, तृतीय पुरुष र अनादरमा प्रयोग गरिन्छ ।

## ३. वाच्य परिवर्तन

कर्तृवाच्य → सकर्मक क्रियापद → कर्तृवाच्य

कर्तृवाच्य → अकर्मक क्रियापद → भाववाच्य

एउटा वाच्यको वाक्यलाई अर्को वाच्यमा परिवर्तन गर्ने कार्यलाई वाच्य परिवर्तन भनिन्छ । सबै वाच्यहरू एकआपसमा परिवर्तन हुँदैनन् । कर्तृवाच्य कर्म र भवमा परिवर्तन हुन्छ भने कर्म र भाववाच्य एक आपसमा परिवर्तन हुँदैनन् । वाच्य परिवर्तन गर्दा वाक्यमा संरचनामा मात्र केही परिवर्तन हुन्छ तर क्रियापदको काल, पक्ष वा अर्थमा परिवर्तन हुँदैन ।

### (क) कर्तृवाच्यबाट कर्मवाच्यमा परिवर्तन

(अ) कर्तामा द्वारा/बाट थप्नुपर्छ । कर्तामा 'ले' विभक्ति भए सो विभक्ति हटाउनुपर्छ ।

(आ) कर्ममा भएको 'लाई' विभक्ति हटाउनुपर्छ ।

(इ) धातुपछि 'इ' प्रत्यय थप्नुपर्छ । त्यसपछि मात्र कर्मको लिङ्ग, वचन, आदरअनुसार क्रियापदको निर्माण गर्नुपर्छ ।

(ई) काल, पक्ष, भाव परिवर्तन नगर्ने तर आज्ञार्थ र इच्छार्थ वाक्यमा धातुपछि एकवचन भए इ + योस् र बहुबचन भए इ + यून् थप्नुपर्छ ।

### (ख) कर्तृवाच्यबाट भाववाच्यमा परिवर्तन

(अ) कर्तामा द्वारा/बाट थप्नुपर्छ । (तर भाववाच्यमा कर्ता नराख्दा स्वाभाविक देखिन्छ)

(आ) धातुपछि ‘इ’ प्रत्यय थप्नुपर्छ । त्यसपछि क्रियाको भावअनुसार रूपायन थप्नुपर्छ । (क्रियापद जहिल्यै तृतीय पुरुष, एकवचन, पुलिङ्ग र निम्न आदरको हुन्छ ।)

(इ) कर्तृवाच्यमा वाक्य जुन काल, भाव, पक्षको छ सोहीअनुसार हुनुपर्छ । विध्यर्थ र इच्छार्थक वाक्यमा धातुपछि (‘इ’ पछि योस्) थप्नुपर्छ ।

(ई) कर्तापछि ‘त’ निपात लागेका वाक्य भए कर्तामा ‘द्वारा/बाट’ थप्नुको सट्टा सोझै आफू वा आफूहरू बनाउनुपर्छ ।

**(ग) कर्मवाच्य र भाववाच्यबाट कर्तृवाच्यमा परिवर्तन**

(अ) कर्तामा भएको ‘द्वारा/बाट’ झिक्नुपर्छ । कर्ता नै नभएको वाक्य छ भने एउटा कर्ता थप्नुपर्छ ।

(आ) कर्तामा ‘ले’ लगाउन आवश्यक भए थप्नुपर्छ ।

(इ) कर्ममा ‘लाई’ लगाउनुपर्ने भए लगाउनुपर्छ ।

(ई) कर्ताको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापदको सङ्गति मिलाउनुपर्छ ।

(उ) कर्तामा ‘आफू’ छ भने त्यसलाई ‘म’ बनाउनुपर्छ ।

## ४. वाच्य परिवर्तन नहुने अवस्था

**(क) मुख्य क्रियापद नभएको अवस्थाबोधक क्रियापद भएको वा सहायक क्रियापद छ, हो, थियो जस्ता छन् भने वाच्य परिवर्तन हुँदैन । जस्तै :**

| | |
|---|---|
| ऊ पोखरामा थियो । | दावा केटो हो । |
| हामी विद्यार्थी हौँ । | सीमा धनी छे । |

**(ख) लाग्छ, सुत्छ, पर्छ, सर्छ, मर्छ जस्तो क्रियापद प्रयोग भएका वाक्यको वाच्य परिवर्तन हुँदैन ।**

जस्तै :

| | |
|---|---|
| आज घाम लाग्छ । | आज पानी पर्छ । |
| बिरुवा मर्छ । | आज लुगा नसुक्ला । |

**(ग) विशेषण शब्द पूरक भएको क्रियापदको वाच्य परिवर्तन हुँदैन । जस्तै :**

| | |
|---|---|
| रूख अग्लो छ । | फूल राम्रो छ । |
| श्याम परिश्रमी छ । | अचार पिरो रहेछ । |

**(घ) तल दिइएका वाच्यहरूको पनि वाच्य परिवर्तन हुँदैन । जस्तै :**

| | |
|---|---|
| बिरामी बाँच्यो । | हुरी चल्ने छ । |
| पहिरो गयो । | रोगी मऱ्यो |
| भेल बग्यो । | माछा झऱ्यो । |

## अभ्यास

१. **तलका कर्तृवाच्यलाई कर्मवाच्यमा परिवर्तन गर्नुहोस् :**

(क) हामी नाटक हेर्दैनौँ ।
(ख) तिमी कहिले आउँछौ ?
(ग) हामी अब खेल्दैनौँ ।
(घ) मैले त्यो किताब पढेको छैन ।
(ङ) बाघले उसलाई लखेटेछ ।
(च) हिजो तिमी कता गएका थियौ ?
(छ) म गीता पाठ गर्छु ।
(ज) तिमी संसार जित्ने छौ ।
(झ) सपना किताबहरू मिलाउँछन् ।
(ञ) समाले रमालाई देखी ।
(ट) सिकारी मृगहरू मार्छन् ।
(ठ) तपाईँ घर जानुहोस् रे ।
(ड) पुलिसले चोरलाई समातेछ ।

२. **तलका कर्तृवाच्यलाई भाववाच्यमा परिवर्तन गर्नुहोस् :**

(क) म हिजो बजार गएँ ।
(ख) ऊ बेसरी हाँस्ला ।
(ग) बुबा चाँडै सुत्नुभयो ।
(घ) विपना मसँग बोलेकी छैन ।
(ङ) तपाईँ घर आउन नभुल्नुहोला ।
(च) तपाईँ त धेरै बढ्नुभएछ ।
(छ) धिरज बोट काट्दै हुने छिन् ।
(ज) गोपाल अमेरिका गएको छ ।
(झ) हिड्ने मानिस लड्छ ।
(ञ) ऊ असफल भयो तर रोएन ।
(ट) सरिता आज पुग्लिन् ।
(ठ) म भोलि आउँछु ।
(ड) ऊ बेसरी हाँस्ला ।

३. **तलका कर्मवाच्यलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस् :**

(क) मद्वारा पुस्तक पढिँदैन ।
(ख) तिमीद्वारा राम्ररी पढियोस् ।
(ग) साने मद्वारा तिमी देखियौ ।
(घ) भाइद्वारा फुटबल खेलिन्छ ।
(ङ) चामे र गौथलीद्वारा झगडा गरियो ।
(च) साथीबाट कृपा भेटिने छैनन् ।
(छ) तपाईँबाट कार्यक्रम सञ्चालन गरियोस् ।
(ज) सपनाद्वारा गीत गाइए हुन्थ्यो ।
(झ) लखनद्वारा गीतहरू लेखियून् ।
(ञ) दीपकद्वारा म बोलाइएँ ।

४. **तलका भाववाच्यलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस् :**

(क) आज त खुव हाँसियो ।
(ख) आफू त भुसुक्कै निदाइएछ ।
(ग) तिमीद्वारा यता आइयोस् ।
(घ) कागद्वारा बिहान सबेरै कराइयो ।

(ङ) सुभद्राद्वारा रिसाइँदै छ । (च) पार्वतीद्वारा सबेरै उठियो ।

(छ) विद्यार्थीहरूद्वारा धेरै नसुतियोस् । (ज) हिउँ खेलेर निकै थाकिएछ ।

(झ) हिमालको दृश्यावलोकन गरियोस् ।

(ञ) सुभद्राद्वारा कुखुरा लगियोस् ।

**५. तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) वाच्य भनेको के हो ?

(ख) वाच्य कति प्रकारका हुन्छन् ?

(ग) कर्मवाच्य भनेको के हो ?

(घ) कर्तृवाच्य भनेको के हो ?

(ङ) भाववाच्य भनेको के हो ?

(च) कर्तृवाच्यलाई कर्मवाच्यमा परिवर्तन गर्दा ध्यान दिनुपर्ने कुरा के के हुन् ?

**६. तलको नियात्रा अंशमा कुनकुन वाच्यका वाक्यहरू प्रयोग भएका छन्, तालिकामा लेख्नुहोस् :**

## नुन बोकेर दोहातिर

यात्रामा निस्कनु पनि कुनै न कुनै कारण हुनुपर्ने रहेछ । कारण जस्तो पनि हुन सक्छ करबलको होस् कि रहरको । किनकि यात्रा गर्दा समयको खर्च त भइ नै हाल्छ । त्यसको साथसाथै आर्थिक नोक्सानी र अन्य कतिपय समस्याहरूसँग अनाहकमा पौँठेजोरी खेल्नुपर्ने अवस्थासमेत सिर्जना हुन सक्ने प्रबल सम्भावना रहन्छ । तर जेजसरी सुरु भएको यात्रा भए पनि यात्राको स्थान भने मानवजीवनमा एउटा अभिन्न अङ्गसरह रहेको हुन्छभन्दा कत्ति पनि फरक पर्दैन । यात्रालाई जेजसरी परिभाषित गर्न खोजे पनि यात्राले उत्सुकताको भोकलाई मेटाउन सक्छ । कल्पनाको दायरालाई फराकिलो बनाउँछ । नयाँ सोचको मार्ग प्रशस्त गर्छ र यात्राको कारणबाट मान्छेको जीवनमा नयाँ आशाहरू पलाउन सघाउ पुऱ्याउँछ र दिमागलाई ताजा बनाउनमा ठुलो मद्दत गर्छ । त्यसैले यात्रा र जीवन सरल रेखामा समानान्तर रूपमा हिँड्छ भन्ने लागेको छ । तर यात्राको परिभाषा दिन भने खोजिएको होइन यहाँ । भर्खरै मैले गरेको यात्राको बारेमा लिपिबद्ध गर्ने क्रममा निस्किएका कुराहरू मात्र हुन् यी शब्दहरू । कतारको राजधानी दोहा सहरदेखि करिब पैंसठ्ठी किलोमिटर टाढा मेसाइडमा अवस्थित बालुवाको पहाड हेर्ने अभिलाषालाई पूरा गर्ने क्रममा जुलाई **१४, २०११** का दिन साइत जुरायौँ हामीले । माथि उल्लेख गरेजस्तै यस पटकको साइतजुराइ भने नयाँ दिल्लीको हिन्दु कलेजमा अध्ययनरत छोरा दीपेश छाड्छा बिदामा हामीलाई भेट्न गत जुन **१३, २०११** का दिन दोहा आइपुगेकोले कतारको पर्यटकीय स्थलको रूपमा विकसित भएको स्थान अर्थात् बालुवाको पहाड देखाउन मेसाइड जाने निर्णय गयौँ । उनलाई देखाउने निहुँमा नेपाली

दूतावासका चालक अलिमुद्दिन मिया, सहचारी दम्पती केशवराज पन्थी र मसमेत समावेश भयौँ मेसाइडको यात्रामा ।

अहिले संसारभरिको गर्मीले बास जमाएको छ बालुवाको देशमा अर्थात् अरबमा । प्रत्येक वर्षको जुन, जुलाई र अगस्टमा चरम गर्मीको सामना गर्नुपर्छ बालुवाको प्रिय भूमिमा । बालुवाकै पहाड, बालुवाकै मैदान, बालुवाकै चउर, बालुवाकै बाटो, बालुवाकै जङ्गल र बालुवाकै महासागर छ अरेबियन क्षेत्रमा अवस्थित सानो राज्य कतारमा । वास्तवमा अरब देशको यात्रामा निस्कनु भनेको बालुवाको चमत्कार हेर्नु नै प्रमुख कुरा हो । जस्तै कि आलुको तरकारी, अचार, सलाद जे बनाए पनि स्वीकार्य हुने तथा आलुलाई सात्त्विक खाना बनाए पनि तामसी खाना बनाए पनि हुने गर्छ । त्यस्तै प्रकारले अरेबियन बालुवाको पनि अनेक प्रकारका रूप, रङ, आकार र विशेषता हेर्न पाइन्छ कतारमा । यिनैमध्येको एउटा विशेषताको रूपमा रहेको बालुवाको पहाड हेर्नका लागि तयार भएर जुटेका छौँ अहिले ।

*(जय छाङ्छा, दोहाको उडान -नियात्राबाट साभार)*

एकाइ २०

# पदसङ्गति

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

(क) बहिनी घर आयो । ⟶ लिङ्गको सङ्गति नमिल्दा

बहिनी घर आई । ⟶ लिङ्गको सङ्गति मिल्दा

(ख) बगैँचामा फूलहरू फुलेछ । ⟶ वचनको सङ्गति नमिल्दा

बगैँचामा फूलहरू फुलेछन् । ⟶ वचनको सङ्गति मिल्दा

(ग) म बजार गयो । ⟶ पुरुषको सङ्गति नमिल्दा

म बजार गएँ । ⟶ पुरुषको सङ्गति मिल्दा

(घ) दाजु खेल्न गयो । ⟶ आदरको सङ्गति नमिल्दा

दाजु खेल्न जानुभयो । ⟶ आदरको सङ्गति मिल्दा

माथिका क, ख, ग, घ मा लेखिएका पहिलो सबै वाक्यहरूमा सङ्गति मिलेको छैन । त्यसैले यी व्याकणिक दृष्टिले अशुद्ध मानिन्छन् तर तिनै वाक्यमा तल लेखिएका वाक्यहरू सङ्गतिपूर्ण हुनाले शुद्ध छन् ।

वाक्यमा आउने पदहरूको उपयुक्त रखाइलाई पदसङ्गति भनिन्छ । वाक्यमा आउने पदहरू लिङ्ग, वचन, पुरुष, आदर आदिका आधारमा मिलेर बसेका हुनुपर्छ । यसरी नमिलेका वाक्यहरूमा व्याकरणिक रूपमा अशुद्ध मानिन्छन् ।

## २. पदसङ्गतिका प्रकार

### (क) कर्ता र क्रियाको सङ्गति

वाक्यमा कर्ता जनु लिङ्ग, वचन, पुरुष र आदरको प्रयोग हुन्छ क्रियापद पनि त्यही लिङ्ग, वचन, पुरुष र आदरका आधारमा क्रियापदको प्रयोग हुने कर्ता र क्रियाको पदसङ्गति हो ।

### (अ) लिङ्गअनुसार पदसङ्गति

| लिङ्ग | कर्ता | क्रिया | सङ्गति |
|---|---|---|---|
| पुलिङ्ग | तँ<br>ऊ<br>भाइ | पढ्छस्<br>पढ्छ<br>खान्छ | एकवचन, पुलिङ्ग, द्वितीय पुरुष<br>एकवचन, पुलिङ्ग, तृतीय पुरुष<br>एकवचन, पुलिङ्ग, तृतीय पुरुष |

| | | | |
|---|---|---|---|
| स्त्रीलिङ्ग | तँ<br>तिमी<br>ऊ<br>बहिनी | पढ्छिस्<br>पढ्छ्यौ<br>खान्छे<br>खान्छे | एकवचन, स्त्रीलिङ्ग, द्वितीय पुरुष<br>एकवचन, स्त्रीलिङ्ग, द्वितीय पुरुष<br>एकवचन, स्त्रीलिङ्ग, तृतीय पुरुष<br>एकवचन, स्त्रीलिङ्ग, तृतीय पुरुष |

माथिको तालिकामा कर्ताको लिङ्ग, वचन, पुरुषअनुसार क्रियापदको मेल भएको छ ।

### (आ) वचनअनुसार पदसङ्गति

| वचन | कर्ता | क्रिया | सङ्गति |
|---|---|---|---|
| एकवचन | म<br>तिमी<br>श्याम | लेख्छु<br>लेख्छौ<br>लेख्छ | दुवै लिङ्ग, एकवचन, प्रथम पुरुष<br>पुलिङ्ग, एकवचन, द्वितीय पुरुष<br>पुलिङ्ग, एकवचन, तृतीय पुरुष |
| बहुवचन | हामी<br>तिमीहरू<br>साथीहरू | लेख्छौं<br>लेख्छौ<br>लेख्छन् | दुवै लिङ्ग, बहुवचन, प्रथम पुरुष<br>दुवै लिङ्ग, बहुवचन, द्वितीय पुरुष<br>दुवै लिङ्ग, बहुवचन, तृतीय पुरुष |

माथिको तालिकामा एकवचनको कर्ताअनुसार एकवचनको क्रियापद राखिएको छ भने बहुवचनको कर्ताअनुसार बहुवचनको क्रियापद राखिएको छ ।

### (इ) पुरुषअनुसार पदसङ्गति

| पुरुष | कर्ता | क्रिया | सङ्गति |
|---|---|---|---|
| प्रथम पुरुष | म<br>हामी | गएँ<br>गयौं | दुवै लिङ्ग, एकवचन, प्रथम पुरुष<br>दुवै लिङ्ग, बहुवचन, प्रथम पुरुष |
| द्वितीय पुरुष | तँ<br>हामी<br>तपाईं | गइस्<br>गयौं<br>जानुभयो | दुवै लिङ्ग, एकवचन,द्वितीय पुरुष<br>दुवै लिङ्ग, एकवचन, द्वितीय पुरुष<br>दुवै लिङ्ग, एकवचन, द्वितीय पुरुष |
| तृतीय पुरुष | ऊ<br>उनीहरू<br>दावा<br>सीता | गयो<br>गए<br>गयो<br>गई | पुलिङ्ग, एकवचन, तृतीय पुरुष<br>दुवै लिङ्ग, बहुवचन, तृतीय पुरुष<br>स्त्रीलिङ्ग, एकवचन, तृतीय पुरुष |

माथिको तालिकामा पुरुषअनुसार पदसङ्गति मिलाइएको छ जसमा प्रथम पुरुषको म, हामी, कर्ताका आधारमा गएँ, गयौं राखिएको छ । द्वितीया पुरुषमा ‘तँ’ हामी, तपाईं

कर्ताका आधारमा गइस्, गयौ, जानुभयो, क्रियापद राखिएको छ । त्यसैगरी तृतीय पुरुषका ऊ, उनीहरू, दावा, सीता कर्ताका आधारमा गयो, गए र गई क्रियापद राखिएको छ ।

### (ई) आदरार्थी पदसङ्गति

| आदर | कर्ता | क्रिया | सङ्गति |
|---|---|---|---|
| अनादर | तँ | खान्छस् | एकवचन, पुलिङ्ग, अनादर |
| सामान्य आदर | तिमी | हिड्ँछ्यौ | एकवचन, स्त्रिलङ्ग, सामान्य आदर |
| उच्च आदर | तपाईँ | जानुहुन्छ | एकवचन, दुवै लिङ्ग, उच्च आदर |
| अतिउच्च आदर | हजुर | गइबक्सिन्छ | एकवचन, दुवै लिङ्ग, अतिउच्च आदर |

माथिका तालिकामा अनादर तँ का आधारमा क्रियापद खान्छस् राखिएको छ। सामान्य आदरमा तिमी का आधारमा हिँड्छौ राखिएको छ । उच्च आदरमा तपाईँका आधारमा जानुहुन्छ राखिएको छ। अतिउच्च आदरमा हजुरको आधारमा गइबक्सिन्छ क्रियापद सङ्गति मिलाइएको छ ।

### (ख) नाम र सर्वनामको पदसङ्गति

दोर्जे बजार गयो। ऊ त्यहीँ बस्यो। सरला राम्ररी पढ्छे। उनी मिहिनेती छिन्। बुबा विद्यालय जानुभयो। उहाँ शिक्षक हुनुहुन्छ। केटाहरू पढ्दै छन्। उनीहरू मिहिनेती छन्।

वाक्यमा आएका नामपद जुन लिङ्ग, वचन, पुरुष र आदरको छ सोहीअनुसार पुनरावृत्तिमा आउने नामपदका स्थानमा सर्वनाम शब्द प्रयोग गर्नुलाई नाम र सर्वनामको पदसङ्गति भनिन्छ ।

### (ग) विशेषण र विशेष्य पदसङ्गति

| वाक्य | विशेषण | विशेष्य | पदसङ्गति |
|---|---|---|---|
| गोरी केटी | गोरी | केटी | स्त्रीलिङ्ग, एकवचन, अनादर |
| कान्छो भाइ | कान्छो | भाइ | पुलिङ्ग, एकवचन, अनादर |
| मोटी छोरी | मोटी | छोरी | स्त्रीलिङ्ग, एकवचन, अनादर |

विशेष्य भनेको नाम पद हो भने विशेषण भनेको नामको विशेषता जनाउने शब्द हो। त्यसैले विशेष्य (नाम) जुन लिङ्ग, वचन र आदरको छ सोधी आधारमा विशेषणको प्रयोग गर्नुलाई विशेषण र विशेष्यको पदसङ्गति भनिन्छ ।

### (घ) भेद्य र भेदकको पदसङ्गति

| | |
|---|---|
| धिरजको साथी गयो। | (एकवचन, पुलिङ्ग) |
| दीपककी आमा आउनुभयो। | (एकवचन, स्त्रीलिङ्ग) |

| | |
|---|---|
| सुजनका दाजुहरू आउनुभयो । | (दुवै लिङ्ग, बहुवचन) |

षष्ठी विभक्तिका प्रत्ययहरू को, का, की, रो, रा, री, नो, ना, नी लागेका नाम वा सर्वनामलाई भेदक विशेषण भनिन्छ भने ती पदहरूको जसको भिन्नता देखाउँछन् तिनलाई भेद्य भनिन्छ । भेद्य जुन वचन, लिङ्ग र आदरको छ भेदक पनि त्यही वचन, लिङ्ग र आदरको हुने भेद्य र भेदकको सङ्गति हो ।

## अभ्यास

१. **जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| म | बजार | खानुहुन्छ । |
| ऊ | खेल | गर्छन् । |
| तपाइँ | खाना | खेल्छ । |
| तँ | पढ्न | घुम्छौ । |
| उनीहरू | पूजा | जान्छु । |
| तिमी | लुगा | जान्छस् । |

२. **तल दिइएका वाक्यहरूको पदसङ्गतिको मिलाउनुहोस् :**

(क) मानिसहरू बजार जान्छ ।
(ख) उनीहरू फुटबल खेल्छौ ।
(ग) गुरुले व्याकरण पढाइन् ।
(घ) तपाईंले खाना खायो ।
(ङ) गाईले घाँस खान्छिन् ।
(च) ऊ मामाघर जान्छन् ।
(छ) तिमीहरू कहाँबाट आइपुगेछ ?
(ज) हामी हिजै आइपुग्यो ।
(झ) ऊ, तिमी र म गए ।
(ञ) तँ खाजा खाऊ र गोठमा जाऊ ।
(ट) देवकोटा ठुलै कवि रहेछ ।
(ठ) उसका कुरा घतलाग्दा हुन्छिन् ।
(ड) साथीहरू मजाले हाँस्छ ।
(ढ) प्रियाले किताब पढ्यो ।
(ण) मृगहरू वनमा चऱ्यो ।
(त) पेम्बा धारामा नुहाउँछस् ।
(थ) ऊ र तिमी कहिले जान्छ ?
द) उहाँ भलाद्मी छ ।
(ध) हजुरले राम्रो काम गर्छ ।
(न) विमला मसँगै खेल्न रुचाउँथ्यो ।

३. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) पदसङ्गति भनेको के हो ?

(ख) पदसङ्गतिका प्रकारहरू उदाहरणसहित चिनाउनुहोस् ।

एकाइ

२१

# आदरार्थी

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

आदर

- निम्न तह : तँ पढ्छस्/पढ्छेस् ।
- मध्यम तह : तिमी पढ्छौ/पढ्छ्यौँ ।
- उच्च तह : बुबा घरमा बस्नुहुन्छ ।
- अतिउच्च तह : हजुर पढिबक्सिन्छ ।

वाक्यमा प्रस्तुत वाक्यको सामाजिक मर्यादाअनुसार व्यक्तिको इज्जत र प्रतिष्ठाको सङ्केत गर्ने व्याकरणात्मक तत्त्वलाई आदर भनिन्छ ।

## २. आदरार्थीको प्रकार

सामाजिक मर्यादाअनुसार आदर भाव चार श्रेणीबाट व्यक्त गरिन्छ ।

### (क) अनादरार्थी

| | |
|---|---|
| तँ कालो छस् । | ऊ बजार हिँड्यो । |
| तैँले के काम गरिस् ? | त्यो कसले खाएको ? |
| कान्छाले बाटो बिरायो । | हरि तुरुन्त फर्क्यो । |

उपर्युक्त उदारणमा आदरलाई नभई अनादरार्थी सर्वनाम र क्रियापदको प्रयोग भएका छन् । यसमा तँ द्वितीय पुरुष सर्वनाम र ऊ, यो, त्यो तृतीय पुरुष सर्वनाम र यी सर्वनामले लिने क्रियापद प्रयोग गरिन्छ ।

आफूभन्दा निम्न तहको व्यक्ति वा हेय व्यवहार दर्शाउँदा प्रयोग गरिने आदरलाई अनादरार्थी भनिन्छ ।

### ख) मध्यम आदरार्थी

| | |
|---|---|
| तिमी लुगा धोऊ । | उनी घुम्न जान्छिन् । |
| तिमी गीत गाउँछौ । | तिमी पूजा गर्छिन् । |
| ईश्वर मलाई माफ गर । | यी मेरा भान्जा हुन् । |

आफू समानका वा आफूभन्दा तल्लो तहकालाई आदर, प्रेम वा सद्भाव जनाउन प्रयोग गरिने आदरार्थीलाई मध्यम आदरार्थी भनिन्छ । मध्यम आदरार्थीमा तिमी द्वितीय पुरुष र उनी, यिनी, तिमी तृतीय पुरुष सर्वनाम र यी सर्वनामअनुसारका क्रियापद प्रयोग गरिन्छ ।

### (ग) उच्च आदरार्थी

तपाईँ बजार जानुहुन्छ । उहाँ कता हिँड्नुभएछ ।
यहाँ के गर्दै हुनुहुन्छ ? तपाईँ आज आउनुहुन्छ ।
दाजु घुम्न जानुभयो । मन्त्रीज्यू विदेश जानुभयो ।

माथिका उदाहरणहरू तल्लो तहकाले आफूभन्दा माथिको तहलाई प्रयोग गर्ने बोली हुन् । उच्च आदरार्थीमा तपाईँ, हजुर, उहाँ जस्ता द्वितीय पुरुष सर्वनाम र तिनै सर्वनामले लिने क्रियापद प्रयोग गरिन्छ । उच्च आदरार्थीमा लिङ्ग भेद हुँदैन ।

### (घ) अतिउच्च आदरार्थी

हजुर आज फर्किबक्सन्न कि ? दिज्यू आज घुम्न गइबक्सिन्छ ।
मौसुफबाट प्रदर्शनी नजर गरिबक्सियो । रानीसाहेब भुजा ज्युनार गरिबक्सँदै छ ।

राजपरिवार वा अति विशष्ट व्यक्तिहरूका लागि विशिष्ट आदरका साथ प्रयोग गरिने आदरार्थीलाई अतिउच्च आदरार्थी भनिन्छ । यसमा हजुर, मौसुफजस्ता सर्वनाम तथा लिङ्ग भेद नभएका क्रियापद प्रयोग हुन्छन् ।

## अभ्यास

### १. तलका वाक्य कुन आदरमा छन्, चिनेर लेख्नुहोस् :

(क) तपाईँ कहिले आउनुभयो ? (ख) तिमी गीत गाउँछौ ।
(ग) हजुरले पहिले बताइबक्सियो । (घ) त्यो यतै आयो ।
(ङ) तँ फुटबल खेल्छस् । (च) उहाँ घर आउनुभयो ।
(छ) छोरी गनगन गर्दै छे । ज) ऊ घरबाट आयो ।
(झ) तपाईँ के भन्दै हुनुहुन्छ । (ञ) सञ्जयले मलाई बतायो ।
(ट) भाइ धुरुधुरु रोयो ।

### २. खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :

(क) ..................भेटेको छ । (ख) .................. सामान बेच्यो ।
(ग) ............... खाना खानुहुन्छ ।

(घ) ................ बजार गइबक्सियो ।

(ङ) ....................हामीलाई व्याकरण पढाउनुहोस् ।

(च) ................ मलाई कहिले भेट्यौ ?

(छ) .............. राम्ररी पढ्छन् ।

(ज) .............. चिठी पठाउनुभयो ।

(झ) ............. चकचक गर्छ ।

(ञ) ................... सवारी होस् ।

**३. कोष्ठकमा दिइएका निर्देशकअनुसार वाक्य परिवर्तन गर्नुहोस् :**

(क) तिमी के खान्छौ ? (अनादर)

(ख) तपाईँ के गर्नुहुन्छ । (मध्यम आदर)

(ग) उनीहरू घर जाँदैनन् । (उच्च आदर)

(घ) छोरो कता गएछ ? (मध्यम आदर)

(ङ) तैँले आज के काम गरिस् । (उच्च आदर)

(च) तिमी घरमा गएर पढ । (अनादरार्थी)

(छ) तपाईँ किताब पढ्दै हुनुहुन्छ । (मध्यय आदर)

(ज) उहाँ कता जानुभएछ ? (अनादर)

(झ) हरि बेसरी हाँस्यो । (मध्यम आदर)

(ञ) केटी बिरामी छिन् । (उच्च आदर)

(ट) हजुर सवारी होस् । (अनादर)

(ठ) तैँले फूल टिपिस् । (मध्यम आदर)

(ढ) मन्त्रीज्यू आउँदै हुनुहुन्छ । (अनादर)

(ण) तिमी भोलि आइपुग्छौ । (उच्च आदर)

(त) गीता मिठो गीत गाउँछिन् । (उच्च आदर)

(थ) केटो कता हरायो ? (मध्यम आदर)

(द) ऊ कहिले आउँछ ? (मध्यम आदर)

(ध) केटी राम्री छिन् । (अनादर)

(न) हजुर आज फर्किबक्सिन्छ । (मध्यम आदर)

**४. तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) आदरार्थी भनेको के हो ?

(ख) आदर कति प्रकारका छन् ?

(ग) अनादरार्थीको प्रयोग कस्ता व्यक्तिलाई गरिन्छ ?

(घ) मध्य आदरार्थीको प्रयोग कस्ता व्यक्तिलाई गरिन्छ ?

(ङ) उच्च आदरार्थीको प्रयोग कस्ता व्यक्तिलाई गरिन्छ ?

एकाइ

२२

# वाक्य र वाक्यका प्रकार

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

१. सविता कलम गन्दै विद्यालय ।

२. हामीहरू घरमा गएर पढ्छौं ।


माथि दिइएका दुई उदाहरणहरू मध्ये १ नम्बरको उदाहरणमा चारओटा शब्दहरू छन् । तर ती चारओटै शब्दले वक्ताको कुनै पनि आशयलाई प्रष्ट पार्दैन । तर उदाहरण दुईमा भएका चारओटा शब्दहरूबाट भने 'हामीहरू घरमा गएर पढ्छौं' भन्ने आशयलाई पूर्णरूपमा प्रष्ट पारेको छ । यसका साथै वाक्यलाई टुङ्ग्याउन सक्ने समापिका क्रिया 'पढ्छौं' पनि आएको छ । यसरी कम्तीमा वक्ताको एउटा आशयलाई बुझाउन सक्ने शब्द वा शब्दहरूको समूहलाई वाक्य भनिन्छ । पूर्णवाक्यमा एउटा असमापिका क्रिया हुन्छ ।

### वाक्यका उद्देश्य र विधेय

३. केटो आयो ।

४. मेरो भाइले खाजा खायो ।

माथिको उदाहरणमा ३ र ४ नम्बरका वाक्यलाई कर्ता र क्रिया खण्डमा छुट्याउने गरी दुईदुई टुक्रामध्ये कर्ता र कर्तासँग सम्बन्ध राख्ने वाक्यका टुक्रालाई उद्देश्य भाग भनिन्छ । माथिको उदाहरणमा दिइएको ३ नम्बरको केटो र ४ नम्बरको मेरो भाइ उद्देश्य भाग हुन् । त्यस्तै क्रिया र क्रियासँग सम्बन्ध राख्ने वाक्यका टुक्रालाई विधेय भाग भनिन्छ । माथि ३ नम्बरको आयो र ४ नम्बरको खाजा खायो विधेय भाग हुन् ।




एउटा वाक्यमा कम्तीमा एउटा उद्देश्य र एउटा विधेय हुन्छ । यसका साथै उद्देश्य विस्तार र विधेय विस्तार हुन सक्छ ।

संरचनाका दृष्टिले कम्तीमा एउटा उद्देश्य र एउटा भाग विधेय भएका वक्ताहरूको एउटा आशयलाई बुझाउन सक्ने शब्द वा शब्दहरूको समूहलाई वाक्य भनिन्छ ।

## २. वाक्यका प्रकार

बनोट वा संरचनाका आधारमा वाक्य तीन प्रकारका छन् :

(क) **सरल वाक्य** (ख) **मिश्र वाक्य** (ग) **संयुक्त वाक्य**

| उद्देश्य | विधेय |
|---|---|
| महेश्वर<br>सपना<br>लता<br>सोनाम | नाच्छ<br>गाउँछे<br>गइन्<br>पढ्छ |

| उद्देश्य | विधेय |
|---|---|
| दीपकको कान्छो छोरो महेश्वर<br>मेरी छोरी सपना<br>पोखरामा बस्ने लता<br>कक्षामा पढ्ने सोनाम | आँगनमा छमछमी नाच्छ ।<br>लोकगीत गाउँछे ।<br>काठमाडौँ सहर गइन् ।<br>मिहिनेत गरेर पढ्छ । |

### (क) सरल वाक्य

कुनै पनि सयोजक प्रयोग नभएको एउटा उद्देश्य र विधेयद्वारा बनेको वाक्यलाई सरल वाक्य भनिन्छ । वाक्यलाई उद्देश्य तथा विधेयको विस्तार गरी लामो पनि बनाउन सकिन्छ । सरल वाक्यमा एउटा उद्देश्य र एउटा विधेय वा एउटा कर्ता र एउटा समापिका क्रिया रहन्छ । उद्देश्य र विधेयमा विस्तार भए पनि सरल वाक्य बन्छ ।

### (ख) मिश्र वाक्य

(अ) जुन औषधी तितो छ त्यो हितकारी छ ।

(आ) जहाँ खेती हुँदैन त्यहाँ रूख लगाउनुपर्छ ।

(इ) जब समाचार आउँछ तब टेलिभिजन हेर्छु ।

(ई) तिमी गाउँछौ भने म सङ्गीत भर्छु ।

मुख्य उपवाक्य र अधीन उपवाक्यलाई सापेक्ष संयोजकले जोडेर बनेको वाक्यलाई मिश्र वाक्य भनिन्छ । यसमा एउटा मात्र समापिका क्रिया रहन्छ । मिश्र वाक्यमा उद्देश्य र विधेय मिलेर बनेको स्वतन्त्र र अर्थपूर्ण अर्थ प्रदान गर्ने उपवाक्य मुख्य उपवाक्य हो । त्यस्तै स्वतन्त्र रूपमा प्रयोग नहुने र पूर्ण अर्थका लागि मुख्य उपवाक्यको आश्रम लिनुपर्ने उपवाक्यलाई अधीन उपवाक्य भनिन्छ ।

सापेक्ष संयोजकहरू : भने, भनी, जब, जो, जे, जस, जहाँ, त्यहाँ, जब, जसरी, त्यसरी, जहिले, त्यहिले, जहाँ–त्यहाँ

**(ग) संयुक्त वाक्य**

(अ) तिमी ढिला गऱ्यौ अनि म हिँडेँ ।

(आ) तिमी बसमा या कारमा जान्छौ ?

(इ) राम कालो छ तर हँसिलो छ ।

(ई) तिमी आऊ अथवा भाइलाई पठाऊ ।

दुई वा दुईभन्दा बढी स्वतन्त्र अस्तित्व भएका वा मुख्य अर्थ भएको उपवाक्यलाई निरपेक्ष संयोगकले जोडिएको वाक्यलाई संयुक्त वाक्य भनिन्छ ।

निरपेक्ष संयोजकहरू : र, वा, तर, पनि, अथवा, नत्र, तसर्थ, अनि, या, परन्तु, किन्तु, त्यसैले, तापनि, यसकारण, त्यसकारण आदि ।

## ३. वाक्य परिवर्तन गर्ने तरिका

**(क) सरल वाक्यमा परिवर्तन गर्दा संयोजकहरू हटाई कुनै क्रियालाई कृदन्तीकरण गर्ने । जस्तै :**

भाइ विद्यालय गयो र पढ्न थाल्यो ।

भाइ विद्यालय गएर पढ्न थाल्यो ।

**(ख) संयुक्त वाक्यमा परिवर्तन गर्दा निरपेक्ष संयोजकको उचित प्रयोग गर्ने । जस्तै :**

आमा आउनुभएपछि तिमी जाऊ ।

आमा आउनुहुन्छ र तिमी जाऊ ।

**(ग) मिश्र वाक्यमा परिवर्तन गर्दा सापेक्ष संयोजकको उचित प्रयोग गर्ने । जस्तै :**

बुबाले फुटबल ल्याउनुहुन्छ र म खेल्न जान्छु ।

जब बुबाले फुटबल ल्याउनुहुन्छ तब म खेल्न जान्छु ।

## अभ्यास

**१. तलका वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्नुहोस् :**

(क) म घर गएर खाजा खान्छु ।

(ख) हामी काम गर्न थाल्छौँ अनि पूरा गर्छौँ ।

(ग) राति भयो अनि पानी पर्न थाल्यो ।

(घ) परिश्रमी लखनलालले धन कमायो ।

(ङ) बादल लाग्यो । पानी पऱ्यो ।

(च) ऊ घर गयो । म बजार जान्छु ।

(छ) हुरी चलेकाले बत्ती आएन ।

(ज) सपना घर आइन् किन्तु मैले भेटिनँ ।

(झ) नाचेको हेऱ्यौँ अनि हामी हिँड्यौँ ।

(ञ) तिमीले बोलेको कुरा सत्य हो र ?

(ट) काम गरे मिठो फल पाइन्छ ।

२. **तलका वाक्यलाई संयुक्त वाक्यमा परिवर्तन गर्नुहोस् :**

(क) रात पऱ्यो आकाशमा तारा देखिए ।

(ख) जहाँ सगरमाथामा छ त्यहाँ मेरा देश छ ।

(ग) जो अग्लो छ त्यसले किला ठोक्छ ।

(घ) मिहिनेती दीपकले पैसा कमायो ।

(ङ) उसको हल्ला गर्ने बानी राम्रो छैन ।

(च) जब ऊ गीत गाउँछ तब दर्शकलाई नचाउँछ ।

(छ) समा विद्यालय गइनन् । ऊ गएन ।

(ज) जब म घर जान्छु तब गृहकार्य गर्छु ।

३. **तलका वाक्यलाई सरल वाक्यमा परिवर्तन गर्नुहोस् :**

(क) जहाँबाट ऊ पस्यो, त्यहाँबाट निस्क्यो ।

(ख) खोलो तऱ्यो लौरो बिर्स्यो ।

(ग) चट्याङ पऱ्यो अनि बत्ती गयो ।

(घ) बादल लाग्दछ अनि पानी पर्दछ ।

(ङ) राम्रोसँग पढ अनि उत्तीर्ण होऊ ।

(च) समा मन्दिर जान्छिन् र पूजा गर्छिन् ।

(छ) उसको मन छ तर तन छैन ।

(ज) जहाँ इच्छा हुन्छ त्यहाँ उपाय हुन्छ ।

(झ) तिमी आउँछौ कि आउँदैनौ ।

(ञ) जुन कलम राम्रो छ त्यो मलाई देऊ ।

४. **कोष्ठकमा दिइएको सङ्केतका आधारमा तलका वाक्यलाई परिवर्तन गर्नुहोस् :**

(क) तिमी नविराउनू र नडराउनू (सरल वाक्य)

(ख) रात रहे अग्राख पलाउँछ । (मिश्र वाक्य)

(ग) जहाँ इन्छा छ त्यहाँ उपाय हुन्छ । (संयुक्त वाक्य)

(घ) सरोज ध्यान दिएर पढ्छ अनि लेख्न थाल्छ । (सरल वाक्य)

(ङ) म रातभरि पढ्छु तर सफल हुन्नँ (सरल वाक्य)

(च) जब उनी झसङ्ग भइन् तब उनी चिच्याइन् । (संयुक्त वाक्य)

(छ) भाइ झोला बोकेर स्कुल गयो । (मिश्र वाक्य)

(ज) लालीगुँरास फुलेको गाउँ मेरो हो । (संयुक्त वाक्य)

(झ) ऊ सबेरै उठ्यो भने हल्ला गर्न थाल्छ । (सरल वाक्य)

(ञ) तिमीले निम्तो गरेपछि विवाहमा आउँला । (मिश्र वाक्य)

५. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) वाक्य भनेको के हो ?

(ख) वाक्य कति प्रकारका छन् ?

(ग) संयुक्त वाक्यको परिचय दिनुहोस् ।

(घ) मिश्र वाक्यको परिचय दिनुहोस् ।

(ङ) सरल वाक्यको परिचय दिनुहोस् ।

(च) अधीन उपवाक्य र मुख्य उपवाक्य भन्नाले के बुझिन्छ ?

एकाइ

# २३ वाक्य संश्लेषण र विश्लेषण

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

(क) सोनाम दावाको छोरो हो ।

(ख) सोनाम मिहिनेती छ ।

(ग) सोनाम सधैँ प्रथम हुन्छ ।

**सरल वाक्यमा संश्लेषण :** सोनामको छोरो दावा मिहिनेती हुनाले सधैँ प्रथम हुन्छ ।

**संयुक्त वाक्यमा संश्लेषण :** सोनाम दावाको छोरो हो र मिहिनेती छ त्यसैले ऊ सधैँ प्रथम हुन्छ ।

उपर्युक्त उदाहरणबाट स्पष्ट हुन्छ : वाक्य संश्लेषण भनेको वाक्यलाई गाँस्ने, जोड्ने, मिलाउने वा एकतित्र गर्ने प्रक्रिया हो । स्वतन्त्र वाक्यहरू संश्लेषित वाक्यमा आउँदा केही शब्दहरू थपघट र केही वरपर भए पनि अर्थमा भने परिवर्तन आउँदैन ।

दुई वा दुईभन्दा बढी सरल वाक्यहरूलाई असमापिका क्रियापद, सापेक्ष वा निरपेक्ष संयोजक प्रयोग गरेर एउटै वाक्य निर्माण गर्ने प्रक्रियालाई वाक्य संश्लेषण भनिन्छ ।

## २. वाक्य संश्लेषण सरल वाक्यबाट, सरल वाक्यमा, सरल वाक्यबाट मिश्र र संयुक्त जुनसुकै वाक्यमा पनि गर्न सकिन्छ ।

### (क) सरल वाक्यबाट सरल वाक्यमा संश्लेषण

| | स्वतन्त्र सरल वाक्यहरू | संश्लेषित सरल वाक्यहरू |
|---|---|---|
| (अ) | सरला गृहिणी हुन् ।<br>सरला मिहिनती छिन् । | मिहिनेती सरला गृहिणी हुन् । |
| (आ) | भाइका साथीहरू आए ।<br>भाइ भात खाँदै थियो ।<br>भाइ हिँड्यो । | साथीहरू आएकाले भाइ भात खाँदै हिँड्यो । |
| (इ) | लक्ष्मीप्रसाद कवि हुन् ।<br>लक्ष्मीप्रसादले मुनामदन लेखे ।<br>लक्ष्मीप्रसादर प्रख्यात भए । | कवि लक्ष्मीप्रसाद मुनामदन लेखेर प्रख्यात भए । |

सरल वाक्यलाई सरल वाक्यमा संश्लेषण गर्दा वाक्यमा रहेका समापक क्रियापदमा कुनैलाई विशेषण र कुनैलाई असमापक बनाउनुपर्छ । एउटै मात्र मुख्य क्रियापद रहेका वाक्य छ भने त्यस वाक्यमा कुनै पनि संयोजकले वाक्यलाई जोड्नु हुँदैन र क्रियापद त्यही कालको हुनुपर्छ ।

## (ख) सरल वाक्यबाट मिश्र वाक्यमा विश्लेषण

| स्वतन्त्र सरल वाक्यहरू | | संश्लेषित मिश्र वाक्यहरू |
|---|---|---|
| (अ) | बुबा आउनुभयो ।<br>सबै खुसी भए । | जब बुबा आउनुभयो तब सबै खुसी भए । |
| (आ) | मेरो मित्र कर्ण हो ।<br>ऊ पाल्पामा बस्छ ।<br>ऊ पोखरा आयो । | मेरो मित्र कर्ण हो जो पाल्पामा बस्छ ऊ पोखरा आयो । |
| (इ) | सगरमाथा नेपालमा छ ।<br>सगरमाथा उत्तरमा पर्छ ।<br>सगरमाथाले नेपालको गौरव बढाएको छ । | सगरमाथा नेपालको उत्तरमा पर्दछ जसले नेपालको गौरव बढाएको छ । |

दुई वा दुईभन्दा बढी सरल वाक्यहरूलाई सापेक्ष संयोजकले जोडेर मिश्र वाक्यमा संश्लेषण गर्न सकिन्छ । यसरी संश्लेषण गर्दा एउटा वाक्यलाई मुख्य उपवाक्य र अरूलाई अधीन उपवाक्य बनाई नाम दोहोरिएका ठाउँमा उपयुक्त सर्वनाम राख्नुपर्छ ।

## (ग) सरल वाक्यबाट संयुक्त वाक्यमा संश्लेषण

| स्वतन्त्र सरल वाक्यहरू | | संश्लेषित संयुक्त वाक्यहरू |
|---|---|---|
| (अ) | मैले चिठी लेखेँ ।<br>दाजुले चिठी पाउनुभयो ।<br>दाजु खुसी हुनुभयो । | मैले लेखेको चिठी दाजुले पाउनुभयो अनि दाजु खुसी हुनुभयो । |
| (आ) | हामी बजार गयौँ ।<br>हामीले सामान किन्यौँ ।<br>आफैँ सामान बोकेर आयौँ । | हामी बजार गयौँ र सामान किन्यौँ अनि आफैँ सामान बोकेर आयौँ । |
| (इ) | आमा आउनुभयो ।<br>बुबा आउनभएन । | आमा आउनुभयो तर बुबा आउनुभएन । |

दुई वा दुईभन्दा बढी सरल वाक्यहरूलाई निरपेक्ष संयोजकले जोडेर संयुक्त वाक्यमा संश्लेषण गर्न सकिन्छ । यसरी संश्लेषण गर्दा प्रयोग भएको सबै उपवाक्यहरू मुख्य वा स्वतन्त्र हुनुपर्छ र सबै समापक क्रियापदलाई त्यही रूपमा राख्नुपर्छ ।

## २. वाक्य विश्लेषणको परिचय

**(क) ऊ बजार गएर सामान किन्छ । (सरल वाक्य)**

वाक्य विश्लेषण

(अ) ऊ बजार जान्छ ।

(आ) ऊ बजारमा सामान किन्छ ।

**(ख) जब पानी पऱ्यो तब जाडो भयो । (मिश्र वाक्य)**

वाक्य विश्लेषण

(अ) पानी पऱ्यो ।

(आ) जाडो भयो ।

(इ) जब – तब = संयोजक

**(ग) म स्वयम्भू गएँ र दर्शन गरेँ । (सयुक्त वाक्य)**

वाक्य विश्लेषण

(अ) म स्वयम्भू गएँ ।

(आ) मैले दर्शन गरेँ ।

(इ) र = संयोजक

एउटै वाक्यमा आबद्ध भएकालाई दुई वा दुईभन्दा बढी स्वतन्त्र वाक्यमा विभाजन गर्नुलाई वाक्य विश्लेषण भनिन्छ । वाक्य विश्लेषण वाक्य संश्लेषणको विपरीत प्रक्रिया हो ।

### २.१ वाक्य विश्लेषण गर्ने तरिका

जसरी वाक्य संश्लेषित गर्दा सरल, मिश्र र संयुक्त विधिबाट गरिएको थियो, त्यसैगरी वाक्य विश्लेषण गर्दा विपरीत विधि प्रयोग गर्नुपर्छ ।

**(क) सरल वाक्यको विश्लेषण**

संश्लिष्ट सरल वाक्यमा रहेका असमापिका क्रियापदलाई समापक क्रियापद बनाई लोप भएको कर्तालाई वाक्यमा ल्याउनुपर्छ । जस्तै :

(क) दोर्जेले गीत गाएर नाम कमाए ।

(अ) दोर्जेले गीत गाए ।

(आ) दोर्जेले नाम कमाए ।

(ख) भाइले लेखेर पढाएको चिठी आइपुग्यो ।

(अ) भाइले चिठी लेख्यो ।

(आ) भाइले चिठी पठायो ।

(ई) भाइको चिठी आइपुग्यो ।

### (ख) मिश्र वाक्यको विश्लेषण

मिश्र वाक्यको विश्लेषण गर्दा वाक्यमा रहेका अधीन र मुख्य दुवै उपवाक्यलाई मुख्य वाक्य (सरल) बनाउनुपर्छ र त्यहाँ रहेका संयोजकहरूलाई हटाउनुपर्छ । जस्तै :

(क) जब साँझ पऱ्यो तब चराहरू कराउन थाले ।

- (अ) साँझ पऱ्यो
- (आ) चराहरू कराउन थाले ।
- (इ) जब – तब = संयोजक

(ख) कृष्णले युद्ध गर भनी अर्जुनलाई भन्नुभयो ।

- (अ) कृष्णले अर्जुनलाई भन्नुभयो ।
- (आ) अर्जुन तिमी युद्ध गर ।

### (ग) संयुक्त वाक्यको विश्लेषण

सयुक्त वाक्यको विश्लेषण गर्दा वाक्यमा रहेका निरपेक्ष संयोजकहरूलाई हटाएर त्यहाँका मुख्य उपवाक्यहरूलाई स्वतन्त्र सरल वाक्य बनाउनुपर्छ । जस्तै :

(क) न ऊ जागिर खान्छ न ऊ खेती गर्छ ।

- (अ) ऊ जागिर खान्छ ।
- (आ) ऊ खेती गर्छ ।

(ख) सरला बिहानै उठ्छिन् र मुख धुन्छिन् अनि पढ्न जान्छिन् ।

- (अ) सरला बिहानै उठ्छिन ।
- (आ) सरला मुख धुन्छिन् ।
- (इ) सरला पढ्न थाल्छिन् ।

## अभ्यास

**१. तलका वाक्यलाई सरल वाक्यमा संश्लेषण गर्नुहोस् :**

(क) आज पानी पऱ्यो । बाटो चिप्लो भयो ।
(ख) उनीहरू पौडी खेल्थे । उनीहरू माछा मार्थे । उनीहरू खुसी हुन्थे ।
(ग) नेपालमा हिमाल छ । नेपालमा पहाड छ । नेपालमा तराई छ ।
(घ) हिजो उसको घरमा आगो लाग्यो । सबैले उसको घरको आगो निभाए ।
(ङ) समयमा विद्यार्थीहरू पढ्दैनन् । समय बित्छ । विद्यार्थीहरू चिन्तित हुन्छन् ।
(च) हामी बजार गयौँ । हामीले किनमेल गऱ्यौँ । हामी घर फर्कियौँ ।
(छ) मनोज साँझमा घर आयो । आमाले ढोका खोल्नुभएन ।

**२. तलका वाक्यलाई मिश्र वाक्यमा संश्लेषण गर्नुहोस् :**

(क) गोरुको सिङ छैन । गोरुको नाम तिखे छ ।
(ख) मलाई मन लाग्छ । म मन लागेका ठाउँमा जान्छु ।
(ग) मैल सय रुपियाँ दिएँ । ऊ पसल गयो ।
(घ) हरी चल्छ । रूख ढल्छ । बाटो छेकिन्छ ।
(ङ) राधाकृष्ण गाई पाल्छ । ऊ दुध बेच्छ । ऊ पैसा कमाउँछ ।
(च) उसले राम्रो कविता लेख्यो । उसले पुरस्कार पायो ।
(छ) पानी पऱ्यो । किसानहरू खेतमा गए । किसानहरूले धान रोपे ।

३. **तलका वाक्यलाई संयुक्त वाक्यमा संश्लेषण गर्नुहोस् :**

(क) ऊ घर जान्छ । ऊ खाजा खान्छ । ऊ गृहकार्य गर्छ ।
(ख) ठुलो पानी पऱ्यो । बागमतीमा भेल आयो । भेलले मान्छे बगायो ।
(ग) म ढिलो घर पुगेँ । बुबाले मलाई गाली गर्नुभयो । म खाना नखाई सुतेँ ।
(घ) देवकोटा महाकवि हुन् । उनले कविता लेखेका छन् । हामी उनको ऋणी छौँ ।
(ङ) घाम लाग्यो । उनीहरू पिकनिक गए । उनीहरूले पिकनिकमा रमाइलो गरे ।
(च) म मिहिनेत गर्छु । म सधैँ स्कुल जान्छु । म प्रथम हुन्छु ।
(छ) पारिजात स्वाभिमानी नारी थिइन् । पारिजात स्वतन्त्रताप्रेमी नारी थिइन् ।

४. **तलका वाक्यलाई विश्लेषण गरेर सरल वाक्यमा पुनर्लेखन गर्नुहोस् :**

(क) आज हरि आउँछ भन्ने कुरा निश्चित छ ।
(ख) जसले मह काट्छ उसले हात चाट्छ ।
(ग) जब देशमा प्रजातन्त्र आयो तब नेपालीका मनमा हर्ष छायो ।
(घ) ऊ आयो भने समस्या समाधान हुन्छ ।
(ङ) उसले जसरी बनाउँछ त्यसरी तिमी नाच ।
(छ) सरोज बिहान उठी मुख धोएर पढ्न बसे ।

५. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) वाक्य संश्लेषण भनेको के हो ?
(ख) वाक्य संश्लेषण गर्दा ध्यान दिनुपर्ने कुरा के के हुन् ?
(ग) वाक्य विश्लेषण भनेको के हो ?
(घ) वाक्य विश्लेषण गर्दा ध्यान दिनुपर्ने कुरा के के हुन् ?

एकाइ

२४

# उक्ति र उक्ति परिवर्तन

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

सन्तमानले भन्यो, "आमालाई सन्चो छैन" – (प्रत्यक्ष कथन)

सन्तमानले आमालाई सन्चो छैन भन्यो । – (अप्रत्यक्ष कथन)

माथिका दुई वाक्यहरूमा पहिलो वाक्यले कसैलाई भनेको कुरालाई जस्ताको तस्तै प्रस्तुत गरेको छ । त्यसैले पहिलो वाक्य प्रत्यक्ष कथन हो भने दास्रो वाक्यले आफ्नो शैलीमा प्रस्तुत गरेको छ त्यसैले दास्रो वाक्य अप्रत्यक्ष कथन हो ।

उक्ति भनेको भनाइ हो । वक्ताले आफ्नो मनमा लागेका विचारलाई बोलेर वा लेखेर प्रकट गर्नुलाई उक्ति भनिन्छ । कुनै पनि व्यक्तिले भनेको कुरालाई अभिव्यक्ति गर्ने दुई तरिका छन् । पहिलो व्यक्तिले भनेको कुरा जस्ताको तस्तै प्रस्तुत गर्ने र दोस्रो अर्थ वा आशय नबिग्रिने गरी प्रस्तुत गर्ने । यसैका आधारमा उक्तिलाई प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई भागमा वर्गीकरण गरिन्छ ।

## २. उक्तिका प्रकार

उक्तिलाई मूलतः प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

### क) प्रत्यक्ष कथन

आशारामले भन्यो, "म घर जान्छु ।"

माथिको उदाहरणमा दुईओटा वाक्य छन् :

(अ) आसारामले भन्यो । (आ) म घर जान्छु ।

उक्त दोस्रो वाक्यको भनाइ आशारामकै हो, त्यसलाई जस्ताको तस्तै राखिएको छ । त्यसैले यो प्रत्यक्ष कथन हो । प्रत्यक्ष कथनमा अंश र कथन अंश गरी दुई भाग छन् । व्यक्ति अंश कथयिता हो भने भनाइ अंश कथन हो । कथयिता अंश स्वतन्त्र हुन्छ भने कथन अंश चाहिँ उद्धरण चिह्नभित्र राखिन्छ ।

कथयिया अंश – आशारामले भन्यो । (यसले सूचना वा परिचय दिएको छ)

कथन अशं – म घर जान्छु (यो मूल सूचना हो ।)

यो उद्धरण चिह्नभित्र आएको कथन अशं वा मूल सूचना वाक्यको आदि, मध्य र अन्त्य

जहाँ पनि आउन सक्छ ।

(क) वाक्यको सुरुमा – "मलाई ढाका टोपी मन पर्छ" कृष्णले भन्यो ।

(ख) वाक्यको बिचमा – कृष्णले "मलाई ढाकाटोपी मनपर्छ" भन्यो ।

(ग) वाक्यको अन्त्यमा – कृष्णले भन्यो, "मलाई ढाकाटोपी मन पर्छ ।"

कसैले बोलेको कुरालाई वक्ताले जस्ताको तस्तै प्रस्तुत गर्नुलाई प्रत्यक्ष कथन भनिन्छ ।

| | |
|---|---|
| बुद्धले भन्यो, "म पुस्तक पढ्छु ।" | बुद्धले पुस्तक पढ्ने कुरा गऱ्यो । |
| | बुद्धले पुस्तक पढ्ने इच्छा व्यक्त गऱ्यो । |
| | बुद्धले आफूले पुस्तक पढ्ने कुरा बतायो । |
| | बुद्ध पुस्तक पढ्छ रे । |
| | बुद्धको भनाइ आफू पुस्तक पढ्न हो । |
| | बुद्धको पुस्तक पढ्ने कुरा गरेको हो । |
| | बुद्धको अभिप्राय पुस्तक पढ्ने हो । |

कसैले भनेका कुरालाई आफ्नै शैलीका माध्यमबाट प्रस्तुत गर्नुलाई अप्रत्यक्ष कथन भनिन्छ । अप्रत्यक्ष कथनमा मूल वक्ताले प्रयोग गरेका शब्दहरू प्रयोग गरे पनि नगरे पनि अर्थमा चाहिँ कुनै परिवर्तन गर्नु हुँदैन ।

## ३. उक्ति परिवर्तन गर्ने तरिका

(क) प्रत्यक्ष कथनबाट अप्रत्यक्ष कथनमा लैजाँदा कथयिता अंश पछिको उद्धरण चिह्न र अल्पविराम चिह्न हटाउनुपर्छ ।

जस्तै : लाक्पाले भन्यो मलाई फुटबल देऊ ।

(ख) अल्पविराम र उद्धरण चिह्न हटाइसकेपछि कथयिता अंश र कथन अंश दुवैलाई भनी, भने, भनेर, के जस्ता संयोजकले जोड्न सकिन्छ ।

जस्तै : मलाई फुटबल देऊ भनेर लाक्पाले भयो ।

(ग) कथयिता अंशको क्रियापदलाई सोहनु, जनाउनु, बनाउनु व्यक्त गर्नु आदिमा बदल्न सकिन्छ ।

जस्तै : लाक्पाले फुटबल चाहिएको कुरा व्यक्त गऱ्यो ।

(घ) क्रियापद कथयिताअनुसार राखिन्छ र जतिसुकै वाक्यलाई छोट्याए पनि मूल अर्थ आएकै हुनुपर्छ ।

जस्तै : लाक्पाले फुटबल माग्यो ।

लाक्पालाई फुटबल चाहियो रे । आदि ।

## अभ्यास

१. **तलका वाक्यलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

(क) समाले भनिन्,"म उडन्ते कुरामा विश्वास गर्दिनँ ।"

(ख) उसले सोध्यो,"तिमी कहिले आयौ ? "

(ग) मामाले भन्नुभयो, "तिमी यहाँ बस्दैनौ ।"

(घ) पृथ्वीनारायण शाहले भने, "नेपाल दुई ढुङ्गा बिचको तरुल हो ।"

(ङ) मैले उसलाई "परिश्रम गर, फल अवश्य पाउँछौ" भनेको छु ।

(च) मैले भने, "हरिबहादुर मोबाइल तिम्रो आफ्नो हो ?"

(छ) तपाईँले भन्नुभयो, "अब कसको पालो ?"

(ज) बहिनीले भनी, "अब म तपाईँको कुरा विस्वास गर्दिनँ ।"

(झ) श्यामले, "तिमी कहिले आयौ ?" भन्यो ।

(ञ) "म त सिनेमा हेर्छु" सुमनले भन्यो ।

२. **तलका वाक्यलाई प्रत्यक्ष र कथनमा परिवर्तन गर्नुहोस् :**

(क) दाइले आज नआउने कुरा गर्नुभयो ।

(ख) विदेशीहरूलाई नेपालको हिमाल असाध्यै मन पर्छ रे ।

(ग) उसले मलाई नजानेको कुरा सोध्यो ।

(घ) रामी कत्रो सर्प भनेर चिच्याई ।

(ङ) एलिसाले विमल चलाख छ कि भनेर सोधिन् ।

(च) विनोदले आफू असत्यको बाटोमा नहिँड्ने कुरा बताए ।

(छ) बुबाले श्यामलाई मूर्ख भनेर गाली गर्नुभयो ।

(ज) मैले होमराज शर्मा कवि हुन् भनें ।

(झ) गुरुले शिक्षालाई विकासको मूल भन्नुभयो ।

(ञ) भानुभक्तले देह र आत्मा अलग भएको बताएका छन् ।

३. **तलका प्रश्नको उत्तर बुझिन्छ ?**

(क) उक्ति भनेको के हो ?

(ख) प्रत्यक्ष कथन भन्नाले के बुझिन्छ ?

(ग) अप्रत्यक्ष कथन भन्नाले के बुझिन्छ ?

(घ) प्रत्यक्ष कथनबाट अप्रत्यक्ष कथनमा परिवर्तन गर्ने तरिका लेख्नुहोस् ।

एकाइ

# २५ वर्णविन्यास र चिह्न परिचय

## २५. वर्णविन्यासको परिचय

लेख्यभाषाको शुद्धताको लागि वर्णहरूको समुचित प्रयोग गर्नुपर्छ। भाषाको शुद्ध लेखनका लागि वर्णहरूलाई उपयुक्त रूपले मिलाएर राख्नुलाई वर्णविन्यास भनिन्छ। नेपाली भाषाको वर्णविन्यासमा ह्रस्व, दीर्घ, हलन्त र अजन्त, शिरबिन्दु र चन्द्रबिन्दु, पदयोग र पदवियोग,ऋ/रि, क्ष/छये्/छे, ज्ञ/ग्यँ, व/ओ, विसर्ग आदिमा ध्यान दिइन्छ। वर्णविन्यासलाई शब्दशुद्धि, खिप्ती, वर्तनी आदि नामले पनि चिनिन्छ।

### ह्रस्व र दीर्घ

कम समयमा उच्चारण हुने ह्रस्व र उच्चारणमा बढी समय लाग्नेलाई दीर्घ लेखिन्छ। ह्रस्व र दीर्घलाई यसरी देखाउन सकिन्छ।

ह्रस्व : इ → ......... वाइमात्रा      उ → तर्कुल्ले

दीर्घ : इ → ........ दाहिना      ऊ → बर्धन्ने

यी ह्रस्वदीर्घका सामान्य नियमलाई क्रमशः प्रस्तुत गरिन्छ

ह्रस्वका समान्य नियम

### (क) पदान्तमा ह्रस्व हुने शब्द

पदान्त भन्नाले पद/शब्दको अन्त्य भन्ने बुझ्नुपर्छ।

(अ) भाले नाम बुझाउने शब्द : भिनाजु, साधु, नाति, ज्वाइँ, गुरु, बाबु, दाजु, भाइ आदि।

अपवाद : सम्धी, हात्ती, स्वामी, जोगी।

(आ) भाववाचक नाम : (कृत्मा आइ र आउ प्रत्यय लागेका तथा तद्धितमा आइ, याइँ प्रत्यय लागेका) र धातुमा नु जोडिएको नाम वा क्रियाहरू। जस्तै :

कृदन्त : लेख् + आउ = लेखाउ

सुन् + आउ = सुनाउ      बोल् + आउ = बोलाऊ

हिँड् + आइ = हिँडाइ      तद्धित : मूर्ख + याइँ = मूर्ख्याइँ

सूरो + याइँ = सूऱ्याइँ      मोटो + आइ = मोटाइ

गोलो + आइ = गोलाइ

क्रिया/नाम

जा + नु = जानु          खा + नु = खानु

हिँड् + नु = हिँडनु

(आ) प्रत्यय जोडिएका सर्वनाम शब्द जसले परिमाण जनाई परिमाणवाचक विशेषण बन्ने शब्दहरू जस्तै : कति, जति, यति, उति, त्यति आदि ।

(इ) शब्दान्तमा ति, धि, थि, नि, पि, षि आएका केही शब्दहरू

क्रान्ति, भ्रान्ति, मति, रीति, थिति, स्थिति, उन्नति, प्रगति, सृष्टि, वृष्टि, निधि, अवधि, समाधि, प्रतिनिधि, सन्धि, मुनि, ग्लानि, शनि, हानि, लिपि, तिथि, अस्थि, कृषि, ऋषि, कृति, मिति, शक्ति, भक्ति, शान्ति

(ई) अरी प्रत्यय लागेका बाहेक अव्यय शब्दहरू

खालि, भोलि, पर्सि, हगि, खोइ, वरिपरि, अघि, पछि, निम्ति, लागि, नेरी, कुन्नि, मुनि, अनि, कि, किनकि आदि ।

(उ) विशेषण उकारान्त शब्द : यसमा आलु आरु र एलु प्रत्यय लागेका ह्रस्व लेखिन्छन् ।

सिकारु, घरेलु, बनेलु, मायालु, कृपालु, बैँसालु आदि ।

## (ख) आदि र मध्यस्थानमा ह्रस्व हुने शब्दहरू

(अ) तद्भव शब्दको शब्दादि र शब्दमध्यको इकार र उकार ह्रस्व लेख्ने । जस्तै : बारुलो, बटुवा, हचुवा, चिउरा, किताब, बाहिर, भित्र, खुकुरी, गुच्चा, ढुकुर, पारिजात, बटुका, परिवार, बिस्कुन, सुन, नुन, नुनिलो, कलिलो, सजिला, कमिला, छिमेक, सिन्को, बलियो आदि ।

(आ) तत्सम शब्दमा तद्भव प्रत्यय लागेका तिनको इकार र उकार ह्रस्व लेख्ने । जस्तै : बर्सेनि (वर्ष + एनि), पुष्ट्याइँ (पुष्टि + याइँ), दुष्ट्याइँ (दुष्ट + याइँ), धुर्त्याइँ (धूर्त + याइँ), दर्शाउनु (दृश् + आउनु) अंसियार (अंश + इयार), पुर्वेली (पूर्व + एली), मुर्ख्याईं (मूर्ख + याईं) आदि ।

(इ) संस्कृत तत्सम निकट ठानेर परम्परागत रूपमा शब्दादिमा र शब्दमध्यमा दीर्घ लेखिएका शब्दलाई ह्रस्व लेख्ने । जस्तै : घिन (घृणा), खिर (क्षीर), दियो (दीप), बिउ (बीज), जिउ (जीव), धुलो (धूलि), धुवाँ (धूम), सुरो (शूरो), मुला (मूल), निलो (नील), किरो (कीट) आदि ।

(ई) आधा अक्षरमा थोप्लो नदिई एउटै डिकोमा लेखिएमा सङ्क्षिप्त शब्दका आदि र मध्य इकार ह्रस्व लेख्ने । जस्तै : सिडियो, युनेस्को, बिबिसी

(उ) अनुकरणात्मक शब्दको बिचमा आउने इकार र उकार ह्रस्व लेख्ने । जस्तै : हुलुक्क, झिलिमिली, सिरिरी, तुरुरु, भुरुरु, टिलिक्क, मिलिक्क, सुलुत्त आदि ।

(ऊ) परम्परागत रूपमा दीर्घ लेखिने शब्दहरू पनि तद्भव नै भएकाले तिनको शब्दादि र शब्दको इकार (इ), उकार (उ) ह्रस्व लेख्ने । जस्तै : कपुत, चुक, चिल, बिच, सिप, दिगो, ठुलो, भिख, भुल, भिर, मिठो, तिखो, पिठो, बुढो, ढिटो, दुध, मित, रूख आदि ।

(ए) शब्दान्तमा दीर्घ लेखिने शब्द प्रत्यय लागेपछि ह्रस्व लेख्ने । जस्तै : साठिऔँ (साठी + औँ), असिऔँ (असि + औँ), दुइटा (दुई + ओटा)

## (ग) शब्दान्तमा ह्रस्व इ र उ हुने शब्दहरू

(अ) केही अव्यय शब्द र विभक्ति समेतको अन्त्यको इ ह्रस्व लेख्ने । जस्तै : अनि, पनि, तापनि, कुन्नि, चाहिँ, अगाडि, पछाडि, अघि, पछि, वारि, पारि, माथि, मुनि, फेरि, भरि, वरिपरि, लागि, निम्ति, देखि, किनकि आदि ।

(आ) परिमाण जनाउने शब्द ह्रस्व लेख्ने । जस्तै : जति, त्यति, कति, यति, उति आदि ।

(इ) इक/इका, आलु, एलु, इयार, एनि, हुँ, याइँ, ऐलु, इँदो, आइ, नु, आरु, उवा, ति प्रत्यय लागि बनेका शब्दहरू । जस्तै : मायालु, घरेलु, अंशियार, बर्सेनि, दिनहुँ, घरेल, दुष्ट्याइँ, देखुन्जेल, पग्लिँदो, लेखाइ, आउनु, फुलारु, बढुवा, कृति, सामाजिक, लेखिका आदि ।

(ई) लघु वा प्रिय अर्थमा आउने उकार ह्रस्व लेख्ने । जस्तै : बच्चु, सानु, नानु, कालु, रामु, सोबु, बाबु आदि ।

(उ) उकारान्त नाम, विशेषण र अव्यय ह्रस्व लेख्ने । जस्तै :

नाम : गाउँ, ठाउँ, मुगु, साँखु, बालाजु, तनहुँ, टेकु, डल्लु, लिम्बु, ज्यापु, हायु, भाउ, दाउ, आलु, केराउ, बिउ, हिउँ, उनिउ, पनिउँ आदि ।

विशेषण : दुधालु, सिकारु, ठालु, बिकाउ, उल्लु, छट्टु, ढड्डु, लद्दु आदि ।

अव्यय : आच्छु, आत्थु, सामु, उहु आदि ।

(ऊ) क्रियाका सम्पूर्ण रूप । जस्तै : चम्कियो, लुक्यो, दियो, चिन्नु, हरिन्छ, बदलिनु, गुनगुनाउनु आदि ।

## (घ) उपसर्गबाट बनेका शब्दहरू

दुर्, दुस्, उत्, वि, बि, नि, सु, कु, अनु, प्रति, परि, अधि, अति, अभि, अति, चिर्, निस् उपसर्गबाट बनेका शब्दहरू जस्तै : अतिक्रमण, अभियोग, निर्माण, निस्तेज, दुर्व्यसन, दुष्परिणाम, उत्सर्ग, विज्ञान, कुनाम, अनुहार, प्रतिवेदन, परिवेश, अधिकार आदि ।

# दीर्घका सामान्य नियमहरू

## (क) पदान्तमा दीर्घ हुने शब्दहरू

(अ) पेसा, दर्जा, जात, थर बुझाउने शब्दहरू । जस्तै : डकर्मी, मन्त्री, विचारी, अधिकारी,

खत्री, क्षत्री, घर्ती, लोहिनी, रेग्मी, अवस्थी, दुवाडी, गुभाजू, छेत्री, थारु, खेती, व्यापारी, हली, विद्यार्थी, गृहिणी, सिपाही, नकर्मी, सिकर्मी आदि ।

(आ) नामबाट बनेका भाववाचक इकारान्त शब्द (ई प्रत्यय लागेका) । जस्तै : गरिबी, जवानी, नोकरी, खराबी, इमानदारी, खुसी आदि ।

(इ) विशेषण शब्दहरू (ई, आली, एली, ली, प्रत्यय लागेका शब्दहरू) । जस्तै : नेपाली, दनुवारी, कलमी, बैगुनी, हुम्ली, जुम्ली, लेकाली, थकाली, पाल्पाली, डोल्पाली, डोटेली, एसियाली आदि ।

(ई) पोथी नाम बुझाउने शब्दहरूको अन्त्य अक्षर । जस्तै : सासू, बुहारी, चेली, छोरी, छेत्रिनी, नेपाली, पुत्री, दिदी, फुपू, भैँसी, काकी, माइजू, देवी, रानी, गाई आदि ।

(उ) आदरार्थी शब्दहरू । जस्तै : गुरुजी, शर्माजी, पौडेलजी, श्रेष्ठजी, सुश्री, दाज्यू, पिताजी आदि ।

(ऊ) इच्छार्थक, आज्ञार्थक क्रियापदको उकारान्त दीर्घ लेख्ने । जस्तै : बसून, उठून, गाऊन्, बोलून्, जाऊन्, सुतून, घोप्टियून्, गरूँ, जाऊ, आऊ, लेऊ आदि ।

(ए) सङ्ख्यावाची शब्द । जस्तै : दुई, पचासी, सतासी, अठासी, बयासी, चौरासी, साठी, असी, सत्तरी, त्रियासी आदि ।

(ऐ) निर्जीव वस्तु जनाउने इकारान्त शब्दहरू दीर्घ लेख्ने । जस्तै : छाती, मसी, बारी, बाली, ठेकी, दही, मही, कोदाली, टोपी आदि ।

(ओ) सर्वनाम शब्दका अन्तिम अक्षर र एकल अक्षरबाट बनेका सर्वनाम शब्दहरू । जस्तै : यी, आफू, ती, ऊ, हामी, तिमी, तपाईँ, उनी, तिमी, तिनी, यिनी आदि ।

(ख) **अन्त्यमा ही आउने शब्दहरू (चाहिँ बाहेक) । जस्तै** : त्यही, उही, जहीँ, तहीँ, कोही, यही, सोही आदि ।

(ग) **नदी, ठाउँ, भाषा बुझाउने नाम शब्द । जस्तै** : गुल्मी, डोटी, चौदण्डी, महाकाली, त्रिशूली, कन्काई, बबई, राप्ती, बाँसवारी, जोरपाटी, लुम्बिनी, जिरी, नेपाली, हिन्दी, अङ्ग्रेजी, जापानी, जर्मनी, फारसी, मैथिली, नेवारी, भोजपुरी आदि ।

(घ) **अनी, आनी, आरी, ई, एली, आडी आदि प्रत्यय लागेका शब्दहरू । जस्तै** : छेकारी, पुजारी, चिनारी, द्रोही, योगी, डोटेली, गोर्खाली, स्याङ्जाली, दुम्जाली, रोल्पाली, सोधनी, चटनी, ढकनी, चलानी, लगानी, फडानी, बैतडेली, जुनेली, गफाडी, जुवाडी, खेलाडी, हँस्यौली, रत्यौली, लेकाली आदि ।

(ङ) **स्थानवाचक विशेषण, र अन्य विशेषणका अन्त्यका अक्षर इकार दीर्घ लेख्ने । जस्तै** : गुल्मेली, अमेरिकाली, रसियाली, सुर्खेती, झापाली, पाल्पाली आदि ।

(च) **समापिका स्त्रीलिङ्गी क्रियापदको अन्त्य इकार दीर्घ लेख्ने । जस्तै** : पढी, गई, बसी आदि ।

(छ) **पृथक र स्वतन्त्र रूपमा प्रयोग हुने दीर्घ इकारान्त शब्दहरू समास भएपछि पनि यथावत् लेख्ने। जस्तै :** हात्तीवन, नालीबेली, बोलीचाली, हाँसीखेली, कोरीबाटी, स्वामीभक्त, भेडीगोठ, जडिबुटी आदि ।

(ज) **बहुवचन जनाउने 'हरू' तथा आदर जनाउने 'ज्यू' दीर्घ लेख्ने। जस्तै :** सम्पादकज्यू, मन्त्रीज्यू, भाइहरू, उनीहरू आदि ।

(झ) **एर प्रत्ययको सट्टा प्रयोग हुने कृदन्त क्रियाको इकार दीर्घ लेख्ने। जस्तै :**आइ–आएर, सकी–सकेर, पढी– पढेर आदि ।

(ञ) **री/अरी, तरी र ई मा टुङ्गिने क्रियायोगी शब्दहरूको इकार दीर्घ लेख्ने। जस्तै :** राम्ररी, बरबरी, दनदनी, सरसर्ती, फनफन्ती, सरसरी, सिरिरी, सरासरी यसरी, उसरी, त्यसरी, कसरी आदि ।

(ट) **नपुंसक इकारान्त शब्दहरू। जस्तै :** मिठाई, सलाई, कोइली, फर्सी, टोपी, पानी आदि ।

(ठ) **सानो बुझाउने शब्दहरू। जस्तै :** कचौरी, गेडी, थैली, बटुकी, थाली, डाली आदि ।

(ड) **अरी प्रत्यय लागेका शब्दहरू। जस्तै :**

बेसरी, त्यस्तरी, सुस्तरी, उस्तरी, यसरी, उसरी, कसरी, राम्ररी, त्यसरी आदि ।

(ढ) **मती, वती, वी प्रत्यय लिई आउने शब्दहरू। जस्तै :** बागमती, विष्णुमती, लज्जावती, गुणवती, मेधावी, मायावी आदि ।

## आगन्तुक शब्द

(क) **आगन्तुक शब्दमा रहेका श, ष र स मध्ये दन्त्य सकार मात्र लेख्ने। जस्तै :** एभरेस्ट, पोस्ट, इन्स्टिच्युट, सिफारिस, सहर, सहिद आदि ।

(ख) **तद्भव र आगन्तुक शब्दको संयुक्त व्यञ्जनमा अल्पप्राणपछि महाप्राण वर्ण आउने भएकाले सोहीअनुसार लेख्ने। जस्तै :** ल्होसार,पासाङ, च्छोरोल्पा, सम्हाल्नु, ल्हासा आदि ।

(ग) **शब्दादि र शब्दमध्यमा आउने इकार र उकार तद्भवको नियमअनुसार ह्रस्व लेख्ने। जस्तै :** अजिव, रसिद, इन्जिन, भिटामिन, टेलिभिजन, गरिब, कानुन, सिफारिस, महिना आदि ।

## खुट्टा काटिने र नकाटिने शब्दहरू

नेपाली भाषामा स्वर र व्यञ्जन गरी दुई प्रकारका वर्णहरू छन्। यी वर्णहरू शब्दको अन्त्यमा आउँदा हलन्त र अजन्त भनिन्छ। हलन्त शब्द हल् + अन्त मिलेर बनेका हो। हलन्तको अर्थ व्यञ्जन वर्ण हो। व्यञ्जन वर्ण अन्तमा आउनुलाई हलन्त भनिन्छ। अजन्त शब्द अज् र अन्त मिलेर बनेको हो। अजको अर्थ स्वरवर्ण हो। स्वरवर्ण अन्त्यमा आउनुलाई अजन्त भनिन्छ।

**शब्दमा हलन्तसम्बन्धी सामान्य उदाहरण निम्नानुसार छन् :**

(क) **द्वित्व स्थितिमा अनुकरणात्मक शब्द हलन्त उच्चारण भए पनि अजन्त लेख्ने। जस्तै :** मिर्मिर, खलखल, सरसरी, फरफर, सरसर, फनफन आदि ।

(ख) **इच्छार्थक उकारान्तबाहेक क्रियापद उच्चारणअनुसार लेख्ने। जस्तै :** खाइन्, भन्छ, भन्दिनँ, भन्यो, भन्नु, भन्, भनेस्, आएस्, भनिन्, बसिन्, गरिन् आदि ।

(ग) **नाम, सर्वनाम र विशेषण शब्दको उच्चारण गर्दा अन्त्यमा हलन्त उच्चरित भए पनि लेख्न चाहिँ अजन्त लेख्ने। जस्तै :** असल, खराब, इमान, राम, भात, स्याल आदि ।

(घ) **सङ्क्षिप्त शब्द हलन्त उच्चारण भए पनि अजन्त नै लेख्ने। जस्तै :** एस.ई.ई, एम.ए, एम.एड.आदि ।

(ङ) **उच्चारण हलन्त हुने आगन्तुक शब्द मध्येमा परेको आधार अंश अजन्त लेख्ने। जस्तै :** बल्ब, पर्म, रिजल्ट, सिमेन्ट आदि ।

(च) **प्रत्यय लागेपछि शब्दमध्यमा परेका अश अजन्त नै लेख्ने। जस्तै :**

जमिनदार, लेखनदास, इमानदार आदि ।

(छ) **केही शब्द हलन्त उच्चारण गरिए पनि लेख्दा अजन्त लेखिन्छ भने केही हलन्तमा खुट्टा काटिन्छ। यहाँ सर्वप्रथम खुट्टा नकाटिने शब्दहरूको नियम बताइन्छ।**

(अ) अन्त्यमा स्वरवर्ण आउने क्रियापद शब्दहरूको खुट्टा काटिँदैन। जस्तै : बोलाउ, देखाउ, सुनाउ, खा, जा आदि ।

(आ) नेपाली भाषाका केही शब्दहरू खुट्टा काटिएको रूपमा बोले पनि लेख्दा खुट्टा काटिँदैन। जस्तै : कलम, बल, स्याल, रकम, वन, राम, घर आदि ।

(इ) समास र अनुकरणात्मक शब्दको खुट्टा काटिँदैन। जस्तै : दोधार, ढलमल, रिभिmम, गद्गद, फरफर, लगलग, घरकाज आदि ।

## खुट्टा काटिने शब्दहरू

क्रियापद जस्तो उच्चारण गरिन्छ, त्यस्तै लेखिन्छ। क्रियापदको बिचमा खुट्टा काटिने शब्दहरू। जस्तै : पढ्छ, हिँड्छ, खेद्छ, पिट्छ, ढाँट्छ आदि ।

(क) **कर्ता बहुवचन हुँदा क्रियापदको अन्त्यमा अक्षरमा खुट्टा काटिन्छ। जस्तैः** गाँस्छन्, लेख्छन्, हराउँछन्, गाउँछन्, गर्छन्, सुत्छन्, बोल्छन्, हाँस्छन् आदि ।

(ख) **स्त्रीलिङ्गी कर्तालाई आदरवाची क्रियापदमा प्रयोग गर्दा। जस्तै :** गाउँछिन्, बोल्छिन्, हेर्छिन्, लेख्छिन्, नाच्छिन्, जान्छिन्, डुल्छिन्, खान्छिन् आदि ।

(ग) **मान्/वान् प्रत्यय आउने शब्दहरू। जस्तै :** बलवान्, बुद्धिमान्, श्रीमान्, ज्ञानवान्, धनवान् आदि ।

(घ) **अरू केही खुट्टा काटिने शब्दहरू । जस्तै :** विद्वान्, पश्चात्, स्वागतम्, यावत्, महान्, भगवान् साक्षात्, संवत्, अहम्, एवम्, दण्डवत्, अकस्मात्, वृहत् आदि ।

## शिरबिन्दु र चन्द्रबिन्दु

शिरबिन्दु र चन्द्रबिन्दु दुवै अक्षरको माथिपट्टि दिइन्छ । शिरबिन्दुलाई ( ं ) र चन्द्रबिन्दुलाई ( ँ ) चिह्नले सङ्केत गरिन्छ । यिनलाई खण्डेतर वर्ण भनिन्छ । छुट्टै उच्चारण गर्न नमिल्ने स्वरवर्ण वा व्यञ्जन वर्णको सहायताले उच्चारित हुने वर्णलाई खण्डेतर वर्ण भनिन्छ ।

### शिरबिन्दु र चन्द्रबिन्दुका नियमहरू

(क) **तद्भव र आगन्तुक शब्दमा रहेका पञ्चम वर्णलाई उच्चारणअनुसार ङ, न र म लेख्ने । जस्तै:** भान्जा, अन्डा, झन्डा, हन्डर, पन्ध्र, लन्डन, प्यान्ट, सेन्टर, जिन्सी, करङ, अङ्ग्रेजी, चङ्गा, अङ्गुर, सिन्का आदि ।

(ख) **हलन्त ङ्ग मान्त्र उच्चारण हुने शब्दमा ङ्ग नलेखी ङ मात्र लेख्ने । जस्तै :** बझाङ, करङ, भाङ, ट्रेनिङ, दार्जिलिङ, गुरुङ, तामाङ, भन्ज्याङ आदि ।

(ग) **श, ब, स, ह, य, र, ल, व का अघि अनुनासिक उच्चारण भएमा शिरबिन्दु प्रयोग गर्ने । जस्तै :** संरक्षण, संवत्, वंश, संसार, अंश, संहार, संवाद, संयम, संरचना आदि ।

(घ) **तद्भव र आगन्तुक शब्दमा आउने अनुनासिक स्वरलाई उच्चारणअनुसार चन्द्रबिन्दु लेख्ने । जस्तै :** अँध्यारो, उँभो, सँग, काठमाडौँ, हुँदा, गरिँदै, नवौँ, गएँ, खाएँ, गाउँछ, आउँछ, काँठ, आँप आदि ।

## पदयोग र पदवियोग

शब्दहरू एकै डिकोमा जोडेर लेख्नुलाई पदयोग भनिन्छ भने शब्दहरू एकै डिकोमा नलेखी छुट्याएर लेख्नुलाई पदवियोग भनिन्छ । लेख्य रूपमा पदयोग र पदवियोगलाई धेरै ख्याल गर्नुपर्ने हुन्छ ।

### पदवियोग हुने नियमहरू

(क) **निम्न नामयोगी शब्द जोडिएर लेखिन्छ । जस्तै :** अनुसार, मुताबिक, अन्तर्गत, अनुरूप, अनुकूल, कोठाभित्र, रूखनिर, रूखमाथि, हृदयबाहिर, रामबाहेक, अघि, पूर्व, मुनि, माथि, वारि, बिच, भित्र, बाहिर, तर्फ, तिर, भन्दा, पट्टि, तक, सँग, सित, बाहेक, समेत, समक्ष, मार्फत आदि ।

(ख) **नाम र थरका बिचमा आउने मध्यवर्ती नामलाई एउटै डिकोमा जोडेर लेख्ने । जस्तै :** धनराज शर्मा, रामकुमारी नेपाली, श्यामबहादुर थापा, कृष्णकुमार श्रेष्ठ आदि ।

(ग) **कुनै दुई शब्दका बिच समास भएर बनेका दुई लिपि चिह्नमा लेखिने शब्दहरू पदयोग गर्ने । जस्तै :** बाबुआमा, खेलकुद, रोगमुक्त, घरधनी, अर्थमन्त्री, दालभात, धनमाल, घरबारी आदि ।

(घ) **सन्धि हुँदा विकार भएर बनेका समस्त शब्द वा संयुक्त क्रियासमेत पदयोग गर्ने। जस्तै :** दिव्योपदेश, अत्यावश्यक, निजात्मक, नियमानुसार, रतन्धो, भन्ठान्नु, मन्त्रालय, विद्यालय, जन्मोत्सव आदि।

(ङ) **विभक्ति चिहन जोडिएर लेखिन्छ। जस्तै :** आमाद्वारा, पसलबाट, घरमा, उसको, उनीहरू, रामले, हरिलाई, कलमले आदि।

(च) **संयुक्त क्रियामा आउने निम्न लिखित कृदन्त अशंलाई पदयोग गर्ने। जस्तै :** जानुहोस्, आउनुहोस्, पढिहाल्छ, गइहाल्छ, हेरिरहन्छ, जानुपर्छ, आउनुपर्छ, जानपऱ्यो आदि।

(छ) **आधार पदसँग समास भएका बद्ध प्रकृतिका वा प्रत्यय लागि आएका शब्दको अंश पदयोग गरी लेख्ने। जस्तै :** हानिकारक, विकासशील, समयबद्ध, सन्तोषजनक, नाटककार, इतिहासकार, बलपूर्वक, केन्द्रीकरण, नामकरण आदि।

(ज) **रूपमा वा रूपले भन्ने अभिप्रायमा क्रियायोगीको कार्य जनाउन पदान्तमा लेखिने स्वरूप शब्द अगिल्लो नामिक अंशसँग जोडेर लेख्ने। जस्तै :** उपहारस्वरूप, फलस्वरूप, परिणामस्वरूप आदि।

झ) **परिवर्तित वा आंशिक परिवर्तित भएर बनेका अनुकरण जनाउने वा नजनाउने द्वित्व शब्द पदयोग गर्ने। जस्तै :** लटरपटर, जोडजाड, रिसारिस, ससानो, सुलसुल, फुरफुर, चटचट आदि।

ञ) **अकरणमा 'न' प्रयोग गर्दा जोडेर लेख्न। जस्तै :** नहिँड, नहोला, नमच्चिने, नतर्क, नजाऊ, नलेख, नबोल आदि।

## पदवियोग हुने नियमहरू

(क) **विकल्प जनाउने शब्दहरू प्रयोग हुँदा छुट्याएर लेख्नुपर्छ। जस्तै :** चिया वा दुध, यता न उता, वारि न पारि, हरि कि गोपाल आदि।

(ख) **निपातलाई छुट्याएर लेख्नुपर्छ। जस्तै :** उसले त खेलेन। तिमी प्रथम भयौ रे। दावा पो गयो। तिमी नि खाने।

(ग) **वाक्यमा आएका प्रत्येक पदहरू छुट्याएर लेख्नुपर्छ। जस्तै :** समा मलाई नहेरी सरासर बजार जान्छे।

(घ) **विभक्तिभन्दा पछि आउने नामयोगी पद छुट्याएर लेख्नुपर्छ। जस्तै :** उनका अनुसार, उसले झैँ, रामको अगाडि, मेरो अगाडि, श्यामका लागि, मेरो निम्ति आदि।

(ङ) **वाक्यमा संयोजक शब्दहरू छुट्याएर लेख्नुपर्छ। जस्तै :** यद्यपि, र वा, या, कि, तर किनकि, किनभने आदि।

(च) **संयुक्त क्रियामा आउने निम्न लिखित कृदन्त अंशलाई पदवियोग गर्ने। जस्तै :** लेख्ने छ, हेर्ने छ, सुनेको थियो, सुत्न हुन्छ, पढ्न सक्छ, हिँड्न सक्छ, बोल्न सक्थ्यो, बोले हुन्छ, आए हुन्छ, देखेको देख्यै, सुनेको सुन्यै,पढ्नु छ, देखाउनु छ आदि।

(छ) **अपूर्ण र पूर्ण पक्ष अर्थात् तो/दो/तै/दै/एको/एका/एकी सँग आउने सहायक क्रियापद छुट्याएर**

**लेख्नुपर्छ । जस्तै :** पढ्दै हुने छ, रुझेका थियौ, पढेको होला, जाँदै/खाँदै थियो आदि ।

(ज) **शब्दान्तमा बद्ध अक्षर भएका (व्यञ्जनान्त) दुईभन्दा बढी लिपि चिह्नमा लेखिने तथा दुई वा दुईभन्दा बढी अक्षरमा उच्चरित हुने समस्त शब्दहरूलाई पदवियोग गरेर लेख्ने । जस्तै :** मानव अधिकार, संविधान सभा, शिक्षा विभाग, समापन समारोह, श्रम विभाग, देश विकास, गाउँ विकास, सुरक्षा व्यवस्था, सञ्चार गृह, जीवन रक्षक, मौरी पालन, मानव धर्म, अध्ययन प्रतिवेदन आदि ।

(झ) **नाम पदसँग आउने नामिक क्रिया अलग लेख्ने । जस्तै :** उजुर गर्नु, मन पर्नु, देखा पर्नु, हाम फाल्नु आदि ।

(ञ) **सार्थक द्वित्व शब्द पदवियोग गरी लेख्ने । जस्तै :** कुन कुन, जति जति, जहाँ जहाँ, सडक सडक, जो जो, को को, के के, आदि ।

(ट) **विशेषण र विशेष्य (नाम) शब्द पदवियोग गरी लेख्ने । जस्तै :** निम्न लिखित, शिष्ट व्यवहार, भित्तेपात्रो, शुभ दिन, शुभ भाव, नगदे बाली आदि ।

(ठ) **जाति, स्थान आदि शीर्ष नामको परिचय जनाउने शब्द पदवियोग गरी लेख्ने । जस्तै :** नारी समाज, विद्यार्थी वर्ग, हिन्दु धर्म, पाल्पा जिल्ला, रारा ताल, कोसी नदी आदि ।

(ड) **जना, ओटा शब्द पदवियोग गर्ने । जस्तै :** चार भाइ छोरा, चार जना, एक ओटा आदि ।

(ढ) **रीति जनाउने इकारान्त क्रियालाई अघिल्लो शब्दसँग पदवियोग गर्ने । जस्तै :** देखिने गरी, दुख्ने गरी, ढिलो गरी, सजिलो गरी आदि ।

(ण) **जस्तो, जस्तै, जत्रो, जसरी, झैँ, सरि आदि तुलनाबोधक शब्दका अगाडि आउने नाम, सर्वनाम आदि पदवियोग गरी लेख्ने । जस्तै :** सुनाए जसरी, फूल झैँ कोमल, गाए सरि, पहाड जस्त्रो, बताए जस्तै आदि ।

## तत्सम शब्दको वर्णविन्यास

(क) **निम्न लिखित शब्दहरूलाई संस्कृतकै नियमानुसार वर्णविन्यास मिलाई लेख्ने । जस्तै :** कृति, मति, उच्चारण, शङ्का, क्षति, क्षेत्र, शरीर, स्मरण, प्रशासन, राष्ट्रिय, भवदीय आदि ।

(ख) **तत्सम शब्दमा आएका ङ, ञ, ण, न, म लाई यी वर्णभन्दा परवर्ती स्पर्श वर्ण क देखि ....म सम्मका वर्ण भए सो स्पर्श वर्णको सवर्गीय पञ्चम वर्ण लेख्ने । जस्तै :**

(अ) क वर्ग भन्दा अगाडि ङ् लेख्ने । जस्तै : मृदङ्ग, गङ्गा, अङ्ग, सङ्गठन्, सङ्घ, सङ्घर्ष, शङ्का, अलङ्कार, शङ्ख आदि ।

(आ) च वर्ग भन्दा अगाडि लेख्ने । जस्तै : पुञ्ज, झञ्झा, सञ्चय, चञ्चल, सञ्जाल आदि ।

(इ) ट वर्ग भन्दा अगाडि ण् लेख्ने । जस्तै : दण्ड, पिण्ड, कण्टक, कण्ठ, खण्ड आदि ।

(उ) त वर्ण अगाडि न लेख्ने । जस्तै : सन्देश, सन्दर्भ, सन्देह, आनन्द, आन्दोलन, उन्नति, सन्धि, प्रबन्ध, सन्ध्या, मन्द, सन्ताप, मन्थन आदि ।

(ऊ) प वर्ण अगाडि म् लेख्ने । जस्तै : सम्बन्ध, सम्भव, सम्भोग, सम्भ्रान्त, सम्मेलन, सम्पर्क, सम्पादन, सम्प्रदाय, पम्फा आदि ।

**(ग) तत्सम शब्द पञ्चम वर्णभन्दा पञ्चवर्ती, य, व, र,ल, श, ष, स, ह वर्ण भए पञ्चम वर्णको सट्टा अनुस्वार ( ँ ) लेख्ने । जस्तै :**

(अ) य परतिर हँदा – संयोग, संयम, संयुक्त,

(आ) र परतिर हुँदा – संरक्षण, संरचना,

(इ) ल परतिर हुँदा – संलाप, संलग्न,

(ई) व परतिर हुँदा – संवत्, संवाद, संविधान

(उ) श परतिर हुँदा – संशय, संशोधन,

(ऊ) स परतिर हुँदा – संसद्, संसार, संसर्ग,

(उ) परतिर हुँदा – संहिता, संहार

## ह्रस्वदीर्घसम्बन्धी नियम

### शब्दादिमा ह्रस्व इ वा उ हुने शब्दहरू

(क) वि, नि, निस्, सु, उत्, दुस्, दुर् उपसर्ग लागेका शब्दहरूको शब्दादिको इकार र उकार ह्रस्व लेख्ने । जस्तै : नियोग, सुयोग, उपचार, उपहार, उत्खनन, उत्पाद, दुर्गम, दुर्बल, विचार, विनाश, विजय, निपात, निश्चय आदि ।

(ख) द्वि, त्रि भएका सङ्ख्यावाची शब्द इकार ह्रस्व लेख्ने । जस्तै : त्रिगुण, त्रिपिटक, त्रिशङ्कु, द्विबाहु, द्विमुख आदि ।

### शब्दमध्यमा ह्रस्व इ वा उ लेख्नुपर्ने शब्दहरू

(क) इक, इका, इत, इम, इष्ठ, उक प्रत्ययको इकार र उकार ह्रस्व लेख्ने । जस्तै : लेखिका, नायिका, गायिका, रचित, हेलित, वरिष्ठ, जागरुक, भावुक, कामुक, पण्डित, भाषिक, गरिमा, महिना आदि ।

(ख) शब्दान्तमा दीर्घ लेखिने शब्द प्रत्यय लागेपछि ह्रस्व लेख्ने । जस्तै : दायित्व, स्वामित्व, उपयोगिता, प्रभावकारिता आदि ।

(ग) तर स्त्रीलिङ्गी शब्द भने यसरी लेख्ने । जस्तै : स्त्रीत्व, सतीत्व आदि ।

(घ) अति, अधि, अनु, प्रति, परि, अभि, उपसर्ग लागेका शब्दहरूको इकार र उकार ह्रस्व लेख्ने । जस्तै : अनुहार, प्रतिक्रिया, परिकल्पना, अभियोग, अभिनन्दन, अतिरिक्त, अतिशय आदि ।

### शब्दान्तमा ह्रस्व इ वा उ हुने शब्दहरू

(क) अन्तमा नु, भु, धु रु, लु भएका केही शब्द ह्रस्व लेख्ने । जस्तै : गुरु, सुचारु, भीरु, श्रद्धालु, कृपालु, भानु, शम्भु, प्रभु, साधु, चरु आदि ।

(ख) चि, टि, णि, ति, थि, द्धि, धि, नि, पि, मि, भि, रि, लि, वि, शि, षि, ष्टि अन्तमा अन्य केही शब्दहरू ह्रस्व लेख्ने । जस्तै : शनि, मुनि, हानि, लिपि, यद्यपि, नाभि, सुरभि, रश्मि, कलि, बलि, छवि, कवि, कृषि, ऋषि, सृष्टि, रुचि, शुचि, त्रुटि, कोटि, पाणि, कृति, गति, मति, क्षति, प्रकृति, कीर्ति, अतिथि, प्रीति, गीति, सिद्धि, ऋद्धि, विधि, सन्धि, अग्नि आदि ।

तर युवती, श्रेणी, सूची, अञ्जली, श्रद्धान्जली, शब्दावली, औषधी, ग्रन्थी आदि दीर्घ नै लेख्ने ।

### शब्दादिमा दीर्घ ई वा ऊ हुने शब्दहरू

(क) अन्य केही तत्सम शब्दको आदिमा आउने इकार र उकार दीर्घ लेख्ने । जस्तै : भ्रूण, पूरक, मूल, क्षीण, दीन, नीच, शीतल, गीत, टीका, पीडा, सीता, पीयूष, सूक्ष्म, स्तूप, स्थूल, स्फूर्ति, पूजा, दूत, सूची, शुली, सूतक आदि ।

(ख) रेफभन्दा अगाडि आएका संयुक्त व्यञ्जनमा इकार वा उकार दीर्घ लेख्ने । जस्तै : कीर्ण, मूर्ख, पूर्ति, पूर्व, पूर्ण, ऊर्जा, धूर्त, स्फूर्त, कीर्तन, कीर्ति, जीर्ण आदि ।

(ग) शब्दको सुरुमा ईक्ष, ईश, जीव, दीप, दूर, धीर, प्री, भू, भूष्, मूर, री, रूप, सूर भएका इकार वा उकार दीर्घ लेख्ने । जस्तै : दीप्ति, दीपिका, दीप, दूरदर्शी, दूरदर्शन, धीर, प्रति, भूत, भूपति, भूमि, भूषण, मूर्ति, रीति, रूप, सूर्य, ईश्वर, ईश, जीवन, जीवित, तीक्ष्ण आदि ।

### शब्दमध्यमा दीर्घ ई वा ऊ हुने शब्दहरू

(क) ईन, ईन, अनीय, तीय लागेका शब्दका इकार दीर्घ लेख्ने । जस्तै : वर्गीय, दलीय, नवीन, ग्रामीण, मानवीय, स्मरणीय, आदरणीय, द्वितीय, भवदीय, केन्द्रीय, भवदीय, संसदीय, स्वर्गीय आदि ।

(ख) भू र कृ धातुबाट बनेका भवन, भूत, करण, कृत, भाव, कारभन्दा अघिको शब्द जसबाट हुने/गरिने, वा भएको/गरिएको भन्ने अर्थ निस्कँदा । जस्तै : स्वीकार, अङ्गीकार, स्वीकृत, एकीभाव आदि ।

### बिचमा इकार र उकार दीर्घ आउने केही तत्सम शब्दहरू

परीक्षा, प्रतीक्षा, प्रतिकूल, अतीत, प्रतीक, त्रिशूल, शरीर, दीक्षा, अभीष्ट, भगीरथ, समीर, सुग्रीव, उद्दीपन, कुतूहल, कस्तूरी, पीयूष, अजीव, अपूर्ण, अमूल्य, सङ्कीर्ण, विपरीत आदि ।

(क) अन्तमा वी, ई प्रत्यय लागेका शब्दहरू दीर्घ लेख्ने । जस्तै : मायावी, मेधावी, तपस्वी, संयमी, विद्रोही, स्वामी, गुणी, तेजस्वी आदि ।

### हलन्त र अजन्तसम्बन्धी

(क) अन्तमा वत्, वान्, मान्, क्, ग्, त्, द्, न्, प्, म् आउने शब्द हलन्त लेख्ने। जस्तै : पृथक्, दिक्, सम्राट्, जगत्, अकस्मात्, साक्षात्, विपत्ति, आपत्, संसद्, सभासद्, बृहत्, भाषविद्, महान्, एवम्, अहम्, स्वागतम्, यावत्, दण्डवत्, भगवान्, विद्वान् आदि ।

## ब र व सम्बन्धी

### शब्दादिमा 'ब' को प्रयोग हुने केही शब्दहरू

बहिष्कार, बृहस्पति, बहुब्रीहि, बहुमत, बहुरङ, बाध्य, बालक, बालिका, बोध, बोधार्थ, बन्धु, बन्ध, बद्ध, ब्राह्मण, बहिरङ्ग आदि ।

(क) संस्कृतका वद्, वञ्च, वृ, वच्, विद्, विश्, वह्,विच्, वृत्, जीव धातुबाट बनेका शब्दहरूमा व लेख्ने । जस्तै : संवरण, वचन, वक्ता, वक्तव्य, प्रवचन, वाक्य, वचन, विद्या, विद्वान्, विद्वत्ता, वेदना, निवेदन, प्रवेश, प्रविष्ट, आवेग, वाहक, वहन, प्रवाह, वृत्ति, वर्तन, जीवन, जीवित, जीविका, वद, वदन, वञ्चित आदि ।

(ख) अव, वि उपसर्गमा व लेख्ने । जस्तै : अवतार, अवनति, अवरोध, विकास, विकल, विक्रेता, विकिरण, अवहेलना, विधाता, विधान, विवेक, विवाद, विरोध, अवगत, अवचेतन, विज्ञान आदि ।

(ग) संयुक्त अक्षरमा व उच्चारण हुने ठाउँमा व लेख्ने । जस्तै : स्वामी, स्वाद, स्वेच्छा, स्वर, स्वस्ति, विश्व आदि ।

(घ) म पछि तथा द् ध् वर्णभन्दा अगाडि ब लेख्ने । जस्तै : अम्बर, शब्द, स्तब्ध, लब्ध, क्षुब्ध, लब्धि, उपलब्धि, अम्बिका, चुम्बक, सम्बन्ध आदि ।

(ङ) तव्य, तव, वत्, वान्, वती प्रत्यय लागेका शब्द व लेख्ने । जस्तै : आत्मवत्, विद्यावत्, दयावान्, पुत्रवती, गर्भवती, भगवती, गुणवती, मेधावी,गन्तव्य, भवितव्य, वक्तव्य, नेतृत्व आदि ।

(च) संस्कृतमा ब र व बैकल्पिक रूपमा चलेका शब्द ब लेख्ने । जस्तै : बार (आइतबार, सोमबार), बेला (कुबेला, सुबेला), बिना जस्ता शब्दलाई संस्कृतमा नै ब लेखिने भएकाले तत्सम वर्णअनुसार ब लेख्ने ।

## य र ए को प्रयोग

### 'य' को प्रयोग हुने नियमहरू

(क) सम शब्दहरूमा 'य' को प्रयोग गरिन्छ । जस्तै : सुखदायी, यक्ष, याचना, यात्रा, यावत्, युक्त, योग, युद्ध, युवक, मध्य, युगल, योगी, यज्ञ, यस, अनुयायी, स्थायी आदि ।

(ख) सर्वनाम र सर्वनामबाट बनेका शब्दहरूमा 'य' को प्रयोग गरिन्छ । जस्तै : यता, यति, त्यति, यसलाई, यिनी, यही, यो, त्यो, यसले, यहाँ, त्यहाँ आदि ।

(ग) हामी, तिमी, तपाईं, उसले जस्ता कर्ता भएको भूतकालीन क्रियापदमा 'य' को प्रयोग गरिन्छ । जस्तै : हास्यौँ, नाच्यो, खायो, पढ्यौ, गऱ्यौ, उठ्यौ ।

(घ) केही आगन्तुक शब्दमा 'य' को प्रयोग गरिन्छ । जस्तै : डायरी, छोयला, छ्यापी, जायज, यहुदी, टायम, याद, यार्सागुम्बा, म्याद आदि ।

(ङ) इयार, ऐवा, इया/इयाँ, याइँ, यौली जस्ता प्रत्ययबाट बन्ने व्युत्पन्न शब्दमा 'य' को प्रयोग गरिन्छ । जस्तै : चिनियाँ, धुर्त्याइँ, हँस्यौली, अंशियार, रवैया, सहरिया आदि ।

## 'ए' को प्रयोग

(क) म/उनीहरू/तिमीहरू कर्ता रहेको भूतकालीन क्रियापदमा 'ए' को प्रयोग गरिन्छ । जस्तै : मैले पाएँ । उनीहरू रोए । तिनीहरूले दिए । तिनीहरूले पाए । म आएँ । उनीहरू गए ।

(ख) सङ्ख्यावाची शब्दहरू 'ए' को प्रयोग गरिन्छ । जस्तै : एक, एघार, एक्काइस, एकतिस, एकानब्बे आदि ।

(ग) इच्छार्थक क्रियापद बनाउँदा धातुसँग प्रयोग हुने ए, एस र कृदन्त क्रियापद बनाउँदा प्रयोग हुने 'एर' प्रत्यय लागेका शब्दहरूमा ए को प्रयोग गरिन्छ । जस्तै : पाएर, रुवाएर, खाएर, लिएर, दिएर, छोएर, गए, खाए, खाएस्, गएस् आदि ।

(घ) अपूर्ण पक्ष जनाउने क्रियापदमा 'ए' को प्रयोग हुन्छ । जस्तै : लाएको, पाएको, खाएको, दिएको आदि ।

## ऋ र रिको प्रयोग

### 'ऋ' को प्रयोग हुने नियमहरू

(क) संस्कृत तत्सम शब्दमा मात्र ऋ को प्रयोग हुन्छ । जस्तै : ऋण, ऋतु, ऋषि, ऋचा

(ख) व्यञ्जन वर्णसँग ऋ मिसिएको तत्सम शब्द पनि नेपालीमा प्रयोग गरिन्छ । जस्तै : श्रृङ्खला, दृष्टि, वृद्ध, मृदु, कृषि, कृति, कृपा, सृष्टि आदि ।

### 'रि' को प्रयोग हुने नियमहरू

(क) तद्भव आगन्तुक शब्दमा 'रि' को प्रयोग गरिन्छ । जस्तै : रिस, रिम, रिल, रिहा, रिवन, रिपोर्ट, रिनी, रिन, रिजर्भ, रिङ, रिक्सा, रिकापी आदि ।

(ख) केही तत्सम शब्दहरूमा 'रि' को प्रयोग गरिन्छ । जस्तै : रिक्त, रिपु

## क्ष र क्ष्य, क्षे र छे, छ्य र छे को प्रयोग

### क्ष, क्ष्य र क्षे को प्रयोग

क्ष, क्ष्य र क्षे को प्रयोग संस्कृत तत्सम शब्दमा मात्र हुन्छ । जस्तै :

क्ष → क्षती, क्षण, क्षत्र, क्षत्रीय, मोक्ष, क्षमा, क्षय, अक्षर

क्ष्य → लक्ष्य, उपलक्ष्य

क्षे→ प्रक्षेपण, क्षेत्र, क्षेत्रोपवास

## छे/ छ्य् को प्रयोग

### 'छे' को प्रयोग

(क) संस्कृत तत्सम शब्दहरूमा 'छे' को प्रयोग हुन्छ । जस्तै : छेद, छेकानुप्रास,

(ख) क्रियापदहरूमा 'छे' को प्रयोग हुन्छ । जस्तै : छेक्नु, छेड्नु, छेकिनु

(ग) तद्भव र आगन्तुक शब्दहरूमा 'छे' को प्रयोग हुन्छ । जस्तै : छेवर, छेपारो, छेडो, छेड

### 'छ्य' को प्रयोग

(क) अनुकरणात्मक शब्दहरूमा 'छ्य' को प्रयोग हुन्छ । जस्तै : छ्याप्प, छ्याट्ट, छ्याक्क, छ्याङ्ग, छ्यासमिस, छ्यास्स, छ्यार्र, छ्याम्म आदि ।

(ख) क्रियापदहरूमा 'छ्य' को प्रयोग हुन्छ । जस्तै : छ्याप्यो, छ्याप्छ

## ज्ञ/ज्ञा र ग्या/ग्याा को प्रयोग

### ज्ञ/ज्ञा को प्रयोग

(क) ज्ञ, ज्ञा को प्रयोग संस्कृत तत्सम शब्दहरूमा प्रयोग गरिन्छ । जस्तै : विज्ञ, विज्ञान, संज्ञा, विज्ञापन, अज्ञानी, आज्ञा, ज्ञान, ज्ञानी, यज्ञ, प्रज्ञा ।

### ग्यँ/ग्याँ को प्रयोग

(क) ग्यँ/ग्याको प्रयोग तद्भव र आगन्तुक शब्दहरूमा गरिन्छ । जस्तै : ग्याँठ, ग्यालिन, ग्याँचे, ग्याँस आदि ।

### 'ओ' प्रयोग हुने नियमहरू

(क) शब्दको आदिस्थानमा 'ओ' को प्रयोग गरिन्छ । जस्तै : ओसिलो, ओभ्केल, ओठ, ओदान, ओखर, ओभानो आदि ।

(ख) धातु र विध्यर्थ क्रियापदमा 'ओ' को प्रयोग गरिन्छ । जस्तै : ओसार, खाओस, जाओ, उठाओ, बचाओ, ओर्ल, ओत्नु आदि ।

## विसर्गको प्रयोग

## विसर्ग प्रयोग हुने नियमहरू

क) शब्दको अगाडि नि, दु र पछाडि श, ष, स हुँदा बिचमा विसर्ग चिह्न लाग्छ। जस्तै : निःस्वार्थ, निःशुल्क, विःशेष, निःसन्देह, दुःसाहस आदि ।

(ख) अन्त्यमा य, श, त आउने तत्सम शब्दका पछाडि विसर्ग चिह्न लाग्छ। जस्तै : स्वभावतः, स्वतः, वस्तुतः, विशेषत्ः, सर्वतः, प्रायः, क्रमशः, अतः आदि ।

(ग) घृणा जनाउने शब्दहरूमा विसर्ग प्रयोग गरिन्छ। जस्तै : छ्याः, छ्या, थुःथु, छिःछि आदि ।

(घ) विसर्ग लाग्ने अन्य शब्दहरू। जस्तै : वाः, हाः, नमः, दुःख, ईः, ऊः आदि ।

## श, ष र स को प्रयोग

### 'श' प्रयोग हुने नियमहरू

(क) शस्, शिष्, शास्, शुच्, शुष्, दृश्, श्रु, शुभ, श्वस्, शिक्ष, रांस आदि धातुबाट बनेका शब्दमा श लेख्ने। जस्तै : शास्त्र, शरभ, शासक, शासन, शुचि, शुष्क, शुभ, शोभा, शोभित, श्वास, विश्वास, प्रशंसा, शिक्षक, शिक्षण, शिशु, शोषक, शेष, शिष्ट, विशेष, विशेष्य, विशेषण, राशि, शीर्षक, शस्त्र, शस्य, शिष्य, शेष, शिष्ट, विशिष्ट, शास, शोषित, दर्शन, दृश्य, श्रवण, श्रावण आदि ।

(ख) विसर्ग पछाडि छन् भने ठिक अधि 'श' प्रयोग गरिन्छ। जस्तै : सतशः, अक्षरशः, क्रमशः, प्रायशः आदि ।

(ग) द वर्ण पछाडि 'श' प्रयोग गरिन्छ। जस्तै : दशरथ, दशा, उपदेश, देश, दृश्य, दर्शन आदि ।

(घ) य वर्णको पूर्व 'श' प्रयोग गरिन्छ। जस्तै : वैश्य, संशय, श्रेय, अवश्य, दृश्य आदि ।

(ङ) स्वरवर्ण र शिरबिन्दुभन्दा पछाडि प्रायः 'श' प्रयोग गरिन्छ। जस्तै : अंश, कंश, वंश, ईश्वर, हंश, चन्द्राशं, आश्विन, आशा, निराशा, विश्वास आदि ।

(च) सु र स उपसर्ग पछाडि 'श' प्रयोग गरिन्छ। जस्तै : सुशील, सशस्त्र, सशक्त, सुशासन, सुक्षिक्षा

(छ) संस्कृत तत्सम, शब्दमा 'श' प्रयोग गरिन्छ। जस्तै : शिशिर, शरद, शूद्र, शुभ, शुद्ध, शुक्रवार, शनिश्चर, शीतल, शूल, शून्य, प्रश, शङ्का, शत, शब्दावली, शान्त, शाखा, प्रतिशत, श्रवण, श्री, विश्लेषण, प्रशासन, विश्वास, प्राश्निक, शास्त्र, शशी, शिशु, शैशव, शशाङ्क, शाश्वत, शकुन्तला, ईश, श्याम, राशि, श्रेष्ठ, त्रिशूल, श्राप, आशुकवि, शोभन, कोश, केश, शीत, शक्ति आदि ।

(ज) च, र ल, वर्ण अगाडि 'श' प्रयोग गरिन्छ। जस्तै : श्लेष, श्लिष्ट, निश्चल आदि ।

### 'ष' प्रयोग हुने नियमहरू

(क) क, म वर्णसँग 'ष' प्रयोग हुन्छ। जस्तै : अभिषेक, कृषि, कोष, कष्ट, निष्कर्ष, आविस्कार, भष्म, भीष्म आदि।

(ख) ट वर्ण (ट, ठ, ड, ढ र ण) 'ष' को प्रयोग गरिन्छ। जस्तै : आषाढ, ज्येष्ठ, श्रेष्ठ, दृष्टि, भ्रष्ट, पुष्ट, हृष्टपुष्ट, कृष्ण, दृष्ट, ओष्ठ, विश्लेषण आदि।

(ग) स्वरवर्ण पछाडि 'ष' प्रयोग गरिन्छ। जस्तै : ओष्ठ, इष्ट

(घ) क, ट, ठ, ड, ढ, ण, प भन्दा पहिला ष लेख्ने। जस्तै : परिष्कार, दृष्टि, स्पष्ट, धृष्ट, पुष्ट, काष्ठ, ओष्ट, वरिष्ठ, षोडश, आषाढ, विष्णु, कृष्ण, तृष्णा, पुष्प, निष्कर्म, पुष्कर, मस्तिष्क, बहिष्कार आदि।

(ङ) तत्सम् शब्दहरूमा 'ष' प्रयोग गरिन्छ। जस्तै : वर्षा, कष्ट, निष्कर्म, सृष्टि, कृषक, दूषित, द्वेष, दोष, परिषद्, पुरुष, ऋष्यमूलक, ऋषि, षट्कोण, शिरीष, निष्पक्ष, निष्फल, पीयूष, उषा, हर्ष।

(च) कृष्, पुष्, भाष्, भूष्, शिष्, शुष् धातुबाट बनेका शब्दमा ष लेख्ने। जस्तै : पौष, भाषा, भाषण, भूषण, आभूषण, शिष्ट, शिष्य, शुष्क, शोषण, शोषक, कृषि, आकर्षक, कृषक, पुष्टि, पोषण आदि।

(छ) निम्न लिखित शब्दमा ष लेख्ने। जस्तै : हर्ष, वर्षा, वर्ष, उत्कर्ष, निमेष, प्रेषक, विषाद्, विष, द्वेष, ऊष्म, विषय, आशिष, ईर्ष्या, भेष, कोष, ऋषि, भीष्म आदि।

(ज) षट्, षड् जस्ता शब्दहरू जोडिएको शब्दमा 'ष' प्रयोग गरिन्छ। जस्तै : षडयन्त्र, षड्मुख, षडऋतु, षड्बिन्दु, षट्कोण, षट्भुजा, षडानन् आदि।

### 'स' प्रयोग हुने नियमहरू

(क) सङ्ख्यावाची शब्दहरूमा 'स' प्रयोग गरिन्छ। जस्तै : समर, सर्वोत्तम, सहचर, समीप, सङ्ख्या, सान्त्वना, सान्निध्य, सन्धा, सहगामी, सभा, समक्ष, समय, समाज आदि।

(ख) निस्, दुस्, सत्, सम, स, सु, सह, सर उपसर्ग लागेका शब्दहरूमा 'स' प्रयोग गरिन्छ। जस्तै : दुस्कर्म, सत्विचार, सत्मार्ग, सत्सङ, सुनाम सुयोग, निस्काम, निस्सार, निस्चय, दुस्प्रयास, सुविचार, सहकाल, सहचारी, सरकार, सरदार, सरदर, सहभाव, सशक्त, सशस्त्र, सहकारी आदि।

(ग) 'स्व' बुझाउने शब्द आउँदा 'स' प्रयोग गरिन्छ। जस्तै : स्वयम्, स्वशासित, स्वचालित, स्वयंवर, स्वतन्त्र आदि।

(घ) निम्न लिखित शब्दहरूमा स लेख्ने। जस्तै : प्रयास, मस्तक, प्रयास, रहस्य, हिंसा, साहस, साक्षात्, साक्षी, तेजस्वी, रजस्वला, शासन, नमस्कार, स्पर्श, स्त्री, साधु, स्तन, सघन राजसी, वासुदेव, सरस्वती, उत्सुक, प्रहसन, रस, पुस्तक आदि।

## चिह्न परिचय

जुनसुकै भाषा स्पष्टसँग बुझ्न श्रवणको आरोह–अवरोह, उतार–चढाव, भाव, मर्म, ह्रस्व, अडान आदिलाई ख्याल गर्नुपर्छ । यसका लागि विभिन्न चिह्नहरूको प्रयोग गरिन्छ । नेपाली पनि स्पष्ट बोध गर्नका लागि विभिन्न चिह्नहरूको ख्याल गर्नुपर्छ । चिह्नहरूलाई ठिक ठिक तरिकाले प्रयोग गरेमा भाषिक शुद्धता आउँछ । यिनीहरूको क्रमशः चर्चा गरिन्छ ।

१. **पूर्णविराम चिह्न** ( । )

कुनै पनि पनि वाक्य पूरा भएको जानकारी दिन चिह्नलाई पूर्णविराम चिह्न (।) भनिन्छ । जस्तै :

श्याम घुम्न गयो । हरिले भाग्ने बाटो खोज्यो ।

२. **प्रश्न चिह्न** ( ? )

प्रश्नार्थक वाक्य पूरा हुँदा प्रश्नवाचक चिह्न (?) प्रयोग गरिन्छ ।

जस्तै :

दावा कहिले खेल्न गयो ? के तिमीले गृहकार्य गऱ्यौ ?

३. **अर्धविराम चिह्न** ( ; )

अल्पविरामभन्दा बढी पूर्णविरामभन्दा कम अडानमा लागि अर्धविराम (;) चिह्न प्रयोग गरिन्छ ।

(क) पहिलो वाक्यमा समर्थमा दोस्रो वाक्य आउँदा अर्धविराम (;) चिह्न प्रयोग गरिन्छ । जस्तै : केटाहरू चौरमा निस्किए; फुटबल खेले; घर गए ।

(ख) विपरीत भावना आउदा अर्धविराम (;) चिह्न प्रयोग गरिन्छ । जस्तै :

उनीहरू बजारबाट फर्किए; म उहीँ बसेँ ।

४. **अल्पविराम चिह्न** ( , )

छोटो अडानमा प्रयोग गरिने चिह्नलाई अल्पविराम चिह्न (,) भनिन्छ ।

समान शब्द वा पदावली क्रमश, आएमा अल्पविराम चिह्न प्रयोग गरिन्छ ।

जस्तै : उसले चामल, चिनी, चिया, दुध र तेल किन्यो ।

राम आउँछ, ढोका खोल्छ, भित्र जान्छ र सुत्छ ।

५. **विस्मयादिबोधक चिह्न** ( ! )

आश्चर्य, शोक, घृणा, रिस, आवेग, व्यक्त गर्दा प्रयोग हुने चिह्नलाई विस्मयादिबोधक चिह्न भनिन्छ । यसलाई उद्गारर चिह्न (!) भनिन्छ ।

(क) आश्चर्य व्यक्त गर्दा विस्मयादिबोधक चिह्न प्रयोग गरिन्छ । जस्तै : ओ हो ! तिमी त धेरै रोयौ । आम्मै ! कत्रो लामो सर्प ।

(ख) शोक व्यक्त गर्दा विस्मयादिबोधक चिह्न प्रयोग गरिन्छ । जस्तै : कठै ! ऊ त भगवान्‌को प्यारो भएछ । हँ ! रमेश लड्यो रे ।

(ग) घृणा व्यक्त गर्दा विस्मयादिबोधक चिह्न प्रयोग गरिन्छ । जस्तै : छिः ! कहाँ फोहोरमा टेकेको ।

(घ) भावयुक्त सम्बोधन गर्दा विस्मयादिबोधक चिह्न प्रयोग गरिन्छ । जस्तै : ए केटा ! बोलाएको सुनिनस् । ईश्वर ! तैँले मलाई रुवाइस् ।

### ६. योजक चिह्न ( – )

दुई शब्द जोड्दा प्रयोग गरिने चिह्नलाई योजक चिह्न (–) भनिन्छ ।

(क) दुई शब्दबिच समस्त हुँदा योजक चिह्न प्रयोग गरिन्छ । जस्तै : शिक्षक–भेला, हर्ष–विस्मात्, आ–आफ्नो, दाजु–भाइ, तन–मन–धन

(ख) एउटै हरफमा अटाउनुपर्ने शब्द नअटाएमा योजक चिह्न प्रयोग गरिन्छ ।

### ७. कोष्ठक चिह्न– ( )

कुनै पनि शब्दको अर्थ स्पष्ट पार्दा कोष्ठ चिह्नको प्रयोग गरिन्छ । कोष्ठ चिह्नलाई (....) चिह्नद्वारा चिनिन्छ ।

(क) कुनै पनि कुरा स्पष्ट पार्दा कोष्ठ चिह्नको प्रयोग गरिन्छ । जस्तै : दृष्टिविहिन (आँखा नदेख्ने) लाई सहयोग गर्नुपर्दछ ।

(ख) क्रमबद्ध सङ्ख्या लेख्नुपर्दा कोष्ठ चिह्नको प्रयोग गरिन्छ । जस्तै : (१) (२) (३) ; (क) (ख) (ग)

### ८. एकोहोरो उद्धरण चिह्न ( '....' )

कुनै पनि मुख्य शब्द वा भनाइ बढी जोड दिन प्रयोग गरिने चिह्न एकोहोरी उद्धरण चिह्न ('...') हो ।

पुस्तकको नाम, कथा, कविता, नाटक, निबन्ध, आदिको शीर्षक लेख्दा एकोहोरो उद्धरण चिह्नको प्रयोग गरिन्छ । जस्तै : मैले देवकोटाको 'मुनामदन' विश्वेश्वरको 'दोषीचस्मा' पढेको छु ।

### ९. दोहोरो उद्धरण चिह्न (" ... ")

कसैको भनाइ जस्ताको त्यस्तै साभार गर्नुपर्दा दोहोरो उद्धरण चिह्न प्रयोग गरिन्छ । जस्तै : समले भनेका छन् "ज्ञान मर्दछ हाँसेर रोई विज्ञान मर्दछ ।"

### १०. निर्देशक चिह्न ( : )

निर्देशनयुक्त सूचना दिन निर्देश चिह्न प्रयोग गरिन्छ । जस्तै : तल दिइएका विषयमा निबन्ध लेख्नुहोस् :

(अ) देशप्रेम (आ) पुस्तकालय (इ) फेवाताल

## अभ्यास

### समूह 'क'

१. वर्णविन्यास भनेको के हो ?

२. पदान्तमा दीर्घ हुने कुनै छ ओटा नियमहरू लेखी उदाहरण दिनुहोस् ।

३. पदान्तमा ह्रस्व हुने शब्दहरूको छ ओटा नियमहरू लेखी उदाहरण प्रस्तुत गर्नुहोस् ।

४. शब्दको बिचमा र सुरुमा ह्रस्व हुने कुनै तिन नियम लेखी उदाहरण दिनुहोस् ।

५. खुट्टा काटिने शब्दहरूको कुनै तिन नियम प्रस्तुत गरी उदाहरण दिनुहोस् ।

६. शिरबिन्दु र चन्द्रबिन्दुबिच फरक देखाउनुहोस् ।

७. शब्दको आदिस्थान र मध्यस्थानमा दीर्घ हुने कुनै तिन नियमहरू लेखी उदारहण प्रस्तुत गर्नुहोस् ।

८. ऋ र रि प्रयोग हुने पाँच- पाँच शब्दहरू लेख्नुहोस् ।

९. य र ए को प्रयोग कुनै तीन नियम प्रस्तुत गर्नुहोस् ।

१०. पदयोग र पदवियोग हुने चार–चार नियम लेखी उदारहणसहित देखाउनुहोस् ।

११. तालिकामा दिइएका अक्षरहरू प्रयोग भएका शब्दहरू पाँच–पाँच ओटा लेख्नुहोस् ।

| छ् | छ्य | ज्ञ | ज्ञा | ग्याँ | ग्या | ब | व | ओ | श | ष | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |

१२. नेपाली भाषामा प्रयोग हुने चिह्नहरू के–के हुन् ?

१३. विसर्ग प्रयोग हुने कुनै पाँच शब्दहरू लेख्नुहोस् ।

१४. व्याकरणमा चिह्न भनेको के हो ?

### समूह 'ख'

१. (क) तलका शब्द समूहबाट शुद्ध शब्द छानेर लेख्नुहोस् :

(अ) कीर्तिपुर किर्तीपुर कीर्तीपुर किर्तिपुर

(आ) विगयान वीज्ञान बिज्ञान विज्ञान

(ख) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :

"साचो अर्थमा लेखक त्यही हो जो प्रतिकुल परिस्थिति र कठीन अवस्थामा पनि आफ्नो लेखनलाई निरुन्तरता प्रदान गरिरहन्छ ।

२. **(क) तल दिइएका शब्दहरूबाट शुद्ध शब्द छानेर लेख्नुहोस् :**

(अ) सम्कीर्ण सन्कीर्ण सङ्कीर्ण संकीर्ण

(आ) प्रशोधन परशोधन प्रसोधन पर्सोधन

(ख) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :

शारीरिक श्रमपर्ने र बल लगाउनु पर्ने काम लाई हेला होइन अरूलाई जत्तीकै सम्मान गर्नूपर्छ ।

३. **(क) तल दिइएका शब्दहरूबाट शुद्ध शब्द छानेर लेख्नुहोस् :**

(अ) पञ्चतत्व पन्चतत्व पंचतत्व पम्चतत्व

(आ) प्रतिनीधि प्रतिनिधि प्रतीनिधि प्रतिनिधी

(ख) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :

सामाजीक व्यवहारका क्रममा कशैले पनी अरूलाई दुःख दिनु हुन्दैन ।

४. **(क) तल दिइएका शब्दहरूबाट शुद्ध शब्द छानेर लेख्नुहोस् :**

(अ) सङ्क्षेप सन्क्षेपञ संक्षेप सन्छेप

(आ) निति निती नीती नीति

(ख) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :

उनले भने, "विश्व युद्धमा मारीएका लाखौँ मानीसहरू आएर हाम्रो ज्यान बेचेर कती कमाइस भनेर मलाई सताउँछन् ।"

५ **(क) तल दिइएका शब्दहरूबाट शुद्ध शब्द छानेर लेख्नुहोस् :**

(अ) आशीर्वाद आषिर्वाद आसीर्वाद आर्शीवाद

(आ) पन्चामृत पन्चामृत पंचामृत पञ्चामृत

(ख) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :

म त न्यायको पक्ष लिन्छु न्यायको । अहिले नीर्धो देखियोस् या बलीयो । परिणाममा न्यायिको नै जय हुन्छ भन्ने मलाइ दृढनीश्चय छ ।

६. **(क) तल दिइएका शब्दहरूबाट शुद्ध शब्द छानेर लेख्नुहोस् :**

(अ) संसोधन संषोधन शंशोधन संशोधन

(आ) प्रसोदन प्रशोदन प्रसोधन प्रशोधन

(ख) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :

चोर्न पाएँ भनेर मैले जेपायो त्यहि चोर्ने हो र त्यसभीत्रको गाँठि कुरो चोर्छू ।

७. **(क) तल दिइएका शब्दहरूबाट शुद्ध शब्द छानेर लेख्नुहोस् :**

(अ) प्रायश्चित प्रयास्चित प्रायश्चीत प्रायस्च्ति

(आ) पुस्पुञ्ज पूस्पुञ्ज पुष्पपुञ्ज पुस्पपुञ्ज

(ख) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :

कलाकार, राजनितिज्ञ, डाक्टर, इन्जिनियर, प्राध्यापक, व्यापारि आदि जेसुकै बनौं आफ्नो रोजाइ हो ।

८. **(क) तल दिइएका शब्दहरूबाट शुद्ध शब्द छानेर लेख्नुहोस् :**

(अ) बिसालु विशालु विषालु बिषालु

(आ) सासन शासन शाशन शाषन

(ख) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :

आँसुले टम्म भरियका आँखा उनले भने "त्यो डाक्टर अंकल म नै हूँ ।"

९. **(क) तल दिइएका शब्दहरूबाट शुद्ध शब्द छानेर लेख्नुहोस् :**

(अ) जीवास्म जिवास्म जीवाश्म जीवाष्म

(आ) सहरिकरण सहरीकरन शहरीकरण सहरीकरण

(ख) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :

उहाँले भन्नुभयो, "भाई म खहरेले बगाएर ल्याइ बगरमा फालीएको बग्रेठो थीएँ ।"

१०. **(क) तल दिइएका शब्दहरूबाट शुद्ध शब्द छानेर लेख्नुहोस् :**

(अ) सल्यक्रिया शल्यक्रिया सल्एक्रिया शल्यक्रिया

(आ) शारीरिक सारीरिक शारिरिक शारीरीक

(ख) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :

ऊ भनि रहेको थियो "हामिसँग केहि पनी त छैन, न पैसा न खानेकुरा ।"

एकाइ

२६

# उखान र टुक्का

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

उखानले भाषालाई स्वादिलो बनाउने हुनाले यी भाषाका प्राण हुन् । कुराकानी वा अभिव्यक्तिका क्रममा आफ्ना भनाइ वा सन्दर्भलाई खुलस्त पार्न उदाहरणका रूपमा कहिलेकाहीँ सूत्रात्मक भाषिक संरचनाका लागि उखानको प्रयोग गरिन्छ । पुस्तौँपुस्तादेखि समाजमा चल्दै र भन्दै आएका सम्पूर्ण शिक्षामूलक वाक्यांश वा कथनलाई उखान भनिन्छ । अङ्ग्रेजीमा यसलाई (Proverb) र संस्कृतमा लोकोक्ति भनिन्छ । उखानले सोझोभन्दा व्यङ्ग्यार्थमा बढी जोड दिएको हुन्छ । उखानले कुनै घटना प्रसङ्ग वा मानवीय अनुभवसँग सम्बन्ध राख्दै लाक्षणिक वा सङ्केतात्मक अर्थ प्रदान गर्दछ । नेपाली लोक जीवनमा उखानको प्रयोग प्रशस्त भएको पाइन्छ । उखानमा लोक व्यवहारका अनुभवका चुटकिला र गहकिला उक्ति, समाजिक नीति निर्देशन, शिक्षा, दृष्टान्त, उपमा आदि सूत्रबद्ध रूपमा प्रयोग भएको पाइन्छ ।

उखानको परिभाषा यसरी दिन सकिन्छ । 'उखान' भनेको वाक्य स्तरको संरचना हो जुन लोक जीवनका अनुभूतिको आर्जन गर्न हाम्रा पूर्वजहरूले आफ्ना सन्तानहरूलाई दिने मुख्य कथन हो । यसले भाषालाई मिठासयुक्त र व्यङ्ग्यार्थ बनाई सिँगार्ने कार्य गर्दछ ।"

केही प्रचलित उखानको अर्थसहित वाक्यमा प्रयोग

अचनाको पिर खुकुरीले जान्दैन (भोग्नेलाई मात्र दुःखको अनुभव हुन्छ)

विदेशमा आएर बस्नुको पीडा हामीलाई नै थाहा छ, तिमीलाई के थाहा ? अचनाको पिर खुकुरीले जान्दछ र ?

अनिकालमा बिउ जोगाउनु, हुलमुलमा जीउ जोगाउनु (झगडा पर्दा आफू जोगिनु)

अनिकालमा बिउ जोगाउनु हुलमुलमा जीउ जोगाउनु भने झैँ अस्तिको झगडामा म पनि झन्डै फसेको । टाप कसिहालेँ र बाँचें ।

अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ (कुनै न कुनै रूपबाट प्राणीले खानेकुरा पाउँछ)

खानेकुरा नपाएर छट्पटाइरहेको बेलामा साथी खानेकुरा बोकेर आइपुग्यो । अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ भनेको यही हो ।

अड्को पड्को तेलको धूप (चाहिने वस्तु नपाउँदा अर्को वस्तुले काम चलाउनु)

अहिले कोट किन्ने क्षमता छैन, यही पुरानो सफा गरेर लगाउनुपर्ला । के गर्ने, अड्को पड्को तेलको धूप ।

आए आँप गए झटारो (भए राम्रो नभए केही छैन)

आए आँप गए झटारो भन्दै चिठ्ठा बेच्नेको सामु फुत्त बीस रुपैयाँ राखी अर्जुनले चिठ्ठा किन्यो ।

अकबरी सुनलाई कसी लाउनु पर्दैन (राम्रो वस्तुलाई जाँचिरहनु पर्दैन)

यो घडी जापानिज कम्पनीको सिको फाइभ हो । अकबरी सुनलाई कसी लाइरहनु पर्दैन । के हेरिरहेको ?

आकाशको फल आँखा तरी मर् (हुन नसक्ने आशा व्यर्थ हुन्छ)

के आफ्नो बुद्धि र पहुँचभन्दा बाहिरको सोखको कुरा गरिरहन्छौ ? त्यो त हाम्रा निम्ति आकाशको फल आँखा तरी मर् जस्तै हो ।

अगुल्टाले हानेको कुकुर बिजुली चम्कँदा तर्सिन्छ (एकपटक ठक्कर खाएको सधैँ डराउँछ)

श्याम मोटर साइकलमा दुर्घटना परी खुट्टा भाँचिएपछि मोटर साइकलमा यात्रा गर्न डराउँछ । हुन पनि हो अगुल्टाले हिर्काएको कुकुर बिजुली चम्कँदा तर्सिन्छ ।

अघि पछि अन्त चैतमा जन्त (सुहाउँदो समयमा कार्य नगर्ने)

विद्यालय बिदा भएको समयमा सुतेर दिन बिताउने बिदा सकियो अनि घुम्न जाने ? के हो यो ? अघिपछि अन्त चैतमा जन्त ।

आफू भलो त जगतै भलो (आफू राम्रो भए अरूलाई पनि राम्रो देखिन्छ)

आफू भलो त जगतै भलो भने झैँ असल व्यक्तिले सबैलाई असल ठान्छ ।

आफै बोक्सी आफै धामी (दोहोरो भूमिका निर्वाह गर्नु)

रमेश र हरिशको झगडा सविताले नै पारिदिई । अहिले मिलाउन पनि ऊ आफै लागेकी छे । मलाई त सविता आफै बोक्सी आफै धामी जस्तै लाग्छ ।

इन्द्रका अगाडि स्वर्गको बयान (जान्नेको अगाडि नजान्नेले बखान गर्नु)

उपदेश एक हप्ता विराटनगर बसेर आएको हो कि हैन, म दश वर्ष विराटनगर बसेर आउनेसित बखान गर्दो रहेछ । यो त इन्द्रका अगाडि स्वर्गको बयान जस्तै भयो ।

एक कानले सुनी अर्को कानले उडाउनु (सुने पनि बेवास्ता गर्नु)

सुजन हर्केलाई राम्रा राम्रा अर्ती दिँदै थियो तर हर्के एक कानले सुनी अर्को कानले उडाउँदै थियो ।

एकले थुकी सुकी, सयले थुकी नदी (एकले गर्न नसकिने काम धेरैले गर्न सकिने)

यो गाउँको विकास म एक जना वडा अध्यक्षले गरेर हुँदैन सबै जनता मिलेर गर्नुपर्छ । तिमीलाई थाहा छैन, एकले थुकी सुकी सयले थुकी नदी भनेर ।

एक हातले ताली बज्दैन (सहयोग दुई क्षेत्रबाट हुनुपर्छ)

गोपाल आफूलाई पैसा चाहिएको बेला सापटी माग्छ तर मलाई चाहिएको बेला कहिल्यै दिँदैन । यसरी एक हातले ताली त बज्दैन नि ।

एक पन्थ दुई काज (एक प्रयासबाट दुई काम सफल हुनु)

यस पटकको हिउँदमा पोखरा पनि घुमियो र शरीरको उपचार पनि गरियो । त्यसैले यस पटकको पोखरा यात्रा एक पन्थ दुई काज झैँ भयो ।

ओरालो लागेको मृगलाई बाच्छाले खेद्छ (समस्यामा परेकोलाई सबैले हेप्छन्)

मेरो शरीरले काम गर्न नसकेपछि त सबैले पत्याउन छाडे । यतिसम्म कि अर्जुन चौधरीले पनि पत्याउन छाड्यो । के गर्नु, ओरालो लागेको मृगलाई बाच्छाले पनि खेद्छ भन्थे ठिकै रहेछ ।

कागलाई बेल पाक्यो हर्ष न विस्मात् (सुख र दुःख कुनैमा प्रयोग नहुने)

दिपिकाले अष्ट्रेलियाको भिसा पाओस् वा खाडीको मलाई के मतलब ? कागलाई बेल पाक्यो हर्ष न विस्मात् ।

कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा (अनुभवबिनाको कार्य राम्रो हुँदैन)

आफूलाई काम गर्न गाह्रो लागेर भाइलाई गर्न दिएको त सबै बिगारेछ । कच्चाको वैद्यको मात्रा यमपुरीको यात्रा भन्थे ठिकै रहेछ ।

कसैलाई काखा कसैलाई पाखा (पक्षपात गर्नु)

न्याय आसनमा बसेर कसैलाई काखा कसैलाई पाखा गर्नु ठुलो अपराध हो ।

काग कराउँदै छ पिना सुक्दै छ (भन्नेले भन्दै गर्छ आफ्नोपन छाड्नु हुन्न)

बुबा आमाले जति हरिलाई खराब केटाको सङ्गत नगर भन्यो उति कुलतमा फसी आज यो दुर्दसा भयो । आखिर ठिकै हो काग कराउँदै छ पिना सुक्दै छ ।

काग भन्दा कोइली चङ्ख (एउटाभन्दा अर्को बाठो)

दुवै जना आपसमा खुब बाठोपन देखाउँछन् । कसैले कसैलाई टेर्दैनन्, कागभन्दा कोइली चङ्ख भनेको यही हो ।

कानो गोरुलाई औँसी न पुर्ने (मूर्खलाई राम्रो नराम्रो दुवै समान)

हाकिमले श्रीमतीलाई झपार्दै भने, "हेर हर्केनी, आज एकादशीका दिन पनि मासु पकाए कि ? कानो गोरुलाई औँसी न पुर्ने भनेको साँच्चिकै रहेछ ।"

कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर (एकातिरको काम छाडी अर्कोतिर लाग्नु)

कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर भने झैँ साहित्यको कुरा गर्दागर्दै राजनीतिको कुरा पो गर्न लाग्नु भो ।

काम गर्ने कालु मकै खाने भालु (खट्ने एउटा जस पाउने अर्को)

काम गर्ने कालु मकै खाने भालु भने झैँ विनोदले मिहिनेत गरेर बनाएको हस्तकलाका सामानलाई हरिले आफ्नो भनेर पो स्याबासी पायो ।

खाने मुखलाई जुँगाले छेक्दैन (आँटिलो व्यक्तिलाई कुनै बाधाले छेक्दैन)

यदि वार्षिक परीक्षामा उत्तीर्ण हुने विचार छ भने अहिलेदेखि नै मिहिनेत गरिहाल । बत्ती

पर्खेर नबस । अझ एक महिना बाँकी नै छ । खाने मुखलाई जुँगाले छेक्दैन भन्ने कुरा तिमीलाई थाहा नै छ ।

गर्ने भन्ने हनुमान पगरी गुथ्ने ढेडु (काम गर्ने एउटा पुरस्कार पाउने अर्को)

दिनभरि मिहिनेत गरेर हर्केले खेत खन्यो । बेलुका आमाबाबु आउने बेला बिर्खेले काम गरे जस्तो गरेर स्याबासी पायो । यही हो गर्ने भन्ने हनुमान पगरी गुथ्ने ढेडु ।

घाँटी हेरी हाड निल्नु (क्षमताअनुसार काम गर्नु)

खर्च त मलाई पनि धेरै गर्न मन लागेको थियो तर के गर्नु ? आम्दानी थोरै छ बुढी ! जथाभावी खर्च गरेर कहाँ हुन्छ र ? घाँटी हेरी हाड निल्ने बानी बसाल्नुपर्छ ।

घोडा चढ्ने लड्छ (काम गर्दा बिग्रन सक्छ)

सीताले जाँचमा असफल भएर कक्षा चढ्न पाएकी थिइन तर घोडा चढ्ने लड्छ भन्ने सम्झी अर्को साल धेरै मिहिनेत गरी पढेकी हुनाले उत्तीर्ण मात्र होइन, तेस्रो नै भई ।

चिन्नु न जान्नु घचेडी माग्नु (नचिनेको मान्छेसँग सहयोग लिनु)

होइन, तिमी मैले सहयोग दिएन भनेर किन रिसाउँछौ ? तिमी र मैले अहिलेसम्म के नै कारोवार गरेका छौ र । भर्खर चिनजान भएको दुई दिन भयो । यत्रो पैसा दिन म कहाँ सक्छु र । चिन्नु न जान्नु घचेडी माग्नु ।

चौटा खान गएकी बुढी झोलमा डुबेर मरी (धेरै नाफा खोज्दा उल्टै नोक्सान हुनु)

सुवास दलाललाई पैसा खुवाएर धेरै पैसा कमाउन खाडीमा गएको थियो । दुई वर्षपछि बाटोखर्च बिना नै घर फर्केछ । अहिले उसलाई चौटा खान गएकी बुढी झोलामा डुबेर मरी भने झैँ भयो ।

छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेढी (धन भए आफन्त नभए पराइ)

मसँग धन हुँदा सबैले मान मर्यादा गर्थे । आज मसँग धन छैन त्यसैले कसैले गन्दैनन् । यस्तै रहेछ यो संसार– छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेढी ।

जहाँ इच्छा त्यहाँ उपाय (रहर भए समस्या समाधानको बाटो भेटिन्छ)

इन्जिनियरिङ पढ्न पाइएन भनेर किन दुःखी हुन्छौ हीरा ? जहाँ इच्छा त्यहाँ उपाय भन्छन् । मन्त्रालयले त्यत्रो छात्रवृत्ति बाँडेको छ । अलिकति मिहिनेत गऱ्यो भने त तिम्रो इच्छा पूरा भइहाल्छ नि ।

जति जोगी आए पनि कानै चिरेका (जो आए पनि उस्तै)

जति जोगी आए पनि कानै चिरेका भने झैँ सरकारमा जुन पार्टी गए पनि विकास निर्माणको काम पटक्कै गर्ने हैनन् ।

जब पऱ्यो राति अनि बुढी ताती (समय बितेपछि काममा लाग्ने)

बिदाको समयभरि नपढी घुमेर बितायौ अब जाँच आइसकेपछि जब पऱ्यो राति अनि बुढी ताती भने झैँ गरेर कहाँ हुन्छ र ?

**जसले मह काढ्छ उसले हात चाट्छ (परिश्रमीले फल पाउँछ)**

हैन, तिमीहरू किन कुरा काट्छौ हँ ? उमेशले पुलै नभएको ठाउँमा पुलका लागि पैसा निकासा गरेर पुल हालिदिएर आधा पैसा खायो त के भयो ? पुल बनेको छँदै छ, तिमीहरूलाई थाहा छैन जसले मह काढ्छ उसले हात चाट्छ भन्ने कुरा ।

**जुन गोरुको सिङ छैन उसको नाम तिखे (नामअनुसारको काम नहुनु)**

जुन गोरुको सिङ छैन उसको नाम तिखे भने झैँ घरमा जो लुते र कमजोर छ उही सबैसँग निहुँ खोजिरहन्छ ।

**जो चोर उसको ठुलो स्वर (दोषी मान्छे नै कडा)**

बाटोमा हिँड्दा उसैले आई ड्याम्म ठक्कर दियो अहिले उही गड्किएर तैँले गरेको भनी ठुलो स्वरले कराउँछ । के गर्नु ? जो चोर उसको ठुलो स्वर हुँदो रहेछ ।

**जो होचो उसको मुखमा घोचो (सोझालाई सबैले हेप्छन्)**

हर्के गरिब छ भन्दैमा उसलाई मुखमा जे आयो त्यही भन्नु त राम्रो होइन नि साहिँली, यो त जो होचो उसको मुखमा घोचो भने झैँ भइहाल्यो नि ।

**तेल पनि दे घसी पनि दे (अनावश्यक सुख खोज्नु)**

उसलाई सजिलो होस् भनेर काठमाडौँबाट एक टिप चामल ल्याएर खसालिदिएँ । अहिले फेरि गोदाममा लगेर चाङ पनि लगाइदे भन्छ । यो त तेल पनि दे घसी पनि दे उखान जस्तै भइहाल्यो नि । त्यसैले त म केही नबोली घर फर्केर आएँ ।

**ढुङ्गा खोज्दा देउता मिल्नु (दुःख नगरी राम्रो चिज पाउनु)**

म जरुरी कामका लागि साथीलाई खोज्न गएको थिएँ तर ढुङ्गा खोज्दा देउता मिल्नु भने झैँ साथी मकहाँ नै आउन लाग्दा बिच बाटोमै भेटाएँ ।

**धन भनेपछि महादेवका तीन नेत्र (पैसाका सबै लोभी)**

धन भनेपछि महादेवका तीन नेत्र भने झैँ बिरामीले थलिएका पुजारी पैसा आउने ठाउँबाट बोलाउन आउँदा सकिनसकी हिँडेछन् ।

**नजाने गाउँको बाटो नसोध्नु (चासो नभएको विषयमा नसोध्नु)**

नजाने गाउँको बाटो नसोध्नु भने झैँ आफूलाई चासो नभएको विषयमा हात हाल्दा महादेवले पनि हार्नुपरेको छ ।

**नपत्याउने खोलाले बगाउँछ (सामान्य ठानेकाले पनि उच्च काम गर्छ)**

सबैले लक्ष्मी श्रेष्ठलाई नबोल्ने र नजान्ने ठान्दथे । आखिर अन्तमा उनले नै प्रथम स्थान हासिल गरिन् । यसैलाई त भनिन्छ, "नपत्याउने खोलाले बगाउँछ भनेर ।"

**नमच्चिने पिङ्को सय झट्का (काम गर्न नजान्नेले फुर्ति देखाउनु)**

जो बोल्दा पनि भक्भकाउँछ उही समारोहमा गएर भाषण दिन्छु भन्छ । नमच्चिने पिङ्को सय झट्का भनेको ठिकै रहेछ ।

हात्तीको मुखमा जिरा (आवश्यकभन्दा सानो वस्तु पाउनु)

भोकाएको बेलामा जम्मा एक मुठी मकै ! यो त मेरा लागि हात्तीको मुखमा जिरा जस्तै भयो नि ।

हुने बिरुवाको चिल्लो पात (हुने व्यक्ति सानैदेखि राम्रो)

हुने बिरुवाको चिल्लो पात भने झैँ लक्ष्मीप्रसाद देवकोटा सानैदेखि उदार र मिहिनेती थिए ।

हुने हार दैव नटार (हुने कुरा टार्न ईश्वरले पनि सक्दैन)

किन चिन्ता लिन्छस् रामु, आखिर जे हुनु छ, त्यो भई छाड्छ क्यारे । हुने हार दैव नटार भन्ने त उखानै छ नि ।

नाच्न नजान्ने आँगन टेढो (आफ्नो ढङ्ग नहुनेले अरूलाई दोष दिन्छ)

नाच्न नजान्ने आँगन टेढो भने झैँ गृहकार्य गर्दा राम्रो अक्षर बनाउन नसक्ने अजय कलमलाई दोष दिई आफू पन्छिन्छ ।

पशुपतिको जात्रा सिद्राको व्यापार (एउटा प्रयासबाट दुईओटा काम)

आशामरु साहु काठमाडौँ आएको बेला पशुपतिको दर्शन गरेछन् । फर्कँदा व्यापारका लागि समान पनि लगेछन् । उनको काठमाडौँ भ्रमण त पशुपतिको जात्रा सिद्राको व्यापार भएछ ।

बाँदरको हातमा नरिवल (अयोग्यको हातमा बहुमूल्य वस्तु)

भाइलाई भनेर हिजो मात्र सहरबाट राम्रो एउटा खेलौना ल्याएँ । एकैछिनमा बिगारेर फालेछ । बाँदरको हातमा नरिवल पनि कहीँ हुन्छ ?

बोल्नेको पिठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन (उचित समयमा नबोले काम बन्दैन)

यसरी नबोली बस्यौ भने तिमीलाई कसले न्याय दिन्छ र ? जाऊ तुरुन्त सम्बन्धित ठाउँमा गएर उजुरी गर । बोल्नेको पिठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन भन्ने त आहानै छ ?

मामाको घोडा मेरो ही ही (अर्काको सम्पत्तिमा रजाइँ गर्नु)

मामाको घोडा मेरो ही ही भने जस्तै श्रीमतीको माइतीको अपुताली आएको घरजग्गा उसले त विदेश घुमेर नै सक्यो ।

मुखमा राम राम बगलीमा छुरा (मुखले ठिक्क तर पेटले दिक्क पुऱ्याउने)

मुखमा राम राम बगलीमा छुरा भने झैँ मेरो आँखाअगाडि तिमी कुरा ठिक्क पार्छौ तर पछाडि कुरा काट्दै हिँडेको मलाई थाहा छैन र ।

मेरो गोरुको बाह्रै टक्का (आफ्नै मात्र जिद्दी गर्ने)

राम जे कुरामा पनि आफ्नै मात्र जिद्दी गर्छ । उसको मेरो गोरुको बाह्रै टक्का गर्ने बानी एकदमै नराम्रो छ ।

रातभरि करायो दक्षिणा हरायो (मरीमरी काम गर्दा पनि फल नपाइने)

कालेले साहुको घरमा वर्ष दिन काम गरेको पैसा लिनुपर्ने थियो। त्यसैले तिहारमा घर जानुअगाडि पैसा माग्न गएको थियो तर उल्टै साहुले केको पैसा भनी गाली गऱ्यो। रातभरि करायो दक्षिणा हरायो भनेको साँच्चै रहेछ।

## अभ्यास

१. **तलका दिइएका उखानलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

(क) मेरो गोरुको बाह्रै टक्का

(ख) बाँदरको हातमा नरिवल

(ग) जति जोगी आए पनि कानै चिरेको

(घ) अकबरी सुनलाई कसी लाउनु पर्दैन

(ङ) रात रहे अग्राख पलाउँछ

(च) जो होचो उसको मुखमा घोचो

(छ) अजिङ्गरको आहारा दैवले जुराउँछ

(ज) कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा

(झ) अचनाको पिर खुकुरी जान्दैन

(ञ) पशुपतिको जात्रा सिद्राको व्यापार

(ट) आफू नमरी स्वर्ग देखिन्न

(ठ) इन्द्रको अगाडि स्वर्गको बयान

(ड) घाँटी हेरी हाड निल्नु

## २. टुक्का परिचय र प्रयोग

टुक्का भाषा वा वाक्यमा बोलिने अर्थपूर्ण वाक्य खण्ड वा अपूर्ण पदावली हो । उखान पूर्ण वाक्यमा पनि हुन्छ तर टुक्का आफैँमा पूर्ण हुँदैन । टुक्काले वाक्यमा प्रयोग हुँदा वाक्यलाई सरल, सहज र चमत्कारपूर्ण बनाउँछ । यसैले टुक्कालाई भाषाको जीवन वा लोक जीवनबाट आएको अभिव्यक्तिगत सम्पत्ति मान्न सकिन्छ ।

टुक्कालाई यसरी परिभाषित गर्न सकिन्छ : "सम्बन्धित शब्दसँग सम्बन्धित क्रियाको मेल भई बनेको एवम् सामान्य अर्थ छाडी विशेष अर्थ प्रदान गर्ने पद वा पद समूह जसको प्रयोगले भाषा सजीव, सवल, सक्षम र मिठासमय हुन्छ ।"

### केही महत्त्वपूर्ण टुक्का र तीनको वाक्यमा प्रयोग

श्रीगणेश गर्नु (थालनी)

भोलिदेखि प्रवेशिका परीक्षाको श्रीगणेश हुँदै छ ।

सखाप पार्नु (सिध्याउनु)

डँडेलोले रानी वन सखाप पार्दै छ । निभाउन जाऔँ ।

सरिक हुनु (भाग लिनु)

सीता ओलम्पिक खेलमा सरिक भएकी छिन् ।

सातो लिनु (हकार्नु)

बुबाले छोराको सातो लिँदै भने, "यस्तो खराब कार्य कसले गर्न सिकायो ?"

सिलटिमुर खानु (मर्नु)

प्युठानको बस दुर्घटनामा परी धेरै व्यक्तिले सिलटिमुर खाएछन् ।

सुईंको पाउनु (पत्तो लाउनु)

विदेश पठाउने निहुँमा ठगी गर्ने दलाललाई प्रहरीले सुइँको पाई समातेछ ।

आँखाको कसिङ्गर हुनु (मन नपर्ने हुनु)

आजभोलि उत्सव कक्षामा सबैको आँखाको कसिङ्गर बनेको छ ।

आँखा खुल्नु (ज्ञान हुनु)

चारैतिरबाट ठक्कर खाँदा पनि अझैसम्म कमलको आँखा खुलेको छैन ।

आँखा गाड्नु (लोभिनु)

पल्ला घरे पातलीमाथि बिर्खेले आँखा गाडेको थियो, हिजो त उडाएछ ।

आँखा चिम्लनु (मर्नु)

मोतीराम भट्टले अल्प आयुमा नै आँखा चिम्लनुपऱ्यो ।

आँखा चिसो पार्नु (रुवाउनु)

यो संसार यस्तै नै हो ठुले, एकचोटि सबैले जानुपर्छ आँखा चिसो पारेर केही फाइदा छैन ।

आँखा छल्नु (छक्याउनु)

आजकल धेरै केटाकेटीहरू बुबाआमाको आँखा छल्न पाए भने खेल्न टाप कसिहाल्छन् ।

आँखा झिम्काउनु (इसारा गर्नु)

तल्ला घरे बाटुली त आँखा झिम्काउन खप्पिस छे भन्ने कुरा आज मात्र थाहा पाएँ ।

आँखामा राखे पनि नबिझ्झाउने (ज्यादै प्यारो)

हाम्रा गुरुबा आँखामा राखे पनि नबिझ्झाउने खालका हुनुहुन्छ ।

आँखा रातो पार्नु (रिस देखाउनु)

मैले तिमीलाई के गरेको छु र ? मलाई देख्ने बित्तिकै आँखा रातो बनाउँछौ ।

औँला भाँच्नु (हिसाब गर्नु)

हामीले घर जाने दिन औँला भाँची भाँची गन्यौँ ।

ओठे जवाफ दिनु (मुख लाग्नु)

आदर गर्नुपर्ने व्यक्तिलाई ओठे जवाफ दिनु राम्रो होइन ।

कान ठाडो पार्नु (चनाखो बस्नु)

त्यो ठगेश्वरले त हाम्रो कुरा कान ठाडो पारेर सुनेको पो रहेछ ।

कानमा तेल हाल्नु (जाँगर मारेर बस्नु)

कानमा तेल हालेर बस्नेले के उन्नति गर्न सक्ला र ?

कान दिनु (ध्यान दिएर सुन्नु)

कक्षामा पढाइ भइरहेको समयमा विद्यार्थीले कान दिएर सुनेमा सफलता हासिल गर्न सक्छ ।

आँखा तर्नु (रिस देखाउनु)

केही भन्ने भए भनिहाल् । किन यसरी आँखा तर्छेस् ? मलाई यस्तो मन पर्दैन ।

आँखा फुट्नु (कुनै वस्तु नदेख्नु)

किन यसरी भाँडालाई लात हान्दै हिँडेको ? के तेरा आँखा फुटेका छन् ?

आँखामा छारो हाल्नु (झुक्याउनु)

रविले मेरो आँखामा छारो हाली सोझो बन्ने प्रयास गर्‍यो ।

आँखा लाग्नु (लोभ गर्नु)

उसले मेरो कलममा आँखा लगायो ।

कान काट्नु (कबुल गर्नु)

यसरी पढ्दै नपढी यो सफल भएछ भने त म कान काटिदिन्छु ।

**कान न्यानो हुनु (सन्चो हुनु)**

यो कचकचे घरबाट गए त कान न्यानो हुने थियो ।

**कम्मर कस्नु (तयार हुनु)**

राष्ट्रको उन्नति गर्न सबै जना कम्मर कसेर लाग्नुपर्छ ।

**कुरा चुहाउनु (कुरा फुस्काउनु)**

कसैलाई नभन्नु है भनेर उसले के भनेकी थिई, पातलीले त कुरा चुहाइहाली । यसको यो बानी साह्रै नराम्रो छ ।

**कुरामाथि पार्नु (जिद्दी गर्नु)**

तिमी आफ्नो मात्र कुरालाई माथि पार्ने कोसिस नगर । यसको परिणाम राम्रो हुँदैन ।

**कुरा दोचार्नु (गफ हाँक्नु)**

पल्ला घरे ख्याउटी कुरा दोचार्न साह्रै सिपालु छे ।

**कुरा लाउनु (पोल लगाउनु)**

कुरौटे बुढा, अर्काको कुरा लाउँदै हिँड्न लाज लाग्दैन ?

**कुलेलम ठोक्नु (भाग्नु)**

पशुपतिले पल्ला गाउँकी केटीलाई लिएर राति नै कुलेलम ठोकेछ ।

**केही सिप नलाग्नु (सफल नहुनु)**

उसले आफ्नो बुबालाई बचाउन धेरै ठाउँमा जँचायो तर केही सीप लागेन ।

**कुरा खेलाउनु (मनमा तर्क वितर्क चल्नु)**

जे हुनु थियो भइहाल्छ क्यारे । किन मनमा कुरा खेलाएर बसेकी ?

**तातो लाग्नु (चासो बढाउनु)**

मैले हरिको कुरामा तातो लगाउन थालेको छु ।

**आँखी हुनु (ईर्ष्याको पात्र बन्नु)**

राम्रो काम गरेर पनि नवीना सबैको आँखी भएकी छ ।

**डाँडो काट्नु (भाग्नु)**

चोरहरूले यतिबेला डाँडो काटिसके ।

**लख काट्नु (अनुमान गर्नु)**

गाउँलेहरूले मैले घर छाडेर हिँड्यो भनी लख काटेछन् ।

**पसिना बगाउनु (मिहिनेत गर्नु)**

हामीले हाम्रै देशमा पसिना बगाउनुपर्छ ।

**तिलाञ्जलि दिनु (छोड्नु)**

उमेशले सुर्ती खान तिलाञ्जलि दियो ।

**त्याख त्याख पार्नु (अप्ठेरो वा समस्यामा पार्नु)**

हिजो विद्यालय नगई कहाँ गएको थिइस् भन्दै विश्वासलाई मेरो बुबाले त्याखत्याख पार्नुभयो ।

**आँत सुक्नु (कमजोर हुनु)**

किन नखाई बस्नु हुन्छ बुबा ! यसरी बस्दा त आँत नै सुक्छ नि ।

**जीवन धान्नु (जीविकोपार्जन गर्नु)**

खेतीपातीबाट नै नारायणको परिवारले जीवन धानिरहेका छन् ।

**कुर्चा खानु (खुम्चेर बस्नु)**

हिजोआज राम घरमै कुर्चा खाएर बसेको छ ।

**खग्रास पार्नु (खत्तम पार्नु)**

उसका ती चाहनाहरू आज आएर खग्रास भए ।

**खुट्टा तान्नु (हरेस् खानु)**

परीक्षामा असफल भइयो भन्दैमा खुट्टा तान्नु हुँदैन ।

**खुट्टा मल्नु (चाकरी गर्नु)**

खेमे चाकरी गर्न खुब सिपालु छ । सधैँ हाकिमको खुट्टा मलिरहन्छ ।

**खुट्टो घुमाउनु (प्रभुत्व जमाउनु)**

भोलिवादले इतिहास कालदेखि नै खुट्टो घुमाउँदै आएको छ ।

**खुत्रुक्क हुनु (मर्नु)**

सिकारीले भँगेरीलाई गोलीले हिर्काएर खुत्रुक्कै पार्‍यो ।

**गदगद हुनु (खुसी हुनु)**

प्रवेशिका परीक्षामा प्रथम भएकाले विशाल खनाल खुसीले गदगद भएका छन् ।

**गुटमुटाउनु (सबै समान पोको पारेर लैजानु)**

चोरहरूले हरिका घरमा पसेर भएभरको सामान गुटमुटाएर लगेछन् ।

**घर खानु (घर थामेर बस्नु)**

यस्तो चालले रमाले घर गरेर खाली जस्तो छैन ।

**घरजम गर्नु (बिहे गर्नु)**

तिम्रो उमेर पुगिहाल्यो नि । अब घरजम गरेर बस्नुपर्छ ।

घुँडा टेक्नु (हार खानु)

वैरीका अगाडि नेपालीहरूले घुँडा टेक्न जानेका छैनन् ।

घुसघुसे हुनु (मन खोलेर कुरा नगर्नु)

दुर्गा महाकी घुसघुसे छे । कहिल्यै मन खोलेर कुरा गर्दिन ।

चन्द्रमा दाहिने हुनु (पक्षमा हुनु)

उसको चन्द्रमा दाहिने भएछ । प्रवेशिका पनि पास गऱ्यो, काम पनि पायो ।

घैँटामा घाम लाग्नु (कुरो बुझ्नु)

उसलाई धेरै सम्झाएपछि बल्ल घैँटामा घाम लाग्यो ।

चिसो पस्नु (शङ्का गर्नु)

तिम्रो कुराले मेरो मनमा चिसो पस्नु स्वाभाविक थियो ।

चोचोमोचो बढाउनु (सम्बन्ध राख्नु)

तिमीले त हर्केसँग चोचोमोचो बढाएका छौ रे ?

छेड हान्नु (घोच्ने गरी भन्नु)

जहिलेसुकै छेड हान्नु राम्रो हैन । तिमी यो कुरा किन बुझ्दैनौ ?

जरा गाड्नु (फैलनु)

हाम्रो देशमा भ्रष्टाचारले जरा गाडेको छ ।

जिउँदै मर्नु (लज्जित हुनु)

केटीको दोषमा परेको घमण्डी जुलन जिउँदै मरे जस्तो भयो ।

जिब्रो टोक्नु (मर्नु)

उपचार गर्दागर्दै हजुरबाले जिब्रो टोक्नुभयो ।

झसङ्ग हुनु (डराउनु)

आज रातिको सपनाले म झसङ्ग भएँ ।

झाँको झार्नु (हकार्नु)

प्रधानाध्यापकले कक्षा छाडी भागेर हिँड्ने विद्यार्थीको झाँको झार्नुभयो ।

टाउकामा टेक्नु (हेप्नु)

एक्लो छोरो भनेर पुलपुलाएर राख्यौ अहिले तिम्रै टाउकामा टेक्यो ।

टाउको खानु (दिक्क पार्नु)

तिम्रो दिन दिनको कचकचले मेरो टाउको खान थालेको छ ।

टाप कस्नु (भाग्नु)

चोरले सबै माल लिई टाप कस्यो ।

टुप्पी कस्नु (मिहिनेत गर्नु)

विद्यार्थी भाइबहिनीहरू, प्रवेशिका परीक्षा आउन लाग्यो । अब टुप्पी कसेर पढ्नुपर्छ ।

टुपी काट्नु (सन्यासी बन्नु)

घर झगडामा परेपछि सन्तमानले त टुपी पो काटेछ ।

ठाडो कान लाउनु (ध्यान दिएर सुन्नु)

नराम्रो गफ त उसले पनि ठाडो कान लगाएर सुन्छ ।

ठाडो घाँटी लाउनु (रक्सी पिउनु)

बाहिर पो पण्डितबा, भित्र भित्र ठाडो घाँटी लाउँदा रहेछन् ।

डाँडो काट्नु (भाग्नु)

पल्लो घरे सुन्तली सुमनसँगै राती नै डाँडो काटिछे ।

डाडुमा पानी तताएर मर्नु (लाछी हुनु)

राष्ट्रका लागि केही दिन नसक्नेले डाडुमा पानी तताएर मरे हुन्छ ।

तालुमा आलु फल्नु (भाग्य वृद्धि हुनु)

स्नातक उत्तीर्ण नहुँदै उमेशलाई विदेश जाने प्रवेशाज्ञा मिल्यो रे । हेर उसको त तालुमा आलु पो फलेछ ।

थाती राख्नु (साँच्नु)

आजको काम भोलिलाई थाती राख्नु पतनको चिह्न हो ।

थाङ्नामा सुताउनु (छकाउनु)

तिमी त अरूलाई थाङ्नामा सुताउन पाए जे पनि गर्दा रहेछौ ।

दलिन गन्नु (आलस्यमा समय बिताउनु)

पढ्ने समयमा दलिन गनेर बस्यौ । अहिले पश्चाताप गरेर के फाइदा हुन्छ ?

दुनो सोझ्याउनु (स्वार्थी हुनु)

कलियुगका व्यक्ति आफ्नो दुनो सोझ्याउने बाहेक सहयोगको त नामै लिँदैनन् ।

देश पस्नु (विदेश जानु)

स्वदेशमा नै पसिना चुहाउन छाडेर कहाँ देश पस्न खोजेको तिमी ?

धोती खुस्कनु (कुरा फुस्केको चाल नपाउनु)

सीता त कस्ती छन् भने कुरा गर्न थालेपछि त धोती खुस्केको थाहा पाउँदिनन् ।

धौधौ पर्नु (मुस्किल पर्नु)

मलाई घर व्यवहार गर्न धौधौ परेको कुरा कसलाई थाहा छ र ?

नाक काट्नु (बेइज्जत गर्नु)

नराम्रो सङ्गतमा लागेर सचिव शिवराजको छोरीले त बाबाको नाक काटिछन् ।

नाक राख्नु (इज्जत राख्नु)

छोराछोरी भएर बाबुआमाको नाक राख्न सकिएन भने जिउनु व्यर्थ छ ।

निरीक्षण गर्नु (जाँचबुझ गर्नु)

विद्यालयको निरीक्षण गर्न निरीक्षक राखे पनि काम कहिल्यै गर्दैनन् ।

नेटो काट्नु (भाग्नु)

सुदीपले प्रहरीलाई खबर गर्दा चोरहरूले नेटो काटिसकेका थिए ।

पाउ मल्नु (चाकरी गर्नु)

आफ्नो स्वार्थका लागि मैले सबैको पाउ मल्न जानेको छु ।

पिलपिल गर्नु (निभ्न लाग्नु)

हाम्रो हजुरबाको जीवनरूपी बत्ती अन्तिम अवस्थामा पिलपिल गर्दै छ ।

फत्ते गर्नु (काम पूरा गर्नु)

तिमी आफ्नो काम फत्ते गरेपछि मात्र घर फर्कनू ।

बात लाग्नु (दोष लाग्नु)

चोरको बात लागेपछि उमेश घरबाट बाहिर निस्केको छैन ।

मुख सिउनु (चुप लागेर बस्नु)

अन्याय अत्याचारमा मुख सिएर बस्नु मूर्खता हो ।

रजाइँ गर्नु (मोज गर्नु)

लौ म त गएँ । अब एक्लै रजाइँ गरेर बस ।

शपथ खानु (प्रतिज्ञा गर्नु)

राष्ट्रको उन्नति गर्ने शपथ खाएर म अगाडि बढेको छु ।

शिरोधार्य गर्नु (मनमा लिनु)

बुबाले दिएको अर्तीबुद्धिलाई शिरोधार्य गरेर अगाडि बढ्नुछ ।

कान खानु (दिक्क लाग्नु)

तिम्रो यो कचकचले मेरो कान खाइसक्यो ।

कान समात्नु (भुल स्वीकार गर्नु)

राजेशले अबदेखि म कहिल्यै चुरोट तान्दिनँ भनेर कान समात्यो ।

कान फुक्नु (कुरा सिकाउनु)

बिचका कुनै सल्लाहकारहरूले कान फुकेका हुनाले बहादुर शाह र राजेन्द्र लक्ष्मीबिच वैमनस्यता बढ्यो ।

कुरा खानु (भनेको मान्नु)

बुबाआमाले अवश्य पनि मेरो कुरा खानु हुने छ ।

# खण्ड 'ख'

## बोध तथा अभिव्यक्ति

एकाइ १

# बोध

## १. बोधको परिचय

कुनै पनि मौखिक वा लिखित अभिव्यक्तिलाई त्यसले व्यक्त गर्न खोजको सन्दर्भ अर्थमै बुझ्नु बोध हो । त्यसैगरी कसैले बोलेर वा लेखेर व्यक्त गरेको भनाइ वा अभिव्यक्तिको मूल मर्म वा चुरो कुरो चाल पाउनु पनि बोध हो । यसले व्यक्तिको तत्कालीन बुझ्ने क्षमता र प्रकटीकरण गर्ने शक्ति दुवैको एकैचोटि परीक्षण गर्छ । बोधहरू वस्तुपरक वा तथ्यपूर्ण उत्तरको अपेक्षा राख्ने खालको हुन्छ । बोधमा विषयगत, व्याकरणगत वा शब्दार्थगत विभिन्न खालका प्रश्नहरू सोधिन्छन् । बोध जस्तोसुकै भए पनि अन्त्यमा दिइएका सम्बन्धित अनुच्छेदमै केन्द्रित प्रश्नहरू नै बोधका लागि मुख्य हुन् । दिइएका अनुच्छेदबाट अपेक्षित उत्तर प्राप्त गर्न बोधकर्ताले क्रमिकताका साथ अथवा शृङ्खलाबद्ध ढङ्गबाट उत्तर दिनुपर्छ । यो नै यसको महत्त्वपूर्ण पक्ष मानिन्छ । सामान्यतया: बोधहरू वस्तुपरक वा तथ्यपूर्ण उत्तरको अपेक्षा राख्ने खालका हुन्छन् । बोधअन्तर्गत दृष्टांश र अदृष्टांश प्रश्नोत्तर दिइन्छ ।

## १.२ बोध प्रश्नको उत्तर दिने तरिका

१. दिइएको अनुच्छेद वा पाठलाई बुझिने गरी पटक पटक पढ्नुपर्छ ।
२. सोधिएका बोध प्रश्नलाई पनि राम्ररी बुझेर पढी तिनले अपेक्षा गरेका उत्तर ठम्याउनुपर्छ ।
३. प्राप्त भएका उत्तरका अंशहरूलाई रेखाङ्कन गर्नुपर्दछ ।
४. प्रश्नले खोजको उत्तर मात्र छोटो र छरितो पारामा लेख्नुपर्छ ।
५. प्रश्नको उत्तर प्राय: गरी त्यही पाठमा नै हुन्छ तर पाठको वाक्यलाई हुबहु सार्नु हुँदैन ।
६. उत्तरमा आफ्नो अनावश्यक कुराहरू बढाई चढाई लेख्नु हुँदैन ।
७. व्याख्या, विश्लेषण र उदाहरण आवश्यक भए मात्र दिनुपर्छ ।
९. प्रश्न जुन लिङ्ग, वचन, आदर, काल र पक्षमा छ उत्तर पनि त्यसैमा हुनुपर्दछ ।
१०. मुख्य आशय, सन्देश, विचार, विषयवस्तु आदिका आधारमा उपयुक्त शीर्षक चयन गर्नुपर्छ ।

## १.३ बोधको नमुना

१. **तलको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

फाटेको मैलो लुगा लगाएको एक माग्ने खाली खुट्टामा एक नव धनाढ्य कहाँ माग्दै पुग्यो । नव धनाढ्यले एक मुठी भिक्षा दिनुको सट्टा एक जोर नयाँ लुगा नै दियो । माग्नेले सर्ट उठाएर हेऱ्यो र त्यही राख्यो, जहाँबाट उठाएको थियो । प्यान्ट उठायो, हेऱ्यो र त्यहीँ राख्यो । त्यसरी आफूले दिएको सामानलाई तिरस्कार गरेको ठानी धनी व्यक्तिले कड्केर भन्यो, "हैन के खोजेको तैँले ? माग्न हिँडने, दिएको नलिने ?"

माग्नेले सकरुण भन्यो, "मालिक मलाई बस एक पेट अन्न चाहिएको छ, जसले पेट भर्न सकूँ । यतिका लुगा लगाएर हिँडे मलाई कसले दिन्छ फेरि ? त्यसैले यी लुगा लगाउन बाध्य गराएर मेरो पेटमा लात किन हान्नुहुन्छ ? मैले हजुरको के पो बिराएको छु र ?"

**प्रश्न र उत्तर**

(क) माग्नेलाई धनी व्यक्तिले के दियो ?

माग्नेलाई धनी व्यक्तिले एक मुठी भिक्षा दिनुको सट्टा एक जोर नयाँ लुगा नै दियो ।

(ख) धनाढ्य व्यक्तिले दिएको कुरा माग्नेले किन लिन मानेन ?

नयाँ लुगा लगाएर माग्न हिँड्दा भोकाएको पेट भर्न अन्न नदिने हुनाले धनाढ्य व्यक्तिले दिएको कुरा माग्नेले लिन मानेन ।

(ग) माग्नेले धनाढ्य व्यक्तिलाई मेरो पेटमा लात किन हान्नुहुन्छ ? भन्नुको तात्पर्य के हो ?

माग्नेले धनाढ्य व्यक्तिलाई मेरो पेटमा लात किन हान्नुहुन्छ ? भन्नुको तात्पर्य आवश्यकता भोको पेट भर्ने भए पनि अरू कुरा दिएर पन्छिन खोज्नु हो ।

(घ) माथिको अनुच्छेदमा रेखाङ्कित शब्दहरूको अर्थ के के हुन् ?

भिक्षा – मागेर पाएको अन्न वा खानेकुरा, भिख

तिरस्कार – अपमान, घृणा

सकरुण – दया वा करुणा सहितको

२. **तलको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

कृषि युगको आरम्भसँगै जैविक खेतीको सुरुवात भएको हो । उद्योगधन्दाको विकाससँगै जनसङ्ख्याको ठुलो हिस्सा कृषिबाट विमुख भयो । थोरैले काम गरेर धेरैलाई पाल्नुपर्ने भयो । यसैलाई थोरै जमिनमै धेरै उत्पादन गर्ने उपायका रूपमा १९ औँ शताब्दीमा रासायनिक मलको आविष्कार भयो । रासायनिक मलमा बोट बिरुवाका लागि अधिक मात्रामा चाहिने नाइट्रोजन, फोस्फोरस, पोटास जस्ता खाद्य तत्त्वहरू मिश्रण गरिएकाले उत्पादन बढ्न थाल्यो । यसैगरी २० औँ शताब्दीदेखि बालीनालीमा लाग्ने कीट पतङ्गहरूलाई नियन्त्रण

गर्न विषादीको पनि प्रयोग हुन थाल्यो । रासायनिक मलबाट उत्पादन बढ्ने, विषादीको प्रयोगबाट रोग र किरा नियन्त्रण हुने भएपछि थोरै जमिनमा धेरै उत्पादन हुन स्वभाविक हो । यसरी थोरै मिहेनतबाट धेरै उब्जनी दिन सकेकाले रासायनिक खेती चाँडै लोकप्रिय हुन थाल्यो । रासायनिक खेतीमा यी फाइदा भएर पनि यसका बेफाइदा पनि देखा पर्न थाले । यसले गर्दा रासायनिक खेतीका विषयमा अनुसन्धान र अध्ययन गर्नुपर्ने अवस्था आयो । यसका नकारात्मक असरहरूका बारेमा हुन थालेको अध्ययनले यसको विकल्पको खोजी गर्नुपर्ने तथ्यलाई प्रस्तुत गऱ्यो । पृथ्वीको पर्यावरण, मानव स्वास्थ र वानस्पातिक चक्रमा आएको सङ्कटले पनि रासायनिक खेती प्रतिकूल हुन्छ भन्ने निष्कर्ष प्रस्तुत भयो ।

### प्रश्न र उत्तर

(क) जैविक खेतीको सुरुआत कहिले भयो ?

जैविक खेतीको सुरुआत कृषि युगको आरम्भसँगै भयो ।

(ख) उद्योगधन्दाको सुरुआत पछि के भयो ?

उद्योगधन्दाको सुरुआतपछि जनसङ्ख्याको ठुलो हिस्सा कृषिबाट विमुख भयो ।

(ग) रासायनिक मलका रूपमा कस्ता खाद्य तत्त्वहरू उत्पादन गरिन्छ ?

रासायनिक मलका रूपमा बाली बिरुवाको लागि अधिक मात्रामा चाहिने नाइट्रोजन, फोस्फोरस, पोटास जस्ता खाद्य तत्त्वहरू उत्पादन गरिन्छ ।

(घ) के कारणले थोरै जमिनमा धेरै उत्पादन हुन थाल्यो ?

रासायनिक मलबाट उत्पादन बढने, विषादीको प्रयोगबाट रोग र किरा नियन्त्रण हुने भएकाले थोरै जमिनमा धेरै उत्पादन हुन थाल्यो ।

(ङ) रासायनिक खेती कसरी लोकप्रिय भयो ?

थोरै मिहिनेतबाट धेरै उब्जनी दिन सकेकाले रासायनिक खेती लोकप्रिय भयो ।

## अभ्यास

१. **तल दिइएको अनुच्छेद राम्ररी पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

जलस्रोतका दृष्टिले नेपाल धेरै धनी राष्ट्र हो । यहाँको अपार जलसम्पदाको प्रयोग गर्नाले नेपालको विकासमा ठुलो टेवा पुग्छ । मुलुकको सर्वाङ्गीर्ण विकासका लागि अर्थतन्त्रले महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यहाँका नदीनालाबाट विद्युतशक्तिको उत्पादन गरी विदेशी मुद्रा आर्जन गर्नेतर्फ सरकारी स्तरबाट योजना तर्जुमा गरी विशेष कार्यक्रम निर्धारण गरिनुपर्दछ । नेपालका ६ हजारभन्दा बढी नदीनालाहरूबाट विद्युत् शक्तिको उत्पादन गरी आफूलाई चाहिनेभन्दा बढी अन्य राष्ट्रहरूलाई बिक्री गरी त्यसबाट आर्जित आयबाट निर्माणको हरेक क्षेत्रमा लगाउन सकिन्छ । नदीनालाहरूबाट खेर गइरहेका पानीलाई

सिँचाइका माध्यमबाट उपभोग गर्न सकिएका खण्डमा कृषि फसलमा वृद्धि हुनुका साथै नेपालीहरूको आयआर्जनमा सहयोग पुग्ने हुन्छ ।

**प्रश्नहरू**

(क) जलस्रोतको दृष्टिले नेपाल कस्तो राष्ट्र हो ?

(ख) मुलुकको सर्वाङ्गीर्ण विकास गर्न के गर्नुपर्छ ?

(ग) आयआर्जन गर्ने उपाय के हो ?

(घ) सिँचाइ सुविधाबाट हुने फाइदा के हुन् ?

(ङ) माथिको अनुच्छेद कुन विषयसँग सम्बन्धित छ ?

२. **तल दिइएको अनुच्छेद राम्ररी पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

नेपालमा स्थानीय भाषालाई पठनपाठनको विषयका रूपमा स्वीकार गरिएको भए तापनि माध्यम भाषाको रूपमा भने नेपालीकै व्यापकता रहेको पाइन्छ । नेपाली भाषा प्राथमिक तहदेखि पठन पाठनको विषयसमेत रहिआएको छ । माध्यम भाषाको प्रश्नलाई लिएर नेपालमा यदाकदा प्रश्नहरू पनि उठ्ने गरेका पनि छन् । खासगरी प्राथमिक शिक्षा मातृभाषामा हुनुपर्छ भन्ने शिक्षाविद्हरूको राय शिक्षाका बहुभाषाको मान्यताको प्रश्नमा सहायक देखिन्छ । तर वर्तमान नेपालमा सयभन्दा बढी भाषा रहेका हुँदा के कति भाषालाई माध्यम भाषाका रूपमा अपनाउने र कुनकुन क्षेत्रमा कुनकुन भाषामा शिक्षा दिने भन्ने प्रश्न ज्यादै जटिल छ । जहाँसम्म नेपाली भाषाको प्रश्न छ, यसको विस्तार राज्यव्यापी भएको हुँदा राज्यका सबै विद्यालयमा प्राथमिक तहदेखि नै सहज नेपालीको पठनपाठन हुन सक्दछ र मातृभाषा नेपाली नहुने केटाकेटीहरू पनि नेपाली भाषाको शिक्षामा वातावरणबाट पृष्ठपोषण प्राप्त गर्न सक्छन् । यति हुँदा हुँदै पनि राष्ट्रभाषा नेपालीको पूर्ण रूपमा प्रयोग हुन सकिरहेको पाइँदैन ।

**प्रश्नहरू**

(क) कुन भाषाको व्यापकता माध्यम भाषाको रूपमा रहेको छ ?

(ख) प्राथमिक शिक्षा मातृभाषामा हुनुपर्छ भन्नुको खास तात्पर्य के हो ?

(ग) नेपाल राज्यमा नेपाली भाषा शिक्षणका निम्ति के-कस्तो वातावरण पाउन सकिन्छ ?

(घ) मातृभाषामा शिक्षा दिनु कति जटिल छ ?

(ङ) 'मातृभाषा' र 'पृष्ठपोषण' शब्दको अर्थ लेख्नुहोस् ।

५. **तल दिइएको अनुच्छेद राम्ररी पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

मानव जीवनमा जन्मभूमिको ठुलो महिमा छ । जन्मभूमि सम्पूर्ण मानिसहरूको कर्मभूमि हो । मानिसले आफूले अरूलाई बचाउने आधार पनि जन्मभूमिबाट प्राप्त गर्दछ । जन्मभूमि नै मानव जातिको जननी हो । जसरी आमाले आफ्नो शिशुलाई नौ महिना गर्भमा बोकेर

जन्माई, स्तनपान गराएर, आफ्नो रगत सुकाएर, मासु गलाएर, हाड घोटेर, आफ्नो सन्ततिको लालनपालन गरेर हुर्काउँछिन्, ज्ञानबुद्धि दिएर ज्ञानी बनाउँछिन्, सीप सिकाउँछिन् र दक्ष नागरिक बनाउँछिन् त्यसैगरी जन्मभूमि वा धर्तीमाताले पनि आफ्नो छातीमा सारा शक्ति र सामर्थ्य खन्याएर आफ्नो काखमा जन्मेका सन्ततिहरूलाई गाँस, बास र कपासका लागि चाहिने यावत् कुराहरू उपलब्ध गराउँछिन्। मानिसहरूको मात्र होइन सारा जीव जीवात्माहरूको आश्रयस्थल धर्ती हो। धर्ती मानवजातिको आश्रय स्थल र जीविकोपार्जनको प्रमुख स्रोत पनि हो। यस किसिमको जन्मभूमिको महिमा सबैका लागि उत्तिकै आदरणीय नहुन सक्छ। जसमा जन्मभूमिप्रतिको पवित्र भावना छ त्यसले आफू जन्मेका ठाउँको महत्त्व अनुभव गर्दछ। देशभक्तिको भावना निःस्वार्थी मानिसहरूमा मात्र हुन्छ। जो देशभक्त छ त्यसले मात्र स्वदेशको महिमा गाउन सक्छ। देशभक्तिको भावना भनेकै आफ्नो जन्मभूमिप्रतिको चोखो माया हो।

**प्रश्नहरू**

(क) देशभक्तिको भावना भन्नाले के बुझिन्छ ?

(ख) धर्तीलाई किन आश्रय स्थल भनिएको हो ?

(ग) मानिसले जन्मभूमिबाट के प्राप्त गर्दछ ?

(घ) धर्तीले के के कुरा उपलब्ध गराउँछिन् ?

(ङ) 'लालनपालन' र 'आधारभूत' शब्दको अर्थ लेख्नुहोस्।

एकाइ
२

# सङ्क्षेपीकरण/सारांश लेखन

## १. सङ्क्षेपीकरण परिचय

कुनै पनि पाठलाई राम्ररी पढी त्यसको मूल भावलाई नछुटाई एक तृतीयांशमा छोट्याएर सिलसिला नटुट्ने गरी सङ्क्षिप्त रूपमा प्रस्तुत गर्ने प्रक्रियालाई सङ्क्षेपीकरण भनिन्छ। सङ्क्षेपीकरणलाई निचोड, सारांश वा सार पनि भनिन्छ। सारांश एकै अनुच्छेदमा लेखिन्छ, जसमा मूल पाठका बुँदाहरू क्रमैसँग राखिन्छन्। सङ्क्षेपीकरण प्रक्रिया भाषिक कला हो। यसबाट व्यक्ति विशेषको अभिव्यक्ति, सीप वा कला परीक्षण गर्न मद्दत मिल्छ। विद्यार्थीहरूमा पाठको सारभूत तथ्य ग्रहण गर्न सक्ने र त्यसलाई व्यक्तसमेत गर्न सक्ने सीप विकास गर्नु नै सारांश लेखनको मूल उद्देश्य हो।

### १.२ सङ्क्षेपीकरण गर्ने तरिका

१ दिइएको मूल पाठ वा अनुच्छेदको मूल आशय स्पष्ट नभएसम्म पटक पटक पढ्नुपर्छ।

२. पाठको मूल मर्म वहन गर्ने अंशहरू चिनेर रेखाङ्कन गर्नुपर्छ।

३. रेखाङ्कन गरिएका अंशहरूलाई बुँदाका रूपमा टिप्नुपर्छ।

४. पाठ वा अनुच्छेदको शब्द सङ्ख्या गनेर त्यसको एक तृतीयांशमा निर्धारण गर्नुपर्दछ।

५. पाठ वा अनुच्छेदमा रहेका कम महत्त्वपूर्ण मानिएका, दोहोरिएका कुरा, विशेषण, अलङ्कार, उदाहरण, उखानटुक्का आदिलाई राख्नु हुँदैन।

६. विग्रह शब्दहरूलाई समस्त शब्द बनाउनुपर्छ।

७. सरल वाक्यलाई जटिल वाक्यमा प्रस्तुत गर्नुपर्छ।

८. बुँदा टिपोट, खेस्रा लेखन र परिष्कृत साफी लेखन गरिसकेपछि उपयुक्त शीर्षक दिनुपर्दछ।

### १.३ सङ्क्षेपीकरणको नमुना

**नमुना - १**

तलका अनुच्छेदबाट चार बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् :

साठी वर्षसम्म किराती वाङ्मय तथा संस्कृतिका क्षेत्रमा अनवरत रूपले काम गरी विशिष्ट

योगदान दिने अमर साधक, इमानसिंह चेमजोङले झन्डै लोप हुन लागिसकेको आफ्नो जातीय इतिहासलाई पुनर्जीवित तुल्याई स्पष्ट दिशा प्रदान गरे । उनले अनुसन्धान वा खोज गर्नुभन्दा अघि किराती भाषा, लिपि र संस्कृतिका बारेमा कसैले पनि चासो देखाएका थिएनन् । उनले आफ्नो जीवन यसै क्षेत्रमा समर्पित गरेर हामी सबैलाई आफ्नो जातीय तथा राष्ट्रिय सभ्यता र संस्कृतिको संरक्षा र संवर्धनमा लाग्ने प्रेरणा दिएका छन् । उनको यस किसिमको राष्ट्रिय योगदानको सम्मान गर्दै नेपाल सरकारले उनको चित्राङ्कित हुलाक टिकट पनि प्रकाशन गरेको छ । किराती भाषा र संस्कृतिका क्षेत्रमा काम गर्दागर्दै सन् **१९७५** मा उनको देहावसान भयो । उनी हाम्रा लागि एक अनुकरणीय व्यक्तित्वका रूपमा सदा अमर भएका छन् ।

### सारांशका लागि मुख्य बुँदाहरू

१. इमानसिंहले आफ्नो भाषा, साहित्य र इतिहासको खोजअनुसन्धान र पुनर्जीवित गर्ने काम गरेका

२. उनले सबैलाई आफ्नो जातिको राष्ट्रिय सभ्यता एवम् संस्कृतिको संरक्षामा लाग्ने प्रेरणा दिएका

३. सरकारद्वारा कदरस्वरूप उनको चित्राङ्कन हुलाक टिकट प्रकाशित गरिएको

४. सन् **१९७५** मा उनको देवावसान भए पनि उनी अनुकरणीय अमर व्यक्तित्व बनेका

## सारांश

इमानसिंह चेमजोङले आफ्नो जातिको भाषा, साहित्य र इतिहासको अनुसन्धान गरी त्यसलाई पुनर्जीवित गरेका छन् । उनले सबै जातिलाई आफ्नो जातीय सभ्यता र संस्कृतिको संरक्षण–संवर्धनमा लाग्ने प्रेरणा दिएका छन् । सरकारबाट उनको कामको कदरस्वरूप चित्राङ्कित हुलाक टिकट प्रकाशित गरेको छ । उनी एक अनुकरणीय सांस्कृतिक व्यक्तित्वको रूपमा अमर रहेका छन् ।

मूल अनुच्छेदको शब्द सङ्ख्या – १२०

सारांशको शब्द सङ्ख्या – ४४

## नमुना - २

तलका अनुच्छेदबाट चार बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् :

साकेला, धाननाच, ल्होसार, होली, लाखेलगायतका जात्रामा सबै जातिका मानिसहरू उत्तिकै खुसीसाथ रमाइरहेका देख्न सकिन्छ । पहिले पहिले तराईमा मात्र मनाइने छठ पर्व अब पहाड र हिमालमा समेत लोकप्रिय भइसकेको छ । सांस्कृतिक सहिष्णुताका यस्ता धेरै उदाहरण छन् हामीसँग । आमाबुबा, गुरु र पाहुनाहरूलाई देवता सरह मान्ने चलन नेपालीहरूको साझा संस्कृति हो । अर्मपर्म, सरसहयोग र समूहमा रमाउने नेपाली संस्कृति

हो । बटुवाको शीतलताका लागि वर पिपल रोपिदिने, बिसाउनका लागि चौतारा बनाइदिने र बास बस्नका लागि पाटीपौवा बनाइदिने संस्कृति छ हाम्रो । हाम्रो संस्कृतिमा म मात्रै खाऊ, म मात्रै लाऊ भन्ने छैन, सबैले खान, लाउन र बाँच्न पाउनुपर्छ भन्ने छ । सबै सुखी हुन्, सबै निरोगी हुन् र सबैले सम्मानपूर्वक बाँच्न पाउन् भन्ने हाम्रो संस्कृतिको भाव रहेको छ । हाम्रो संस्कृतिले अभावका बिचमा पनि रमाउन, आफ्नै कमाइमा बाँच्न र श्रमको पूजा गर्न सिकाउँछ ।

## बुँदाहरू

१. साकेला, धाननाच, होली, लाखेलगायतका जात्रामा सबै जातिका मानिसहरू रमाइरहेका देख्न सकिने,

२. पाहुनालाई देवतासरह मान्ने र अर्मपर्म, सरसहयोग र समूहमा रमाउने हाम्रो साझा संस्कृति रहेको,

३. हाम्रो संस्कृतिमा सबैले खान, लाउन र बाँच्न पाउनुपर्छ भन्ने भावना,

४. अभावमा बिचमा पनि रमाउन र श्रमको पूजा गर्न नेपाली संस्कृतिले सिकाएको ।

## सारांश

### नेपाली संस्कृति

साकेला, धाननाच, होली, लाखेलगायतका जात्रामा सबै जातिका मानिसहरू रमाइरहेका देख्न सकिन्छ । पाहुनालाई देवतासरह मान्ने र एकआपसमा सहयोगका साथ रमाउने नेपाली संस्कृतिको आफ्नै विशेषता हो । अरूको लागि केही गरिदिने र अभावका बिचमा पनि रमाउन सक्ने प्रवृत्ति हाम्रो संस्कृतिको छुट्टै विशेषता हो ।

मूल अनुच्छेदको शब्द सङ्ख्या – १२३

सारांशको शब्द सङ्ख्या – ४०

## अभ्यास

१. **तलका अनुच्छेदबाट चार बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् :**

वातावरण नै सबै भोलिवादी भएपछि मान्छेको मनोवृत्ति स-साना कुरामा पनि भोलिवादी नभई छाड्दो रहेनछ । इमानजमान नछाडीकन भनिदिऊँ भने भोलिभोलि भनेर मानिसले अरूलाई मात्र होइन, आफूलाई पनि झुलाइरहेको हुन्छ । अर्को शब्दमा भोलिको घोचो लिएर मान्छेले समाजलाई मात्र होइन आफूलाई समेत निष्क्रियतातिर घचेटिरहेको हुन्छ । पढ्नु थियो भोलि पढुँला, जानु थियो भोलि जाउँला, गर्नु थियो भोलि गरुँला, भन्दाभन्दै कहिलेकाहीँ राति दिसा लाग्यो भने पनि निस्कनाका गाह्राले भोलि गरौँला भनी सुतिदिन्छन् कैयौँ ठिटाठिटीहरू ।

२. **तलका अनुच्छेदबाट चार बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् :**

वर्तमान युग विज्ञान र प्रविधिको युग हो । विज्ञानले विविध क्षेत्रमा गरेको प्रगतिले वर्तमान युग सुविधायुक्त बन्न पुगेको छ । टेलिफोनको आविष्कारले गर्दा संसारका कुनाकुनामा तुरुन्तै सम्पर्क गरी दोहोरो कुराकानी गर्न सम्भव भएको छ भने रेडियो र टेलिभिजनका माध्यमबाट विश्वमा घटेका विभिन्न घटनाहरूका बारेमा घरैमा बसीबसी समाचार सुन्न र हेर्न सक्ने सुविधा सबैलाई उपलब्ध भएको छ । यसैगरी रेल, मोटर, पानीजहाज, हवाईजहाज जस्ता यातातातका साधनहरूले टाढाटाढाको गन्तव्यलाई पनि सुगम तुल्याई दिएका छन् । वैज्ञानिक क्षेत्रमा भएको आशातीत प्रगतिले गर्दा घरायसी कामदेखि लिएर कृषि, उद्योग, वाणिज्य आदि क्षेत्रमा मानवको जीवन पद्धति सुखी, सम्पन्न र सुविधायुक्त बन्न पुगेको छ । मानिसले आर्जन गरेको अभूतपूर्ण ज्ञान र निरन्तर कडा मिहिनेत तथा अनुसन्धानको परिणामस्वरूप यन्त्रमानव आविष्कार गर्ने महत्त्वपूर्ण कार्यमा समेत सफलता प्राप्त भएको छ ।

३. **तलका अनुच्छेदबाट चार बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् :**

पारिजात बहुमुखी प्रतिभाका धनी व्यक्ति थिइन् । वि.स. २०१३ मा 'धरती' पत्रिकामा कविता प्रकाशन गरी उनले आफ्नो साहित्य यात्रा सुरु गरेकी थिइन् । कक्षा ४ मा पढ्दादेखि नै उनी कविता कोर्ने गर्दथिन् । यसको मतलब बाल्यवस्थादेखि नै साहित्यमा उनको रुचि थियो । त्यसैले आजीवन उनी यही क्षेत्रमा समर्पित पनि भइन् । उनका पिताले उनलाई डाक्टर बनाउने सपना देखेका थिए तर उनको भावुक र कल्पनाशील हृदयले गर्दा उनी कला र साहित्यकै बगैँचामा मगमगाएर फुलिन् । 'आकाङ्क्षा', 'पारिजातका कविताहरू' र 'बैँशालु वर्तमान' गरी उनका तीन कविता सङ्ग्रहहरू प्रकाशित भएका छन् ।

४. **तलका अनुच्छेदबाट चार बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् :**

स्वास्थ्य नै जीवनको पहिलो धन रहेछ । स्वस्थ र दीर्घ जीवनका आधार भनेकै नियमित र स्वास्थ्यबर्धक भोजन रहेछन् । अनियमित र अधिक आहारले नै मधुमेह, हृदयघात, मोटोपन, अर्बुद र स्वास्थ्य रक्तचाप जस्ता रोगहरू निम्त्याउने गर्छ । आहारका सम्बन्धमा बैन्जामिन फ्र्याङकलिनले भनेका छन्, ''मैले देखेका थोरै मानिसहरू मात्र खान नपाएर मरेका छन् । धेरै खाएर मर्नेहरू हजारौँ, लाखौँ छन् ।'' पूर्वीय दर्शनले पनि भन्छ, ''स्वास्थ्य जीवनका लागि सर्वश्रेष्ठ आहार भनेका ऋताहार, हिताहार र मिताहार हुन् ।'' खानाकै असावधानीका कारणले मान्छेलाई कुनै पनि रोग लाग्न सक्छ । रोग लागिहालेमा सुरुका अवस्थामा हाम्रै घर वरिपरि रहेका जडिबुटी वा घरेलु औषधी सेवन गर्नु श्रेयकर हुन्छ भन्ने कुरालाई आयुर्वेद विज्ञानले महत्त्व दिएको पाइन्छ ।

एकाइ 3

# कथा लेखन

## १. कथाको परिचय

कुनै पनि विशिष्ट घटनालाई सिलसिला मिलाएर कुनै एक मिठो भाव वा विचार प्रतिपादन गर्ने कलालाई कथा भनिन्छ । कथामा घटना निर्माण गर्नका निमित्त एक वा एकभन्दा बढी पात्रहरूको आवश्यकता पर्दछ । कथाको पात्र मान्छे मात्र होइन, स्याल, बाघ, सुगा आदि पशुपन्छी र ढुङ्गा, पहाड, नदी आदि जड वस्तुहरू पनि हुन सक्छन् । कथामा यस्ता पात्र र घटनाका बिचमा अभिन्न सम्बन्ध रहेको हुन्छ । कथा छोटो बसाइमा पढिसकिने गद्य विधा हो । कथाले सानो अंश ओगटेको हुन्छ तथापि यसले जीवन र जगत्को अनुभूतिलाई चिहाएको तथा नियालेको हुन्छ ।

## २. कथा लेख्ने तरिका

१. प्रश्नमा दिइएका बुँदाहरूलाई पटक पटक पढी कथाको स्वरूप वा ढाँचा तयार पार्नुपर्छ ।

२. कथाको विषयवस्तु स्वरूप वा ढाँचाका बारेमा कथाको सुरु, मध्य र निष्कर्ष कसरी गर्ने भनेर सोच्नुपर्छ ।

३. कथाको विषयवस्तु घटना तथा पात्रका लागि उपयुक्त सुहाउँदो वातावरण, स्थान र समय आदिको उल्लेख गर्नुपर्छ ।

४. दिइएका बुँदाका आधारमा विषयवस्तु, घटना र पात्रको प्रयोग निश्चित रूपमा गर्नुपर्छ । पात्रहरू नदिएको खण्डमा नयाँ पात्रको कल्पना गर्नुपर्छ ।

५. कथालाई रोचक, सुन्दर र जीवन्त बनाउन विषयवस्तु र घटनाको सिलसिलामा कुनै आवश्यक प्रभाव नपर्ने गरी पात्रद्वारा उपयुक्त ठाउँमा छोटाछोटा संवादहरू दिन सकिन्छ ।

६. सङ्केत वा बुँदामा दिइएको भन्दा बाहेकका घटाना र पात्रहरू थप्नु हुँदैन ।

७. कथामा मौलिक भाषाका प्रयोग गरी प्रस्तुतिलाई सरल बनाउनुपर्छ ।

८. कथाको अन्त्यमा कथाले दिने सन्देश वा शिक्षा स्पष्ट हुनुपर्छ ।

९. तयार भएको कथालाई उपयुक्त हुने गरी छोटो शीर्षक दिनुपर्छ ।

## ३. कथा लेखनको नमुना

**दिइएको बुँदाका आधारमा छोटो कथा तयार पार्नुहोस् :**

एउटा जङ्गलमा हात्ती र बाँदर ........सँगै मिलेर बस्नु .....सँगै खानेकुरा खोजेर खानु .......एकदिन "को ठुलो" भन्ने विषयमा झगडा हुनु ........लाटोकोसेरालाई झगडा छिनिदिन अनुरोध गर्नु .........लाटोकोसेराले दुवैलाई खोलापारिबाट नरिवल टिपेर ल्याउन लगाउनु ........खोला तर्दा बाँदर हात्तीको पिठिउँमा चढ्नु .......... खोला तर्नु ........नरिवलको रूख ज्यादै अग्लो हुनु। हात्तीले बाँदरलाई नरिवल टिपेर ल्याउन भन्नु ......बाँदरलाई नरिवल बोक्न अप्ठ्यारो हुनु .......हात्तीले मुखमा च्याप्नु ........लाटोकोसेराले नरिवल कसरी ल्यायौ भनी सोध्नु .....उनीहरूले यथार्थ जवाफ दिनु ......दुवैले समान कार्य गरेकाले दुवै आ–आफ्ना काममा ठुला छौ भनी लाटोकोसेराले निर्णय सुनाउनु ........दुवैले एक आपसमा माफी माग्नु ...... पूनः ती दुवै जना मिलेर बस्नु ........आफ्नो काममा सबैको महत्त्व हन्छ भने सन्देश।

## मेलमिलापबाट हुने फाइदा

कुनै ठाउँमा एउटा जङ्गल थियो। त्यस जङ्गलमा विभिन्न जनावरहरू बस्थे। हात्ती र बाँदर पनि त्यस जङ्गमा मिलेर बस्थे। उनीहरू एकले अर्कालाई दुःख परको बेलमा सहयोग गर्थे। खानेकुराको खोजीमा उनीहरू टाढा टाढासम्म पनि पुग्थे। खोजेर ल्याएको कुरा बाँडेर खान्थे। रहदै बस्दै जाँदा उनीहरूबिच एक अर्कामा को ठुलो भन्ने विषयमा झगडा पर्‍यो। हात्तीले आफू निकै ठुलो र शक्तिशाली भएकोले म ठुलो हुँ भन्ने विचार राख्यो भने बाँदरले चाहिँ जुनसुकै ठाउँमा पनि जान सक्ने भएकोले म ठुलो हुँ भन्ने विचार राख्यो। केही उपाय नलागेपछि हात्तीले छिमेकी लाटोकोसेरोलाई विवादको छिनोफानो गरिदिन भन्यो। हात्तीको कुरा सुनेर लाटोकोसेरोले भन्यो, ‘‘त्यो खोलापारिबाट नरीवल टिपेर ल्याउनु त्यसपछि तिमीहरूमध्ये को ठुलो भन्ने कुरा छिनोफानो गरिदिउँला।’’ लाटोकोसेरोका कुरा सुनेर दुवै जना जङ्गल जान हिँडे। खोला तर्दा बादर हात्तीको पिठिउँमा चढ्यो। खोला तरेर उनीहरू नरिवलको बोट भएको ठाउँमा पुगे। त्यो नरिवल टिप्न हात्तीलाई सम्भव थिएन। बाँदर नरिवलको रूखमा चढेर नरिवल लिएर आयो। बाँदरलाई नरिवल बोक्न अप्ठ्यारो भएकोले हात्तीले बाटामा र खोला तर्दा नरिवललाई हात्तीले मुखमा च्याप्यो। उनीहरू नरिवल लिएर लाटोकोसेरो भएको ठाउँमा पुगे। उनीहरूले लाटोकोसेरोलाई नरिवल टिप्न जाँदादेखि लिएर नरिवल टिपेर बाटामा ल्याउँदा अपनाएका सबै वृतान्त लाटोकोसेरोलाई बताए। उनीहरूका कुरा सुनेर लाटोकोसेरोले भन्यो, "तिमीहरूले दुवैले समान काम गरेर नरिवल ल्याएछौ। त्यसैले दुवै आ–आफ्नो स्थानमा समान छौ। तिमीहरू एकआपसमा झगडा नगरी मिलेर बस्नु। लाटोकोसेरोको कुरा सुनेर दुवै खुसी भए। उनीहरूले एकअर्कामा माफी समेत मागे। त्यसपछि उनीहरू पुनः पहिलेकै जस्तै गरी मिलेर जङ्गलमा बस्न थाले। झगडा गरेर बस्दा दुवैलाई फाइदा हुँदैन भन्ने कुरा उनीहरूले बुझे।

## अभ्यास

१. **तल दिइएका बुँदाका आधारमा छोटो कथा लेखी उपयुक्त शीर्षक दिनुहोस् :**

एउटा गाउँमा एक किसान हुनु ..................... झुटो मुद्दा लागि जेल पर्नु............घरमा श्रीमती र साना छोराछोरी हुनु................श्रीमती रोगी भएकाले काम गर्न नसक्नु.............परिवार पाल्न धौधौ हुनु.................आफ्नो समस्या लेखेर श्रीमान्लाई चिठी पठाउनु..............जेलमा कैदीलाई पठाएको चिठी र कैदीले पठाउने चिठी हाकिमले हेरेर मात्र दिने व्यवस्था हुनु............. श्रीमतीले पठाएको चिठी किसानले भेट्नु .......... किसानले चिठिको जवाफमा आफूले खेतमा असर्फीहरूको घैँटो गाडेको हुनाले त्यही घैँटो झिकेर घरको समस्या समाधान गर्ने सल्लाह दिनु.............हाकिमले यो चिठी हेर्नु.......... असर्फीको लोभले कैदीहरूलाई खेतमा पठाई खन्न लगाउनु .......... सबै खेत खन्दा पनि घैँटो नपाइनु ................ पानी परेपछि किसानकी श्रीमतीले त्यही खेतमा बाली लगाउनु............खेतमा राम्ररी अन्न फल्नु ................किसान परिवारको समस्या समाधान हुनु........जुक्ति बुद्धि लगाएर काम गर्दा समस्या समाधान हुनु ।

२. **तल दिइएका बुँदाका आधारमा छोटो कथा लेखी उपयुक्त शीर्षक दिनुहोस् :**

एउटा जङ्गलमा डरलाग्दो सिंह...........जङ्गलको राजा भएको घोषणा...........अन्य जनावरप्रति घोर अत्याचार...........दिनहुँ थुप्रै जनावरहरूको हत्या...........जङ्गलमा जनावरहरूको अस्तित्व लोप हुने खतरा...........अन्य जनावरहरूको भेला...........भेलाले दैनिक एउटा जनावर पालैपालो सिंहको आराहाका लागि जाने निर्णय...........निर्णयअनुसार सिंह कहाँ जान खरायोको पालो आउनु...........खरायो ढिलो आएकोले सिंह रिसाउनु...........खरायोले अर्को सिंहले बाटो रोकेको कुरा बताउनु.........................पोखरी नजिक गई सिंहको छाया देखाउनु...........खरायोले अर्को सिंह ठानेर हाम फाल्नु................पोखरीमा डुबेर सिंहको मृत्यु हुनु .............बलभन्दा बुद्धि ठुलो हुन्छ भन्ने सन्देश ।

३. **तल दिइएका बुँदाका आधारमा छोटो कथा लेखी उपयुक्त शीर्षक दिनुहोस् :**

एउटा ठुलो जङ्गल.............जङ्गलमा सिंह, बाघ, चितुवा जस्ता हिंस्रक जनावरदेखि लिएर अन्य विभिन्न जनावरहरू पनि बस्नु............. काग, कुकुर, जुरेली जस्तै चराचुरुङ्गीहरू र मौरी, पुतलीजस्ता स-साना जीवहरू पनि त्यसै जङ्गलमा बस्नु.............त्यहीँ जङ्गलमा हात्तीको बथान पनि बस्नु.............हात्तीको बथानमा एउटा ज्यादै बलियो हात्ती बस्नु.............उसलाई आफ्नो बलमाथि ठुलो घमण्ड हुनु.............

घमण्डी हात्तीले अरू जीवजनावरहरूलाई तर्साउनु.............वनका रूखहरू उखेल्नु.............त्यस वनको एउटा रूखमा मौरीहरू चाका बनाई बस्नु.............रूख उखेल्ने क्रममा एक दिन मौरीको चाका भएको रूख पनि उखेल्नु.............मौरीहरू अलपत्र पर्नु.............सबै मौरी मिलेर घमण्डी हात्तीलाई चिल्नु.............हात्ती मौरीको टोकाइबाट बेहोस भई भुइँमा पसारिनु.............मौरीहरू अर्को रूखमा चाका बनाई बस्नु.............हात्ती दुई तीन दिनसम्म उठ्न नसक्नु.............त्यसपछि हात्तीले कहिल्यै घमण्ड नगर्नु.............एकता नै बल हो, घमण्डले कसैलाई फाइदा पुऱ्याउँदैन भन्ने सन्देश ।

४. **तल दिइएका बुँदाका आधारमा छोटो कथा लेखी उपयुक्त शीर्षक दिनुहोस् :**

कुनै गाउँ गाउँमा एउटा दुष्ट मानिस बस्नु......... सबै गाउँलेलाई सधैँ दुःख दिनु......... गाउँलेहरूमा सधैँ सन्त्रस्त फैलनु........ एक पटक ऊ नराम्ररी बिरामी पर्नु ............... मर्न लाग्नु .......... सबै गाउँलेहरूलाई बोलाउनु .......... आफूले दिएको दुःखप्रति खेद व्यक्त गर्दै माफी माग्नु .......... आफू मरेपछि बाँसका किला ठोकेर अन्तिम संस्कार गरिदिन आग्रह गर्नु ........... मर्नु........ गाउँलेले भनेबमोजिम गर्नु ......... मुखमा किल्ला ठोकेर घाटतिर लैजाँदै गर्दा प्रहरीले देख्नु ...... प्रहरीले सबै गाउँलेहरूलाई पक्रनु ........... जेल हाल्नु ..... दुष्टले बाँचुञ्जेल मात्र होइन, मरेपछि पनि दुःख दिने हुँदा दुष्टको सङ्गत गर्न नहुने सन्देश ।

एकाइ ४

# जीवनी लेखन

## १. जीवनीको परिचय

कुनै व्यक्तिको जीवनलाई छर्लङ्ग पार्ने गरी लेखिएको क्रमबद्ध लेखनलाई जीवनी भनिन्छ । यो मानिसले जीवनभर गरेका कामकुराहरूको इतिहास हो । जुन व्यक्तिले समाज वा राष्ट्रको लागि उल्लेखनीय काम गरेको हुन्छ, उही व्यक्तिको जीवनी लेखिन्छ । जीवनीमा विशेष व्यक्तिको जीवनका तथ्य, घटना तथा चरित्र, पेसा आदि महत्त्वपूर्ण अंशहरू दिएर उसले समाज तथा राष्ट्रमा दिएको योगदान लेखी त्यसको मूल्याङ्कन पनि गरिएको हुन्छ । जीवनी वस्तुपरक लेखन भएकोले यसमा काल्पनिक कुराहरू लेख्नु हुँदैन । परीक्षामा जीवनी लेखनका लागि निश्चित बुँदाहरू दिइएको हुन्छ, त्यसै बुँदाहरूमा आधारित भएर सरल र मिठो तरिकाले संयोजन गर्दै क्रमबद्ध रूपमा जीवनी लेख्नुपर्छ ।

## १.२ जीवनी लेख्ने तरिका

१. उपयुक्त शीर्षक दिएर जीवनी लेख्न सुरु गर्नुपर्छ ।

२. जीवनीका लागि दिइएका बुँदाहरूबाट आदि, मध्य र अन्त्य भाग छुट्याउनुपर्छ ।

२. जीवनीको आदि भागमा जन्म, बाल्यकाल, शिक्षा, पारिवारिक स्थिति प्रस्तुत गर्नुपर्दछ ।

३. जीवनीको मध्य भागमा कार्यहरू, योगदान, पुरस्कार र सम्मानका साथै घटेका घटनाहरू प्रस्तुत गर्नुपर्दछ ।

४. जीवनीको अन्त्य भागमा व्यक्तिको मूल्याङ्कन गर्ने र मृत्यु भएको भए मृत्यु पनि खुलाउनुपर्छ ।

५. वस्तुपरक भाषाको प्रयोग गर्नुपर्दछ ।

६. हाँसी, मज्जा, ठट्टा हुने कुराहरू समावेश गर्नु हुँदैन ।

## १.३ जीवनी लेखनको नमुना

**(क) तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पारी शीर्षक पनि राख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | भैरव अर्याल |
| जन्ममिति | : | वि.सं. १९९३ साल असोज ५ गते |
| जन्मस्थान | : | कुपन्डोल, ललितपुर |
| शिक्षा | : | एम.ए. सम्मको औपचारिक शिक्षा हासिल |

पहिलो हास्यव्यङ्ग्य रचना : खोलापारिका पुरेत बाजे

प्रकाशित कृतिहरू : काउकुति, जयभुँडी, गलबन्दी, इतिश्री र दश औतार

प्रवृत्ति र विशेषता :

- नेपाली साहित्यका कथा, कविता, समालोचना, हास्यव्यङ्ग्य निबन्ध आदि विधामा सक्रिय रूपमा कलम चलाएका ।
- हास्य र व्यङ्ग्यको मिश्रण गरी उत्कष्ट निबन्ध सिर्जना गर्ने ।
- देशभक्ति समाज सुधार र मानवतावादी चिन्तनलाई निबन्धमा व्यक्त गर्ने
- मानिसका खराब आचरण र दुर्व्यवहारप्रति तिखो व्यङ्ग्य व्यक्त गर्ने ।
- समय सापेक्ष रूपमा सटीक र मार्मिक निबन्ध लेख्ने ।

मृत्यु : वि.सं. २०३३ असोज १९ गते गोकर्ण काठमाडौँ ।

## साहित्यकार भैरव अर्याल

नेपाली साहित्यका विशेष योगदान पुऱ्याउने हाँस्यव्यङ्ग्य निबन्धकार भैरव अर्यालको जन्म वि.सं. १९९३ साल असोज ५ गते भएको हो । ललितपुरको कुपन्डोलमा जन्मिएका अर्यालले एम.ए. सम्मको औपचारिक शिक्षा हासिल गरेका छन् । उनले 'खोलापारिका पुरेत बाजे' शीर्षकको रचनाबाट हास्यव्यङ्ग्यका क्षेत्रमा पहिलो पटक प्रवेश गरेका हुन् । अर्यालका 'काउकुति, जयभुँडी, गलबन्दी, इतिश्री र दश औतार आदि अनेक निबन्ध सङ्ग्रहरू प्रकाशित छन् ।

भैरव अर्यालले नेपाली साहित्यमा निबन्धका अतिरिक्त कथा, कविता र समालोचनाका क्षेत्रमा पनि कलम चलाएर ठुलो योगदान पुऱ्याएका छन् । हास्य अर्थात् हँसाउने कुरा र व्यङ्ग्य अर्थात् घुमाउरो भनाइलाई एकै ठाउँमा प्रयोग गर्न सक्ने क्षमता उनमा बेजोड किसिमको पाइन्छ । उनले देशभक्ति, समाज सुधार र मानवतावादी चिन्तनलाई समेत निबन्धमा व्यक्त गरेका छन् । त्यसैगरी उनले मानिसका खराब आचरण र दुर्व्यवहारप्रति तिखो व्यङ्ग्य प्रहार गरेका छन् । खासगरी समाज सापेक्ष रूपमा सटीक र मार्मिक निबन्ध लेख्ने भैरव अर्याल हास्यव्यङ्ग्य निबन्ध क्षेत्रका मूर्धन्य प्रतिभाका रूपमा स्थापित छन् । उनको वि.सं. २०३३ साल असोज १९ गते काठमाडौँको गोकर्णमा असामयिक निधन भएको हो ।

**(ख) तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पारी शीर्षक पनि राख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | गङ्गालाल श्रेष्ठ |
| जन्म | : | वि.सं. १९७५ मार्ग २२, रामेछाप, भँगेरी |
| पिता | : | भक्तलाल श्रेष्ठ |
| माता | : | तुलसीकुमारी श्रेष्ठ |

प्रमुख घटनाहरू : पाँच बर्षको उमेरमा पढाइ आरम्भ, नौ बर्षको उमेरमा काकासँग कलकत्ता गई त्यहाँ बसेर केही समय अध्ययन, भारतको स्वतन्त्रता सङ्गामबाट प्रभावित, दरबार हाईस्कुलबाट प्रथम श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण

- उच्च शिक्षाका लागि त्रिचन्द्र कलेजमा भर्ना
- वि.सं. १९९७ साल भाद्रमा नेपाल प्रजापरिषद्को सदस्य
- वि. सं. १९९७ कार्तिक २ गते तत्कालीन सरकारबाट गिरफ्तार
- देश जनता र प्रजातन्त्रका लागि जीवन अर्पण गर्न तयार
- वि.सं. १९९७ साल माघ १६ गते राति राणा शासकद्वारा शोभा भगवतीमा गोली हानी हत्या
- देशप्रेमी तथा स्वतन्त्रताप्रेमी नेपालीका लागि दुखद घटना ।

## सहिद गङ्गालाल श्रेष्ठ

नेपाल आमाका एक महान् सपूत गङ्गालाल श्रेष्ठ सहिद हुन् । उनको जन्म पिता भक्तलाल श्रेष्ठ र माता तुलसीकुमारी श्रेष्ठको कोखबाट वि.सं. १९७५ मार्ग २२ रामेछाप जिल्लामा भएको थियो । पाँच बर्षको उमेरमा नै श्रेष्ठको प्रारम्भिक शिक्षा सुरु भयो । त्यतिखेर अहिले जस्तो शिक्षाको लागि सर्वत्र विद्यालयहरू थिएनन् । बाल्यकालदेखि नै तीक्ष्ण बुद्धि भएका श्रेष्ठको पढाइमा रुची देखेर उनका काकाले उनलाई नौ बर्षको उमेरमा कलकत्ता लगेर आफूसँगै पढाउन थाले ।

गङ्गालाल भारतमा बस्दा त्यहाँका जनताको अङ्गेज विरोधी आन्दोलनबाट अत्यन्त प्रभावित भएका थिए । काठमाडौँको दरवार हाइस्कुलबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी त्रिचन्द्र कलेजमा अध्यनरत गङ्गालाल राणा विरोधी थिए । वि.सं. १९९७ साल भाद्र महिनामा उनी नेपालको पहिलो राजनीतिक दल प्रजापरिषद्को सदस्य बने । प्रजापरिषद् जहानिया राणा शासनको अन्त्य र बहुदलीय प्रजातन्त्र तथा नागरिक अधिकारको स्थापना गर्न तत्कालीन समयमा बौद्धिक युवाहरूद्वारा स्थापित दल थियो । त्यसले राणा विरोधी अभियानलाई तीब्र रूपले अगाडि बढाएको थियो । गङ्गालाल पनि त्यही राणाशासन विरोधी अभियानमा सम्मिलित भए । राणाशासकहरूले उनीहरूका शासनको विरोध गर्नेहरूमाथि क्रुर दमन गरे । धेरै युवाहरू पक्राउ परे । यही क्रममा गङ्गालाल श्रेष्ठ पनि वि.सं. १९९७ साल कार्तिक २ गते गिरफ्तार भए ।

राणा शासन विरुद्धमा लागेकाले माफी माग्न तत्कालीन सरकारले दवाव दिए पनि नागरिक अधिकार, स्वतन्त्रता, प्रजातन्त्रको प्राप्ति र निरङ्कुश जहानिया राणा शासनको अन्त्यका लागि कटिबद्ध गङ्गालाललाई उनका सहयोद्धा धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, दशरथ चन्द झैँ उनलाई पनि वि.सं. १९९७ साल माघ १६ गते राति शोभा भगबतीमा गोली हानी हत्या गरियो ।

यसरी जहानिया राणा शासनको अन्त्य र नागरिक अधिकार बहालीको लागि कलिलो उमेरमा सहिद बनेका गङ्गालाल श्रेष्ठ प्रेरणाका स्रोत र नेपाल आमाका एक सच्चा सपूत हुन् । नेपालको इतिहासमा उनी अमर सहिदको रूपमा सदा बाँचिरहेका छन् ।

## अभ्यास

१. **तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पारी शीर्षक पनि दिनुहोस् :**

नाम : अब्राहम लिङ्कन

जन्मस्थान : संयुक्त राज्य अमेरिकाको केन्टिको राज्य

जन्ममिति : सन् १८०९ फरबरी

उल्लेख्य पक्ष : आमाको चाडै मृत्यु हुँदा सौतनी आमाको हेरचाहमा हुर्केका,

— विद्यालय जान नपाए पनि घरमै अध्ययन गरी पर्याप्त ज्ञान हासिल गरेका,
— एक दिन सहरमा पुग्दा मानिसहरूको किनबेच भएको देखेर अत्यन्त दुःखी बनेका,
— यस्तो प्रथा हटाउन उनी तिनकै सेवामा जुटेका,
— सन् १८६० मा अमेरिकाको राष्ट्रपति बन्न पुगेका,
— राष्ट्रपति भएपछि मानिसको बेचबिखन र लिलाम बिक्री बन्द गरेका,
— अमेरिकाको लोकप्रिय राजनेता र राष्ट्रपति

२. **तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पारी शीर्षक पनि राख्नुहोस् :**

नाम : बाबुराम आचार्य

जन्ममिति : वि.सं. १९४४ फाल्गुन २९

जन्मस्थान : काठमाडौँ

पितामाता : धर्मदत्त आचार्य, शिवकुमारी आचार्य

अध्ययन : काठमाडौँ र बनारसमा गणित, धर्मशास्त्र र व्याकरणको अध्ययन तथा अङ्ग्रेजीको स्वाध्ययन

- निरन्तरको अध्ययनले गर्दा आँखाको ज्योतिसमेत गुमेको
- वि.सं. १९६७ मा खरिदारको जागिरे
- वि.सं १९७६ बाट इतिहासको खोजीमा सक्रिय
- राजा त्रिभुवनबाट २००८ सालमा इतिहास शिरोमणिको पदले विभूषित

कृतिहरू : तुलनात्मक सुन्दरकाण्ड, पुराना कवि र कविता, नेपालको सङ्क्षिप्त वृत्तान्त आदि ।

प्रवृत्तिहरू : प्राचीन नेपालको इतिहासको खोजमा तीव्र रुची, आफ्नो सम्पत्तिसमेत

यसै क्षेत्रको खोजमा समर्पित, असाधारण स्मरणशक्ति भएका, भाषा सहित्य र इतिहासका अथक साधक ।

मृत्यु : वि. सं . २०२९ भाद्र २१, काठमाडौँ

३. **तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पारी शीर्षक पनि राख्नुहोस् :**

नाम : सिद्धिचरण श्रेष्ठ

जन्म : वि.सं. १९६९ साल जेठ ९ गते, ओखलढुङ्गा

प्रकाशित कविता सङ्ग्रह : मेरो प्रतिबिम्ब, कोपिला, कुहिरो र घाम, तिरमिर तारा, श्रेष्ठका कविता आदि ।

प्रकाशित खण्डकाव्य : उर्वशी, ज्यानमारा शैल, नौली, मङ्गलमान, भीमसेन थापा, युद्ध र शान्ति आदि ।

पुरस्कार तथा सम्मान : त्रिभुवन पुरस्कार, रत्नश्री पुरस्कार, पृथ्वी प्रज्ञा पुरस्कार, वेदनिधि पुरस्कार आदि ।

साहित्यिक विशेषताहरू : स्वच्छन्दतावादी धाराका प्रगतिवादी कवि

उपाधि : युगकवि

मृत्यु : वि.सं. २०४९

४. **तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पारी शीर्षक पनि राख्नुहोस् :**

नाम : माधवप्रसाद घिमिरे

जन्ममिति : वि.सं. १९७६ असोज ७ गते

जन्मस्थान : गाउँ पुस्तुन, जिल्ला लमजुङ, अञ्चल गण्डकी

शिक्षा : संस्कृतमा शास्त्री

पेसागत संलग्नता : गोरखापत्रका सहायक सम्पादक, नेपाल प्रज्ञाप्रतिष्ठानका उपकुलपति र कुलपति

साहित्यिक कृतिहरू : नवमञ्जरी, घामपानी (कविता सङ्ग्रह), किन्नर किन्नरी, सुनपङ्खी चरी (गीतिसङ्ग्रह), गौरी, पापिनी आमा, राजेश्वरी, राष्ट्र निर्माता, धर्तीमाता (खण्डकाव्य)

साहित्यिक योगदान : प्रकृति, मानव र ईश्वरलाई भावभूमि बनाई कविता लेख्नु,

: छन्दोबद्ध कविता मात्र लेख्नु,

: बालसाहित्यका क्षेत्रमा पनि उल्लेखनीय योगदान रहेको,

: प्राकृतिक परिवर्तनसँगै मानवमनको परिवर्तन देखाउनु,

: राष्ट्रवादी,

: परिष्कृत भाषाशैलीमा स्वच्छन्दतावादी रचना

एकाइ

५

# संवाद लेखन

## १. संवाद लेखनको पचिय

संवाद भनेको कुराकानी हो । संवादलाई कुराकानी, वार्तालाप र कथोपकथन पनि भनिन्छ । कुनै निश्चित विषयमा केन्द्रित भई एउटा टुङ्गोमा पुग्नका लागि दुई वा दुईभन्दा बढी पात्रहरूका बिचमा गरिने कुराकानीलाई संवाद भनिन्छ । संवादमा एउटा व्यक्तिले मात्र लगातार बोल्ने प्रक्रिया मात्र नभएर दोहोरो बोली, क्रियाकलाप तथा हाउभाउको पनि संयोजन गरिएको हुन्छ । संवाद लेख्दा वक्ताको बोलीलाई सिधैँ र हाउभाउलाई कोष्ठभित्र राखिन्छ । संवाद सुरु गर्नुभन्दा अगाडि कुनकुन पात्रहरू प्रयोग भएका छन् र कुन स्थानमा बसेर संवाद गरिँदै छ त्यसको जानकारी पनि दिनुपर्छ ।

## २. संवाद लेख्दा ध्यान दिनुपर्ने कुराहरू

१. संवादको विषयलाई राम्ररी चिन्तन मनन गरी मनमनै पात्रद्वारा व्यक्त गरिने बुँदाहरू टिप्नुपर्छ ।

२. एकभन्दा बढी सहभागी पात्रहरूको सिर्जना गर्ने तर संवादको लम्बाइलाई ध्यान दिई चार जनाभन्दा बढी पात्र राख्नु हुँदैन ।

३. संवादको सुरुमा स्थान, समय र परिवेशलाई स्पष्ट पार्नको लागि कोष्ठकभित्र त्यसको सामान्य परिचय दिनुपर्छ ।

४. दुई जना पात्रहरूको छनोट गर्दा एउटा विषयवस्तुप्रति सचेत र अर्को पात्रचाहिँ केही थाहाँ नभएको हुनुपर्दछ ।

५. संवादको क्रममा पात्रहरूले प्रस्तुत गरेका हाउभाउहरू स्पष्टसँग कोष्ठकभित्र लेख्नुपर्छ ।

६. एउटा पात्रले लामो भाषण गरिरहने र अर्कोले चाहिँ सुनिरहने खालको संवाद लेख्नु हुँदैन । दुवै पात्र बराबर रूपमा सक्रिय हुनुपर्छ ।

७. संवादमा प्रयोग हुने शब्द तथा भाषा पात्रहरूको स्तरअनुरूप हुनुपर्छ ।

८. संवाद लेखन गर्दा लेख्य चिह्नहरूको ख्याल गर्नुपर्छ ।

९. अन्त्यमा खास निष्कर्ष वा समाधान झल्कने गरी संवाद लेखनलाई टुङ्ग्याउनुपर्छ ।

## ३. संवाद लेखनको नमुना

**(क) 'हरियो वन नेपालको धन' शीर्षकमा एउटा संवाद लेख्नुहोस् :**

स्थान : विद्यालयको चौर

समय : बिहान ९ बजे

पात्र : बद्री, प्रकाश, रमेश र सविना

*(विद्यालयको चौरमा वृक्षारोपणको तयारी भइरहेको छ तर अतिथि नआइपुगेकाले कार्यक्रम केही ढिलो भएपछि विद्यार्थीहरू कुराकानी गर्दै छन् ।)*

बद्री : क्या हो यो ? समय मात्र खेर गयो । हेर न, कत्ति काम छोडेर यो कार्यक्रममा आएको सबै बर्बाद भयो ।

प्रकाश : (टाउको हल्लाउँदै) अँ त नि, के के न हुन्छ जस्तो गरी चुरफुर गर्नु मात्रै पो भयो । यो वृक्षारोपण पनि नाम मात्र त हो नि, कसले गर्छ र यहाँ चाहिने काम ?

बद्री : त्यसो त हो तर यसलाई औपचारिकताभन्दा यथार्थमा लागू गर्नुपर्छ क्या ! नत्र त नेपाल पाँचै वर्षमा उजाडिन के बेर !

प्रकाश : हामीले भनेर के गर्ने ? मन्त्रीहरूनै वन मासेर पैसा कमाउछन् । सबै डलरको लागि काम गर्ने त हुन् नि !

बद्री : त्यस्तो चालाले त कहाँ हुन्छ र ? एकातिर बिरुवा रोपे जस्तो गर्ने र अर्कातिर भएको वनको सुरक्षा नहुने हो भने त हाम्रै कुभलो हुने हो, होइन र ?

प्रकाश : हुन त हो, तर खै ।

रमेश : होइन, के निराशाको कुरा गरेको तिमीले ? के हामी सबै मिलेर एउटा उदाहरणीय काम गर्न सक्दैनौँ र ? के नेपालको सम्पत्ति हाम्रो सम्पत्ति होइन र ?

सविना : हो, आफैँले गर्न सक्ने काम पनि नगरेर अर्काको मुख ताक्ने बानी छ हाम्रो । के अतिथि नआई खालि ठाउँमा विद्यार्थीले बिरुवा रोपे हुँदैन र ?

बद्री : हुन्छ, तर तारबार लगाउन वा कुरुवा राख्न पैसा पनि त चाहिन्छ होला नि, कि कसो ?

प्रकाश : हो । यसको जिम्मेवारी जनता स्वयम्ले लिए भनेचाहिँ रूख रोपेको पनि अर्थ हुन्छ, नत्र उजाड डाँडामा कहिल्यै हरियाली आउने छैन ।

रमेश : 'हरियो वन नेपालको धन' पनि अब त उखानमै सिमित भइसक्यो । हाम्रो भविष्य त अँध्यारो नै होला जस्तो छ है ।

सविना : विद्यार्थी भएकाले हामीले नै यसलाई बचाउने कुरामा चासो लिनुपर्दछ, नत्र समस्याको समाधान कहिल्यै हुँदैन ।

प्रकाश : अब हामीले पाइला चाल्ने बेला आइसकेछ है ।

बद्री : हो, चेतना र शिक्षाबिना यो सम्भव पनि छैन ।

प्रकाश : उ, उता हेर त ! सरहरू दौडँदै उतातिर जानुभयो, अतिथि आइपुगे जस्तो छ उतै जाउँ ।

बद्री : ल ल जाऊँ, अब त अबेर नै भइसक्यो । (सबै जना वृक्षारोपण स्थलतिर लाग्छन् ।)

(ख) **'पर्यटनको महत्त्व' शीर्षकमा एउटा संवाद तयार पार्नुहोस् :**

स्थान : ठमेल

समय : दिउँसो ४ बजे

पात्र : नीता र सीता

*(नीता र सीता मिल्ने साथीहरू हुन् । उनीहरू बाटोमा सँगै हिँड्दा विदेशीहरूलाई देख्छन् र त्यसै विषयमा कुरा गर्न थाल्छन् ।)*

नीता : हेर न सीता कति अग्ला र मोटामोटा गोरा मान्छेहरू । कहाँका मानिसहरू होलान् ।

सीता : तिमीलाई थाहा छैन ? तिनीहरू विदेशी हुन् नि ।

नीता : अनि तिनीहरू किन यतातिर आएका त ?

सीता : हेर नीता यिनीहरू विदेशीहरू हुन्, यिनीहरू हाम्रो देशहरूको अवलोकन गर्दै हिँडिरहन्छन् ।

नीता : (लामो श्वास तान्दै) आखिर यिनीहरू यतातिर आएर पनि कुनै उपलब्धि हुँदैन, आप्ऽनो काम नगरी हाम्रो चुलोमा आगो बल्ने होइन क्यारे !

सीता : हेर नीता, यिनीहरू हाम्रो देशमा आएमा धेरै कुराको फाइदा हुन्छ नि ।

नीता : के के कुराको फाइदा हुन्छ सीता भन म त केही जान्दिनँ ।

सीता : सुन ! पर्यटक आउँदा हामीहरूलाई मुख्यतः आर्थिक फाइदा हुन्छ । उनीहरू बस्दा, खाँदा, डुल्दा लगायत विविध काममा उनीहरूले धेरै पैसा खर्च गर्दछन् । यसरी उनीहरूले गर्ने विदेशी मुद्राको खर्चले हाम्रो देशको आर्थिक आम्दानी हुन्छ । उनीहरूसँगको घुलमिलले संस्कृति, सभ्यता, विज्ञान, प्रविधि र आधुनिकताको साटासाट हुन्छ ।

नीता : (फेरी सोध्दै) अरू के के फाइदा हुन्छ त ?

सीता : विदेशी पर्यटकले गर्ने खर्चको आधारमा सरकारले विभिन्न प्रकारका पर्यटन व्यवसाय सञ्चालन गर्ने नीति लिएको हुन्छ । पर्यटकहरूले हिउँमा चिप्लने, नदीमा र्‍याफ्टिङ् गर्ने, परम्परागत लोक तथा शास्त्रीय नाचगानमा रमाउने गर्दछन् ।

नीता : ए ! पर्यटक हाम्रो गाउँ टोलमा आए त धेरै फाइदा हुँदो रहेछ । मैले त केही बुझेकी थिइन । तिमीले धेरै कुरा बुझायौ धेरै धेरै धन्यवाद ।

सीता : नबुझेको कुरा अरूलाई बुझाउनु राम्रो हो नि ।

नीता : ल त ! आजलाई म जान्छु ।

सीता : हुन्छ त राम्रोसँग जाऊ ल । *(दुवै जना हाँस्दै बिदा हुन्छन् ।)*

(ग) **'महिला सशक्तीकरण' शीर्षकमा एउटा संवाद रचना गर्नुहोस् :**

*(दुई बजेको समयमा अदालत अगाडि बसेर महिला अधिकारकर्मीहरू कुराकानी गरिहेका हुन्छन् ।)*

मुना : यसपालि बनेको नयाँ संविधानमा महिलालाई धेरै अधिकारहरू प्रदान गरेको रहेछ, तिमीलाई कस्तो लाग्यो ?

रमा : संविधानमा महिला अधिकारका राम्रा पक्षहरू छन् । तर धेरै महिलाहरू आशिक्षित भएका कारण आफ्ना अधिकारहरू कति र कस्ता छन् भनेर कसरी थाहा पाउलान् ?

मुना : त्यसका लागि त जनचेतना बढाउने काम गर्नु पर्छ नि ! अनि त थाहा पाइहाल्छन् नि !

रमा : त्यो त हो, तर कानुनमा अझै पनि महिला सशक्तीकरणका बारेमा राम्रो सम्बोधन गरेको पाइँदैन ।

मुना : मलाई पनि त्यस्तै लाग्छ । कतिपय क्षेत्रहरूमा महिलाको प्रतिनिधित्व सुनिश्चित गरिएको देखिँदैन् ।

रमा : हो, संवैधानिक तथा प्रशासनिक मूल्याङ्कनका क्षेत्रमा केही कसरत बाँकी नै रहेको छ ।

मुना : महिला अधिकारका कुरा गरे पनि आफैँ राज्यले महिलालाई स्वावलम्बी बनाउने खालका कुनै नयाँ योजनाहरू नहुनु अझै दुभाग्यपूर्ण कुरा हो ।

रमा : महिलाको हक र हितको बारेमा कानुनमा सुनिश्चित गरेर मात्र पुग्दो रहेनछ । महिलाहरूको क्षमताका आधारमा पनि प्रभावकारी रणनीति बनाउनुपर्ने रहेछ ।

मुना : महिलाहरूको क्षमताको उचित कदर पनि हाम्रो समाजमा हुन सकेको छैन । विभिन्न क्षेत्रहरूको सम्भावना भए पनि महिलालाई सशक्त तुल्याउन सकिएको छैन ।

रमा : अब त महिला आफ्नो सशक्त भूमिका देखाउन ज्ञानविज्ञान, प्रविधि जस्ता क्षेत्रमा अगाडि बढ्नुपर्छ । महिलाको आत्मबल बढाउन हामी महिलाहरू नै लाग्नुपर्छ ।

मुना : महिलाको क्षमता अभिवृद्धि सहित रचनात्मक कार्यहरू गर्दै जानुपर्छ । हक र अधिकार प्रत्यायोजन गर्दै महिलालाई सबल बनाउनुपर्छ ।

रमा : हो, तिम्रो विचार राम्रो छ । तिमी हामी सबैले त्यस्तो कार्य गरेमा महिला सशक्तीकरण अगाडि बढ्छ ।

मुना : हो, अब ढिला भयो । पछि कुराकानी गरौँला ।

*(दुवै आ–आफ्नो बाटो लाग्छन् ।)*

## अभ्यास

**तलका शीर्षकहरूमा एक एकओटा संवाद रचना गर्नुहोस् :**

(क) वनजङ्गलको सुरक्षा

(ख) नारी शिक्षा आजको आवश्यकता

(ग) पुस्तकालयको प्रयोग

(घ) कम्प्युटरको महत्त्व

(ङ) जीवन र अनुशासन

(च) विद्यार्थी जीवनमा खेलकुदको महत्त्व

एकाइ ६

# चिठी लेखन

## १. चिठिको परिचय

आफ्ना विचार वा भावनाहरू अरू समक्ष पुऱ्याउनका लागि कुनै व्यक्तिले अर्को व्यक्तिलाई, एउटा संस्था वा कार्यालयले अर्को कार्यालय वा व्यक्तिलाई लेखिएको लिखित सन्देशलाई चिठी भनिन्छ । त्यसैगरी कुनै व्यक्तिले कुनै संस्था वा विशिष्ट व्यक्तिका नाममा लेख्ने दरखास्त वा निवेदन पनि चिठीअन्तर्गत पर्दछ । चिठी लेख्नेलाई प्रेषक र पाउनेलाई प्रापक भनिन्छ । चिठीमा स्थान, मिति, सम्बोधन, मुख्य विषय र समापन जस्ता अङ्गहरू रहेका हुन्छन् ।

## १.२ चिठिका प्रकार

**चिठी मुख्य गरी तीन प्रकारका हुन्छन् :**

(अ) घरायसी चिठी

(आ) कार्यालयीय चिठी

(इ) व्यापारिक/व्यावसायिक चिठी

### (अ) घरायसी चिठी

टाढा बसेका आफन्त वा परिचित व्यक्तिहरूलाई आफ्ना भलाकुसारी र हालबखर लेख्नाका साथै तिनको खालबखर कस्तो छ भनी सोधिएको व्यहोरा उल्लेख गरेर हुलाक वा कुनै व्यक्तिद्वारा पठाइने लिखित अभिव्यक्तिलाई चिठी भनिन्छ । घरायसी चिठीलाई व्यक्तिगत चिठी पनि भनिन्छ । यो चिठी व्यक्तिले व्यक्तिलाई लेखिन्छ । यसमा मुख्यतः आराम, कुशलका खबरहरू लेखिएका हुन्छन् । चिठी लेख्दा कुनै नियमभित्र नबसी अनौपचारिक भाषाको समेत प्रयोग हुने हुनाले यसलाई अनौपचारिक चिठी पनि भनिन्छ । यसमा लेखकको कुनै एउटा विषयमा मात्रै नभएर विविध विषयहरू एउटै चिठीमा पनि समावेश हुन सक्छन् ।

**घरायसी चिठी लेख्दा ध्यान दिनुपर्ने कुराहरू**

१. चिठी लेख्ने कागजको माथि दायाँतिर प्रेषकको ठेगाना र मिति छोटकारीमा लेख्नुपर्छ ।

२. मिति लेखिएको हरफभन्दा तल्लो हरफमा बायाँतिर प्रेषकले प्रापकलाई सम्बन्धअनुसार सम्बोधन गर्नुपर्दछ ।

३. सम्बोधनको ठिक तल केही ठाउँ छाडेर प्रेषकले प्रापकलाई सम्बन्धअनुसार अभिवादन वा शिष्टाचार लेख्नुपर्छ ।

४. सन्चोबिसन्चो कुराकानीबाट चिठी लेख्नुपर्छ ।

५. आवश्यकताअनुसार पूर्व पत्रको जवाफ, समाचार, सूचना आदि कुराहरू विभिन्न अनुच्छेदमा लेख्नुपर्छ ।

६. चिठिको अन्त्यमा दायाँतिर प्रेषकले प्रापकप्रति सम्बन्ध जनाउने खालका शब्द वा शब्दावलीको प्रयोग गर्नुपर्दछ । सो सम्बन्ध जनाउने शब्दमा शब्दावलीको मुन्तिर प्रेषकले आफ्नो नाम लेखी हस्ताक्षर गर्नुपर्दछ ।

## घरायसी चिठिको नमुना

**(क) छोरीलाई शिक्षा दिनुपर्छ भन्ने सल्लाह दिँदै रोल्पाका मानबहादुरलाई नेपालगञ्जका मोहम्मदले लेख्ने चिठी तयार पार्नुहोस् :**

नेपालगञ्ज – ५, बाँके

मिति : २०८०/०१/११

**हितैषी मित्र मानबहादुर,**

**सुमधुर सम्झना ।**


म यहाँ आरामै छु । त्यहाँ तिमी र तिम्रो परिवारमा पनि आरामको कामना गर्दछु । विशेष नयाँ खबर त केही पनि छैन । मैले एउटा नौलो कुरा सुनेँ र तिमीलाई पत्रमार्फत सोध्न लागिरहेको छु ।

साथी, तिमी समयको गतिलाई राम्ररी मनन गरेर हिँड्न सिक । एउटै कोख र काखमा हुर्केका दुई सन्तानलाई कसैलाई काखा र कसैलाई पाखा गर्ने काम नगर । छोरा र छोरी एकै रथका दुई पाङ्ग्रा हुन् । तिमीले दुवैलाई एकैसाथ शिक्षा दिनुपर्छ । छोरालाई पढ्न पठाएर छोरीलाई घरको काम धन्दामा लगाउनु तिम्रो मूर्खपन हो । यसो गर्नाले छोरीको भविष्य अन्धकार हुन जान्छ । हेर साथी, तिमीले छोरीलाई पढ्न पठाएनौँ भने छोरीको आत्माले तिमीलाई सराप्ने छ । छोराछोरी बराबरी हुन् । अवसर पाए भने छोरीले पनि देशको विकासमा ठुलो योगदान दिन सक्छन् ।

नारी शिक्षा आजको आवश्यकता भन्ने भनाइलाई आत्मसाथ गर्दै छोरीलाई आजैदेखि पढ्न पठाऊ । एकचोटी विश्वको सबै ठाउँमा फर्केर हेर नारीहरूले कति उन्नति र प्रगति गरिसके के त्यो घरको काम गरेर हो ? त्यसैले तिमी नबुझ्ने मान्छे पनि होइनौ । यति भन्दै पत्रलाई समाप्त गर्न चाहन्छु ।

**उही तिम्रो साथी**

**मोहम्मद आलम**




## (आ) कार्यालयीय चिठी

एउटा व्यक्तिले कार्यालयलाई वा एउटा कार्यालयले अर्को कार्यालयलाई केही काम गरिदिन अनुरोध गर्दै लेखिएको चिठीलाई कार्यालयीय चिठी भनिन्छ । त्यस्तै निवेदन र जागिरका लागि लेखिएका चिठी पनि कार्यालयीय चिठीअन्तर्गत नै पर्दछन् । यो अत्यन्तै औपचारिक शैलीमा लेखिन्छ ।

### कार्यालीय चिठी लेख्ने तरिका

१. चिठिको सबैभन्दामाथि दायाँतर्फ मिति लेख्नुपर्छ ।

२. त्यसको तल बायाँतिर सम्मान सूचक शब्द प्रयोग गरी सम्बोधन गरी त्यसको तल कार्यालयको पूरा नाम र ठेगाना लेख्नुपर्छ ।

३. ठेगानाभन्दा तल एक हरफ छाडी विषय लेख्नुपर्छ ।

४. विषयभन्दा तल एक हरफ छाडी महोदय वा महाशय लेख्नुपर्छ ।

५. त्यसको तलबाट विषयअनुरूप चिठी लेख्न सुरु गर्नुपर्छ ।

६. अन्त्यमा दायाँतिर निवेदक वा भवदीय लेखेर त्यसको मुनि नाम, ठेगाना लेखी हस्ताक्षर गर्नुपर्छ ।

## नमुना

### (क) विद्यालयमा खानेपानीको व्यवस्था गर्न प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् ।

मिति : २०८०/०१/११

श्रीमान् प्रधानाध्यापकज्यू,
श्री पञ्चकन्या मा.वि.,
दक्षिणकाली न.पा. ८, काठमाडौँ ।

**विषय: खानेपानी व्यवस्था गरी पाउँ ।**

महोदय,

उपयुक्त विषयका सम्बन्धमा यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले स्वच्छ, सफा

खानेपानी खान नपाएको महिनौ दिन बित्न लाग्यो । धाराको पानीको मुहान वरिपरि फोहर हुनाले दुषित बन्दै गएको छ । उक्त दुषित पानी खानाले विगत लामो समयदेखि विद्यार्थीहरूमा झाडाबान्ता, हैजा, रुघाखोकी जस्ता रोगहरू देखा पर्दै आएको छ । बढी नै गर्मी बढेकाले घरबाट बोतमा ल्याएको पानी पनि एकदुई पटक खाँदैमा सिद्धिने गर्छ । अतः विद्यालयले यथाशक्य चाँडो सफा र स्वच्छ खानेपानीको व्यवस्था गरिदिनु हुन विद्यार्थीको प्रतिनिधिको हैसियतले सादर अनुरोध गर्दछु ।

निवेदक<br>
आज्ञाकारी छात्र<br>
उमेश लामा<br>
कक्षा – ९

## (इ) व्यापारिक चिठी

कुनै व्यापारिक संस्थाले अर्को व्यापारिक संस्थालाई वा एउटा व्यक्तिले कुनै व्यापारिक संस्थालाई लेख्ने चिठीलाई व्यापारिक चिठी भनिन्छ । यस्ता चिठीहरू सामान्यतया संस्थाको नाममा छापिएको लेटरप्याडमा लेखिन्छ । यसको भाषा अत्यन्तै औपचारिक हुन्छ । यस्तो प्रकारको चिठीमा प्रेषक संस्थाको छुट्टै ठेगाना लेख्नुपर्ने आवश्यकता हुँदैन ।

### व्यापारिक चिठी लेख्ने तरिका

१. चिठिको माथिल्लो भागमा पहिले संस्थाको नाम र ठेगाना लेखी त्यसको तल दायाँतिर मिति लेख्नुपर्छ ।
२. चिठिको बायाँ किनाराको माथितिर पत्र सङ्ख्या लेख्नुपर्छ ।
३. त्यसको तल विषय लेख्नुपर्छ ।
४. विषयको तल एक हरफ छाडेर पत्र पापकलाई सम्बोधन गर्नुपर्छ ।
५. त्यसको तल एक हरफ छाडेर शिष्टाचार महोदय वा महाशय लेख्नुपर्छ ।
६. शिष्टाचारको तल्लो हरफबाट सम्बन्धित विषय खुलस्त हुने गरी शिष्ट भाषामा चिठिको मूल अंश लेख्नुपर्छ ।
७. अन्त्यमा समापक वाक्यांश लेखी चिठीलाई समापन गर्नुपर्छ ।
८. बायाँतिर ‘भवदीय’ वा ‘यहाँको शुभेच्छुक’ लेखी त्यसको मुनितिर नाम, पद लेखी हस्ताक्षर गर्नुपर्छ ।

## व्यापारिक चिठिको नमुना

(क) **कामना पुस्तक पसल, बागलुङ्ले रेसुङ्गा पुस्तक भण्डार, काठमाडौँलाई भर्खरै प्रकाशित सन्दर्भ पुस्तकहरू अविलम्ब पठाइदिनु भन्ने व्यहोराको एउटा चिठी तयार गर्नुहोस् :**

मिति : २०८०/०१/११

श्रीमान् व्यवस्थापक,
रेसुङ्गा पुस्तक भण्डार,
काठमाडौँ ।

विषय : पुस्तकहरू उपलब्ध गराइदिने बारे ।

महोदय,

वर्तमान पाठ्यक्रमअनुसार नेपाल सरकार, शिक्षा मन्त्रालय, जनक शिक्षा सामग्री केन्द्रद्वारा प्रकाशित कक्षा ९ का अनिवार्य विषयका निम्नलिखित पुस्तकहरू यथाशीघ्र उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १. | नेपाली | ५० प्रति |
| २. | अङ्ग्रेजी | ५० प्रति |
| ३. | गणित | ५० प्रति |
| ४. | विज्ञान | ५० प्रति |
| ५. | सामाजिक शिक्षा | ५० प्रति |
| ६. | स्वास्थ्य, जनसंख्या र वातावरण शिक्षा | ५० प्रति |
| **जम्मा** | | **३०० प्रति** |

उल्लिखित पुस्तकहरूको भुक्तानीको लागि पेस्की स्वरूप ५०,०००/- (पचास हजार) को बैङ्क ड्राफ्ट यसै पत्रसाथ पठाएको छ । बाँकी रकम पुस्तक प्राप्त हुनासाथ तुरुन्त भुक्तानी गरिने व्यहोरा जानकारी गराइन्छ ।

सहयोगका लागि धन्यवाद !

भवदीय

................

विकास शर्मा

## अभ्यास

(क) **आफ्नो धर्म र संस्कृतिलाई भुल्दै गएको एक सहरिया मित्रलाई नेपाली संस्कृतिको महत्त्व झल्काउँदै यसलाई भुल्न नहुने सल्लाह दिएर एउटा चिठी लेख्नुहोस् ।**

(ख) आफू जेहेन्दार विद्यार्थी भएको व्यहोरा उल्लेख गर्दै कक्षा ९ मा पढ्नको लागि निःशुल्क छात्रवृत्ति पाऊँ भनी प्रधानाध्यापकलाई एउटा निवेदन लेख्नुहोस् ।

(ग) कक्षा ९ को अनिवार्य विषयका पाठ्यपुस्तकहरू १०५/१०५ थान पठाइदिन अनुरोध गर्दै सरला पुस्तक पसलले जनक शिक्षा सामग्री केन्द्र सानोठिमीलाई लेख्ने बेहोराको चिठी तयार पार्नुहोस् ।

(घ) आफू जेहेन्दार विद्यार्थी भएको व्यहोरा उल्लेख गर्दै कक्षा ९ मा पढ्नको लागि निःशुल्क छात्रवृत्ति पाऊँ भनी प्रधानाध्यापकलाई एउटा निवेदन लेख्नुहोस् ।

एकाइ

७

# वादविवाद लेखन

## १. वादविवादको परिचय

कुनै निश्चित विषय वा शीर्षकको पक्ष वा विपक्षमा तर्क, प्रमाण, उदाहरण आदि दिई गरिने तर्कपूर्ण प्रस्तुतिलाई वादविवाद भनिन्छ । यसमा आफ्नो पक्षको समर्थन र पुष्टि तथा विपक्षका तर्कसँग असहमति राख्दै तिनको शिष्टतापूर्वक खण्डन गरिन्छ । वादविवादबाट तर्कशक्ति बढ्नका साथै आफ्ना विचारहरू निश्चित समयमा प्रभावकारी ढङ्गले प्रस्तुत गर्ने सीपको विकास हुन्छ ।

## १.२ वादविवादको संरचना

१. शीर्षक

२. सम्बोधन – (सभापति, प्रमुख अतिथि, अतिथि, निर्णायक मण्डल, गुरुजन र साथीहरू)

३. आदि भाग – (क) विषयको पक्ष वा विपक्षको जानकारी दिने

(ख) विषयमा प्रवेश गर्ने

(ग) विषयको महत्त्वको बारेमा आफ्नो तर्क प्रस्तुत गर्ने

४. मध्य भाग – (क) विपक्षका मतहरूको खण्डन गर्ने

(ख) आफ्नो मतको स्थापना गर्ने

(ग) विभिन्न तर्क, प्रमाण र उदाहरणहरू प्रस्तुत गर्दै आफ्नो मतको तार्किक स्थापना गर्ने ।

(घ) जनाउ घण्टीको सङ्केतको ख्याल गर्ने

अन्त्य भाग – माथिका सबै कुराहरू समेटेर आफ्ना भनाइहरू प्रस्तुत गर्दै समापन गर्ने । (अन्तिम घण्टीको सङ्केत ख्याल गर्ने)

## १.३ वादविवाद लेख्ने तरिका

१. वादविवादको सुरुमा विशिष्ट व्यक्तिलाई सम्बोधन गर्नुपर्छ ।

२. सम्बोधनपछि आफू विषयको पक्ष वा विपक्ष केमा बोल्ने हो सो स्पष्ट पार्नुपर्छ ।

३. तोकिएको विषयमा लेख्ने कुरामा महत्त्वपूर्ण बुँदाहरूको टिपोट गरी तिनका क्रम निर्धारण गर्नुपर्छ ।

४. विपक्षीको तर्कको खण्डन गर्दा व्यक्तिगत आक्षेप नलगाई ज्यादै शिष्ट भाषामा प्रसङ्ग, उदाहरण वा प्रमाण दिनुपर्छ ।

५. वक्ताले प्रयोग गर्ने हाउभाउ र समयको सङ्केत कोष्ठकमा राख्नुपर्छ ।

७. वादविवाद शीर्षक र सम्बोधनबाहेक घटीमा तीन अनुच्छेदमा लेख्नुपर्छ ।

८. अन्त्यमा आफ्नो पक्षका तर्फबाट बलियो उदाहरणसहित धन्यवाद ज्ञापनसहित समापन गर्नुपर्छ ।

## १.४ वादविवादको नमुना

**(क) विपक्षको तर्कको खण्डन गर्दै "नियमभन्दा इमान नै बलियो हुन्छ" भन्ने वादविवादको विषयको पक्षका तर्फबाट गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् ।**

आदरणीय सभाध्यक्षज्यू,
निर्णायक मण्डल,
गुरुवर्ग, प्रतिस्पर्धी मित्र र सम्पूर्ण आगन्तुकहरू !

आज भइरहेको यस महत्त्वपूर्ण वादविवाद प्रतियोगितामा म "नियमभन्दा इमान नै बलियो हुन्छ" शीर्षकको पक्षबाट बोल्न गइरहेकी छु । वास्तवमा नियम कानुन भनेको जबर्जस्ती पालन गर्न लगाउने कुरा हो । यो एक किसिमको बाध्यात्मक अवस्था पनि हो । इमान भन्ने कुरा व्यक्तिभित्र आफैँ उत्पन्न हुने आन्तरिक एवम् मानसिक अनुशासनको कुरा हो । यसमा कुनै लिखित कानुन हुँदैन । यसथै, कुनै कुरा बाध्यात्मक अवस्थामा लागू गर्नुभन्दा आफैँ लागू गरिनु बढी प्रभावकारी अथवा फलदायी हुने गर्दछ ।

अहिले भर्खरै पूर्ववक्ता मित्रले नियमबिना केही पनि हुँदैन । विना नियम मानिसको व्यवहार र समाज सबै भताभुङ्ग हुन्छ भन्ने जस्ता कुरा गर्नुभयो । मलाई उहाँको अज्ञानता देखेर दया लाग्यो । हो, नियम चाहिन्छ, विना नियम कुनै पनि समाजमा राम्रो व्यवस्था हुँदैन । तर कुरा के छ भने नियमको पहिलो कुरा त व्यक्तिले गरेका हरेक राम्रा नराम्रा कुराको प्रभावसहित पुरस्कार तथा दण्ड, सजायलाई तोक्ने गर्दछ । जब कि व्यक्तिबाट भएका प्रत्येक त्यस्ता कामहरूसँगै नियमका आँखाले देख्न नसकिने हुनाले त्यसको प्रभावकारितामाथि प्रश्न चिह्न खडा हुने गर्दछ । नियम इमान नभएकाका लागि बाध्यात्मक अवस्थामा लागू गरिने कुरा हो । इमान व्यक्तिका आन्तरिक अनुशासन मानिन्छ । जब व्यक्ति स्वयम् भित्रैबाट अनुशासित वा मर्यादित हुन्छ भने उसबाट कुनै किसिमको गलत काम हुन सक्दैन । गलत कामै नभएपछि देखावटी नियमको कुनै औचित्य रहँदैन । नियमले तोकेको कुरा पालन गराउन समेत व्यक्तिमा इमानको आवश्यकता पर्दछ ।

अतः नियमभन्दा इमान धेरै अर्थमा बलियो रहेको तर्क राख्दै आफ्नो भनाइहरू यहीँ टुङ्ग्याउने अनुमति चाहन्छु ।

**ख) विपक्षीको मतको खण्डन गर्दै "महङ्गा र स्वादिला खानेकुरामा भन्दा घरेलु ताजा खानुकुरा नै बढी स्वास्थ्यवर्धक हुन्छन्" भन्ने वादविवादको शीर्षकमा पक्षको तर्फबाट आफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् :**

आदरणीय सभाध्यक्षज्यू,
निर्णायक मण्डल,

गुरुवर्ग, सहपाठी साथीहरू एवम् उपस्थित महिला तथा सज्जनवृन्द !

मेरो विषय रहेको छ– महँगा र स्वादिला तयारी खाने कुराभन्दा घरेलु ताजा खानेकुरा नै बढी स्वास्थ्यवर्धक हुन्छन् । वास्तवमा हो पनि मानिसहरू बढी पैसा तिरेर खाएको स्वादिलो वस्तुको खुब प्रशंसा गर्छन् । उनीहरू भन्छन् आज फलानो होटेलमा, रेस्टुरेन्ट वा पार्टी आदिमा खाएको वस्तु असाध्यै स्वादिलो थियो । बडो मज्जा आयो । तर, दुःखको कुरा मेरा पूर्ववक्ता मित्रले पनि त्यस्तै कुरा गर्नुभयो । उहाँले त पैसा खर्च गर्न लोभिनेहरू बाहिरको स्वादिलो वस्तुको स्वादलाई कसरी प्रसंसा गरुन् भन्नुभयो ।

म त भन्छु, मानिस कति साह्रो एकोहोरिएको होला । कसैले स्वादिलो वस्तुका लागि महँगो तिरेर खान सिकायो त्यही झन् बढिरहेको छ । अरे बाबा ! पेट र जिब्रो एउटै होइन । जिब्रोको काम भनेको स्वाद चाख्नु मात्र हो । त्यसले शरीरलाई चुस्त, दुरुस्त राख्न कुनै भूमिका खेल्दैन । अब भन्नुहोस् जसको सरोकार नै छैन उसले भनेको चाँहि ठिक, सरोकारवालाले भनेको चाहिँ बेठिक हुन्छ त । जिब्रोले त मिठै स्वादिलै खोजिरहन्छ । तर, पेटले त्यसलाई पचाउन सक्छ कि सक्दैन । खाएर असर पर्छ कि पर्दैन । कतै असर पो पर्ने हो कि । यस्ता कुरा नसोची बढी पैसा तिरेर स्वादिला वस्तुका पछाडि लाग्नु भनेको मूर्खता सिवाय केही होइन ।

मानिसले चट्ट घरमा खाने कुरा बनाओस्, त्यसलाई सरसफाइदेखि हरेक कुरामा ध्यान पुऱ्याओस् । ताजाताजा स्वस्थकर ढङ्गबाट खाने बानी बसालोस् । विना औषधीका वस्तु घरैमा उत्पादन गरी खाने बानी बसालोस् । यस्तो भएमा कतै रोगले पनि भेट्ने छैन । हाम्री हजुरआमा ९६ वर्ष पुग्नुभयो । एउटा सिटामोल पनि चाहिएन । तर सहर पसेर सम्पत्ति खर्च गर्न पल्कएको र स्वादिलो मात्र खोज्ने नातिले ३५ वर्ष नपुग्दै खै कति ओटा रोगको घर बनेको सुनिन्छ ।

वास्तवमा हो पनि जति ताजा र घरेलु वस्तुमा जोड दिइन्छ, त्यति नै मानिस स्वस्थ्य र निरोगी हुन्छ । यिनै विचारहरू राख्दै आफ्नो भनाइ यहीँ टुङ्ग्याउन अनुमति चाहन्छु ।

धन्यवाद !

## अभ्यास

१. **तल दिइएका शीर्षकका पक्ष र विपक्ष दुवैबाट एक एकओटा वादविवाद रचना गर्नुहोस् :**

(क) विलासी जीवनभन्दा सादा जीवन नै बेस

(ख) भाग्यभन्दा परिश्रम ठुलो

(ग) सुखको स्रोत धनभन्दा मनै हो ।

(घ) मानिसभन्दा प्रकृति बलियो हुन्छ ।

(ङ) शस्त्र बलभन्दा नैतिक बल नै ठुलो

एकाइ
८

# मनोवाद लेखन

## १. मनोवादको परिचय

कुनै विषय वा प्रसङ्गलाई लिएर एक्लो अवस्थामा आफैसँग गरिने एकोहोरो कुराकानीलाई मनोवाद भनिन्छ । यसलाई एकलाप वा स्वगत कथन पनि भनिन्छ । मनोवादले पात्रको एक्लो वा मनमनै गरिएको कुरा बुझाउँछ । मनोवाद प्रथम पुरुष शैलीमा लेखिन्छ । यसमा एकवचनको मात्र प्रयोग हुन्छ । मनोवादमा हर्ष, खुसी, त्रास, स्मृति, कल्पना, पश्चाताप, खुल्दुली, सङ्कल्प आदिलाई विषयवस्तु बनाई प्रस्तुत गरिन्छ ।

## १.२ मनोवाद लेख्ने तरिका

१. कुन विषयमा मनोवाद लेख्ने हो सो विषय वा शीर्षक दिनुपर्छ ।
२. शीर्षक उल्लेख गरेपछि त्यसको मुनि बायाँपट्टि स्थान, समय र पात्र लेख्नुपर्छ ।
३. मनोवाद लेख्नुभन्दा अगाडि केकस्तो परिवेश वा अवस्थामा उल्लिखित पात्रले मनोवाद गरेको हो, सोको सङ्केत कोष्ठकभित्र दिनुपर्छ ।
४. प्रश्न आफैँ उठाई त्यसको समाधान दिने प्रक्रिया पनि आफैँले नै गर्नुपर्छ ।
५. मनोवादको बिचबिचमा पात्रको हाउभाउ र क्रियाकलापलाई कोष्ठकभित्र सङ्केत गर्नुपर्छ ।
६. मनोवाद कल्पनामा आधारित हुने हुँदा मौलिक बनाउनुपर्छ ।
७. मनोवादलाई निश्चित निष्कर्षमा पुऱ्याएर टुङ्ग्याउनुपर्छ ।

## १.३ मनोवाद लेखनको नमुना

१. **वैदेशिक छात्रवृत्तिको सूचना पाएपछि मनमा उठेका भावहरू समेटी एउटा मनोवाद लेख्नुहोस् :**

स्थान : आफू सुत्ने कोठा

समय : राति ८ बजे

पात्र : कल्पना

(कल्पनाले विदेशमा पढ्ने छात्रवृत्ति पाएकी छिन् । उनी आफू सुत्ने कोठामा बसेर सुत्ने तरखर गर्दै छिन् तर उनका मनमा अनेक कुराहरू खेलिरहेका छन् ।)

(मोबाइल चलाउँदै) ओहो ! मैले सोचे जस्तै भयो । मैले ठुलो सफलता पाएकी छु । अब यो सफलतालाई मैले जसरी भए पनि सदुपयोग गर्नुपर्छ । यसको सम्पूर्ण श्रेय मेरो

बाबालाई जान्छ । उहाँले निवेदन दिन सम्झाएको कारण यो अवसर मिलेको हो । नत्र मलाई के थाहा हुन्थ्यो र ? म माथि ठुलो चुनौति आइपरेको छ । मैले देशकै इज्जत राख्नुपर्छ । अन्तरवार्तामा धेरै देश विदेशका साथीहरू पछारिएछन्, भाग्य भए लडी–लडी भन्थे हो रहेछ । हुन त मैले मिहिनेत पनि कम गरेकी थिइन । (जगबाट पानी पिउदै) गुरुले भन्नुहुन्थ्यो, "विद्यार्थीले लगनशीलताका साथ परिश्रममा जुट्नुपर्छ ।" हो रहेछ, आज मैले ठुलो आत्मविश्वास महसुस गरेकी छु । अबको पन्ध्र दिनपछि घर छोड्दै छु । आमाको चाहिँ कस्तो पुरातनवादी सोच ? छोरीलाई एक्लै विदेश पठाउनु हुन्न भन्नुहुन्छ । धन्न बाबाले यो कुरा स्वीकार गर्नुभएन र मात्र । जे भए पनि विदेश गएर पढ्न पाइने भयो ।
(लामो सास लिदै) मेरो अब चुनौती नै चुनौतीका दिन आए । देशकै प्रतिनिधित्व गरेर जादै छु । मैले आफ्नो बाबा आमाको सपना पूरा गर्ने मात्र होइन देशकै इज्जत राख्नु छ । अब विदेश विदेश गएको पाँच वर्षपछि मात्र फर्कन पाइन्छ (सुस्केरा हाल्दै) तर घरको सम्झनाले पो सताइरहने हो कि ? आ ! त्यस्तो सोचेर पनि हुन्छ । आमा, बाबा, दाइ घर सम्झेर बस्न थाल्यो भने त मेरो पढाइ डामाडोल भइहाल्छ नि । मेरो मूल उद्देश्य भनेको पाँच वर्षसम्म घुँडा धसेर पढ्ने र विश्वविद्यालय टप गर्ने हो, अनि त सम्मानै सम्मान (उत्साहका साथ) म आफ्नो लक्ष्यमा रतिभर विचलित हुने छैन ।
ओहो ! (घडी हेर्दै) एघार बज्न आँटिसकेछ अब त सुत्नुपर्छ । फेरि भोलि बिहान सबेरै दक्षिणकाली मन्दिर जाने योजना छ, ढिला हुन्छ । (बत्ती निभाएर ओछ्यानमा सुत्छे) ।

## अभ्यास

**(क) तलका शीर्षकमध्ये कुनै एक शीर्षकमा मनोवादको नमुना तयार पार्नुहोस् :**

१. एस.ई.ई परीक्षाको पहिलो दिनको परीक्षाको कल्पना गरी मनोवाद लेख्नुहोस् ।
२. जिल्लास्तरीय वक्तृत्वकला प्रतियोगितामा प्रथम हुँदा आफ्नो मनमा खेलेका अनुभव समेटी मनोवाद लेख्नुहोस् ।
३. अस्पतालमा आफ्नो अभिन्न मित्रको शल्यक्रिया हुँदै गरेको अवस्थामा आफ्नो मनमा उठेका भाव समेटी मनोवाद लेख्नुहोस् ।
४. आफूलाई मन परेका साथी रिसाउँदा मनमा उठेका विचार भावनालाई समेटी मनोवाद तयार पार्नुहोस् ।
५. आफू जन्मेको ठाउँ छोडेर अन्यत्र पढ्न जाँदा आफ्ना मनमा उठेका भाव समेटी मनोवाद लेख्नुहोस् ।
६. विदेशमा खर्च सकिँदा परेको सङ्कटको अनुभव समेटी मनोवाद लेख्नुहोस् ।
७. आफ्नो नेपाली पढाउने शिक्षक खुसी हुँदा आफ्नो मनमा उठेका भावहरू समेटी मनोवाद तयार पार्नुहोस् ।
८. वैदेशिक छात्रवृत्तिको सूचना पाएपछि मनमा उठेका भावहरू समेटी एउटा मनोवाद लेख्नुहोस् ।

एकाइ ८

# टिप्पणी लेखन

## १. टिप्पणीको परिचय

कुनै पनि चर्चित विषयका गुण, दोष वा राम्रा नराम्रा दुवै पक्ष बारे आफ्नो मन्तव्य र सुझावसमेत व्यक्त गर्ने लेखनलाई टिप्पणी लेखन भनिन्छ । टिप्पणी लेखन पनि निबन्धात्मक शैलीमा लेखिन्छ तर यो अनुच्छेदभन्दा ठुलो र निबन्धभन्दा सानो हुन्छ । टिप्पणी लेखनमा निबन्धको जस्तो यसमा सामान्य विषय दिइँदैन । यसमा यस्तो विषय दिइन्छ जुन विवादास्पद वा समस्यायुक्त भएर वर्तमानमा चर्चित भएको हुन्छ । टिप्पणी लेखन आत्मपरक हुँदैन, त्यसकारण यसमा काव्यात्मक, आलङ्कारिक तथा भावुक अभिव्यक्ति पनि यसमा हुँदैन । टिप्पणी लेखन एक प्रकारको लेख नै भएता पनि यसमा सुझाव अनिवार्य हुन्छ । दिइएका सुझावबाटै नै विद्यार्थीहरूको प्रतिभाको परीक्षण गरिन्छ ।

## १.२ टिप्पणी लेख्ने तरिका

१. टिप्पणी लेख्दा कुनै समसामयिक विषयबाट उचित शीर्षक निर्धारण गर्नुपर्दछ ।

२. सम्बन्धित विषयमा आधारित बुँदा टिपोट गर्नुपर्दछ ।

३. टिपिएका बुँदाहरूलाई आदि, मध्य र अन्त्य भागका लागि छुट्याउनुपर्छ ।

४. टिपिएका बुँदाहरूमा आधारित भएर वस्तुपरक र विश्लेषणात्मक शैलीमा छोटो अनुच्छेदमा एउटा सुन्दर अभिव्यक्ति तयार पार्नुपर्छ ।

५. खास गरेर सुझावहरू प्रस्तुत गर्दा समय सापेक्ष, व्यावहारिक वा लागू गर्न सकिने खालको हुनुपर्दछ ।

६. आफ्नो अहम् वा घमण्डी स्वभावलाई कहीँ पनि प्रदर्शन गर्नु हुँदैन । त्यसकारण यसमा म, मेरो, मलाई, हामी, हाम्रो जस्ता प्रथम पुरुष सर्वनामहरूको प्रयोग गर्नु हुँदैन ।

## १.३ टिप्पणी लेखनको नमुना

दुर्गम क्षेत्रमा समयमै पाठ्यपुस्तक नपुग्ने समस्या शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् :

नेपालमा भौगोलिक विकटता तथा आर्थिक अभावका कारणले सबै ठाउँमा विकासको पूर्वाधार समेत पुग्न सकेको छैन । नेपालको शिक्षाको इतिहासलाई हेर्ने हो भने शिक्षाको

विकास प्रजातन्त्र आएपछि मात्र भएको देखिन्छ। हाल नेपालको प्रायः सबै जसो दुर्गम स्थानमा विद्यालय स्थापना गरिएको भए पनि समयमै पाठ्यपुस्तक पुग्न सकेको छैन। राजधानीबाट निकै टाढा भएको कारणले गर्दा हरेक सुविधाबाट बञ्चित हुनु, मोटरबाटोको असुविधा हुनु तथा विद्यालयमा शिक्षकहरूको अभाव हुनुजस्ता समस्या त छदैँ छ त्यसमाथि पनि पाठ्यपुस्तकको अभाव हुन जाँदा दुर्गम ठाउँको शैक्षिक स्थिति दिनप्रतिदिन खस्कदो क्रममा रहेको छ।

नेपालको एक मात्र सरकारी स्वामित्वमा रहेको जनक शिक्षा समग्री केन्द्रले पुस्तक छाप्ने जिम्मा लिए पनि आर्थिक अभाव, कर्मचारीको हडताल तथा अनावश्यक राजनैतिक हस्तक्षेपका कारणले गर्दा समयमै पाठ्यपुस्तक छाप्न सकेको छैन। जसको कारण समयमै दुर्गम स्थानमा रहेका विद्यालयहरूमा पाठ्यपुस्तक पुऱ्याउन सकिएको छैन। दुर्गम क्षेत्रमा समयमै पाठ्यपुस्तक नपुग्ने अर्को समस्या यातायातको अभाव पनि हो। सबै ठाउँमा सडक यायायातको सुविधा छैन। दुई तीन दिनको बाटो हिँडेर गाउँगाउँमा पुग्नुपर्ने अवस्था रहेको छ। ढुवानीको समस्याले गर्दा पनि समयमै पाठ्यपुस्तक पुऱ्याउन कठिन भएको छ। सडक यातायात नपुगेको कतिपय स्थानमा हवाई यातायात पुगे पनि ढुवानी गर्न ज्यादै महँगो पर्न जान्छ। त्यतिमात्र होइन हवाई यातायात नियमित हुँदैन। त्यसकारण दुर्गम स्थानमा पाठ्यपुस्तक समयमा पुऱ्याउन समस्या उत्पन्न भएको छ। त्यसको मारमा दुर्गम ठाउँका बालबालिकाहरू परेका छन्। उनीहरू पाठ्यपुस्तक विना नै पढ्न बाध्य भएका छन्। यसबाट उनीहरूको पढ्न पाउने नैसर्गिक अधिकार समेत खोसिएको छ। उनीहरूको भविष्यमाथि दिनप्रतिदिन खेलवाड भैरहेको छ।

शिक्षासम्बन्धी त्यति धेरै ज्ञान नभएको भए पनि अविभावकहरूलाई सम्झाएर विद्यालयमा विद्यार्थीलाई भर्ना गराएता पनि किताब समयमै उपलब्ध नहुँदा शिक्षकरूलाई समेत पठनपाठन गराउन समस्या उत्पन्न भएको छ। त्यसप्रति सरकारलगायत सरोकारवाला व्यक्तिहरू समयमै सचेत भएर उक्त समस्याको निराकरणमा लाग्नु जरुरी छ ताकि आगामी शैक्षिक सत्रमा दुर्गम क्षेत्रमा पाठ्यपुस्तक अभावको समस्या भोग्नु नपरोस्।

## अभ्यास

१. **निम्न शीर्षकहरूमा १५० शब्दसम्ममा टिप्पणी लेख्नुहोस् :**

(क) स्वच्छ वातावरणः स्वच्छ जीवन

(ख) कर्तव्य र अधिकार

(ग) हरियो वन नेपालको धन

(घ) राजनीतिक अपराध

(ङ) सांस्कृतिक सङ्कट

(च) अनुशासनको सङ्कट

एकाइ १०

# निबन्ध लेखन

## १. निबन्धको परिचय

कुनै व्यक्तिमा उत्पन्न भएका विभिन्न भाव वा विचारहरूलाई सुसङ्गठित रूपमा संयोजित गर्नुलाई निबन्ध भनिन्छ । निबन्धमा निबन्धकारले आत्म प्रकाशन गर्छ । निबन्धमा विचार प्रमुख हुने भएकाले वा लेखकले देखेका वा अनुभव गरेका कुरा प्रस्तुत गरिने भएकोले यसमा वर्णित विषय, जीवनदृष्टि वा उद्देश्यलाई प्रस्तुत गर्ने शैलीको महत्त्वपूर्ण भूमिका हुन्छ । यसमा कुनै विषयको सुविस्तार र सुसङ्ठित प्रस्तुतिको प्रयास हुन्छ । निबन्धमा शीर्षक वा विषयवस्तुको वर्णनको क्रम मिलेका तीन वा सोभन्दा बढी अनुच्छेद हुने गर्दछन् । निबन्ध लेख्दा निबन्धको आदि, मध्य र अन्त्य भागको संरचनालाई सुसङ्गठित रूपमा प्रस्तुत गर्नुपर्दछ । निबन्धको आदि भाग विस्तार हो यसमा विचारको विस्तृतिकरण गरिन्छ भने अन्त्य भागमा उपसंहार भएकोले यसमा विचारको समापन गरिन्छ ।

### १.१. निबन्धका प्रकार

लेखकको उपस्थिति तथा प्रस्तुतिकरणको ढाँचाको आधारमा निबन्धलाई २ प्रकारमा विभाजन गर्न सकिन्छ :

(क) आत्मपरक निबन्ध

(ख) वस्तुपरक निबन्ध

#### (क) आत्मपरक निबन्ध

कुनै विषयवस्तु वा शीर्षकमा केन्द्रित रहेर लेखकले आफ्नो निजी भावना, विचार तथा दृष्टिकोण प्रस्तुत गरी प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको निबन्ध नै आत्मपरक निबन्ध हो । आत्मपरक निबन्धमा पृष्ठभूमि, शीर्षक, परिचय र भन्न खोजिएका विषयलाई विभिन्न उपशीर्षक मार्फत प्रस्तुत गर्नुपर्दछ ।

#### (ख) वस्तुपरक निबन्ध

कुनै विषय वा शीर्षकसँग केन्द्रित रहेर त्यससँग सम्बन्धित सत्य–तथ्य कुराको क्रमबद्ध वर्णन, विवरण वा व्याख्या गरी तृतीय पुरुष दृष्टिबिन्दुमा लेखिएको निबन्ध नै वस्तुपरक निबन्ध हो । वस्तुपरक निबन्धमा शीर्षक, परिचय, आवश्यकता र महत्त्व, सवल र दुर्वल पक्ष, निष्कर्ष जस्ता उपशीर्षक दिन सकिन्छ ।

## १.२. निबन्ध लेख्दा ध्यान दिनुपर्ने कुराहरू

(क) निबन्ध लेखन गर्दा सर्वप्रथम विषय वा शीर्षक स्पष्ट हुनुपर्दछ ।

(ख) विषय वा शीर्षक चयन गरिसकेपछि त्यस विषयसँग सम्बन्धित र आवश्यक पाइएजति तथ्य बुँदागत रूपमा टिपोट गर्नुपर्छ ।

(ग) बुँदा टिपोट गरिसकेपछि निबन्धका आदि, मध्य र अन्त्य गरी तीन भागको योजना बनाई ती बुँदाहरूलाई सिलसिला मिलाई राम्ररी सङ्गठनात्मक रूपमा वितरण गर्नुपर्दछ ।

(घ) जुन शीर्षक वा विषयमा निबन्ध लेख्ने हो त्यसको परिचय र चिनारी आदि भागमा एक अनुच्छेदमा लेख्नुपर्छ ।

(ङ) निबन्धको मध्य भागमा निबन्ध लेखिने शीर्षक वा विषयका बारेमा विस्तारपूर्वक वर्णन गर्नुपर्दछ । त्यस क्रममा सम्बन्धित शीर्षक वा विषयवस्तुका विशेषता, महत्त्व, उपयोगिता, गुण, दोस आदिको सिलसिला मिलाएर अलग–अलग अनुच्छेदमा लेख्नुपर्छ ।

(च) निबन्धको अन्त्य भागमा जुन शीर्षक वा विषयवस्तुमा निबन्ध लेखिएको हो त्यससँग सम्बन्धित कुराहरूको निष्कर्ष एकै अनुच्छेदमा प्रस्तुत गर्नुपर्छ ।

(छ) प्रत्येक बुँदालाई विस्तार गरेर अनुच्छेद गठन गर्न सकिन्छ । अनुच्छेद गठन गर्दा भरसक प्रत्येक वाक्यमा गहन भाव समेट्नुपर्छ ।

(ज) अनुच्छेद गठनपछि त्यसमा भएका कमजोरी हटाई भाषिक परिष्कार गरी साफी लेखन गर्नुपर्छ ।

(झ) निबन्धको भाषाशैली सरल, स्पष्ट, प्रवाहपूर्ण तथा आकर्षक हुनुपर्छ ।

## १.४ निबन्ध लेखनका केही नमुनाहरू

### नमुना - १

### जलवायु परिवर्तन र विश्वव्यापी सङ्कट

जल भन्नाले पानी, वायु भन्नाले हावा वा बतास र परिवर्तन भन्नाले फेरबदल वा हेरफेर भन्ने बुझिन्छ । यसरी शाब्दिक रूपमा भन्दा जलवायु परिवर्तन भन्नाले पानी वा हावामा देखिने फेरवदल, रूपान्तरण वा हेरफेर भन्ने हुन्छ । विज्ञान तथा प्रविधिको उच्चतम विकास, जनसंख्याको अत्याधिक वृद्धिका कारण प्राकृतिक स्रोतहरूको विनास जस्ता कार्यहरूले जलवायुमा अकल्पनीय परिवर्तन देखा परेका छन् । जलवायु परिवर्तन आज विश्व समुदायका लागि गम्भिर चुनौतीको विषय बन्न पुगेको छ । यसको रोकथामको उपाय अवलम्बनमा ध्यान नदिएमा विश्वमा झन् गम्भीर चुनौतीहरू थपिदै जाने कुरामा दुई मत छैन ।

आज वैज्ञानिक तथा औद्योगिकीकरणले गर्दा विश्वको वातावरण भयावह बन्दै गएको छ ।

आणविक भट्टीहरू तथा यातायातका साधनहरूबाट फैलने प्रदूषणका कारण विश्वको वातावरण प्रदूषण बन्दै गएको छ । यसको प्रत्यक्ष असर जलवायुमा परेको छ जलवायु परिवर्तनले गर्दा अनावृष्टि, अतिवृष्टि तथा खण्डवृष्टिका समस्याहरू हरेक वर्ष देखिन थालेको छ । अतिवृष्टिले बाढी, पहिरो, भूक्षय जस्ता समस्याहरू निम्त्याउने गरेको छ । अनावृष्टिले खाद्यान्नको अभाव बढ्न गएको छ भने जमिन पनि मरुभूमिमा परिणत हुने खतरा बढ्दै गएको छ ।

जनसङ्ख्या वृद्धि पनि जलवायु परिवर्तनको मुख्य कारक तत्त्व हो । जनसङ्ख्या वृद्धिदर आज अत्याधिक मात्रामा भइरहको छ । अनियन्त्रित जनसङ्ख्या वृद्धिका कारण खानपान, बसोबास तथा रहन सहनमा समेत प्रभाव पार्न थालेको छ । जनसङ्ख्या वृद्धिका कारण प्रकृतिक स्रोतहरूको विनास हुन पुगेको छ । वनजङ्गलको फँडानी बढेको छ । जसको परिणाम स्वरूप बाढी पैरोको खतरा, खानेपानीको अभाव जस्ता समस्याहरू देखा परेका छन् । वातावरणीय सन्तुलनमा समेत असर पुगेको छ ।

जलवायु वरिवर्तनले नेपालमा मात्र होइन विश्वमा नै सङ्कट पैदा गरेको छ । विश्वका समुदायले अनेकौ प्राकृतिक चुनौतिहरूको सामाना गर्नु परेको छ । वातावरण प्रदूषण, बाढी, पहिरो, आँधी, अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि जस्ता प्राकृतिक प्रकोपहरूको त्रासले आज विश्वलाई नै सताइरहेको छ । जमिन सुख्खा भएर मरुभूमिका परिणत हुने क्रम बढेको छ । अतः आज विश्व समुदाय नै जलवायु परिवर्तनप्रति सचेत हुनुपर्ने अवस्था सिर्जना भएको छ ।

## नमुना - २

### नेपालमा जलस्रोतको उपयोग

नेपाल जलस्रोतको दृष्टिले धनी मुलुक हो । नेपालका हिमालहरूबाट हिउँ पग्लिएर ठुला ठुला नदी बग्ने गर्दछन् । प्राकृतिक सम्पदाको धनी देश नेपालमा अबिरल रूपमा तलाउ, नदीहरू, छाँगा, छहराहरू बग्ने गर्दछन् । यिनीहरूले नेपाल आमालाई १२ महिना हरियाली बनाउने काम गर्दछन् । जलबाट विद्युत् उत्पादन र सिँचाइको काम गरिन्छ । नेपालमा भएको जलस्रोतको सही सदुपयोग गर्न सकेमा नेपाल विश्वकै धनी देश बन्न सक्छ ।

जल विना प्राणी र वनस्पती कसैको पनि परिकल्पना गर्न सकिँदैन । विश्वकै दोस्रो जलस्रोतको देशका रूपमा परिचित भए पनि नेपालमा ३५ प्रतिशत जनताले मात्र शुद्ध पानी प्राप्त गर्न सकेका छन् । यो आफैमा लाजमर्दो कुरा हो । नेपालमा भएको जलसम्पदालाई सही रूपमा सदुपयोग गरेर सबै नेपालीका घरमा शुद्ध खानेपानीको व्यवस्था गर्न सम्बन्धित पक्षले ध्यान दिनुपर्ने देखिन्छ । नेपालमा रहेका नदीबाट ८३ हजार मेगावाट बिद्युत् उत्पादन गर्ने क्षमता भए पनि हाल १५०० किलोवाट बिद्युत् उत्पादन पनि

हुन नसकेका कारण अधिकांश जनता अझै पनि अध्यारोमा बस्न बाध्य छन् ।

नेपालमा रहेका नदीहरूबाट पर्याप्त रूपमा बिद्युत् उत्पादन गर्न सकेको खण्डमा नेपाली जतताले ग्याँस, दाउरा र तेलका विकल्पमा बिद्युतको प्रयोग गर्न सकेको खण्डमा उनीहरूको जीवन सहज बन्नुका साथै अनावश्यक वन फडानी रोकी वातावरण स्वच्छ र सफा राख्न सकिन्छ । जलस्रोतलाई सिँचाइका लागि सही रूपमा प्रयोग गर्न सकेमा प्रशस्त मात्रामा अन्न, फलफूल विभिन्न तरकारी उत्पादन गरी कृषकहरूको जीवनलाई समुन्नत बनाउन सकिन्छ ।

नेपाल जलस्रोतको धनी देश हो । यसले देशको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको छ । देशमा जलस्रोतमा प्रशस्त छ । तर यसको सही सदुपयोग गर्न सकिएको छैनौ । जलस्रोतको प्रयोगले देशको आर्थिक अवस्थामा नै ठुलो परिवर्तन हुने भएकाले यसका लागि नेपाली जनता, नेता तथा सम्पूर्ण सरोकालवालाले ध्यान दिनु आवश्यक छ ।

## नमुना - ३

### नेपालमा जैविक खेतीको सम्भावना

नेपाल भौगोलिक दृष्टिले विविधता भएको देश हो। यहाँ स्थानअनुसारको हावापानी पाइन्छ । यहाँको परिवेश र हावापानीअनुसार जैविक खेतीको सम्भावना देखिन्छ ।

वर्तमान समयमा कृषकहरू पराम्परागत कृषि प्रणालीको सट्टा आधुनिक कृषि प्रणालीलाई आत्मसाथ गर्दै छन्। उनीहरू स्वास्थ्यको प्रवाह नगरी धेरै फलाउने होडमा लागेका छन् । रासायनिक खेतीबाट उत्पादनमा वृद्धि भए पनि यसबाट डरलाग्दा रोग लाग्ने कुरा सर्वेक्षणले देखाएको छ । नेपाल, हिमाल, पहाड र तराईको समिश्रण स्थान हो । यहाँको हावापानीमा विविधता पाइन्छ । यसले गर्दा नेपालमा जैविक खेतीको सम्भावना रहेको छ । त्यस्तै विभिन्न ठाउँमा गरिएको परीक्षणबाट पनि यस कुराको पुष्टि भएको छ । नयाँ प्रविधि र आधुनिकीरण गर्दै जैविक खेतीलाई अगाडि बढाउने हो भने यसबाट नेपालीहरूले धेरै फाइदा लिन सक्ने देखिन्छ ।

नेपालमा विभिन्न प्रकारका जीवजन्तुहरू पाइन्छन्। कतिपय जीवजन्तुले जैविक खेतीमा सहयोग गर्दछन् । जैविक खेतीमा सहयोग गर्ने जीवजन्तुको संरक्षण गरी खेतीको उत्पादनमा वृद्धि गर्न सकिन्छ। खेतीपातीका शत्रु मुसा, खरायो, किरा, फट्याङ्ग्रा, बाँदर जस्ता जीवजन्तु हुन्। यिनीहरूलाई धपाउने प्रयास गर्नुपर्छ। यिनीहरूले जैविक खेतीका लागि आवश्यक पर्ने जीवनलाई बचाउने काम गर्दछन् ।

नेपालमा पाइने वनस्पति र सडेगलेका वस्तुबाट प्राङ्गारिक मल बनाएर खेती गर्दा जमिनको उर्वरा शक्ति बढने र खाद्यान्न उत्पादनमा वृद्धि हुने देखिन्छ । यसतर्फ सम्बन्धित सरोकारवालाहरू र सरकारले सहयोग गर्नुपर्ने देखिन्छ । सबैले आआफ्नो स्थानबाट सहयोग गर्न सकेको खण्डमा आउँदो पिडीले विषादी युक्त अन्नको सेवनबाट बच्न सक्ने देखिन्छ ।

## अभ्यास

१. **तल दिइएका शीर्षकमा २०० शब्द नघटाई निबन्ध लेख्नुहोस् :**

(क) हाम्रो सभ्यता

(ख) जलस्रोतको महत्त्व

(ग) प्राविधिक शिक्षाको खाँचो

(घ) खेलकुदको महत्त्व

(ङ) मेरो कल्पनाको नेपाल

(च) मेरो रमाइलो यात्रा

(छ) हाम्रो संस्कृति

(ज) देश विकासमा युवाको भूमिका

(झ) नारी शिक्षा आजको आवश्यकता